# विद्रोह, पुनर्गठन र वैज्ञानिक समाजवाद



– झलनाथ खनाल

# विद्रोह, पुनर्गठन
# र
# वैज्ञानिक समाजवाद

– झलनाथ खनाल

# विद्रोह, पुनर्गठन
# र
# वैज्ञानिक समाजवाद

© सर्वाधिकार : लेखकमा

प्रकाशक : जे एन फाउण्डेसन फर पिस एण्ड डेभलपमेण्ट काठमाडौं

प्रकाशन मिति : २०७९ असोज

प्रकाशन प्रति : १००००

संस्करण : प्रथम

प्राविधिक संयोजन : अमृतनाथ तिमल्सिना

सजावट : क्यू ग्राफिक्स, पाटन
९८४९२८८९६६

# पुस्तकको बारेमा

विगत ७३ वर्षमा नेपालको कम्युनिष्ट आन्दोलन विभिन्न उतारचढावका बाबजुद ऐतिहासिक सफलताका साथ अघि बढ्दै आयो । पार्टी स्थापनाको पहिलो दशकमा नेपाली कम्युनिष्ट आन्दोलन आधारभूत रुपले सही दिशामा नै विकसित हुँदै आएको थियो । तर पार्टी स्थापनाको दोश्रो दशकमा आएपछि पार्टी नेतृत्वमा क्रमशः दक्षिणपन्थी भड्काउ प्रकट भयो । त्यसका विरुद्ध वैचारिक सङ्घर्ष गर्ने क्रममा पार्टीको दक्षिणपन्थी नेतृत्वका विरुद्ध अन्ततः विद्रोह नै गर्नुपर्ने स्थिति प्रकट भयो । त्यो विद्रोहद्धारा पार्टीलाई पुनर्गठित गर्दै पार्टीको तेस्रो राष्ट्रिय महाधिवेसन समेत आयोजना भयो । तर उक्त महाधिवेसनले निर्वाचित गरेको नेतृत्व र निर्णयले पनि तत्कालीन नेपाली जनवादी क्रान्तिका सही कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास गर्न सकेन । त्यसको परिणामस्वरुप जनताको क्रान्तिकारी सङ्घर्ष सही दिशामा अघि बढ्न सम्भव भएन । बरु उल्टै कम्युनिष्ट पार्टी नै विभाजित हुँदै गयो । त्यो अनेकन गुटमा परिणत हुन पुग्यो । २०२० को दशक नेपाली कम्युनिष्ट आन्दोलनको फुट र विभाजनको दशक बन्यो ।

किन त्यस्तो भयो त ? किनभने त्यसबेलासम्म पनि पार्टीले ठोस रुपमा नेपाल जनवादी क्रान्तिका सही क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास गर्न सकेको थिएन । कुनै पनि देशको क्रान्ति मार्क्सवाद लेनिनवादको प्रकाशमा त्यो देशको विशेषताअनुरुप सही क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास नभै अघि बढ्न सक्दैन । त्यसैले नेपाली क्रान्तिलाई अघि बढाउन पनि नेपाली समाजकै विशेषताअनुरुपका सही क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास अनिवार्य थियो । त्यसो नभएको हुनाले तत्कालीन पार्टी नेतृत्वका विरुद्ध एकपछि अर्को विद्रोहहरू हुँदै गए । विद्रोही नेता र कार्यकर्ताहरूबीच नयाँ स्तरबाट सम्पर्क र सम्बन्धहरू विकसित हुँदै गए । त्यही क्रममा वि.सं. २०३२ (सन् १९७५) मा पुगेपछि “कोअर्डिनेसन केन्द्र”को स्थापना भयो र क्रान्तिकारी कार्यदिशाका आधारमा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध पार्ने अभियानको थालनी भयो । त्यसबेला हामीभित्रै केही उग्र वामपन्थी कमजोरीहरू पनि थिए । यसै क्रममा २०३५ सालमा पुगेपछि

नेकपा (माले) को स्थापना भयो । तर २०४० को दशक लागेपछि मात्रै दक्षिणपन्थी र उग्रवामपन्थी दुबै खाले भड्काउका विरुद्ध दृढ वैचारिक -सैद्धान्तिक सङ्घर्ष गर्दै नेपाली जनवादी क्रान्तिका सही क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास गर्ने प्रक्रिया व्यवस्थित रुपले अघि बढ्यो र २०४५ सालसम्म पुग्दा नेपाली जनवादी क्रान्तिका सही कार्यदिशा, नीति र सिद्धान्तहरूको श्रृङ्खला नै विकसित भयो । त्यसपछि भने नेपाली नयाँ जनवादी क्रान्ति नयाँ आयाम सिर्जना गर्दै अघि बढ्न थाल्यो । यद्यपि २०५० को दशकमा आउँदा जनआन्दोलनको धारा र सशस्त्र सङ्घर्षको धारा बीच कडा टक्कर सिर्जना भयो । तर २०६० को दशक लाग्ने वितिक्कै १२ बुँदे सहमतिका साथ सम्पूर्ण कम्युनिष्टहरू र लोकतान्त्रिक शक्तिहरू एक भई राजतन्त्र र त्यसका तानाशाही हर्कतका विरुद्ध एकजुट भई सडक सङ्घर्षद्धारा अघि बढ्ने स्थिति पैदा भयो । त्यो संयुक्त सङ्घर्ष हेर्दाहेर्दै जनविद्रोहमा रुपान्तरित भयो र अझ अघि बढेर त्यो जनक्रान्तिमा विकसित भयो । यसरी नेपालमा २०६२-०६३ मा ऐतिहासिक रुपले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । राजतन्त्रात्मक शासन सदाको निम्ति अन्त्य भयो र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भयो ।

त्यो क्रान्ति सम्पन्न भएपछि नेपाली समाज प्रारम्भिक स्तरको पुँजीवादी समाजमा रुपान्तरित भयो र नेपाली समाज वस्तुगत रुपले समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ युगमा प्रवेश गऱ्यो । त्यसपछि हामीले १० वर्ष लगाएर संविधान निर्माण गऱ्यौं । तत्कालीन नेकपा (एमाले)का आठौं र नवौं राष्ट्रिय महाधिवेसनबाट समाजवादको दिशामा अघि बढ्ने सङ्कल्प र दिशानिर्देश पनि गरियो । तर नवौं महाधिवेसनबाट निर्वाचित नेतृत्व भने पार्टी महाधिवेसनले पारित गरेका कार्यदिशा, नीति र निर्णयहरूका विपरित दक्षिणपन्थी भड्कावतिर बहकिन थाल्यो । अझ संविधानको घोषणापछि भएको पहिलो निर्वाचनबाट सत्तामा पुगेपछि एमालेको नेतृत्वमा रहेको ओली गुटले पार्टीलाई दक्षिणपन्थी औसरवादतिर, पुँजीवादी उदारवादतिर र दलाल पुँजीवादको सेवातिर समर्पित गर्दै लग्यो । त्यसले गर्दा पार्टीभित्र गम्भीर असमझदारी र विवादहरू प्रकट हुन थाले । हुँदाहुँदै उक्त गुटले एकीकृत पार्टीभित्र पनि गुटबन्दी गर्ने, पार्टीलाई हल न चलको स्थितिमा पुऱ्याउने र पार्टीभित्र अस्तव्यस्तता सिर्जना गर्ने काम गर्न थाल्यो । त्यस अवस्थामा पार्टीको केन्द्रीय सचिवालयभित्र तीब्र अन्तरसङ्घर्ष प्रकट भयो । त्यो अन्तरसङ्घर्षलाई नीतिगत र विधिगत रुपले समाधान गर्नुको सट्टा पार्टी नेतृत्वमा रहेको दक्षिणपन्थी गुटले संविधानलाई ठाडै मिचेर, कुल्चेर आफ्नै पार्टीको

दुईतिहाइ बहुमत रहेको प्रतिनिधिसभालाई विघटन गर्न पुग्यो । त्यो नेपाली कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र जनभावनामाथिको घोर कुठाराघात थियो । त्यो घोर असंवैधानिक कदम पनि थियो । त्यस कदम मार्फत दक्षिणपन्थी  गुटले यस्तो बेलामा चुनाव घोषणा गर्न पुग्यो । जतिबेला विश्वभरी, दक्षिण एसियाभरी र हाम्रो देशमा देशव्यापी रुपमा कोभिड-१९ को महामारी चरम अवस्थामा थियो । नेपाली दाजुभाइ दिदीबहिनीहरू यथोचित उपचार नपाएर जहाँतहाँ मर्नुपरिरहेको थियो । देशका अस्पतालहरू विरामीले भरिभराउ थिए । आठ दश जना मानिस पनि एक ठाउँमा भेला हुन नसकिने अवस्था थियो । विश्व स्वास्थ्य संगठनको निर्देशन र हाम्रै देशको स्वास्थ्य मन्त्रालयले पनि भेला जमघट हुन रोक लगाएर सूचना जारी गरिरहेको थियो । त्यस्तो बेलामा घोषणा भएको चुनाव कसरी सम्पन्न हुन सक्थ्यो ? त्यो करिब असम्भव नै थियो । त्यसरि घोषणा गरिएको चुनाव हुन नसकेमा मुलुक प्रतिनिधिसभा विहिन बन्न सक्थ्यो, अर्को सरकार बन्ने स्थिति पनि समाप्त हुन सक्थ्यो, संविधान फेल हुन सक्थ्यो र मुलुक नै अन्धकारतिर जान सक्थ्यो । त्यसैले प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको कदमले संविधानमाथि खतरा उत्पन्न गऱ्यो । संसदमाथि खतरा उत्पन्न गऱ्यो । गणतन्त्रमाथि खतरा उत्पन्न गऱ्यो र २०६२-०६३ को जनक्रान्तिका उपलब्धिमाथि नै खतरा उत्पन्न गऱ्यो । त्यो कदमले मुलुकलाई सोभै प्रतिगमनतिरको यात्रातिर लाने थियो । त्यसैले त्यसका विरुद्ध अदालत र सडक दुबै तहबाट तीब्र प्रतिरोध भयो । आखिर ३ वर्षअघि एकीकृत भईसकेको पार्टीलाई अदालतबाट विभाजित गरियो । अदालतले विभाजित गरेको पार्टीलाई थप विभाजन गरियो र एमाले पार्टीको नेतृत्वमा ओली गुटको एकाधिकार कायम गरियो । हजारौं नेता र कार्यकर्तालाई सूचना पनि नदिई ओली गुटले कथित महाधिवेसन आयोजक कमिटि गठन गर्न पुग्यो । यसरी ओली गुटले तत्कालीन नेकपा (एमाले)लाई पनि पार्टी हित विपरित गएर विभाजन गर्न पुग्यो । तब हाम्रा सामू क्रान्तिलाई अघि बढाउन नयाँ बाटो खोज्नुको कुनै विकल्प थिएन ।

यस्तो स्थितिमा हामीले एमाले नेतृत्वमा हावी भएको ओली गुटको दक्षिणपन्थी औसरवादका विरुद्ध विद्रोह गर्नुपऱ्यो । यो विद्रोह पार्टीको आठौं र नवौं राष्ट्रिय महाधिवेसनबाट पारित कार्यदिशा, नीति र सिद्धान्तलाई रक्षा गर्न गरिएको विद्रोह हो । देशको संविधानको रक्षा गर्न, लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न र जनक्रान्तिका उपलब्धिको रक्षा गर्न गरिएको विद्रोह हो । त्यो न्यायपूर्ण विद्रोह हो र त्यो

औचित्यपूर्ण र अत्यावश्यक विद्रोह हो । दक्षिणपन्थी औसरवाद, विसर्जनवाद र राष्ट्रिय आत्मसमर्पणवादका विरुद्धको विद्रोह हो । त्यस ऐतिहासिक विद्रोहको हामीले एक वर्ष पूरा गरेका छौं । विद्रोहमार्फत बनेको हाम्रो गौरवमय पार्टी नेकपा (एकीकृत समाजवादी) अहिले देशव्यापी रुपमा विस्तार हुँदै अघि बढ्दै छ । हामी नेपाली समाजवादी क्रान्ति र रुपान्तरणको प्रक्रियालाई दृढतापूर्वक अघि बढाउँदैछौं ।

नेपाली क्रान्तिको विकास र विश्वका निम्ति पनि हामीले यो बदलिएको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषण गर्दै समाजवादी क्रान्तिका कार्यदिशा, नीति र सिद्धान्तको विकास गर्नुपर्छ । त्यस्तो कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य, कार्यक्रम, क्रान्तिको बाटो तथा क्रान्तिका रणनीति र कार्यनीति निर्धारण गरेर मात्र समाजवादी क्रान्तिको प्रक्रिया चौतर्फि रुपबाट गतिशील भएर अघि बढ्छ र त्यो क्रमश विजयतिर उन्मुख हुँदै जान्छ । त्यस्तो कार्यदिशा, नीति र सिद्धान्तका आधारमा मात्र हामी दक्षिणपन्थी औसरवाद विरोधी वैचारिक-सैद्धान्तिक सङ्घर्षलाई गहिरो, व्यापक र तीव्र बनाउन सक्छौं । त्यो सङ्घर्षले मात्र आम नेपाली कम्युनिष्ट आन्दोलनको आकाशमा लागेको भ्रमको तुवाँलो फाट्न सक्छ । उक्त तुवाँलोको भ्रममा परेका हजारौं लाखौं जनता, कार्यकर्ता र नेताहरूको भ्रम टुट्दै जान्छ र सही क्रान्तिकारी विचार, कार्यदिशा, नीति र सिद्धान्तका आधारमा क्रान्तिकारी पार्टी निर्माणको कामलाई तीव्रताका साथ अघि बढाउन सकिन्छ । हामीले यतिबेला एउटा क्रान्तिकारी पार्टी, एउटा मार्क्सवादी-लेनिनवादी पार्टी, एउटा वर्गआधारित, मुलुकव्यापी र जनव्यापी पार्टी तथा एउटा आत्मविश्वासले युक्त लोकप्रिय पार्टी निर्माण गरेर मात्र नेपाली समाजवादी क्रान्तिलाई दृढतापूर्वक अघि बढाउन सकिन्छ । तर त्यसका लागि पार्टीका क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तले युक्त भएका, क्रान्तिकारी नेता र कार्यकर्ताहरूको विशाल फौज निर्माण गरेर मात्र पार्टी निर्माणको कामलाई तीब्र रुपले विकास, विस्तार र सुदृढीकरण गर्न सकिन्छ ।

ठीक यहि उद्धेश्य लिएर यो पुस्तक प्रकाशित भएको छ । यतिबेला नेपाली कम्युनिष्ट क्रान्तिकारी कार्यकर्ताहरूका बीचमा अनेकौं प्रश्नहरू उठिरहेका छन् । नेपाली क्रान्तिका दुई चरण भनेका के हुन् ? अहिले हामी कुन चरणमा आएका छौं ? पहिलो चरणको क्रान्ति कसरी सम्भव भयो ? अहिले नेपाली समाजको वर्ग चरित्र के हो ? यो समाजको वर्गीय संरचना कस्तो बनेको छ ? समाजवादी क्रान्तिका शत्रु र मित्रहरू कस्ता छन् ? नेपालमा जनवादी क्रान्तिको बाटो कस्तो हुन्छ ? समाजवादी

क्रान्तिका कार्यदिशा, रणनीति र कार्यनीति कस्ता हुन्छन् ? आजको विश्व परिस्थिति कसरी विकसित भईरहेको छ ? विश्व कम्युनिष्ट आन्दोलनको विकास कसरी अघि बढ्दैछ ? स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले कसरी काम गर्नुपर्छ ? समाजवादी समाज कस्तो हुन्छ ? आज हाम्रो देशमा स्थापित भएको लोकतन्त्रको चरित्र के हो ? पुँजीवादी लोकतन्त्र र समाजवादी लोकतन्त्रका बीचमा के फरक हुन्छ ? हामीले किन विद्रोह गर्नुपरेको हो ? के यो विद्रोह औचित्यपूर्ण छ ? अव नेपाली कम्युनिष्ट आन्दोलनको भविष्य कसरी अघि बढ्छ ? आदि प्रश्नहरू अहिले नेपाली कम्युनिष्टहरूका दिमागमा प्रकट भैरहेका छन् । यिनै प्रश्नहरूको जवाफ खोज्ने प्रयत्नस्वरुप यो पुस्तक प्रकाशित गरिएको छ ।

पुस्तक तपाईको हातमा छ । यो पहिलो पुस्तक हो । यस्ता अरु पनि पुस्तकहरू श्रृङ्खलाका रुपमा प्रकाशित हुँदै जानेछन् । यो पुस्तक तपाईलाई कस्तो लाग्यो ? यसले तपाईलाई केही मद्दत गऱ्यो वा गरेन ? कस्ता पुस्तक वा लेखहरू लेख्दा फाइदा हुन्छ भन्ने लाग्छ ? मलाइ मेरो मोवाइल, ठेगानामा आफ्ना आलोचना सुझाव वा टिप्पणी लेखेर पठाईदिनुहुन अनुरोध छ । यो पुस्तकले तपाईलाई अलिकति पनि फाइदा पुऱ्यायो भने मलाई पनि सन्तोष लाग्नेछ र अरु पुस्तकहरू लेख्न प्रेरणा मिल्नेछ ।

*२०७९/६/८*

*झलनाथ खनाल*

*काठमाडौं महानगरपालिका वडा नं १५ डल्लु आवासक्षेत्र*

*फोन नं : ०१-४२७१९५६, ९८५११०८१९९*

*इमेलः jhalanath1950@gmail.com*



# विषयसूची

विश्व कम्युनिष्ट आन्दोलनको विकासक्रम, बदलिदो परिस्थिति
र हाम्रो दृष्टिकोण ........ १

नेपालमा समाजवादी क्रान्ति र नेपाली विशेषताको समाजवाद ........ १७

नेपाली समाजवादी क्रान्ति र केही ज्वलन्त सवालहरू ........ ७७

समाजवादी जनप्रतिनिधि र हाम्रो कार्यदिशा ........ १०१

विद्रोहपछिको समीक्षा र वैज्ञानिक समाजवादमा पुग्ने लक्ष्य ........ ११८

# विश्व कम्युनिष्ट आन्दोलनको विकासक्रम, बदलिदो परिस्थिति र हाम्रो दृष्टिकोण

१. **मानव समाज विकासका चरणहरू :**

| | | |
|---|---|---|
| १. | आदिम साम्यवाद | लाखौं वर्ष |
| २. | दास युग | २ देखि ४ हजार वर्ष |
| ३. | सामन्तवादी युग | २ देखि ४ हजार वर्ष |
| ४. | पुँजीवादी युग | करिब ५०० वर्ष |

५. समाजवादी युग : सन् १९१७ मा रुसमा भएको महान अक्टोवर समाजवादी क्रान्ति र त्यस क्रान्तिमार्फत समाजवादी शोभियत संघको स्थापना पछि विश्वभर वैज्ञानिक समाजवादको युग सुरु भएको छ ।

२. **पुँजीवादको चरणवद्ध विकास**

१. सामान्य सहकारीको चरण

२. बृहत मेनुफेक्चरिङ उद्योगको चरण

३. यन्त्र उद्योगको चरण

४. राष्ट्रिय एकाधिकार पुँजीवादको चरण

५. अर्न्तराष्ट्रिय एकाधिकार पुँजीवादको चरण

६. भूमण्डलीय पुँजीवाद वा साम्राज्यवादको चरण

७. साम्राज्यवादको र अन्य समाजवादी विश्व क्रान्तिको विकासको चरण

३. **कम्युनिष्ट आन्दोलनको सुरुवात र विकास**

१. मानव समाजको विकासले लाखौँ वर्ष पार गर्दै ईशाको १९ औ शताब्दीको आजसम्म आउँदा मानव सभ्यता अत्यन्त मुल्यवान्

श्रृङ्खलाहरू विकसित भए । तर अझै पनि प्रकाशित मानव समाज र मानव चेतनाको उत्पति र विकास कसरी भयो भन्ने बारेमा विश्वव्यापी रुपमा अन्यौल र विवादितनै थियो । १९ औँ शताब्दीमा आईपुग्दा मानव जातिले कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स जस्ता प्रतिभाशाली व्यक्तित्वलाई  जन्मायो । वहाँहरूले त्यस बेलासम्म मानव जातिले विकास गरेका अर्थशास्त्र, समाजशास्त्र र दर्शनको गहन अध्ययन, विश्लेषण र संश्लेषण पछि  द्वन्द्वात्मक भौतिकवादी दर्शनको विकास गर्नुभयो ।

२. द्वन्द्वात्मक भौतिकवादको विकास -मानव समाजमा ऐतिहासिक र अभूतपूर्व वैचारिक क्रान्ति हो ।

३. यो द्वन्दात्मक भौतिकवादी दर्शनका आधारमा आदिम समाजको उत्पति र विकासको क्रमलाई अध्ययन विश्लेषण र संश्लेषण गर्दा ऐतिहासिक भौतिकवादको विकास भयो । ऐतिहासिक भौतिकवादको विकास- सामाजिक -आर्थिक रुपान्तरणको प्रक्रियामा अर्को ऐतिहासिक क्रान्ति हो ।

४. पुँजीवादबाट समाजवादमा अनिवार्य रुपान्तरण गर्ने प्रकृयामा -विश्व सर्वहारा श्रमिक वर्गको ऐतिहासिक भूमिका र वर्ग चेतना तथा वर्गसङ्घर्षको निर्णायक भूमिका

५. वर्ग सचेत सर्वहारा श्रमिक वर्गको अग्रदूतका रुपमा कम्युनिष्ट पार्टी स्थापना गर्ने ऐतिहासिक आवश्यकता ।

६. कम्युनिष्ट पार्टीको घोषणापत्रको प्रकाशनः- १८४८, विश्व कम्युनिष्ट आन्दोलनको ऐतिहासिक सुरुवात

४. **घोषणापत्र प्रकाशन पछि  पहिलो अर्न्तराष्ट्रियको स्थापना**

- कार्लमार्क्सको पहलमा पहिलो अन्तराष्ट्रियको स्थापना International Workingmen's Association (IWA) को स्थापना (28 September 1864)

- युरोप र अमेरिकाका समाजवादी, कम्युनिष्ट र मजदुर सङ्गठनका प्रतिनिधिहरू सङ्गठित ।
- मार्क्सवाद र कम्युनिष्ट आन्दोलनलाई फैलाउन एक हदसम्मको भूमिका ।
- तर क्रमशः त्यसको नेतृत्वमा दक्षिणपन्थी, अवसरवादी र सुधारवादीहरूद्धारा कब्जा । त्यसले स्वयम् मार्क्सवाद र कम्युनिष्ट घोषणापत्रको प्रचारमा रोक ।
- स्वयम् मार्क्सकै प्रस्तावमा उक्त अन्तर्राष्ट्रियलाई १८७६ मा विघटन ।

**५.त्यसपछि मार्क्स र एंगेल्सले आफ्ना सैद्धान्तिक रचनाहरूलाई प्रकाशित गर्ने कामलाई अघि बढाउनु भयो ।**

- साथै वहाँहरूले विभिन्न देशमा क्रान्तिकारी, मार्क्सवादी समाजवादीहरूका समूहहरू निर्माण गर्ने कामलाई तीव्रता दिनुभयो ।
- १८८३ मा मार्क्सको निधन भएपछि अर्न्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई एंगेल्सले अगुवाई गर्नुभयो ।

६. **दोस्रो अन्तर्राष्ट्रियको स्थापना** (१८८९–१९१६)

- एंगेल्सको नेतृत्वमा १४ जुलाई १८८९ मा स्थापना ।
- यसमा पनि युरोप र अमेरिकाका समाजवादी, सामाजिक जनवादी, पार्टीहरू संलग्न भए ।
- कम्युनिष्ट आन्दोलन श्रमिकहरूका बिचमा विभिन्न देशमा अझ गहिरो भयो ।
- अमेरिका र युरोपका धेरै देशहरूमा समाजवादी आन्दोलनको प्रभाव बढ्यो ।
- तर कुनै खास देशमा समाजवादी क्रान्ति र रूपान्तरण कसरी हुन्छ भन्ने कुरा चाहिँ अझै प्रष्ट भइसकेको थिएन ।
- यसैबिच फ्रेडरिक एंगेल्सको पनि सन् १८९५ मा निधन भयो ।
- फेरि अर्न्तराष्ट्रियमा दक्षिणपन्थी औसरवादीहरूको बोलवाला बन्दै गईरहेको थियो ।

- त्यस्तै अवस्थामा भ्यादिमिर इल्यिच लेनिनको नेतृत्वमा रुसमा सामाजिक जनवादी लेवर पार्टीको स्थापना भयो र त्यसले रुसी क्रान्तिलाई अघि बढाउन पहल गर्न थाल्यो ।
- तर दोस्रो अन्र्तराष्ट्रियका अधिकांश नेताहरू अन्तर्राष्ट्रिय समाजवादका पक्षमा थिए र एउटा देशमा क्रान्तिको परिकल्पना उनीहरूको दिमागमा थिएन ।
- लेनिनले भने तत्कालीन विश्व परिस्थितिको विश्लेषण गर्दै रुसमा क्रान्ति सम्भव छ र एउटा देशबाट समाजवादी क्रान्ति र निर्माणको प्रक्रिया थालनी गर्न सकिन्छ भन्ने नयाँ अवधारणा अघि सार्नुभयो ।
- अन्र्तराष्ट्रियको विश्लेषण र चाहनाका विपरीत रुसी क्रान्ति दन्दनाएर अघि बढ्यो र रुसमा १९१७ को फरवरी क्रान्ति -पुँजीवादी जनवादी क्रान्ति सफलतापूर्वक सम्पन्न भयो १९१७ को फ्रेब्रुअरीमा जारसाहीको शासन र सामन्तवादलाई अन्त्य गरियो ।
- त्यसलाई जारी राख्दै लेनिनको नेतृत्वमा सन् १९१७ अक्टोबरमा महान अक्टोबर समाजवादी क्रान्ति रुसमा ऐतिहासिक रुपले सम्पन्न भयो र सोभियत युनियनको स्थापना भयो ।
- यसरी मानव इतिहासमा पहिलो पटक प्रतिक्रियावादी -पुँजीवादी शासनसत्तालाई चिर्दै समाजवादी शासन सत्ताको उदय भयो र सिङ्गो विश्व समाजवादी विश्व क्रान्तिको नयाँ युगमा उठ्यो ।

७. **समाजवादी विश्व क्रान्तिको युग र साम्राज्यवाद विरोधी सङ्घर्ष**

- रुसको महान अक्टोबर समाजवादी क्रान्ति एकैसाथ रुसी समाजवादी क्रान्ति पनि थियो र सिङ्गो विश्वमा समाजवादी विश्व क्रान्तिको सुरुवात पनि थियो ।
- यो समाजवादी विश्वक्रान्ति एउटा लामो र दीर्घकालीन प्रक्रिया हो । यो क्रान्तिमा अनेकौ उतार चढावहरू हुनेछन् । तर केही सय वर्षको अवधिमा समाजवादी विश्व क्रान्ति पूरा हुनेछ र सिङ्गो विश्व समाजवादमा रूपान्तरित हुनेछ । यसलाई कसैले रोक्न सक्तैन ।

- **यो क्रान्तिको थालनी देखि नै विश्वमा ४ वटा आधारभूत अर्न्तरविरोधहरू विकसित हुँदै आएका छन् र तिनीहरू तीव्र बन्दै पनि आएका छन् ।**

  १. साम्राज्यवाद र विश्व जनता तथा उत्पीडित राष्ट्रहरूबिचको अर्न्तरविरोध

  २. साम्राज्यवाद र साम्राज्यवाद बिचको अर्न्तरविरोध

  ३. साम्राज्यवाद र समाजवाद बिचको अर्न्तरविरोध

  ४. अन्तर्राष्ट्रिय पुँजीपति वर्ग र सम्पूर्ण श्रमजीवी जनता बिचको अन्तरविरोध

- तिनीहरूमध्ये कहिले साम्राज्यवाद र साम्राज्यवाद बिचको अर्न्तरविरोधहरू प्रधान बन्नपुगे । कहिले साम्राज्यवाद र उत्पीडित राष्ट्र र जनताबिचको अर्न्तविरोध प्रधान बन्न पुग्यो ।
- यतिबेला यी सबै अर्न्तरविरोधहरू तीव्र बन्दै गएका छन् ।
- त्यसैले विश्व परिस्थिति तनावपूर्ण, उथलपुथलपूर्ण र अनिश्चित बनेको छ । कतिपय क्षेत्र र देशहरूमा युद्ध चलिरहेको छ । तर विगत ७७ वर्षदेखि विश्वयुद्ध भने हुन सकेको छैन ।
- यतिबेला अमेरिकाले प्रमुख नेतृत्व गरेको विश्व साम्राज्यवाद क्रमशः कमजोर हुँदैछ र विश्वमा समाजवादी शक्ति र उत्पीडित राष्ट्रहरू क्रमशः बलियो बन्दै गइरहेका छन् ।
- यो युगमा दुई दुईवटा विश्वयुद्ध विश्वले सामना गर्नुपर्‍यो । ती दुवै युद्ध साम्राज्यवाद र साम्राज्यवादका बिचको अर्न्तरविरोधका परिणाम हुन ।
- अब साम्राज्यवादले अर्को विश्वयुद्ध थोपर्न कठिन छ । किनभने विश्व जनता, उत्पीडित राष्ट्रहरू र चीन लगायतका समाजवादी देशहरूको शान्ति चाहना शक्तिशाली बन्दै गएको छ ।
- विश्व समाजवादी क्रान्तिको प्रक्रियामा विश्वकै पहिलो समाजवादी देश सोभियत युनियनको कम्युनिष्ट पार्टी (CPSU) को

नेतृत्वमा २०औँ राष्ट्रिय महाधिवेशन देखि ख्रुश्चोवको नेतृत्वमा दक्षिणपन्थी औसरवाद प्रकट भयो । त्यो पार्टीले उक्त औसरवाद र संशोधनवादलाई सच्याउन सकेन । आखिर सन १९९० मा पुग्दा सोभियत संघ नै पतन र विघटित हुन पुग्यो । यो विश्व समाजवादी- क्रान्तिको प्रक्रियामा ठुलो धक्का हो । त्यसैले गर्दा पूर्वी यूरोपका समाजवादी मुलुकहरूमा समेत समाजवाद विघटित हुन पुग्यो । त्यो समाजवादको असफलता थिएन, त्यो सोभियत नमुनाको समाजवादको मात्र असफलता थियो ।

- त्यसले गर्दा विश्वमा साम्राज्यवादी शक्तिहरू बढी उत्साहित भए । समाजवादको अन्त्य भएको घोषणा गरे र विश्वमा केही अवधिका निम्ति भएपनि अमेरिकी साम्राज्यवादको एकछत्र प्रभुत्वको अवस्था पनि सिर्जना हुन पुग्यो ।
- तर विगत सन १९९०-२०२० सम्मको फगत ३० वर्षको अवधिमा छिमेकी चीनले समाजवाद निर्माणका सम्पूर्ण क्षेत्रहरूमा जुन असाधारण प्रगति गरेको छ, त्यसले विश्वको शक्ति सन्तुलनमा नै ठुलो फेरबदल ल्याइदिएको छ । अहिले विश्वमा बहुध्रुवहरू प्रकट भएका छन् ।
- चीनलगायत भियतनाम, क्युवा, लाओस, उत्तरकोरिया जस्ता समाजवादी देशहरूको समुदाय अहिले पनि छँदैछ । उनीहरू समाजवादी सामाजिक- आर्थिक संरचना निर्माण गर्दैछन्, आधुनिक समाजवादका आफ्ना नमुनाहरू समृद्ध बनाउँदै छन् र समाजवादी लोकतन्त्रका विशिष्ट नमुनाहरू विकास गर्दैछन् ।
- एसिया, अफ्रिका, ल्याटीन अमेरिका र ओसेनियाका जनता र राष्ट्रहरू बस्तुगत र आत्मगत दुबै रुपले साम्राज्यवाद विरुद्ध नै खडा भइरहेका छन् । ल्याटिन अमेरिका लगायतका कैयौं देशहरूमा आम निर्वाचनबाट समेत समाजवादी र वामपन्थी पार्टीहरू एक पछि अर्को विजयी भैरहेका छन् र साम्राज्यवादका किल्लाहरू कामजोर हुदै गएका छन् ।

- अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको लगत्तै पछि तेस्रो अन्तर्राष्ट्रिय अर्थात कम्युनिष्ट इन्टरनेसनलको स्थापना भएको भयो । यसले सन १९१८ देखि १९४२ सम्म अस्तित्वमा रहेर काम गऱ्यो । त्यो कालखण्डमा विश्वका युरोप र अमेरिकामा मात्र होइन एसिया, अफ्रिका, ल्याटिन अमेरिका र अस्ट्रेलियामा पनि कम्युनिष्ट पार्टीहरू विस्तार भए । कम्युनिष्ट आन्दोलन विश्वब्यापी बनेर फैलियो ।
- तर दोस्रो विश्वयुद्धमा सोभियत संघलाई बचाउन र फासिष्टवाद विरोधी सङ्घर्षमा विश्वव्यापी संयुक्त मोर्चा निर्माण गर्नका निम्ति अग्रेज अमेरिकी प्रस्तावमा कम्युनिष्ट इन्टरनेसनलको विघटन भयो ।
- त्यसपछि विश्वमा कम्युनिष्ट आन्दोलनको कुनै औपचारिक केन्द्र छैन । त्यस्तो केन्द्र बन्न सायद सम्भब पनि छैन । विश्वमा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकहरूको ठुलो संख्या तयार भइसकेको र प्रत्येक देशका क्रान्ति वा निर्माणको काम तीनै देशका कम्युनिष्ट पार्टीहरूले स्वतन्त्र र सिर्जनात्मक रुपले गर्नुपर्ने भएको हुँदा प्रत्येक देशका कम्युनिष्ट पार्टीहरू पनि स्वतन्त्र छन् ।
- अहिले विश्वमा झण्डै तीन सयको संख्यामा कम्युनिष्ट पार्टीहरू क्रियाशील भएको देखिन्छ । कतिपय देशमा १०/१२ भन्दा बढी कम्युनिष्ट पार्टी वा समूह पनि रहेको पाइन्छ । उनीहरू सबै आ-आफ्नो देशका क्रान्ति वा निर्माणका काममा लागिरहेका छन् र लाग्नुपर्छ ।

८. **युक्रेन युद्धपछि विश्वको शक्ति सन्तुलनमा ठुलो परिवर्तन दृष्टिगोचर हुँदैछ ।**

१. त्यो युद्धले युक्रेन तथा रुसबाट विश्वभरि जाने खाद्यान्न, ग्याँस, तेल जस्ता वस्तुहरूको स्वाभाविक आपूर्ति रोकिएको छ ।

२. विश्वमा खाद्यान्न सङ्कट, तेल सङ्कट र ग्याँस सङ्कट सिर्जना भएको छ ।

३. त्यसले अमेरिका, युरोप र विश्वमा महँगी र मूल्यवृद्धि आकासिदै गएको छ ।

४. पुँजीवादी विश्वमा हर बस्तुको उत्पादनमूल्य र सेवामूल्य (यातायात, स्वास्थ्य, सूचना, सेवा) सबैमा मूल्यवृद्धि भएको छ ।

५. ठुलो मात्रामा डलरमा अर्न्तराष्ट्रिय व्यापार गरिरहेका चीन, रुस, इरान, भारत जस्ता मुलुकहरूले आफ्नै मुद्रामा व्यापार गर्न थालेपछि अमेरिकी डलरको साम्राज्य डगमगाउन थालेको छ ।

६. त्यसले गर्दा पुँजीवादी विश्वका श्रमिक वर्ग, निम्न पुँजीपति वर्ग र निम्न मध्यम वर्गका जनताको जीवनस्तर गिर्दैछ, उनीहरूलाई हिजोको अवस्थामा जीबन जिउन कठिनाई भइरहेको छ ।

७. अहिले अमेरिकीहरूले सिर्जना गरिरहेका द्वन्द्व र हिंसाहरूमा मात्र विश्वमा प्रतिवर्ष 14 trillion डलर खर्च भइरहेको छ । यी सबै द्वन्द्व र हिंसाहरू अमेरिकी कम्पनीहरूका लागि हतियार बेच्ने आकर्षक बजार बनेका छन् वा बनाईएका छन् ।

८. विश्वमा धनी र गरिव बिचको आयको खाडल अभूतपूर्व रूपले बढिरहेको छ ।

९. जनसंख्याको तल्लो तहमा करिब २ अरव जनता १ देखि २ डलर प्रतिदिनको आयमा बाँच्न विवश छन् । अमेरिका र युरोप जस्ता देशहरूमा बेरोजगारी र मुद्रास्फिति चर्को रुपमा बढिरहेको छ ।

१०. यतिबेला विश्वको धनि १०% ले विश्वको ७६प्रतिशत सम्पति कब्जामा पारेको अवस्था छ ।

११. त्यसले गर्दा विश्वमा ठुलो मात्राको अर्न्तराष्ट्रिय वर्गसङ्घर्ष र देश देशमा आन्तरिक वर्गसङ्घर्षहरू विकास गर्ने वस्तुगत आधारहरू तयार भइरहेका छन् ।

१२. यस स्थितिलाई विश्लेषण गर्दै प्रत्येक देशका कम्युनिष्ट वा श्रमिक पार्टीहरू आआफ्नो देशको ठोस वस्तुगत स्थितिअनुरुप आ-

आफ्नो देशका क्रान्तिकारी सङ्घर्ष वा निर्माणका अभियानलाई अघि बढाईरहेका छन् र अघि बढाउनुपर्छ ।

१३. पछिल्लो अवधिमा अमेरिकाले आफ्ना विश्वभरिका सैनिक अड्डाहरूलाई सुदृढ गर्ने, युक्रेनमा रुसको विरुद्ध युद्धमा सामेल हुने र आफ्नो विश्व रणनीतिलाई आक्रमक पार्न कोसिस गरिरहेको छ। त्यही सिलसिलामा अमेरिकाले

– NATO सैनिक संगठनलाई विस्तार गरिरहेको छ र युरोपलाई समेत आफ्नो महत्वाकांक्षाको लागि दुरुपयोग गरिरहेको छ।

– विश्वभरी रहेका उसका सैनिक क्याम्पहरूलाई आर्थिक सहयोग तिनै देशबाट दिनुपर्ने बाध्यता खडा गर्न खोज्दैछ।

– उसले Indo-Pacific Strategy विकास गर्ने र एसियालाई विभाजन गर्ने कोसिस गरिरहेको छ।

– एसियनहरूलाई विभाजित गर्न र South China Sea मा दक्षिणपूर्बी एसियाका देशहरूलाई चीन विरुद्ध भड्काउन कोसिस गर्दैछ।

– U.S, Australia, Japan र India बिच quad alliance विकास गर्दैछ, तर भारत अझै पनि बिचमा खडा छ।

– U.S, U.K, र Australia बिच न्यूक्लियर हतियार सहीतको पनडुब्बी दिने सम्झौता भएको छ। यी सब कुराले एसियामा र विश्वमा तनाब बढाउने, शान्ति खल्बल्याउने र हतियारको होडबाजी बढाउने मात्र काम गरिरहेको छ।

– अझ चीनको अभिन्न अङ्गका रूपमा रहेको ताइवानसँग सैनिक साठँगाठँ गर्दै अमेरिकाले चीनलाई दबाब दिईरहेको छ । कथित ताइवान स्वतन्त्र बनाउन चाहने तत्वहरूलाई पुठ दिइरहेको छ । समाजवादी चीनको प्रगतिलाई रोक्न चारैतिरबाट घेरा हाल्ने कोशिस गरिरहेको छ।

– तर यतिबेला समाजवादी चीन राजनीतिक, आर्थिक, सामाजिक, प्रतिरक्षात्मक, प्राविधिक, व्यापारिक हर हिसाबले चौतर्फी प्रगति गर्दै अघि बढिरहेको छ । आफूलाई एउटा सुदृढ र आधुनिक समाजवादी मुलुकका रुपमा विकास गर्न दृढ प्रतिज्ञ छ । साम्राज्यवाद विरोधी सङ्घर्षको एउटा विश्वसनीय किल्लाका रुपमा विकसित भइरहेको छ ।

– समाजवादी चीनले आफ्ना कुटनीतिक, राजनीतिक, आर्थिक, व्यापारिक र आपसी सहयोगका सम्बन्धहरूलाई विश्वव्यापी रुपमा बढाइरहेको छ । चीनको यो गतिलाई रोक्ने तागत अब कसैसँग पनि नभएको र अमेरिकाको प्रयत्न क्रमशः असफल बन्दै गएको घटनाक्रमले देखाइरहेका छन् ।

– यस्तो अवस्थामा अमेरिकाले एसियामा आफ्ना सैनिक गठबन्धन विस्तार गर्ने, विभिन्न बाहनामा एसियाली राष्ट्रहरूलाई विभाजित गर्ने, उनीहरूको एउटा हिस्सालाई चीनका विरुद्ध उक्साउने जुन काम गरेको छ । त्यसले एशियामा अमेरिका विरोधी भावनालाई नै भड्काउने काम गरिएको छ ।

१४. यसरी अमेरिकी साम्राज्यवाद जतिसुकै आक्रामक रुपमा देखिन खोजेपनि अमेरिका आफैंमा सङ्कटग्रस्त बन्दैछ । त्यसका विरुद्ध स्वयम् अमेरिकाभित्र र विश्वमा साम्राज्यवाद विरोधी जनमत विकास भईरहेको छ र विश्वका हर देशमा कम्युनिष्ट आन्दोलन, समाजवादी आन्दोलन, देशभक्तिपूर्ण आन्दोलनहरू विकसित हुँदैछन् ।

## ९. आजको वास्तविकता र हाम्रो कार्यदिशा

१. समकालीन विश्वमा अमेरिकी साम्राज्यवादका आक्रमण, हस्तक्षेप, षड्यन्त्र, तोडफोडका गतिविधिहरू विश्वभरी बढिरहेका छन् ।

२. अमेरिकी साम्राज्यवादका त्यस्ता आक्रामक गतिविधि र हरकतहरूले विश्व जनतामा, विश्वका उत्पीडित राष्ट्रहरूमा र समाजवादी

मुलुकहरूमा विरोध र सङ्घर्षका भाबनाहरू विकास गर्दैछन् । जसले जनता र राष्ट्रका देशभक्तिपूर्ण साम्राज्यवाद विरोधी सङ्घर्षहरू, शोषण उत्पीडन विरोधी सङ्घर्षहरू, जनअधिकारका निम्ति सङ्घर्षहरू, मानव अधिकारका निम्ति सङ्घर्षहरू र समाजवाद निम्तिका सङ्घर्षहरू विकसित भइरहेका छन् । खुद अमेरिका जस्ता देशमा रंगभेद विरोधी सङ्घर्षहरू, हिंसा विरोधी सङ्घर्षहरू, महिलाहरूको हकहित निम्तिका सङ्घर्षहरू र शोषण तथा उत्पीडनको विरोधी सङ्घर्षहरू विकसित भइरहेका छन् ।

३. यो वस्तुगत स्थितिले सिङ्गो पुँजीवादी विश्वभरि नै बहुआयामिक रुपका वर्ग सङ्घर्षहरू विकास भईरहेका छन् । ती वर्गसङ्घर्षहरूलाई सही दिशा दिने र तिनीहरूलाई वैज्ञानिक समाजवादको लक्ष्यतिर निर्देशित गर्नका निम्ति प्रत्येक देशमा श्रमिक वर्गका अग्रदूतका रूपमा सङ्गठित कम्युनिष्ट पार्टीहरूले पहलकदमी र प्रयत्न गरिरहेका छन् ।

४. तेस्रो अन्तर्राष्ट्रियको विघटन पछि विश्वमा कम्युनिष्ट आन्दोलनको अर्न्तराष्ट्रिय केन्द्र अहिलेसम्म बनेको छैन । कुनै पार्टी वा पार्टीहरूले त्यस्तो केन्द्र बनाउने प्रयत्न पनि गरेका छैनन । वास्तवमा त्यस्तो केन्द्र बनाउनुपर्ने आवश्यकता पनि देखिएको छैन । त्यस्तो केन्द्र कतै बनिहाले पनि त्यस केन्द्रबाट विश्वका सबै देशका क्रान्ति वा निर्माणका विशिष्ट प्रक्रियाहरूलाई नेतृत्व गर्न र ठोस निर्देशन दिन सम्भव पनि हुँदैन । यो बदलिएको परिस्थितिको यथार्थता पनि हो ।

५. त्यसैले समकालीन विश्वमा प्रत्येक देशका कम्युनिष्ट वा श्रमिक पार्टीहरूले मार्क्सवाद लेलिनवादका सार्वभौम सच्चाईहरूलाई आ-आफ्नो देशको क्रान्ति वा निर्माणको ठोस वास्तविकतासँग सिर्जनात्मक रुपले लागु गर्नुपर्छ । त्यसरी लागु गर्ने क्रममा हर देशको कम्युनिष्ट वा श्रमिक पार्टीले स्वतन्त्रतापूर्वक आफ्नो देशको क्रान्ति वा निर्माणको विशिष्ट स्थितिअनुरुपका क्रान्तिकारी कार्यदिशा,

नीति, सिद्धान्त, लक्ष्य र विधि विधानहरूको विकास गर्नुपर्छ । त्यस्तो क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तका आधारमा मात्र कुनै पनि देशको क्रान्ति वा निर्माणको प्रक्रिया अघि बढ्न सक्छ र त्यो विजय सम्म पुग्न सक्छ ।

६. अहिलेको विश्वमा कुनै अन्तर्राष्ट्रिय केन्द्र नभएपनि विश्वका सबै देशहरूमा मार्क्सवाद लेनिनवादको उज्यालो प्रकाश पुगिसकेको छ । विश्वका प्रत्येक देशहरूमा पुँजीवादको उद्भवका साथसाथै श्रमिक वर्गको विकास भइसकेको छ । उक्त श्रमिक वर्गको अग्रदूतका रुपमा विश्वका अधिकांस देशहरूमा कम्युनिष्ट पार्टीको निर्माण पनि भइसकेको छ । ती पार्टीहरूले आफ्नो देशमा कम्युनिष्ट आन्दोलनलाई विकास, विस्तार र सुदृढीकरण गर्दै अघि बढिरहेका छन् । यो प्रत्येक देशका कम्युनिष्ट वा श्रमिक पार्टीहरूको सार्वभौम अधिकारको कुरा पनि हो ।

७. त्यति मात्र होइन आजको वास्तविकतालाई हेर्दा विभिन्न देशहरूमा ती देशका श्रमिक वर्गका अग्रदूत का रुपमा एउटा वा दुइ वटा पार्टीहरू मात्र होइन कम्युनिष्ट पार्टीकै नाममा दर्जनौं पार्टीहरू पनि रहेका छन् । ती पार्टीहरू आआफ्नै देशका क्रान्तिलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा आफैभित्र रहेका अलग अलग समझदारीका उपज पनि हुन । जसले गर्दा उनीहरू भित्र वैचारिक र सैद्धान्तिक मत भिन्नताहरू सिर्जना भएका छन् । यस्ता मतभिन्नताहरूलाई कुनै पनि प्रकारका बाह्य केन्द्र, आदेश वा निर्देशनहरूले हल गर्न वा एक बनाउन सक्दैन । ती भिन्नताहरू उनीहरूले आआफ्नो देशको क्रान्तिको व्यवहारमा इमान्दारीपूर्वक लाग्दै जाने क्रममा प्राप्त हुने ताजा अनुभवहरूका आधारमा उनीहरू भित्र साझा समझदारी विकसित हुँदै जान्छ । उनीहरूले त्यस्तो साझा समझदारी विकास गर्ने क्रममा आआफ्नो देशको क्रान्तिको सही कार्यदिशा, नीति र सिद्धान्त विकास गर्छन् र ती कार्यदिशा,

नीति र सिद्धान्तका आधारमा एउटा सशक्त, शक्तिशाली र एकीकृत कम्युनिष्ट वा श्रमिक पार्टी बन्न सक्छ र आफ्नो देशको क्रान्तिलाई सफलतापूर्वक नेतृत्व प्रदान गर्नसक्छ ।

८. यति हुँदाहुँदै पनि विश्वका हर देशका कम्युनिष्ट वा श्रमिक पार्टीहरूले आफ्नो देशको क्रान्ति वा निर्माणको प्रक्रियामा दृढतापूर्वक लाग्नुका साथसाथै अन्य देशका क्रान्ति वा निर्माणका अनुभवहरूबाट सिक्नु पनि अनिवार्य हुन्छ । त्यसका लागि हरेक पार्टीले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्कलाई व्यापक पार्ने कामलाई पनि योजनाबद्ध रुपले अघि बढाउनुपर्छ । विभिन्न देशका कम्युनिष्ट वा श्रमिक पार्टीहरूसँग भाईचारा र सम्बन्धहरूलाई विस्तृत बनाउनुपर्छ र विश्वका विभिन्न देशमा विकसित भइरहेका क्रान्ति वा निर्माणका ताजा अनुभवहरूबाट पनि निरन्तर सिक्नुपर्छ ।

९. त्यसरी नै विभिन्न ऐतिहासिक अवसरहरूमा विभिन्न रुपका अन्तराष्ट्रिय भेलाहरू गर्न सकिन्छ । खास विषयमा अन्तर्राष्ट्रिय वा क्षेत्रीय गोष्ठीहरूको आयोजना गर्न सकिन्छ । ती मञ्चहरूमार्फत वा दुई पक्षीय भेटघाटहरूमार्फत विभिन्न पार्टीहरूका बिच वार्ता गर्ने, अनुभवहरूको आदानप्रदान गर्ने, आ-आफ्नो दृष्टिकोण र विश्लेषणहरू आदानप्रदान गर्ने कामहरू गर्न सकिन्छ । विभिन्न पार्टीहरू बिच दुई पक्षीय सम्बन्ध, वार्ता र अनुभवहरूको आदानप्रदानबाट धेरै कुराहरू सिक्न सकिन्छ ।

१०. विश्व विकासको वर्तमान अवस्थामा देशहरू शक्तिशाली हुन वा कमजोर, विकसित हुन वा अविकसित, ठुला हुन वा साना, पुराना हुन वा नयाँ, सबै नै स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र समान छन् । कुनै पनि एउटा राष्ट्रले अर्को राष्ट्रको नेतृत्व स्वीकार गर्न सक्दैन । ठिक त्यसरी नै ती सबै स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र समान राष्ट्रका श्रमजीवी जनताका अग्रदूत कम्युनिष्ट वा श्रमिक पार्टीहरू पनि स्वतन्त्र, सार्वभौम र समान छन् र हुनुपर्छ । त्यसैले अन्तर्राष्ट्रिय

कम्युनिष्ट आन्दोलनमा पनि कुनै पार्टी विशेष वा देश विशेष अरूको नेता मान्ने स्थिति हुँदैन । यो स्वतन्त्रता र समानतालाई दृढतापूर्वक कायम राख्दै हामीले अग्रगन्य र समृद्ध अनुभव भएका पार्टी वा देशहरूबाट सिक्ने र समानताका आधारमा अनुभव आदानप्रदान गर्ने कामलाई भने तीव्रता प्रदान गर्नुपर्छ ।

११. उपरोक्त सिद्धान्तका आधारमा हामीले स्वतन्त्रतापूर्वक मार्क्सवाद लेनिनवादका सार्वभौम सिद्धान्तहरूको गहिरो अध्ययन गर्नुपर्छ । विभिन्न देशका र भाइचारा पार्टीहरूका अनुभवहरूको पनि गहिरो अध्ययन गर्नुपर्छ । आफ्नो देशको ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै आफ्नो देशको क्रान्ति वा निर्माणको सही कार्यदिशा, नीति र सिद्धान्तहरूको सिर्जनात्मक रुपले विकास गर्नुपर्छ । ती कार्यदिशा, नीति र सिद्धान्तहरूलाई दृढतापूर्वक लागु गर्दै आफ्नो देशको क्रान्ति वा निर्माणमा ऐतिहासिक सफलताहरू हासिल गर्दै अघि बढ्नुपर्छ । यसरी आफ्नै देशमा प्रतिक्रियावाद र साम्राज्यवादका आधारहरूलाई नष्ट गर्दै जनताको क्रान्तिकारी अग्रगतिलाई बढाएर मात्र वास्तविक रूपमा विश्व साम्राज्यवाद विरोधी सङ्घर्षमा ठोस योगदान गर्न सकिन्छ । हामीले नेपालमा समाजवादी क्रान्ति र रूपान्तरणको कामलाई जति संशक्त ढङ्गले अघि बढाउन सक्छौँ, साम्राज्यवाद विरोधी सङ्घर्षमा त्यति नै ठुलो योगदान पुर्याउन सक्छौं । यो कुरालाई प्राथमिक महत्वका साथ लिनुपर्छ ।

१२. यो प्राथमिक काममा अविराम रुपमा लाग्दै हामीले विश्वभरिका समाजवादी मुलुकका वा अन्य मुलुकका कम्युनिष्ट तथा श्रमिक पार्टीहरूसँग सम्पर्क र सम्बन्धलाई व्यापक बनाउनुपर्छ । विश्वका विभिन्न देशका विभिन्न अनुभवहरूबाट सिक्नुपर्छ र त्यस्ता अनुभवहरू आदान-प्रदान गर्नुपर्छ । साथसाथै विभिन्न पार्टीहरूका बिच विभिन्न रुपका आपसी सहयोगहरू पनि हुन्छन् । त्यस्ता सहयोगहरूलाई पनि अघि बढाउनुपर्ने हुन्छ । खासगरी सत्तारुढ पार्टीहरूसँग अन्य

पार्टीहरूले विभिन्न प्रकारका आपसी सहयोगहरूलाई विकास गर्न सक्छन् र एकअर्काका न्यायपूर्ण सङ्घर्षहरूलाई समर्थन र सहयोग गर्न सक्छन् । आजको युगमा यो नै अन्तर्राष्ट्रियतावादको ठोस रुप हो ।

१३. त्यतिमात्र होइन विश्व साम्राज्यवादले विश्वका अनेकौं क्षेत्रहरूमा र देशहरूमा आक्रमण, हस्तक्षेप गरिरहेको छ। त्यसले विभिन्न प्रकारका सैनिक गठबन्धनहरू गरिरहेको छ । दमनचक्रहरू चलाइरहेको छ, विश्वशान्ति वा क्षेत्रीय शान्तिमा खलल पार्ने काम गरिरहेको छ । बिनाशकारी हातहतियारहरू निर्माण गरिरहेको छ । शस्त्र होडलाई बढाइरहेको छ र कुनै देश वा सङ्गठनलाई आफ्नो प्रभावमा लिन धाक धम्की गरिरहेको छ । प्रलोभन देखाइरहेको छ भने त्यस्ता हर्कत र गतिविधिहरूको हामीले दृढतापूर्वक विरोध र भण्डाफोर गर्नुपर्छ । यो हाम्रो अन्तर्राष्ट्रियवादी कर्तव्य नै हो ।

१४. ठिक त्यसरी नै विश्वभरीका जनताले चलाई रहेका साम्राज्यवाद विरोधी सङ्घर्षहरू, साम्राज्यवादी आक्रमण, हस्तक्षेप, धाक धम्की वा लुटपाटका विरुद्धका सङ्घर्षहरू, राष्ट्रिय मुक्तिका सङ्घर्षहरू, सामाजिक मुक्तिका सङ्घर्षहरू, जातीय विभेद, लैङ्गिक र सामाजिक विभेदविरुद्ध सङ्घर्षहरू, वातावरण संरक्षणका सङ्घर्षहरू र जनता तथा राष्ट्रहरूका कुनैपनि न्यायपूर्ण सङ्घर्षहरूलाई हामीहरू दृढतापूर्वक समर्थन गर्दछौँ । यो हाम्रो अर्को अन्तर्राष्ट्रियवादी कर्तव्य हो ।

१५. यसरी हामीले के कुरामा स्पष्ट हुनुपर्छ भने कम्युनिष्ट आन्दोलन भनेको एउटा अन्तर्राष्ट्रिय आन्दोलन हो र यो अर्न्तराष्ट्रियतावादी आन्दोलन पनि हो । तर यो आन्दोलन समकालीन विश्वमा प्रत्येक देशहरूको राष्ट्रिय धरातलबाट आआफ्नै देशका क्रान्ति वा निर्माणका विशिष्ट प्रक्रियाहरूबाट अघि बढ्दैछ । यो आन्दोलन सबै देशहरूमा उनीहरूको क्रान्ति वा निर्माणको राष्ट्रिय स्वरुप बनेर अघि बढ्दैछ ।

साथसाथै भूमण्डलीय साम्राज्यवादको विश्वव्यापी शोषण, दमन, आक्रमण र हस्तक्षेपका विरुद्ध साम्राज्यवाद विरोधी साझा सङ्घर्षका रुपमा पनि विकसित भइरहेको छ । यसरी वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन बहुआयामिक सङ्घर्षको रुपमा अघि बढ्दैछ। सोभियत संघको पूर्वी यूरोपका समाजवादी नमुनाहरू ढलेपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एक हदसम्म उतार आएको थियो । तर अहिले फेरि विश्व कम्युनिष्ट आन्दोलनमा गति पैदा हुन थालेको छ। आउने दशकहरूमा विश्व कम्युनिष्ट आन्दोलन एसिया, अफ्रिका, ल्याटिन अमेरिका, अष्ट्रेलिया, युरोप र अमेरिकाका सबै क्षेत्रहरूमा व्यापक र बिस्तृत हुदै जाने सम्भावना टड्कारो छ।

१६. उपरोक्त परिस्थिति हाम्रो देशको कम्युनिष्ट आन्दोलन, समाजवादी क्रान्ति र रुपान्तरणको निम्ति एउटा महत्वपूर्ण अनुकुलताको अभिवृद्धि हो । बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिको हामीले अझ गहिरो अध्ययन गर्नुपर्छ। विश्वमा घटिरहेका नयाँ नयाँ घटनाक्रम र नयाँ अग्रगतिहरूबाट अझ गहिरो र विश्लेषणात्मक रुपले सिक्नुपर्छ । तर प्राथमिक रुपले भने मार्क्सवाद लेनिनवादको उज्वल प्रकाशमा हामीले हाम्रै देश र समाजको गहनतम अध्ययन गर्नुपर्छ । नेपाली समाजको विकासका वास्तविक नियमहरूलाई उजागर गर्नुपर्छ, तिनीहरूमाथि आधारित भएर नेपाली समाजवादी क्रान्ति र रूपान्तरणका कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य र विधिहरूको समग्र श्रृङ्खलाको विकास गर्नुपर्छ र पार्टीको नेतृत्वमा सम्पूर्ण जनसमुदायलाई गोलबन्द गर्दै क्रान्ति र रूपान्तरणको बाटोमा अग्रसर बनाउनु पर्छ । तब मात्र हामीहरू आम जनता र सिङ्गो राष्ट्रले अपेक्षा गरेको वैज्ञानिक समाजवादको उज्वल भविष्यतर्फ दृढतापूर्वक अघि बढ्न सक्छौ ।

*२०७९ साउन*

# नेपालमा समाजवादी क्रान्ति र नेपाली विशेषताको समाजवाद

## क्रान्तिकारी सिद्धान्तको महत्व

हामीले विश्व कम्युनिष्ट आन्दोलनलाई अध्ययन गर्दा लेनिनले के भन्नु भएको पाइन्छ भने "कुनै पनि देशमा क्रान्ति हुनु छ भने क्रान्तिकारी सिद्धान्त हुनै पर्दछ ।" क्रान्तिकारी सिद्धान्त भएन भने हाम्रो देशमा पनि क्रान्ति हुँदैन । कमरेडहरू ! यसैले क्रान्तिका निम्ति पहिलो शर्त नै क्रान्तिकारी सिद्धान्तको विकास हो । क्रान्तिकारी सिद्धान्त भनेको त्यो देशको विशिष्ट परिस्थितिअनुरुप क्रान्तिका कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य र सङ्गठनात्मक सिद्धान्तको श्रृङ्खला हो । जसलाई हामी क्रान्तिकारी सिद्धान्त भन्छौं । बृहत् रुपमा भन्नुपर्दा, मार्क्सवाद-लेनिनवाद हाम्रो क्रान्तिकारी सिद्धान्त हो । यो सिङ्गो विश्वलाई रुपान्तरण गर्ने क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । तर कुनै खास देशमा क्रान्तिलाइ अघि बढाउन मार्क्सवाद-लेनिनवाद भनेर मात्र परिवर्तन हुँदैन । मार्क्सवाद- लेनिनवादका दृष्टिकोण, अडान र विधिलाई प्रयोग गरेर हामीले आफ्नो देशको विशिष्ट परिस्थितिअनुरुप सही क्रान्तिकारी कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य, क्रान्तिको बाटो र सङ्गठनात्मक सिद्धान्त ठिक ढङ्गले निर्क्यौल गर्न सक्यौं भने मात्र हामी कुनै पनि देशमा क्रान्ति सम्भव गराउन सक्छौं । हामीले क्रान्तिकारी सिद्धान्तलाई ठिक ढङ्गले अध्ययन गर्न अत्यन्तै जरुरी छ । हाम्रो पार्टी पहिले नेकपा एमाले नै हो । हामीले बनाएको पार्टी नेकपा एमाले नै थियो । लामो समयसम्म त्यो पार्टीमा पहिले जुन क्रान्तिकारी कार्यदिशा,नीति र सिद्धान्त विकास गरिएको थियो, पार्टीमा जुन प्रकारका असल परम्पराहरू हुर्केर आए । जुन प्रकारका विधि विधानहरू हामीले बनाएर आयौं, जुन प्रकारका चेतनाहरू हामीले हुर्काएर आयौं त्यसले एउटा ठुलो क्रान्तिकारी पंक्ति राष्ट्रव्यापी रुपमा विकसित भएको थियो । त्यो क्रान्तिकारी पँक्ति र त्यो पार्टीले विकसित गरेका क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तका कारणले नै हामीले नेपालमा जनवादी क्रान्ति सम्पन्न गर्न सक्यौं । यसरी हामीले एउटा ठुलो उपलब्धि हासिल गर्‍यौँ ।

विगत ७२ वर्षको अवधिमा हामीले नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली लोकतान्त्रिक आन्दोलनलाई अगाडि बढाउने सिलसिलालमा सबैभन्दा ठुलो उपलब्धि भनेको जनवादी क्रान्तिलाई सम्पन्न गर्नु नै हो । करिब ५८ वर्ष पार गरेर हामीले जनवादी क्रान्ति हाम्रो देशमा सम्पन्न गऱ्यौं । त्यसको मूल कारण हो हामीले नेपाली जनवादी क्रान्तिका कार्यदिशा, नीति र सिद्धान्तहरूलाई सही ढङ्गले निर्धारण तथा विकास गर्न सक्यौं ।

**एउटै देशमा पनि क्रान्ति हुन सक्छ**

हाम्रो जस्तो देशमा क्रान्तिका दुईटा चरण हुन्छन् भन्ने कुरा सर्वप्रथम लेनिनले नै अगाडि सार्नुभयो । त्यो भन्दा अगाडि मार्क्स, एंगेल्सको पालामा अथवा पहिलो अन्तर्राष्ट्रिय र दोस्रो अन्तर्राष्ट्रियको कालखण्डसम्म एउटा देशमा कसरी क्रान्ति हुन्छ भन्ने गहिराईमा मार्क्सवाद पुगिसकेको थिएन । सिङ्गो युरोपमा क्रान्ति होला भन्ने परिकल्पना त्यतिबेलाका मार्क्सवादीहरूले गर्थे । किनभने त्यतिबेला युरोप सिङ्गो विश्वको केन्द्रबिन्दु थियो । सिङ्गो विश्व युरोपले कब्जा गरेको थियो । युरोपमा एकपछि अर्को साम्राज्यवादी गुटहरू थिए । ती साम्राज्यवादीहरूले सिङ्गो विश्वलाई कब्जा गरेका थिए । युरोपमा क्रान्ति हुदाँ विश्वभर क्रान्ति हुन्छ भन्ने खालको एउटा अवधारणा थियो । तर लेनिनको पालामा आएपछि त्यो अवधारणा टुट्यो । लेनिनले भन्नुभयो- 'बदलिँदो विश्व परिस्थितिमा साम्राज्यवादको पकड जुन जुन ठाउँमा बढी कमजोर हुन्छ त्यही ठाउँमा पहिले क्रान्ति हुन्छ । एउटा देशमा पनि क्रान्ति हुन्छ र अहिले रुसमा त्यो स्थिति परिपक्व भएको छ । रुसमा मात्र पनि क्रान्ति हुन्छ । हामी रुसी क्रान्ति लाइ अघि बढाउछौं ।' दोस्रो अन्तर्राष्ट्रियका सामु उहाँले यो प्रस्ताव राख्नुभयो तर दोस्रो अन्तर्राष्ट्रियका धेरै जसो नेताहरूले लेनिनका यी कुराहरूलाई मानेनन् । उनीहरूले यो मार्क्सवाद विरोधी कुरा हो भने । लेनिनले त्यसलाई यो दक्षिणपन्थी अवसरवाद हो,तपाईहरूले मार्क्सवादलाई सिर्जनात्मक रुपमा बुझ्न सक्नुभएन । मार्क्सवादले कहिले पनि सबै ठाउँहरूमा एकैचोटी क्रान्ति हुन्छ र गर्नुपर्छ भनेकै छैन । मार्क्सले त्यस्तो कहिल्यै भन्नुभएन । तर हरेक देशको विशिष्ट परिस्थितिअनुरुप त्यो देशमा आफ्नै ढङ्गले क्रान्ति विकसित हुन

सक्छ । हामी रुसी क्रान्तिलाइ अघि बढाउछौँ । रुसमा त्यो परिस्थिति परिपक्व छ भनेर, उहाँले त्यसबेलाको विश्व परिस्थिति र रुसको परिस्थितिको विश्लेषण गरेर रुसमा क्रान्ति यस कारणले हुन्छ भनेर प्रमाणित गरेर देखाउनुभयो । रुसी क्रान्ति वास्तवमा लेनिनले भने जसरी नै अगाडि बढ्दै गयो र रुसमा क्रान्ति सफल भयो । रुसमा क्रान्ति सम्भव हुनका लागि लेनिनले दोस्रो अन्तर्राष्ट्रियका विरुद्ध विद्रोह नै गर्नुपर्‍यो । त्यो विद्रोह गरेर रुसमा स्वतन्त्र सामाजिक जनवादी लेवर पार्टीको विकास गरेर नै वहाँले क्रान्ति सम्पन्न गर्नुभयो । त्यो क्रान्ति पुँजीवादी-जनवादी क्रान्ति थियो । तर त्यो छोटो समयमा नै समाजवादी विश्व क्रान्तिका रुपमा विकसित भयो । यसरी रुसमा समाजवादी क्रान्ति सम्पन्न गरेर सिङ्गो विश्वमा समाजवादी विश्व क्रान्तिको थालनी गर्ने एउटा ऐतिहासिक घटनाका रुपमा महान अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । त्यसपछि हामी विश्वव्यापी रुपमा समाजवादी विश्व क्रान्तिको युगमा आयौं । यसरी कुनै पनि ठाउँमा कुनै पनि देशमा क्रान्ति सम्पन्न हुनका लागि त्यो देशका विशिष्ट परिस्थितिअनुरुपका क्रान्तिकारी कार्यदिशा, नीति, सिद्धान्त र कार्यक्रम हुनुपर्दो रहेछ र एउटा देशमा पनि क्रान्ति हुन सक्छ भन्ने कुरालाई सर्बप्रथम रुसको क्रान्तिले प्रमाणित गर्‍यो ।

**क्रान्तिकारी कार्यदिशाबिना क्रान्ति अघि बढ्दैन**

हाम्रो देशमा हामीले ५८ वर्ष लगाएर जुन पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न गर्‍यौं । यो क्रान्तिले पनि क्रान्तिकारी कार्यदिशाबिना क्रान्ति सम्पन्न हुन सक्तैन भन्ने कुरालाई नै पुष्टि गरेको छ। यसले पुष्टि गरेको कुरा पनि त्यही हो । हामीले जबसम्म नेपाली क्रान्तिका सही कार्यदिशा, नीति, सिद्धान्त र कार्यक्रम अगाडि सार्न सकेका थिएनौं, नेपाली जनवादी क्रान्ति सम्पन्न हुन सकेन । खासगरी पार्टी स्थापनादेखि पहिलो दशकमा पार्टी त एकीकृत नै थियो, तर क्रान्ति जोडतोडले अगाडि बढ्न सकेन । तेस्रो दशकमा अर्थात २० को दशकमा आउँदा पार्टी आफैं टुक्रा टुक्रामा विभाजित भयो । हामीले सही कार्यदिशाका आधारमा पार्टीलाई एकतावद्ध गर्न सकेका थिएनौ । त्यतिबेलाको नेतृत्वले उक्त काम गर्न सकेन । ३० को दशकमा आएपछि हामीले विस्तारै कम्युनिष्ट आन्दोलनलाई पुनर्गठित

गर्न थाल्यौं । पार्टी एकीकरण गर्न थाल्यौं । सही क्रान्तिकारी कार्यदिशाको विकास गर्न थाल्यौँ । क्रान्तिकारी कार्यदिशामा अझै हामीसँग केही समस्याहरू थिए । हामी दक्षिणपन्थका विरुद्ध लड्दै थियौं । उग्र वामपन्थ हामीसँगै भित्रिएर आएको थियो । त्यो उग्र वामपन्थलाई पनि ३० को दशकको अन्त्यतिर आउँदा हामीले सच्चायौँ । ४० को दशक शुरु भएपछि हामीले नेपाली क्रान्तिलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा धेरै गहिराईमा गएर अध्ययन सुरु गर्‍यौँ । त्यसपछि नेपाली समाजको वर्ग विश्लेषण के हो ? त्यसलाई हामीले टुङ्गो गर्यौं । नेपाली समाजको प्रधान अन्तरविरोध के हो ? त्यसलाई हामीले टुङ्गो गर्यौं । नेपाली क्रान्तिका आधारभूत वर्ग शत्रु र प्रधान शत्रु के हुन् ? तिनीहरूलाई पनि हामीले टुङ्गो गर्‍यौँ । नेपाली क्रान्तिको कार्यक्रम के हो ? आम कार्यक्रम के हुन्छ ? ठोस कार्यक्रम के हुन्छ ? त्यो कुरालाई पनि हामीले टुङ्गो गर्‍यौं । नेपाली क्रान्तिको बाटो के हो ? जनयुद्ध हो कि ? गुरिल्ला युद्ध हो कि ? अथवा जनविद्रोह हो ? त्यो बारेमा पनि जनविद्रोहको बाटो हाम्रो बाटो हो भन्ने कुरा हामीले टुङ्गो गर्‍यौं । जनविद्रोहबाट नै नेपाली क्रान्ति सम्पन्न हुन्छ भनेर हामीले ४० को दशकको अघिल्लो आधामा नै टुङ्गो लगायौं । हामीले त्यही वेलामा मुख्य कार्यनीतिक नारा सम्बन्धि विवाद, शान्ति क्षेत्रको प्रस्ताव सम्बन्धि विवाद,प्रतिकृयावादी जनप्रतिनिधि संस्थालाई क्रान्तिकारी ढङ्गले उपयोग गर्ने सवाल, संयुक्त मोर्चा, र संयुक्त आन्दोलन सम्बन्धि कार्यनीतिको सवाल जस्ता बिषयहरूलाई पनि टुङ्गो गर्‍यौँ । त्यस्तै त्यति बेला हाम्रो मार्गदर्शक सिद्धान्तका बारेमा पनि ठुलो बहस थियो । मार्गदर्शक सिद्धान्तका बारेमा पनि हामीले टुङ्गो गर्‍यौं । अर्न्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा समाजवादी मुलुकलाई हेर्ने सर्न्दभमा पनि हामीले त्यही बेलामा टुङ्गो गर्‍यौं । हामीले राष्ट्रिय अन्तर्राष्ट्रिय सबै क्षेत्रलाई हेर्ने नीतिहरू निर्माण गर्‍यौं । यसरी नेपाली जनवादी क्रान्तिका सिद्धान्तहरूको माला नै विकसित भयो । त्यो माला भनेको नेपाली क्रान्तिका सही कार्यदिशा, नीति, सिद्धान्त र कार्यक्रमहरूको श्रृङ्खला हो । त्यो श्रृङ्खला विकसित भएपछि हामीले एकपछि अर्का अग्रगतिहरू हासिल गर्दै गयौं । २०४६ सालमा हामीले महत्वपूर्ण सफलता हासिल गर्‍यौं । तर त्यसपछाडि फेरि

एउटा अर्को उग्रवामपन्थी सोच आयो । ५० को दशकमा नेपाली कम्युनिष्ट आन्दोलनमा दुइटा धाराहरू प्रकट भए- एउटा सशस्त्र सङ्घर्षको धारा । अर्को जनआन्दोलनको धारा । तर पछि गएर फेरि १२ बुँदे सहमतिमार्फत यी दुवै धाराहरू जनविद्रोहको बाटोमा अघि बढन् सहमत भए । त्यही जनविद्रोहमार्फत वास्तवमा ०६२-६३ को जनक्रान्ति भयो । त्यो जनक्रान्तिपछि हामीले नेपालको पुँजीवादीजनवादी क्रान्ति सम्पन्न गऱ्यौं । सामन्तवादलाई उछेद गऱ्यौं । सामन्तवाद आर्थिक आधारको रुपमा पनि उछेद भयो र त्यसको उपरी ढाँचाको रुपमा रहेको जुन राजतन्त्र हो, जो २००० वर्षदेखि नेपाली समाजमा विद्यमान थियो, त्यसलाई पनि हामीले समाप्त गऱ्यौं । आर्थिक आधार पनि ढल्यो र त्यसको उपरी ढाँचा पनि ढल्यो । यसरी सामन्तवाद ढलिसकेपछि हामीले ०६२-६३ मा घोषणा गऱ्यौं,अब नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । यो हामीले नेपाली जनवादी क्रान्तिलाई अघि बढाउन विकसित गरेको क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तको परिणाम नै हो ।

### नेपाली समाज पुँजीवादी समाजमा रुपान्तरण

नेपाली समाजमा पुँजीवादी उत्पादन सम्बन्ध हाबी भएको अवस्था छ । पुँजीवादी उत्पादन पद्धति व्यापक रूपमा फैलिदै गएको छ र सहरदेखि गाउँसम्म त्यो कुरा स्थापित हुदै गएको छ । ज्यालादारी श्रमको प्रचलन व्यापक हुँदै गएको छ र अहिले बैंकिङ्ग प्रणाली पनि देशव्यापी रूपमा विस्तार भएर गएको छ । वित्तीय पुँजीले शोषण गर्ने आधार फराकिलो बन्दै गएको छ । हिजोका जमिन्दारको ठाउँमा अब बैंकहरू आए, लघुवित्तहरू आए । यद्यपि जनताका कतिपय दैनिक समस्याहरू तिनीहरूले पूरा गरेका छ्न । अर्कोतर्फ चक्रीय ब्याजको रुपमा शोषण भने बढ्दै गएको छ । यसरी पुँजीवादी शोषण, उत्पीडन अहिले व्याप्त भएर गएको छ । २०६२-६३ को जनक्रान्ति भन्दा अगाडि सामन्ती शोषण समेत थियो तर अहिले सामन्ती शोषण समाप्त भयो र सामन्ती वर्ग पनि समाप्त भयो । सामन्ती शोषण भनेको अधियाँ, ठेक्का र कुतमार्फत गरिने शोषण हो । ती पुराना शोषणका रुपहरू विस्थापित भए । अब पुँजीवादी शोषणका रुपहरू व्याप्त भएका छन् । हामी एउटा नयाँ खालको समाजमा रुपान्तरित भएका छौं ।

यो समाज भनेको पुँजीवादी समाज हो । हिजो एउटा अर्धसामन्ती समाजमा हामी थियौँ । जहाँ सबभन्दा सुविधाको अवस्थामा जमिन्दार वर्ग थियो । त्यसपछि पुँजीपति वर्ग थियो । अथवा दलाल नोकरशाह पुँजीपति वर्ग थियो । त्यसपछि राष्ट्रिय पुँजीपति वर्ग थियो । त्यसपछि निम्न पुँजीपति वर्ग थियो । त्यसपछि किसानहरू थिए र श्रमिक वर्गहरू थिए । यी वर्गहरू त्यसबेलाको समाजमा थिए । ०६२-६३ को जनक्रान्ति हुंनु अगाडि त्यस्तो वर्गीय समाजमा हामी थियौं र त्यो वर्गीय समाजमा रहेर हामी श्रमिक वर्गको अग्रदूतको रुपमा कम्युनिष्ट पार्टीलाई स्थापित गरेर, त्यसलाई विकसित गरेर, बिस्तार गरेर त्यसलाई राष्ट्रव्यापी रूपमा अगाडि बढाएर हामी पार्टीको नेतृत्वमा क्रान्तिलाई अगाडि बढाई रहेका थियौँ । अब हामी एउटा नयाँ युगमा आयौँ अर्थात् पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएर नयाँ पुँजीवादी युगमा आयौं । त्यो पुँजीवादी युग भनेको नै समाजवादी क्रान्तिको रुपान्तरणको युग हो । रुसमा पनि पहिला पुँजीवादी जनवादी क्रान्ति भयो अनि समाजवादी क्रान्ति भयो । लेनिनले भन्नुहुन्छ -'पुँजीवादी-जनवादी क्रान्तिको प्रक्रिया अगाडि बढ्दै गएर जुन बिनदुमा समाप्त हुन्छ, दोस्रो चरण ठिक त्यही बिनदुमा सुरु हुन्छ । अर्थात समाजवादी क्रान्तिको चरण शुरु हुन्छ ।' ठिक त्यसरी नै हामीले ०६२६३ मा नेपालमा पुँजीवादी-जनवादी क्रान्ति जुन बिनदुमा सम्पन्न गर्‍यौं, ठिक त्यही बिनदुबाट समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ युग सुरु भएको छ । त्यो युगलाई हामीले ठ्याकै त्यहीबेला चीनयौं कि चीनेनौं, त्यो बेग्लै कुरा हो । चिनिँदैन कहिलेकाहिँ । नेताहरू बुझ्न सक्दैनन कहिलेकाहीँ । सबै नेताहरूको दिमागमा त्यो कुरा एकैचोटी चढ्दैन र उनीहरू बुझ्न सक्दैनन् कहिलेकाहिँ । हामीले आठौं महाधिवेशनमा आएपछि मात्रै पहिलो पटक ०६२ ०६३ को परिवर्तन जनक्रान्ति हो भन्यौं । आठौं महाधिवेशन भनेको २०६५ सालमा सम्पन्न भयो । यो जनक्रान्ति हो भनेर हामी कतिपय व्यक्तिले शुरुमै बुझ्यौँ होला तर यो क्रान्ति नै हो भन्नका लागि त पार्टीले सामूहिक रुपमा बोल्नुपर्यो । सामूहिक रुपमा बोल्न समय लाग्यो । कहिलेकाहीँ त्यस्तो स्थिति हुन्छ । आठौं महाधिवेशनमा आएपछि हामीले नेपालमा जनवादी क्रान्ति सम्पन्न भयो भन्यौं । नवौं महाधिवेशनमा आएपछि अझ व्यवस्थित रुपले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो भनेर दस्तावेजमा

उल्लेख गर्न सक्यौँ । अब हामीले समाजवादको आधार तयार पार्नका लागि नयाँ कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य लिएर अगाडि बढ्नुपर्छ भन्ने कुरालाई अगाडि सार्‍यौ र समाजवादको आधार तयार पार्नका लागि अगाडि बढ्न राष्ट्रिय रुपमा आह्वान गर्‍यौं । यद्यपि त्यतिबेला सम्म हामीले संविधान बनाइसकेको थिएनौं । ०६२/६३ को क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्न सकिन्छ कि सकिँदैन यो कुरा निश्चित भइसकेको थिएन । संविधान नबनाएसम्म ती उपलब्धिहरू रक्षा गर्न सकिँदैन थियो । संविधान नबनेको अवस्थामा ती उपलब्धिहरू कुनै पनि बेलामा उल्टिन सक्ने सम्भावनाहरू पनि हुन्थे । तर हामीले सफलतापूर्वक संविधान बनयौँ । संविधान बनाउनुको अर्थ के हो भने, जनवादी क्रान्तिका जो उपलब्धिहरू हामीले प्राप्त गरेका थियौँ ती उपलब्धिहरूलाई हामीले संविधानमा अङ्कित गर्नु । यसरी हामीले क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्‍यौँ । अब यो संविधान सामान्य रुपमा कसैले बदल्न सक्दैन । यसलाई बदल्नका लागि सामान्यतः दुई तिहाई बहुमत भएको सरकार चाहीनछ । होइन भने अर्को अग्रगामी क्रान्ति हुनुपर्छ । नत्र कसैले पनि बदल्न सक्दैन । यसरी नेपाली समाज यतिबेला ०६२–०६३ को जनक्रान्ति पछि एउटा प्रारम्भिक स्तरको पुँजीवादी समाजमा रुपान्तरित भएको छ ।

**वर्तमान लोकतन्त्रको चरित्र**

हरेक लोकतान्त्रिक देशको संविधानले समय सापेक्ष हिसावले लोकतन्त्रको विशिष्ट रुपको परिकल्पना गरेको हुन्छ । ती कुनै पनि लोकतन्त्रका वर्ग चरित्र हुन्छन् । वर्ग भन्दा माथिको कुनै लोकतन्त्र हुदैन । हाम्रो देशमा अहिले जुन लोकतन्त्र स्थापित भएको छ, यो लोकतन्त्र भनेको पनि सार्वकालिक लोकतन्त्र हैन । यो लोकतन्त्र पनि वर्गीय लोकतन्त्र हो र यो आफैंमा पुँजीवादी लोकतन्त्र नै हो । यो पुँजीवादी लोकतन्त्र भनेको पुँजीपति वर्गको हितकै लोकतन्त्र हो । तर पुँजीपति वर्गले पनि सामन्तवादका विरुद्ध लड्ने क्रममा आम जनतालाई संलग्न गरेर, जनतालाई गोलबन्द गरेर, जनतालाई परिचालित गरेर, हामी सबका सब अधिकार दिन्छौं तपाईंहरूलाई भनेर वचनबद्ध भएर लड्न बाध्य हुन्छ । जहाँसुकै पनि त्यही हो । तर अन्त्यमा, पुँजीपति वर्गले आफ्नो वर्गको हितभन्दा

बढ्ता केही पनि गर्दैन । जब सत्तामा पुग्छ त्यसले जनता ठग्न सुरु गरिहाल्छ । त्यसले जालझेल गर्न सुरु गरिहाल्छ । जनतालाई विभिन्न ढङ्गले शोषण गर्न र शासन गर्न थालिहाल्छ । किनकी उसको वर्ग चरित्र नै त्यही हो । पुँजीपति वर्गको वर्ग चरित्र बदलिँदैन । त्यसैले अहिले हामीले जुन लोकतन्त्र स्थापना गरेका छौं । यो लोकतन्त्र वास्तवमा एउटा पुँजीवादी लोकतन्त्र हो । त्यस्तो लोकतन्त्रका रुपमा हामीले कार्यक्रमिक रुपमा जनताको बहुदलीय जनवाद अघि सारेका थियौँ । जनताको बहुदलीय जनवादका कार्यक्रमका सबैजसो अंशहरू अहिलेको संविधानमा छन् । त्यो भन्दा बढ्ता पनि छन् । जस्तो जबजमा समावेशी लोकतन्त्र, संघीयता आदि जस्ता पक्षहरू थिएनन्, तर ती पक्षहरूसमेत अहिलेको संविधानमा अंकित छन् । त्यसो हुनाले हामी त्यो भन्दा पनि उचाइमा आएका छौँ । तर जति उचाइमा आएपनि यो लोकतन्त्रको वर्ग चरित्र के हो त ? यसको वर्ग चरित्र भनेको अहिले पनि पुँजीवादी लोकतन्त्र नै हो । हामी जुन समाजमा बसिरहेका छौं, यो समाज भनेको पनि पुँजीवादी समाज हो । यो पुँजीवादी समाजमा हामी कस्ता वर्गहरू देख्छौं ? यो समाजमा सबैभन्दा माथि दलाल पुँजीपति वर्ग छ । जुन सबैभन्दा सहुलियत र साधन सम्पन्न वर्ग हो । यो सबैभन्दा धेरै श्रीसम्पत्ति केन्द्रित गरेर बसेको वर्ग पनि हो र यो सत्तामा सबैभन्दा ठूला, सहुलियत र सुविधाहरू प्राप्त गरेर बस्ने वर्गका रुपमा रहेको छ । अहिले नेपालमा जुन निर्वाचन पद्धति छ, यो पुँजीवादी निर्वाचन प्रणाली नै हो । जोसँग पूँजी छ, उसले चुनाव लड्न सक्छ, जोसँग पूँजी छैन, उसले आम रुपमा चुनाव लड्न पनि सक्दैन । पूँजी नहुने मान्छे, म चुनाव लड्न सक्दिन, मसँग पैसा छैन भनेर ऊ त्यसै पछि हट्न बाध्य हुन्छ । जतिसुकै योग्य मानिस किन नहोस्, जतिसुकैप्रतिभावान मान्छे किन नहोस्, पूँजी छैन भने म सक्दिन के गर्ने भन्छ । पछि हट्छ । हट्न बाध्य हुन्छ । यो व्यवस्थाले गराएको कुरा हो । योग्य मान्छे अगाडि जान सक्दैन । यो व्यवस्था हामी समेतले नै ल्याएको व्यवस्था हो, पुँजीपति वर्गसँग, श्रमिक वर्गले मिलेर ल्याएको व्यवस्था हो । हिजोको तुलनामा यो ऐतिहासिक रुपले एउटा अग्रगति नै हो । लेनिन भन्नुहुन्छ-ँसामन्ती निरङ्कुशता भन्दा पुँजीवादी लोकतन्त्र एउटा ठुलो ऐतिहासिक अग्रगति हो ।

तर यो अग्रगति समाजवादको पूर्वाधारका निम्ति मात्र हो । त्यसलाई हामीले समाजवादमा पुग्नका निम्ति पूर्वाधार मान्नुपर्छ" । ठिक त्यसरी नै नेपालमा पनि यो वर्तमान लोकतन्त्र भनेको समाजवादमा पुग्ने पूर्वाधारबाहेक केही पनि हैन । यो जग मात्र हो । यो जगलाई टेकेर हामीले समाजवादमा पुग्नुपर्नेछ । त्यसैले यो लोकतन्त्रलाई हामीले क्रान्तिकारी ढङ्गले उपयोग गर्नुपर्छ र मुलुककलाई वैज्ञानिक समाजवादको दिशामा अघि बढाउन निरन्तर र दृढ प्रयत्न गर्नुपर्छ ।

**वर्तमान नेपाली समाजको वर्गीय संरचना**

समाजवादको यात्रामा अघि बढ्नको निम्ति हामीले यो समाजको सबैभन्दा पहिले वर्गीय संरचनाको विश्लेषण गर्नुपर्दछ । यहाँ पनि अहिले हाम्रो सामाजिक संरचनामा सबैभन्दा माथि दलाल पुँजीपति वर्ग छ । त्यसपछि राष्ट्रिय पुँजीपति वर्ग छ । राष्ट्रिय पुँजीपति वर्गमा विभिन्न खालका राष्ट्रिय उद्योग धन्दा सञ्चालन गर्ने उद्दमीहरू छन् । तर त्यो वर्ग शक्तिशाली छैन । राष्ट्रिय पुँजी निर्माण गरेर देशको अर्थतन्त्रलाई कमाण्डिङ् हाइट दिनसक्ने अवस्थामा त्यो छैन । कमाण्डिङ् हाइट चाहिँ दलाल पुँजीपति वर्गले कब्जा गरेर बसेको छ । त्यो दलाल पुँजीपति वर्ग उत्पादक वर्ग नै हैन । यो विचौलिया जस्तै वर्ग हो । हाम्रो जस्तो देशमा यो एजेन्ट वर्ग पनि हो । अन्तर्राष्ट्रिय एकाधिकार पुँजीवादी शक्तिहरूले विभिन्न खालका मालहरू उत्पादन गर्छन । ती मालहरू त्यसलाई नेपालमा ल्याउने, बेच्ने अनि मुनाफाको एउटा हिस्सा आफूले पाउने, कमिसन खाने र मुनाफाको अर्को हिस्सा विदेशी मालिकलाई पठाउने काम यो दलाल पुँजीपति वर्गले गर्छ । यो काम नै उसको मुख्य काम हो । यस कारणले पनि हामी यसलाई दलाल पुँजीपति वर्ग भन्छौं । गाँउ घरमा पनि हामी सामान्य दलालहरू देख्छौ । तर दलाल पुँजीपति वर्गले अन्तर्राष्ट्रिय पूँजीको, मालको र सेवाको दलाली गर्छ । त्यसकारणले यो दलाल पुँजीपति वर्ग हो । यो दलाल पुँजीपति वर्ग नेपालमा आफैं उद्योग धन्दा खोलौं, नेपालका कच्चा पदार्थको प्रयोग गरौं, नेपालका साधन स्रोतहरूको प्रयोग गरौं ; नेपाली बजारलाई विस्तार गरौं र नेपालको अर्थतन्त्र बलियो बनाऔं भन्ने कुरा सोच्दैन । उसले नितान्त आफ्नो मुनाफा सोच्छ र त्यो मुनाफाका निम्ति मात्रै उसले काम गर्छ ।

राष्ट्रिय पुँजीपति वर्गचाहिं हाम्रो देशको अर्थतन्त्र विकास गर्न चाहन्छ । उद्योगधन्दाहरू विकास गर्न चाहान्छ । राष्ट्रिय व्यापार विकास गर्न चाहन्छ । हाम्रो देशको बजार विकास गर्न चाहन्छ । तर त्यसलाई अगाडि बढ्न दलाल पुँजीपति वर्गले दिइरहेको छैन । त्यसो हुनाले राष्ट्रिय पुँजीपति वर्ग पनि एउटा पीडित वर्गका रुपमा रहेको छ । यद्यपि उसले पनि मजदूरलाई शोषण गर्छ तर साथसाथै ऊ आफै पीडित पनि छ । उसलाई अग्रगतितर्फ जान दलाल पुँजीपति वर्गले दिइरहेको छैन । त्यसकारणले ऊसँग हामीले मेल गर्न सक्ने वस्तुगत सम्भावनाहरू हुन्छन् ।

त्यसभन्दा तल निम्न पुँजीपति वर्ग छ । जसलाई हामी निम्न पुँजीपति वर्ग भन्छौं । विद्यार्थी भन्नुस्, शिक्षक भन्नुस्, प्राध्यापक भन्नुस्, डाक्टर र इन्जिनियर भन्नुस्,साना व्यापारी भन्नुस्, साना उद्यमी भन्नुस्, विभिन्न खालका शिक्षा क्षेत्रमै अहिले निजी क्षेत्रमा धेरै संस्थाहरू छन् । स्वास्थ्य क्षेत्रमा पनि छन् । तिनीहरूको ठुलो संख्या निम्न पुँजीपति वर्गमा पर्छन् । पुलिस, मिलिटरी र कर्मचारीहरू पनि आम रुपमा निम्न पुँजीपति वर्गमा पर्छन । निम्न पुँजीपति वर्गको ठुलो हिस्सा छ नेपालमा । उनीहरू सबै काम गरेर खाने मानिसहरू नै हुन ।

त्यसदेखि तल भनेको किसान जनसमुदायहरू छन् । किसानभित्र पनि वर्गहरू छन् । अहिले किसानहरू भित्र धनी किसान वर्ग सबैभन्दा माथि छ । त्यो धनी किसान वर्ग र दलाल पुँजीपति वर्गहरूबिच एक आपसमा अहिले साँठगाठ बढ्दै गइरहेको छ । उनीहरू गाउँका व्यापारीहरू बन्दैछन् । गाउँमा व्यापार गर्न उनीहरू दलाल पुँजीपतिवर्गसँग साँठगाँठ गरेर व्यापारलाई बढाउने कामहरू गर्दैछन् । किनभने यो नेपाली समाज नै अहिले उपभोक्ता समाजमा बदलिएको छ । मैले अहिले भन्दा १५, २० वर्ष अगाडि कपडा उत्पादकहरूलाई एकपटक भेला गरेर के छ नेपालको स्थिति भनेर अध्ययन गरेको थिएँ । त्यसबेला नेपालले उपभोग गर्ने, करिव ३० करोड मिटर कपडा चाहिँदो रहेछ । त्यो मध्ये त्यतिबेलाका कतिपय उद्योगहरूले १५-१६ करोड मिटर कपडा नेपालमा उत्पादन गर्दा रहेछन् । १०-१५ करोड जति नपुग्दो रहेछ । त्यति बाहिरबाट ल्याएपछि पुग्ने । १०-१५ करोड मिटर हामीले उत्पादन गर्न सक्यौं भने आत्मनिर्भर बन्ने अवस्था

रहेछ । तर सरकार काँग्रेसको थियो, त्यसले निजीकरणको अन्दाधुन्ध नीति लियो । त्यसले एकपछि अर्को कारखाना बेच्यो । बेच्दै बेच्दै त्यसले कपडा कारखाना पनि निजीकरण गरिदियो । अब अहिले त सबै कपडा बाहिरबाट नै आउँछ । हामी पुरा रुपले उपभोक्ता मुलुक भएका छौ ।.कागजमा पनि हामी उपभोक्ता भयौं, बाहिरबाटै आउँछ । यस प्रकारले अहिले दलाल पुँजीपति वर्गका राजनीतिकप्रतिनिधिहरूले नेपाललाई उपभोक्ता समाज बनाएका छन् । देशलाई अन्तर्राष्ट्रिय एकाधिकार पुँजीपतिहरूको बजारमा रुपान्तरण गरेका छन् र यो उनीहरूका मालहरूको उपभोक्ता समाजका रुपमा रुपान्तरित भएको छ । यो कुरा कृषि क्षेत्रमा पनि विकास गरिरहेको छ । त्यसकारणले कृषकहरूको पनि वर्गीय स्थिति कसरी विकास गर्दै छ भनेर हामीले नयाँ सिराबाट विश्लेषण गर्न जरुरी छ । सामान्य रुपमा हेर्दा धनी किसान वर्ग, मध्यम किसान वर्ग, गरिब किसान वर्ग र भूमिहीन किसान वर्ग यी चारवटा वर्गहरू हामी यति बेलाको हाम्रो ग्रामीण समाजमा देख्छौं । अहिले विभिन्न ढङ्गले व्यापार गर्ने कुराहरूमा धनी किसान र त्योसँग सम्बन्धित व्यक्तिहरू बढी मात्रामा लागिरहेको देखिन्छ । यो विकासवान अवस्थामा छ ।

त्यसपछि उदीयमान वर्गका रुपमा श्रमिक वर्ग छ । त्यो निरन्तर बिस्तार गर्दै गैरहेको छ । विश्व वैकको तथ्याङ्क अनुसार हाल नेपालमा १ करोड ७० लाख भन्दा बढि श्रमिकहरू छन् । त्यो वर्ग वर्तमान वर्गीय समाजमा सबै भन्दा बढी शोषण,दमन,र थिचोमिचोमा परेको वर्गका रुपमा रहेको छ । साथै त्यही वर्ग समाजको सबैभन्दा अग्रगामी उत्पादक शक्तिकोप्रतिनिधिका रुपमा पनि रहेको छ र त्यही वर्गले मात्र समाजवादी क्रान्ति र रुपान्तरणको प्रक्रियालाई अन्तिम सम्म नेतृत्व गर्न सक्छ । नेपाल कम्युनिष्ट पार्टी यही अग्रगामी श्रमिक वर्गकोप्रतिनिधि राजनीतिक पार्टी हो । यो पार्टीको नेतृत्वमा मात्र समाजवादी क्रान्ति र रुपान्तरण सम्भव हुन्छ र हाम्रो प्रिय मातृभूमी नेपाललाई वैज्ञानिक समाजवादको उज्वल र समृद्ध भविष्यतर्फ अघि बढाउन सक्छ । अहिले हामी यस्तो खालको वर्गीय समाजमा आएका छौं । जहाँ लगातार पुँजीवादी शोषण र उत्पीडन पनि बढ्दो छ । त्यसकारणले दलाल पुँजीपति वर्गका विरुद्ध अन्य सबै वर्गहरूलाई

एकताबद्ध बनाउँदै वैज्ञानिक समाजवाद प्राप्त गर्ने दिशामा अघि बढ्न आज हामी सबैको कर्तब्य बनेको छ ।

**हामीले गुमाएको अर्को ऐतिहासिक अवसर**

अहिले हामी केही हदसम्म केन्द्र सरकारमा पनि छौं, प्रदेश सरकारमा पनि छौं र केही विकास निर्माणका कामहरू पनि गरिरहेका छौ । तर हाम्रा सामु समाजवादको लक्ष्यलाई अगाडि राखेर दृढतापूर्वक पार्टी निर्माण गर्दै, जनमत निर्माण गर्दै र वर्ग सङ्घर्ष सञ्चालन गर्दै अगाडि बढ्नुको कुनै विकल्प हुँदैन । आज हामीले गरिरहेको विकास निर्माणका कुरा क्रान्तिका सहयोगी कुरा मात्र हुन् । मुख्य कुरा हामीले एउटा शक्तिशाली पार्टी निर्माण गर्नुपर्छ । सही वैचारिक र राजनीतिक कार्यदिशाका आधारमा एउटा शक्तिशाली क्रान्तिकारी पार्टी, एउटा राष्ट्र्व्यापी, जनव्यापी पार्टी निर्माण गर्नुपर्छ । त्यो पार्टी निर्माण गर्दै पार्टीका वरिपरि सबै मित्र वर्गहरूलाई व्यापक रुपमा गोलबन्द गर्दै र विभिन्न इस्यूहरूमा आन्दोलन गर्दै हामीले अघि बढ्नु पर्ने अवस्था छ । चाहे संसद्भित्रको सङ्घर्ष भन्नुस् चाहे संसद्बाहिरको सङ्घर्ष भन्नुस्, यी कुरा अगाडि बढाएर मात्रै हामी क्रमशः एउटा क्रान्तिकारी वातावरण निर्माण गर्न सक्छौं ।

हामीले मुलुकलाई समाजवादको लक्ष्यमा पुर्‍याउनका निम्ति एउटा बहुमतप्राप्त, राष्ट्र्व्यापी, जनव्यापी र शक्तिशाली क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्नुपर्छ । हामी यो भन्दा अघिल्लो निर्वाचनमा जुन ढङ्गले नेकपा एमाले र नेकपा माओवादीका बिचमा एकता गरेर निर्वाचन लड्यौं,त्यो निर्वाचनमा हामीले झण्डै दुई तिहाई बहुमत ल्यायौं । एमालेले मात्रै १२१ सिट जितेको थियो । त्यो एउटा ठुलो उपलब्धि थियो । त्यसरी दुई तिहाई बहुमत प्राप्त गरिसकेपछि हामी आवश्यकता अनुसार जति सुकै प्रगतिशील नीति र कार्यक्रम पनि अगाडि सार्न सक्थ्यौं । हामी जतिसुकै प्रगतिशील बजेट पनि अगाडि सार्न सक्थ्यौं । हामी जतिसुकै प्रगतिशील ऐन कानुन बनाउन सक्थ्यौं र हामी संसदबाट प्रगतिशील संकल्पहरू पारित गर्न सक्थ्यौं । हामी गरिबी उन्मूलन गर्ने राष्ट्र्व्यापी अभियान चलाउन सक्थ्यौं । निरक्षरता उन्मूलन अभियान चलाउन सक्थ्यौं । हामी कृषि

क्रान्ति, भूमिक्रान्ति र हरित क्रान्ति गर्न सक्थ्यौ । हामी मुलुकमा ५ वर्षभित्रमा नै एउटा ठुलो सामाजिक- आर्थिक परिवर्तन ल्याउन सक्थ्यौं । तर पार्टीको नेतृत्व दक्षिणपन्थी औसरवादी, विसर्जनवादी र राष्ट्रिय आत्मसर्मपणवादी गुटको हातमा पर्न गयो । त्यस गुटले सुरुदेखि नै दक्षिणपन्थी अवसरवादको बाटो लियो र दक्षिणपन्थी अवसरवादको भड्खालोतर्फ कम्युनिष्ट आन्दोलनलाई ठेल्दै लग्यो । पार्टीलाई धकेल्दै लग्यो । अन्ततः हामीले देखि हाल्यौँ नेपाली कम्युनिष्ट आन्दोलन आजको अवस्थामा आईपुगेको छ ।

यसरी हामीले एउटा ठुलो एतिहासिक अवसर गुमायौं र यो अर्थमा त्यस बेलाको नेतृत्व गुट यो देशको सबैभन्दा ठुलो दक्षिणपथी औसरवादले ग्रस्त गुट प्रमाणित बन्न पुगेको छ । त्यस गुटले ३ करोड जनताले जुन प्रकारले दुई तिहाई बहुमत रहेको संसद् निर्माण गरिदएका थिए, जुन संसदबाट उपरोक्त सुधारका सबै कामहरू गर्न सकिन्थ्यो,त्यस्तो संसद्लाई पटक पटक निमोठी दियो । त्यस गुटले महत्वपूर्ण संसदलाई विघटन गर्ने, त्यसलाई समाप्त पारीदिने काम गऱ्यो । कोभिडको महामारी चरम अवस्थामा रहेको बेला चुनाव घोषणा गरेर देशलाई अनिश्चिततातिर धकेल्ने प्रयत्न गऱ्यो । यो नेपाली जनता र राष्ट्रका विरुद्ध सबैभन्दा ठुलो धोखा थियो । विघटन गरेको संसद् सर्बोच्च अदालतले पुनर्स्थापना गरिदियो । पुनर्स्थापित संसद्लाई आफु सरकारमा भएपनि त्यो गुटले कुनै बिजनेस दिएन । संसद्लाई त चल्नै दिएन । आखिर त्यो गुट सत्ताच्युत हुनपुग्यो । संसदमाप्रतिपक्षमा हुँदा पनि करिब ९ महीनासम्म त्यसले संसद्लाई चल्न दिएन । त्यसले लगातार अबरोध गरिरह्यो । संसद भनेको जनताको सार्वभौमसत्ता प्रयोग गर्ने थलो हो । त्यहाँ जनताको आवाज उठाउनुपर्छ । राष्ट्रका आवाजहरू उठाउनुपर्छ । त्यहाँ सबै जनप्रतिनिधिहरूले आफ्ना कुरा राख्न पाउनुपर्छ । त्यो उनीहरूको संविधान प्रदत्त सार्वभौम हकको कुरा हो । तर ति हकहरूका बारेमा त्यो गुटलाई मतलवै देखिएन । पुजीँवादी संसदीय व्यवस्थामाप्रतिपक्षी पार्टीले संसदमा पनि सङ्घर्ष गर्छ । जनता र राष्ट्रका आवाज उठाउँछ । खास खास अवस्थामा संसदका बैठकलाई रोक्छ वा अवरोध पनि गर्छ र गर्नुपर्छ । यो क्रन्तिकारी संसदवादको प्रक्रिया नै हो । तर ९/९ महीना सम्म

संसदलाई अवरोध गर्नु र सम्पूर्ण सांसदहरूलाई आफ्ना अधिकारबाट बञ्चित गर्नु भनेको अराजकता, जोर जवर्जस्ती र निम्न पुँजीवादी हठबाहेक केही पनि होइन ।

त्यसैकारण त्यो गुट त्यति व्यापक सम्भावनाका साथ अघि बढिरहेको कम्युनिष्ट आन्दोलनलाई विध्वंस गर्ने काम गर्दैछ। त्यसले आत्मविध्वंश पनि गरिरहेको छ। आफ्नै पार्टीको दुई तिहाई भएको संसद विघटन गर्नु, केन्द्रमा रहेको शक्तिशाली सरकार आफ्नै कारणले गिराउनु, प्रदेश सरकारहरूबाट समेत वञ्चित हुनु, राष्ट्रियसभामा शर्मनाक ढङ्गले पराजित हुनु, स्थानीय तहको चुनावमा आफ्ना दम्भी आकांक्षाका विपरित शर्मनाक हार खानु र संघीय निर्वाचनमा कम्युनिष्ट आन्दोलन नै समाप्त पार्ने दिशातिर अघि बढ्नु त्यो गुटले सिर्जना गरेका आत्मविध्वंसका केही उदाहरणहरू हुन् । एमाले पार्टीका आम कार्यकर्ताहरू यो बिध्वंसका पक्षमा छैनन । उनीहरू अहिले पनि आमूल परिवर्तनका पक्षमा छन् । समाजवादका पक्षमा छन् र कम्युनिष्ट आन्दोलनलाई नयाँ धरातलबाट एकताबद्ध पार्नुपर्छ भन्ने पक्षमा छन् । तर त्यसको नेतृत्व गुट पार्टी र आन्दोलनको अग्रगति, प्रगति, एकता, पुनर्गठन र समृद्धिको मुख्य बाधक बनिरहेको छ । पार्टी र आन्दोलनलाई नयाँ सम्भावनातिर अघि बढाउने हो भने त्यो गुटले आफूले गरेका गल्तीहरू सच्याउनै पर्छ । आत्मआलोचना गर्नैपर्छ । गलत कामबाट भएका नोक्सानीहरूका बारेमा जिम्मेवारी वहन गर्नुपर्छ र समाजवादी क्रान्तिका कार्यदिशा, नीति र सिद्धान्तका आधारमा कम्युनिष्ट आन्दोलनलाई पुनर्गठन गर्नैपर्छ। तब मात्र हामी नयाँ सम्भावना र अवसरलाई पक्रन सक्छौं र उज्यालो भविष्यतिर अघि बढ्न सक्छौं ।

**समाजवादी क्रान्तिका शत्रु र मित्रहरू**

कुनै पनि मुलुकमा क्रान्तिकारी सङ्घर्षलाई अघि बढाउँदा हाम्रा शत्रुहरू को हुन् र हाम्रा मित्रहरू को हुन् भन्ने सवाल सबै भन्दा प्राथमिक महत्वको सवाल हुन्छ। हामीले यो सवाललाई प्राथमिक रुपले समाधान गर्नुपर्छ। हामीले अहिले नेपाली समाजलाई अघि बढाउने क्रममा समाजवादी क्रान्ति र रुपान्तरणको युगमा

आइपुगेका छौं । यो युगमा नेपाली समाजको ठोस वर्गीय संरचनाको स्थितिलाई हामीले ठोस विश्लेषण गर्न सक्नुपर्छ । वर्तमान नेपाली समाजमा रहेका सवै वर्गीय र राष्ट्रिय अन्तरविरोधहरूको पहिचान गर्नुपर्छ र तिनीहरू मध्येका आधार भूत अन्तरविरोधहरू र प्रधान अन्तर्विरोध पत्ता लाउनु पर्छ । त्यसो गऱ्यौ भने वर्तमान नेपाली कान्तिका शत्रु र मित्रहरू स्वत : स्पष्ट हुन्छन् ।

यतिबेला नेपाली समाजको क्रान्तिकारी अग्रगतिलाई रोक्ने मुख्य प्रतिकृयावादी वर्ग भनेको दलाल पुँजीपति वर्ग नै हो । नेपाली समाजको आन्तरिक विकासमा सबैभन्दा ठुलो अवरोध भनेकै यहीँ दलाल पूंजीपति वर्ग हो । त्यसले स्वयम् राष्ट्रिय पुँजीको विकासलाई समेत अवरोध गरिरहेको छ। त्यसको मुख्य आडभर ोसा र शक्तिको स्रोत आन्तरिक रुपमा दलाल पुँजीवादी उत्पादन सम्बन्ध र बाह्य रुपमा विश्व साम्राज्यवाद प्रभुत्ववाद र नव उपनिवेशवाद नै हो। त्यसैले वर्तमान नेपाली समाजवादी क्रान्ति आधारभूत शत्रुहरू भनेका दलाल पुँजीवाद, घरेलु प्रतिकृयावाद, साम्राज्यवाद, प्रभुत्ववाद र नबउपनिवेशवाद नै हुन् । तर यतिबेला नेपाली समाजमा बाह्य अन्तरविरोध प्रधान अवस्थामा छैन। यतिबेला आन्तरिक अन्तर्रविरोध नै प्रधान अन्तर्रविरोधका रुपमा रहेको छ । त्यसको मतलब हो, दलाल पुँजीवाद र व्यापक जनताका बिचको अन्तर्विरोध नै अहिलेको अवस्थामा प्रधान अन्तरविरोध हो। त्यसैले घरेलुप्रतिकृयावाद वा दलाल पुँजीवाद नै नेपाली क्रान्तिको प्रधान शत्रु हो । त्यसैले हामीले हाम्रा प्रचार, सङ्गठन र सङ्घर्षका सम्पूर्ण कामहरूलाई मुख्य रूपले घरेलुप्रतिकृयावाद वा दलाल पुँजीवादका विरुद्ध नै केन्द्रित गर्नु पर्छ ।

साथै यो प्रधान शत्रुलाई टेकोपुजो दिने,त्यसलाई टिकाउने, त्यसलाई सुरक्षा गर्ने, त्यसमार्फत आफ्ना स्वार्थपूर्ति गर्ने र नेपालमा आफ्ना नव औपनिवेशिक घुसपैठ, हस्तक्षेप, शोषण र उत्पीडन गर्ने साम्राज्यवाद, प्रभुत्ववाद र नव उपनिवेशवाद हाम्रा आधारभूत शत्रुहरू हुन् । उनीहरूले गर्ने दबाब,हस्तक्षेप वा अतिक्रमणका क्रियाकलापको विरोध र भण्डाफोर कार्यलाई पनि निरन्तर जारी राख्नुपर्छ र उनीहरू दलाल पूँजीवाद र दलाल पुँजीपति वर्गका विभिन्नप्रतिनिधिहरूमार्फत

हाम्रो राष्ट्रको स्वतन्त्रता, सार्वभौमकता, अग्रगति र प्रगतिका विरुद्ध कसरी लागिरहेका छन् भन्ने कुरालाई निरन्तर भण्डाफोर अभियान पनि चलाई रहनु पर्छ ।

यसरी क्रान्तिका प्रधान शत्रु र आधारभूत शत्रुहरूका बारेमा प्रष्ट भएपछि हामीले क्रान्तिका मित्र शक्तिहरूका बारेमा झन् गहिरो गरी प्रष्ट हुनुपर्छ । क्रान्तिका मित्र शक्तिहरू भित्र क्रान्तिको नेतृत्वदायी शक्ति, क्रान्तिको मुख्य शक्ति, क्रान्तिका सहायक शक्तिहरू र हाम्रा अन्तर्राष्ट्रिय मित्र शक्तिहरू समेत पर्छन । उनीहरूका बारेमा पनि हामी स्पष्ट हुनुपर्छ ।

(**क**) **क्रान्तिको नेतृत्वदायी शक्ति** :

आधुनिक श्रमिक वर्ग नेपाली समाजमा सबैभन्दा अत्याधुनिक वर्ग हो । यो सिर्फ वस्तुगत रुपले वर्गका रुपमा मात्र अस्तित्ववान छैन, त्यो आफ्ना ट्रेड युनियनमा व्यापक रुपले आबद्ध हुँदै गएको छ र यसले आफूलाई वर्ग सचेत पनि बनाउँदै लगेको छ ।

नेपाली श्रमिक वर्गले आफ्नो ऐतिहासिक भूमिका र कर्तव्यलाई निर्वाह गर्दै अघि बढ्दै आएको छ । यो वर्गको अग्रदूतका रूपमा सन् १९४९ मा नै नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो । त्यसले नेपालीको पुँजिवादी जनवादी क्रान्तिलाई सफलतापूर्वक नेतृत्व गरिसकेको छ । नेपाली श्रमिक वर्ग र त्यसको अग्रदूतका रुपमा रहेको कम्युनिष्ट पार्टीले एउटा सिंङ्गै क्रान्तिको विकास र विजय गर्ने अनुभव प्राप्त गरिसकेको छ ।

नेपाली समाजमा विश्व वैंकको तथ्यांकअनुसार सबै श्रमिक गरेर उनीहरूको संख्या १ करोड ७० लाख रहेको कुरालाई अघि सारेको छ । यो विशाल वर्ग नै नेपाली समाजको सबैभन्दा अगुवा उत्पादक शक्ति पनि हो । त्यो वर्ग सचेत भएर दलाल पुँजीवाद र प्रतिकृयावाद विरुद्ध मैदानमा उभिँदा नेपाली समाजमा वर्ग सङ्घर्षको आँधिबेहेरी आउनु अनिवार्य छ ।

यो श्रमिक वर्ग नै नेपाली समाजवादी क्रान्ति र रुपान्तरणको महाअभियानमा एकमात्र नेतृत्वदायी शक्ति हो । त्यसले आफ्नो ऐतिहासिक नेतृत्वदायी कार्य

आफ्नो वर्गको अग्रदूत कम्युनिष्ट पार्टीमार्फत गर्छ, गर्दै आएको छ र गर्नेछ ।

श्रमिक वर्ग तेस्तो ऐतिहासिक वर्ग हो, जो समाजको उत्पादक सम्बन्धलाई प्रतिनिधित्व गर्ने अन्तिम वर्ग हो । यो वर्गलाई पुँजीवादी उत्पादन पद्धतिले जन्मायो । यो वर्गले नै पुँजीवादी उत्पादन पद्धतिलाई सदाका निम्ति अन्त्य गर्छ र समाजवादी उत्पादन पद्धतिलाई स्थापित गर्छ ।

समाजवादी उत्पादन पद्धतिले अर्को नयाँ वर्ग जन्माउँदैन । बरु श्रमिक वर्गको नेतृत्वमा जन्मेको समाजवादी उत्पादन पद्धतिको विकासमार्फत त्यसले सबै वर्गहरूलाई उन्मूलन गर्छ । अन्ततः त्यसले आफ्नो वर्गलाई पनि वर्गका रुपमा उन्मूलन गर्छ र सिङ्गो समाजलाई वर्गविहीन श्रमिकहरूको समाजका रुपमा रुपान्तरण गर्छ । त्यसैले आजको श्रमिक वर्ग नेपाली समाजवादी क्रान्तिको एक मात्र नेतृत्वदायी वर्ग हो । यस वर्गलाई आफ्नो ऐतिहासिक भूमिकाका बारेमा समेत सचेत पार्ने, उनीहरूलाई सङ्गठित गर्ने, उनीहरूलाई विविध रुपमा आन्दोलनहरूमा आन्दोलित पार्ने, आफ्नो अग्रदूत कम्युनिष्ट पार्टीलाई निर्माण, विकास, विस्तार, एकीकरण र सुदृढीकरण गर्ने र अन्य सबै प्रमुख शक्तिहरू र सहायक शक्तिहरूलाई आफ्नो वरिपरी गोलबन्द गर्ने काममा योजनावद्ध रुपले अघि बढ्नुपर्छ । तव मात्र समाजवादी क्रान्ति सही दिशा लिएर अघि बढ्न सक्छ ।

**(ख) क्रान्तिको मुख्य शक्ति**

नेपाली समाजमा अहिले पनि ६०/७०प्रतिशत जनता कृषि पेशामा नै लागिरहेका छन् । उनीहरू लामो समयसम्म सामन्तवाद र सामन्ती उत्पादन सम्बन्धबाट उत्पीडित रहदै आएका थिए । पुँजीवादी जनवादी क्रान्तिले उनीहरूलाई त्यो उत्पिडनबाट त मुक्त गरेको छ । तर उपरोक्त शोषण र उत्पीडनको ठाउँ अहिले दलाल पुँजीवाद र पुँजीवादी उत्पादन सम्बन्धले लिइरहेको छ । सम्पूर्ण किसान जनता यो नयाँ उत्पीडनको जञ्जालमा देशव्यापीरुपमा बाँधिदै गएका छन् ।

उनीहरू यो दलाल पुँजीवादी शोषण र उत्पीडनको जन्जालबाट मुक्ति चाहन्छन् । उनीहरू भूमि सम्बन्धमा सुधार गर्दै कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण,

सामूहिकीकरण र औद्योगिकरणमार्फत समाजवादतर्फ अघि बढ्न चाहन्छन् । उनीहरूको यो चाहनालाई श्रमिक वर्ग र उसको अग्रदूत कम्युनिष्ट पार्टीले मात्र अगुवाइ गर्न सक्छ र उनीहरूलाई समाजवादको भबिष्यतर्फ अघि बढाउन सक्छ ।

किसानहरू आफैंमा एउटा वर्गको रुपमा मात्र छैनन् । उनीहरू पनि धनी किसान, मध्यम किसान, गरिब किसान र भूमिहीन किसान (कृषि श्रमिक) का रूपमा विभाजित छन् । तर उनीहरूमध्ये मध्यम किसान, गरिब किसान र भुमिहीन किसान पनि दलाल पुँजीवादको शोषण र उत्पीडनमा पिल्सिरहेका छन् । त्यो उत्पीडनलाई समाप्त पार्ने सङ्घर्षमा किसानहरू नै मुख्य शक्ति हुन् ।

स्पष्ट छ, किसान समुदाय नै नेपालको जनवादी क्रान्तिका मुख्य शक्ति थिए । वर्तमान समाजवादी क्रान्ति र रूपान्तरणको ऐतिहासिक सङ्घर्षमा पनि किसानहरू नै क्रान्तिका मुख्य र निर्णायक शक्ति हुन् । त्यसैले श्रमिक वर्गको अग्रदूतका रुपमा रहेको कम्युनिस्ट पार्टीले किसान जनतालाई जागृत गर्ने, सङ्गठित गर्ने र आन्दोलित गर्ने कुरालाई प्राथमिक महत्व दिनुपर्छ । किसानहरूलाई मुख्य रूपले जागृत सङ्गठित र आन्दोलित गरेर मात्र समाजवादी क्रान्तिलाई सफलतापूर्वक अघि बढाउन सकिन्छ ।

(ग) **क्रान्तिका सहायक शक्तिहरू**

नेपाली समाजको वर्तमान वर्गीय संरचनामा त्यसपछि निम्न पुँजीपति वर्गको ठुलो समुदाय छ । उनीहरू सामाजिक जीबनका विभिन्न पक्षमा क्रियाशील छन् र समाजलाई अग्रगतितिर लान प्रयत्नशील छन् ।

समाजमा क्रियाशील साना उद्यमीहरू, साना व्यापारीहरू, युवा, विद्यार्थीहरू, शिक्षकहरू, प्राध्यापकहरू, डाक्टरहरू, इन्जिनियरहरू, वैज्ञानिकहरू, स्वास्थ्यकर्मीहरू, प्राविधिकहरू, कानुनविद्हरू, जङ्गी र निजामती कर्मचारीहरूको ठुलो संख्या यो वर्गमा पर्दछन् ।

उनीहरू सबै नै निरन्तर श्रम गर्दछन् । बिना श्रम उनीहरू बाँच्न सक्दैनन् । उनीहरू सबै आफ्नो आर्थिक- सामाजिक जीवनमा सुधार चाहन्छन्, अग्रगति चाहन्छन् ।

तर दलाल पुँजीवादले उनीहरूलाई पनि अघि बढ्न दिँदैन । दलाल पुँजीवादी अर्थतन्त्रले गर्दा करको शोषणमा पनि उनीहरू परिरहन्छन् । त्यस माथि अर्थतन्त्र परनिर्भर भईरहने, महङ्गी बढिरहने जस्ता कुराले उनीहरूको जीवन वर्षैपिच्छे सङ्कटपूर्ण बन्दै गइरहेको छ ।

त्यसैले उनीहरू पनि दलाल पुँजीवाद र साम्राज्यवादको शोषण र उत्पीडनबाट मुक्ति चाहन्छन् । उनीहरू पनि समाजवादको भविष्यतिर अघि बढ्न चाहन्छन् । उनीहरूलाई त्यो भविष्यतिर श्रमिक वर्ग र त्यसको अग्रदूत कम्युनिष्ट पार्टीले मात्र अगुवाइ गर्न सक्छ ।

त्यसैले निम्न पुँजीपति वर्गका विभिन्न श्रेणीका जनसमुदायहरू समाजवादी क्रान्तिका विश्वसनीय सहायक मित्रशक्ति हुन् । उनीहरूलाई सम्बन्धित वर्गीय वा सामुदायिक सङ्गठनहरूमार्फत व्यापक रुपले जागृत, सङ्गठित र आन्दोलित गर्नुपर्छ र समाजवादको भविष्यतिर अघि बढाउनुपर्छ ।

त्यसरी नै हाम्रो देशको राष्ट्रिय पुँजीपति वर्ग पनि साम्राज्यवाद र दलाल पुँजीवादको अवरोध र उत्पीडनमा परेको छ । नेपालको राष्ट्रिय पुँजीपति वर्ग आफैमा कमजोर छ । त्यो नेपाली राष्ट्रिय उद्योगधन्दाहरू विकास गर्न चाहन्छ, नेपाली समाजलाई विस्तार गर्न चाहन्छ र राष्ट्रिय पुँजीको विकास गर्न चाहन्छ । यो राष्ट्रिय हितको कुरा हो ।

तर दलाल पुँजीपति वर्ग विदेशी एकाधिकार पुँजिवादको दलाली गर्छ, यो विदेशी कम्पनीहरूसँग कमिसनको निम्ति काम गर्छ, कमिसन बढी खानका निम्ति मुलुकको बजारलाई विदेशीहरूका निम्ति खुला गर्न चाहन्छ र राष्ट्रिय उद्योग र व्यापारलाई नष्ट पार्न चाहन्छ । त्यसैले दलाल पुँजीवादसँग राष्ट्रिय पुँजीपति वर्गको पनि अन्तरविरोध छ । यो अन्तरविरोध पनि समाजवादी क्रान्तिको सहायक शक्ति नै हो ।

राष्ट्रिय पुँजीपति वर्गले पनि श्रमिकहरूलाई शोषण गर्दछ र श्रमिकहरू त्यो शोषणका विरुद्ध सङ्घर्ष गर्दै सामाजिक सुरक्षाको ग्यारेन्टी चाहन्छन् । अर्कोतिर

दलाल पुँजीवाद र साम्राज्यवादसँग राष्ट्रिय पुँजीपति वर्गको सङ्घर्षलाई श्रमिकहरू सहयोग पनि गर्दछन् । यसरी राष्ट्रिय पुँजीपति वर्गसंग एकता र सङ्घर्षको सम्बन्ध रहन्छ । त्यसैले राष्ट्रिय पुँजीपति वर्ग नेपालको विशिष्ट स्थितिमा समाजवादी क्रान्तिको ढुलमूले मित्रशक्ति हो । हामीले उनीहरूको ढुलमूले चरित्रलाई बदल्न सघाउनु पर्छ र राष्ट्रिय पूँजीको निर्माण गर्दै समाजवादका निम्ति तयारी गर्ने कुरालाई प्रोत्साहित गर्नु पर्छ ।

(**घ**) **अन्तराष्ट्रिय मित्रहरू**

हाम्रो देशको समाजवादी क्रन्तिका मित्र शक्तिहरू विश्व भरिनै छन् ।

- सबै समाजवादी मुलुकहरू हाम्रा अन्तराष्ट्रिय मित्र शक्तिहरू हुन ।
- विश्वका सबै उत्पीडित राष्ट्रहरू तथा तेस्रो विश्वका मुलुकहरू जो साम्राज्यवादी उत्पीडनका विरुद्ध सङ्घर्ष गरिरहेका छन् । उनीहरू हाम्रा मित्र शक्ति नै हुन ।
- विश्वभरीका कम्युनिष्ट पार्टीहरू, श्रमिक सङ्गठनहरू, समाजवादी आन्दोलनहरू र साम्राज्यवाद विरोधी सङ्घर्षहरू हाम्रा मित्र शक्तिहरू हुन ।
- भारत, चीन, अमेरिका लगायतका विश्वभरिका न्यायप्रेमी जनता र शक्तिहरू हाम्रा मित्रशक्तिहरू हुन ।
- हामीले विश्वभरीका सबै मित्रशक्तिहरूसंग व्यावहारिक ढङ्गले बढी मात्रामा सम्बन्ध बिस्तार गर्दै, नेपाली क्रान्तिको पक्षमा उनीहरूको समर्थन जुटाउने कोसिस गर्नुपर्छ । साथै विश्वका विभिन्न अनुभवहरूबाट समेत सिक्दै अघि बढ्नुपर्छ ।

**हाम्रो मार्गदर्शक सिद्धान्त**

हामीले हाम्रो क्रान्तिलाई मार्गदर्शन गर्ने सिद्धान्तका बारेमा पनि प्रष्ट हुनुपर्छ । हाम्रो मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । मार्क्सवाद -लेनिनवाद नै विश्वव्यापी सच्चाई हो । मार्क्सवाद-लेनिनवाद सिङ्गो मानव समाजलाई, प्रकृतिलाई, हाम्रा सम्पूर्ण चीनतनहरूलाई मार्गदर्शन गर्ने एक मात्र विज्ञान हो ।

त्यो विज्ञान भएकोले हामी यसलाई सार्वभौम सच्चाई भन्छौं । हामी यसलाई विश्वव्यापी सच्चाई भन्छौं । यो विश्वव्यापी सच्चाई चाहे अमेरिकामा भनौं, त्यहाँ पनि लागु हुने विज्ञान हो । युरोपमा भनौ त्यँहा पनि लागु हुने विज्ञान हो । एसिया, अफ्रिका, ल्याटिन अमेरिकामा पनि लागु हुने विज्ञान हो । चीन जस्तो समाजवादी मुलुकमा पनि लागु हुने विज्ञान हो । त्यसो हुनाले यो विश्वव्यापी सच्चाई हो । यसका साथै अरु विशिष्ट सच्चाईहरू पनि हुन्छन् । जस्तो माओसेत्तुङ् विचारधारा यो चीनमा विकसित भएको विशिष्ट सच्चाई हो । होचिमिन्ह विचारधारा त्यो भियतनाममा विकसित भएको विशिष्ट सच्चाई हो । जुचे विचारधारा यो पनि विशिष्ट सच्चाई हो । कोरियामा विकसित भएको विशिष्ट सच्चाइ हो । केष्ट्रो विचारधारा क्यूवामा विकसित भएको विशिष्ट सच्चाइ हो । त्यस्तै अरु पनि विशिष्ट सच्चाइहरू विकसित भइरहेका छन् । यी सम्बन्धित देशमा सत्य प्रमाणित भएका विचार श्रृङ्खलाहरू नै हुन । यी सही विचार श्रृङ्खलाहरू नै हुन् । तर यिनीहरू विश्वव्यापी सच्चाईका रुपमा विकसित भएका विचारहरू होइनन् । यी भनेका विशिष्ट सच्चाईहरू हुन् । विशिष्ट सच्चाई र सार्वभौम सच्चाईका बिचमा भिन्नता हुन्छ । विशिष्ट सच्चाईहरू हरेक देशका सच्चाईहरू हुन् र सार्वभौम सच्चाई विश्वव्यापी सच्चाई हो । त्यसकारण हामीले हाम्रो मार्गदर्शक सिद्धान्त मान्दा अरु कुनै देश विशेषको विशिष्ट सच्चाईलाई मार्गदर्शक सिद्धान्त मानिरहनु पर्दैन । कुनै कुनै साथीहरू मार्क्सवाद - लेनिनवाद माओवाद भन्छन् । हामीले त्यो भन्न पनि जरुरी छैन । त्यसो हुनाले हामीले मार्क्सवाद- लेनिनवादलाई सार्वभौम सच्चाई मान्नुपर्छ । हामीले पहिले ४० को दशकमा जतिबेला नेकपा माले थियो । त्यो कार्यकालमा नै “हाम्रो मार्गदर्शक सिद्धान्त” नामक एउटा दस्तावेज पारित गरेका थियौ । त्यो दस्तावेजमा हाम्रो मार्गदर्शक सिद्धान्तका बारेमा सविस्तार विश्लेषण गरिएको छ । हामीले अहिले पनि त्यसलाई हाम्रो पाठ्यक्रममा राख्दा हुन्छ । हामीले केही वर्ष पहिले दुई ठुला कम्युनिष्ट पार्टीलाई एकीकृत गरेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन गरेका थियौं । त्यस्को मार्गदर्शक सिद्धान्त पनि मार्क्सवाद-लेनिनवाद नै थियो । हामीले मार्गदर्शक सिद्धान्तमा फुर्का जोड्ने प्रबृतिवाट मुक्त बनाएका थियौं । त्यो

बिल्कुल ठिक कुरा हो । हामीले ठिक यही दिशामा अघि बढ्नुपर्छ र नेपालका सबै कम्युनिष्टहरूले भन्नुपर्छ,हाम्रो मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो ।

**जनताको बहुदलीय जनवाद बारे**

जबज भनेको वास्तवमा हाम्रो देशमा जनवादी क्रान्तिको कालमा अघि सारिएको एउटा जनवादी कार्यक्रमिक अबधारणा हो । नेपाली क्रान्ति पहिलो चरणमा हुँदा वा जनवादी क्रान्तिको कालखण्डमा हुँदा कार्यक्रमिक अवधारणाहरू विभिन्न रूपमा आए । शुरुमा हामीले जनवादी क्रान्तिको कार्यक्रमलाई नयाँ जनवाद भन्यौं । अलि पछि हामीले नौलो जनवाद भन्यौं । अझ पछि राष्ट्रिय जनवाद पनि भन्यौं । त्यसपछि जनताको जनवाद पनि भन्यौं । कसैकसैले लोकजनवाद भन्ने पनि गर्‍यौँ । हामीले पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशन पछि गएर जनताको बहुदलीय जनवाद भन्यौँ । माओवादी मित्रहरूले एक्काइसौं शताब्दीको जनवाद पनि भने । यस्ता विविध जनवादका नामहरू हामीले लियौं । तर यी सबै नेपाल अर्धउपनिबेश र अर्धसामन्ती भइरहेको बेलामा हामीले अगाडि सारेका जनवादी क्रान्तिका कार्यक्रमिक अवधारणाका विभिन्न रुपहरू हुन् । जबज पनि त्यही कार्यक्रमिक धारणा मध्ये एक हो । हामीले एक बेलामा त्यो कार्यक्रमिक अवधारणालाई समेत मार्गदर्शक सिद्धान्त बनाउन पुग्यौँ । त्यसलाई हामीले मार्गदर्शक सिद्धान्त बनाउनु त्यतिबेला पनि जरुरी थिएन र अहिले त झन जरुरी छैन । ती सबै कार्यक्रमहरू वास्तवमा पुँजीवादी -जनवादी कार्यक्रमका एक वा अर्का रुपहरू मात्र हुन । ती कार्यक्रमहरूको युग ०६२-६३ को जनक्रान्ति पछि सिद्धियो । नयाँ जनवादको युग पनि सिद्धियो । जनताको जनवादको युग पनि सिद्धियो । जनताको बहुदलीय जनवादको युग पनि सिद्धियो । अब हामी समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ युगमा आयौँ । क्रान्तिले फड्को मारिसक्यो । अब हाम्रो अबधारणाले पनि फड्को मार्नुपर्छ । हाम्रा कार्यक्रमहरूले पनि फड्को मार्नुपर्छ । अब जनवादी कार्यक्रमले होइन, समाजवादी कार्यक्रम अघि सारेर मात्र नेपाली समाजलाई आमूल परिवर्तन तर्फ अघि बढाउन सकिन्छ । हिजोका जनवादी कार्यक्रमहरूमा रहेका र पछि पनि काम लाग्ने

सकारात्मक तत्वहरू छन् भने त्यस्ता तत्वहरू झिकेर लिने र हामीले समाजवादी कार्यक्रमको अङ्ग बनाएर लाने कुराहरू गर्नुपर्ने हुन्छ । समाजवादी कार्यक्रमले मात्रै अबका समस्याहरू समाधान गर्न सक्छ भन्ने कुरालाई हामीले गहिरो गरि बुझ्नुपर्छ । त्यसैले अव पनि कसैले जवजलाई लक्ष्य बनाउँछन् वा अझै अघि बढेर मार्गदर्शक सिद्धान्त बनाउँछन् भने त्यो घोर दक्षिणपन्थी भडकाउ मात्र हुन्छ । हामीले यस्तो सैद्धान्तिक भड्काउवाट जोगिन सक्नुपर्छ ।

**समाजवादी क्रान्तिको रणनीतिक लक्ष्य**

विश्व भरिको परिवर्तनको गतिलाई हेर्दा र विभिन्न देशमा भइरहेका समाजवादी क्रान्तिका प्रक्रियाहरूलाई विश्लेषण गर्दा नेपालको सम्म समाजवादी क्रान्तिको प्रक्रिया पनि अपेक्षाकृत रुपले एउटा दीर्घकालीन प्रक्रिया हुनेछ भन्ने कुरा प्रष्ट छ । नेपालको समाजवादी क्रान्तिले पनि विभिन्न मोडहरू पार गर्दै र विभिन्न उतार चढाबहरू भोग्दै अघि बढ्नु पर्नेछ भन्ने कुरा पनि छर्लङ्ग नै छ ।

यसका साथसाथै हाम्रो देश यतिबेला पुँजीवादी संसदीय लोकतन्त्रको प्रक्रियाबाट अघि बढ्दैछ । यो लोकतन्त्रअनुरुप निरन्तर आवधिक निर्वाचन भइरहेका छन् र एक पछि अर्को आवधिक सरकारहरू गठन भईरहने छन् । सत्तारुढ दलहरूमा पनि परिवर्तन भइरहने छन् । तिनीहरूको कतिपय आन्तरिक वा बाह्य नीतिहरूमा परिवर्तन आईरहन सक्छन् । ती कुराहरूले हाम्रो पार्टी र क्रान्तिका सामु एक वा अर्को कार्यनीतिक परिस्थितिहरू जन्माउन अनिवार्य हुन्छ । त्यस्ता कार्यनीति परिस्थितिहरूमा हामीले एक वा अर्को क्रान्तिकारी कार्यनीतिक लक्ष्य वा अभियानहरू सृष्टि गर्दै पार्टीका प्रचार, सङ्गठन र सङ्घर्षका कामहरूलाई अघि बढाउनुपर्ने हुन्छ । हामीले क्रान्तिको वस्तुगत र आत्मगत परिस्थितिमा आइरहने त्यस्ता विकासका प्रक्रियालाई सूक्ष्म रूपले ध्यान दिनुपर्छ र क्रान्तिको विकासका निम्ति छोटाछोटा कार्यनीतिक लक्ष्यहरूलाई समेत निर्धारण गर्दै र सफलतापूर्वक ती लक्ष्यहरू प्राप्त गदै अघि बढ्नुपर्छ ।

साथसाथै हामीले के कुरामा एकदमै प्रष्ट हुनुपर्छ भने ती सबै कार्यनीतिक लक्ष्यहरू हाम्रो रणनीतिक लक्ष्यका अभिन्न अंगहरू हुन् । ती सबै कार्यनीतिक

लक्ष्यहरू हाम्रो रणनीतिक लक्ष्यतिर नैउन्मुख हुन्छन् र तिनीहरूले रणनीतिक लक्ष्य प्राप्त गर्नको निम्ति सघाउ पुर्याउने गर्छन ।

हाम्रो रणनीतिक लक्ष्य भने समाजवादी क्रान्तिको सिङ्गो कालभरि अपरिवर्तनीय हुन्छ । स्थीर हुन्छ र त्यसले क्रान्तिको समग्र प्रक्रियालाई लगातार मार्गदर्शन गरिरहेको हुन्छ । त्यसैले हाम्रो समाजवादी क्रान्तिको रणनीति लक्ष्य भनेको वैज्ञानिक समाजवादको कार्यभार हो । त्यो कार्यक्रम सारभूत रुपमा सिङ्गो क्रान्तिको कालभरि अपरिवर्तनीय रहनेछ । त्यसले पार्टी र क्रान्तिका सम्पूर्ण कार्यनीतिक लक्ष्यहरूलाई मार्गदर्शन गरी रहनेछ र पार्टीका प्रचार, सङ्गठन र सङ्घर्षका सम्पूर्ण श्रृङ्खलाहरूलाई निर्देशन गरिरहने छ ।

त्यसैले हाम्रो पार्टी र सबै जनवर्गीय सङ्गठनहरूको आम लक्ष्य वा रणनीतिक लक्ष्य समाजवाद प्राप्ति नै हुन्छ । हामी समाजवादले मात्र सम्पूर्ण जनता र राष्ट्रका सबै समस्याको समाधान गर्न सक्छ भनेर एकताबद्ध भएर अघि बढ्छौ । यो हाम्रो रणनीति लक्ष्यको प्रचार हो । साथै हामीले खास परिस्थितिअनुरुप हाम्रा आफ्नै तत्कालीन लक्ष्यहरू प्राप्त गर्न एक वा अर्को कार्यनीतिक अभियानहरू पनि सञ्चालन गर्दै जानुपर्छ । यी दुवै पक्षबिच छुट्याउनै नसक्ने सम्बन्ध हुन्छ । त्यसलाई बुझेर हामीले हाम्रा सम्पूर्ण प्रचार, सङ्गठन र सङ्घर्षका श्रृङ्खलाहरूलाई वैज्ञानिक समाजवाद प्राप्तिको दिशातिर सोझ्याउनुपर्छ ।

**समाजवादी क्रान्तिका तीन हतियारहरू**

अब समाजवादी क्रान्तिलाई अगाडि बढाउनका लागि हामीले कस्ता वर्गीय हतियारहरू तयार गर्न जरुरी छ त ?हामीले समाजवादी क्रान्तिलाई अगाडि बढाउन ३ वटा हतियारहरू निर्माण गर्नुपर्छ ।

पहिलो, हतियार भनेको एउटा शक्तिशाली, राष्ट्रव्यापी, जनव्यापी, गतिशील र जन आधारित क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण हो । हाम्रो यो हतियार जति सुदृढ गर्न सक्छौं, बलियो बनाउन सक्छौं, यसलाई जति विस्तार गर्न सक्छौं, हामी त्यति नै बलिया हुन्छौं । हाम्रो देश पनि बलियो हुन्छ । नेपाली जनता पनि बलिया हुन्छन् । त्यसकारण यो पहिलो हतियारलाई हामीले हरेक प्रकारले

क्रान्तिकारी पाइनका साथमा धार लगाएर उध्याएर अगाडि बढाउनुपर्ने हुन्छ । हामी भुत्ते भएर होइन हामी प्रत्येकले क्रान्तिकारी धारलाई ठिक ढङ्गले प्रयोग गरेर मात्र अगाडि बढ्न सक्छौं । त्यसका लागि हामीले दुईवटा काम गर्नुपर्छ । पहिलो,नेपालको समाजवादी क्रान्तिको ठोस अवस्थाको ठोस विश्लेषण गर्ने र समाजवादी क्रान्तिका सही कार्यदिशा, नीति, सिद्धान्त, बाटो र सङ्गठनात्मक सिद्धान्तको विकास गर्नुपर्छ । दोस्रो,ती कार्यदिशा,नीति र सिद्धान्तका आधारमा पार्टी सङ्गठनलाई राष्ट्रव्यापी रुपमा बिस्तार गर्ने, सुदृढ गर्ने र शक्तिशाली बनाउने काम गर्नुपर्छ । यो नेपालको समाजवादी क्रान्तिको पहिलो र अत्यन्त महत्वपूर्ण अमोघ अस्त्र हो ।

दोश्रो हतियार भनेको संयुक्त मोर्चा हो । व्यापक संयुक्त मोर्चा निर्माण गर्नका निम्ति हामीले श्रमिकवर्गलाई, किसानलाई, निम्न पुँजीपति वर्गलाई, राष्ट्रिय पुँजीपति वर्गलाई र देशभक्त र समाजवादी व्यक्तिहरूलाई समेत गोलबन्द गर्नुपर्छ । वर्गीय संयुक्त मोर्चा हामीले व्यापक रुपमा निर्माण गर्नुपर्छ । अहिले त्यस्तो संयुक्त मोर्चाले आकार लिदैँछ । हामीले पार्टी बनाइरहेका छौं । पार्टीका वरिपरी विभिन्न वर्गीय सङ्गठन बनाइरहेका छौं र ती वर्गीय सङ्गठनहरूलाई पनि अहिले हामी रुपान्तरण गरिरहेका छौ । यी वर्गीय सङ्गठनहरू देशभक्त पनि हुन् । तिनीहरू जनवादी पनि हुन् । तिनीहरू प्रगतिशील पनि हुन् र तिनीहरू समाजवादी पनि हुन् । यी चार वटा चरित्र भएका सङ्गठनहरू अहिले हामीले बनाउनुपर्ने वर्गीय सङ्गठनहरू हुन । पहिले हामी समाजवादी भन्दैन थियौँ । अब हामीले समाजवादी थप्नुपर्छ । प्रत्येक वर्गीय सङ्गठनको स्वरुपमा हामीले समाजवादी पनि थप्नुपर्छ । त्यसो गरेपछी देशमा समाजवादी जनमत निर्माण हुँदै जान्छ र पार्टीका वरिपरी जुन वर्गीय सङ्गठनहरू छन्, एउटा वर्गीय संयुक्त मोर्चा पनि विकास गर्दै जान्छ । त्यसलाई हामीले हरेक प्रकारले व्यापक बनाउँदै जानु पर्छ । साथसाथै अहिले ५ पार्टीसँग हामीले कार्यगत एकता पनि गरेका छौं, त्यो आफैंमा एउटा राजनीतिक मोर्चा पनि हो । यो राजनीतिक मोर्चा पनि हामीले निर्माण गरिरहेका छौं । यो चाँहि कार्यनीतिक कुरा हो । यस्ता कार्यनीतिक एकताहरू अनेक पटक बन्छन् र विघटित पनि हुन सक्छन् ।

तिनीहरू अस्थायी हुन्छन् । तर हामीले वर्गीय संयुक्त मोर्चालाई व्यापक बनाएर लैजाने कुराहरूमा दृढ हुनुपर्छ । यसलाई हामीले एउटा दिर्घकालीन दृष्टिकोणका रुपमा लिएर अगाडि बढ्नुपर्छ । पहिलो प्राथमिकता हाम्रो वर्गीय संयुक्त मोर्चा हो । खास खास बेलाका आवश्यकताअनुरुप राजनीतिक मोर्चाहरू पनि निर्माण हुनसक्छन् । खास बेलामा अस्थायी प्रकृतिका कार्यगत एकताका प्रक्रिया पनि अगाडि बढ्न सक्छन् । त्यसरी हामी व्यापक संयुक्त मोर्चा निर्माण गर्ने, अर्न्तराष्ट्रिय मित्रहरूसँगको सम्बन्धलाई विस्तार गर्ने, विश्व जनमतलाई हाम्रो पक्षमा ल्याउने र छिमेकीहरूसँगको सहयोग र सम्बन्धलाई सुमधुर बनाउने काम पनि हामीले गर्नुपर्छ । यसरी एउटा विराटतम संयुक्त मोर्चा निर्माण गदै जानुपर्छ । समाजवादी क्रान्तिको यो दोस्रो हतियार हो । यो पनि क्रान्तिको अमोघ अस्त्र नै हो ।

तेश्रो हतियार भनेको बहुआयामिक वर्ग सङ्घर्ष हो । अहिले पनि नेपाली समाजमा वर्गहरूका बिचमा अर्न्तरविरोधहरू छन् । वर्ग सङ्घर्ष छ । अब त्यसलाई ठिक दिशामा हामीले परिचालन गर्न सक्नुपर्छ । विभिन्न सवालहरूमा हामीले वर्ग सङ्घर्षलाई अगाडि बढाएर लान सक्नुपर्छ । त्यसरी वर्ग सङ्घर्षको विकास गर्न सकियो भने मात्र वास्तवमा तल्लो वर्गका जनतालाई गोलबन्द गर्न, उनीहरूलाई वर्ग सचेत गर्न र वर्गीय रुपले सङ्गठित गर्न सम्भव हुन्छ । हामीले खासगरी दलाल पुँजीवाद, साम्राज्यवाद र प्रभुत्ववादका विरुद्ध संसद्भित्र र संसद बाहिरबाट राजनीतिक- वैचारिक सैद्धान्तिक, सामाजिक, सांस्कृतिक, राष्ट्रियतासँग सम्बन्धित, जनजीविकासँग सम्बन्धित, विषयहरूमा सङ्घर्षका श्रृङ्खलाहरू विकसित गर्दै जानु पर्दछ । यी बिषयहरूमा संसदबाट पनि आवाज उठाउनुपर्छ । संसद् भनेको संघीय संसद्मात्रै होइन, प्रादेशिक संसद र तल स्थानीय तहहरूमा पनि हामीले ती आवाजहरू उठाउनुपर्छ र जनतालाई गोलबन्द गर्ने कामहरू गर्नुपर्छ । यी सबै तहबाट हामीले जनता र राष्ट्रका विविध रुपका सङ्घर्षहरूलाई योजनाबद्ध रुपले अघि बढाउनुपर्छ । वर्गीय समाजमा वर्गसङ्घर्ष नै समाज विकासको मुख्य कडी हो । समाजवादी क्रान्ति भनेको दलाल पुँजीवाद, प्रतिकृयावाद, साम्राज्यवाद, प्रभुत्ववाद र नव उपनिवेशवादका विरुद्ध नेपाली जनताको व्यापक संयुक्त सङ्घर्ष हो । यो वर्ग सङ्घर्षलाई शान्तिपुर्ण

ढङ्गले तर बहुआयामिक श्रृङ्खलाका रुपमा विकास गरेर मात्र समाजवादी क्रान्तिलाई विजय तर्फ अघि बढाउन सकिन्छ । यसरी हामीहरूले समाजवादी क्रान्तिलाई अघि बढाउन यी तीनैवटा हतियारहरू निर्माण गर्न सक्नुपर्छ । एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी, व्यापक संयुक्त मोर्चा र बहुआयामिक वर्ग सङ्घर्ष नेपाली समाजवादी क्रान्तिका तीनवटा अभोघ अस्त्रहरू हुन । यी तिनै वटै हतियारहरू निर्माण गरेर मात्र नेपाली समाजवादी क्रान्ति र रुपान्तरणको प्रवाहलाई सफलतापूर्वक अघि बढाउन सकिन्छ ।

**एमाले नेतृत्व गुटको बुर्जुवा संसदवादको कार्यनीति**

हामी यतिबेला नेपालमा पुँजीवादी संसदीय लोकतन्त्र भएको अवस्थाबाट अघि बढिरहेका छौ । हाम्रा सामु जनप्रतिनिधि संस्थाका रुपमा पुँजीवादी संसद छ । हामी त्यही संसदमाप्रतिनिधित्व गरिरहेका छौं । त्यो संसदलाई हामीले कसरी हेर्नुपर्छ र त्यसलाई कसरी प्रयोग गर्नुपर्छ भन्ने बारेमा पनि हामीले क्रान्तिकारी मार्क्सवादी दृष्टिकोण अख्तियार गर्नुपर्छ । हामीले संसदलाई उपयोग गर्नका निम्ति क्रान्तिकारी संसदवादको कार्यनीति लिनुपर्छ । तर ओली गुटमा यो सवालमा पनि दक्षिणपन्थी अवसरवादी भड्काउ देखा पर्‍यो । संसदीय सङ्घर्ष सञ्चालन गर्ने विषयमा पनि ‘एउटा चुनावदेखि अर्को चुनावसम्म’ भन्ने मात्र एमाले नेतृत्व गुटको कार्यनीति बनेको छ । त्यो गुट अब दुई तिहाइ बहुमत ल्याउँछु भन्छ । आफुसँग भएको दुई तिहाइ बहुमत खरानी पारेर त्यो खरानीको बुग बुगे माथि फेरि अर्को दुई तिहाइ बहुमत माग्दा कस्ले दिन्छ फेरि दुई तिहाइ बहुमत ? तर पनि उनीहरू त्यसो भन्दैछन् । यो उनीहरूको चुनाव देखि चुनावसम्मको बुजुर्वा कार्यनीति हो । दुनियाँभरीका बुर्जुवाहरू पनि त्यही भन्छन् । जसरी पनि सत्तामा पुग्ने अनि मुलुकमाथि बुर्कुसी खेल्ने यो उनीहरूको उद्देश्य हो । यो पुँजीवादी कार्यनीति हो । अब फेरि पनि त्यो गुटलाई सत्ताको स्वर्गमा पुग्नुपर्ने छ । त्यसकारणले उनीहरू चुनाव देखि चुनावसम्मको कार्यनीति लिएर अघि बढ्दैछन् । तर हामी क्रान्तिकारी संसद्वादको कार्यनीति लिएर अघि जानुपर्छ । क्रान्तिकारी संसद्वाद भनेको हामी संसदमा गएर टुङ्गिने होइन, संसद्लाई देशको बारेमा, राष्ट्रको बारेमा, जनताको बारेमा, समाजवादका बारेमा

र देशको भबिष्यका बारेमा आवाज उठाउने थलोको रुपमा लिने कार्यनीति हो । हामीले संसदलाई सम्भव भएसम्म नयाँ नीतिहरू, प्रगतिशील नीतिहरू, कार्यक्रमहरू, ऐनहरू, कानुनहरू बनाउनको लागि प्रयोग गर्नुपर्छ र हाम्रो उद्देश्य र लक्ष्य समाजवादतिर जाने प्रष्ट उद्देश्य हुनुपर्छ। हामीले निर्वाचनबाट बहुमत लिएर आयौं भने मार्क्सले भन्नुभए जस्तै संसदीय क्रान्ति पनि हुन सक्छ। संसदलाई क्रान्तिकारी रुपान्तरण गर्ने थलो बनाउनु पर्ने हुन्छ। यदि हामीले राष्ट्रिय सभामा र प्रतिनिधि सभामा दुई तिहाइ बहुमत प्राप्त गर्न सक्यौं भने संविधान पनि बदल्न सक्छौँ र ऐन कानुन त थुप्रै नयाँ ल्याउन सक्छौ । मुलुकमा प्रगतिशील नीति कार्यक्रम लागु गर्न सक्छौ । यसरी संसदीय क्रान्ति पनि हुनसक्छ । मार्क्सले १८७२ मा एउटा भाषणमा भन्नुभएको छ-"सशस्त्र सङ्घर्ष त श्रमिक वर्गले सत्ता प्राप्त गर्ने एउटा प्रमुख साधन हुदै हो । तर कतिपय देशहरूमा अमेरिका, इंगल्याण्ड र हल्याण्डमा जुन खालको प्रजातान्त्रिक व्यवस्था विकसित भईरहेको छ, त्यो प्रजातान्त्रिक व्यवस्था रहिरह्यो भने ति देशहरूमा शान्तिपुर्ण ढङ्गले पनि श्रमिक वर्गले सत्ता प्राप्त गर्न सक्छ।" हामीले मार्क्सको यो भनाइलाई पनि ध्यान दिनुपर्छ। यसरी हामीले संसदलाई क्रान्तिकारी ढङ्गले उपयोग गर्नुपर्छ। संसदलाई क्रान्तिकारी ढङ्गले उपयोग गर्नु भनेको नै क्रान्तिकारी संसदवाद हो । हामीले बुर्जुवा संसदवाद र क्रान्तिकारी संसदवादका बिचको आधारभूत भिन्नतालाई गहिरो गरी बुझ्नुपर्छ। हामीले क्रान्तिकारी संसदवादको कार्यनीतिअनुरुप जनता र राष्ट्रका आवाजहरूलाई बुलन्द गर्दै संसदीय सङ्घर्षलाई अघि बढाउनुपर्छ र त्यसलाई सडकबाट उठ्ने बहुआयामिक जनसङ्घर्षहरूसँग जोडेर मुलुकलाई समाजवादतिरउन्मुख पारेर अघि बढ्नुपर्छ ।

**शान्तिपूर्ण रुपान्तरणका सम्भावना**

दोश्रो विश्व युद्धसम्मका अनुभवहरूलाई हेर्ने हो भने शान्तिपूर्ण ढङ्गले कुनै पनि देशमा परिवर्तन भएन । सबै जसो देशमा जहाँजहाँ परिवर्तन भयो सशस्त्र सङ्घर्षबाट नै परिवर्तन भयो । दोश्रो विश्वयुद्धदेखि यतातिर आइसकेपछि विज्ञानमा, टेक्नोलोजीमा, सूचना प्रणालीमा व्यापक परिवर्तनहरू आए । ति परिर्बतनसँगसगै विश्वव्यापी रुपमा कतै "स्याउ क्रान्ति" कतै "अप्रिल क्रान्ति"

कतै "गुराँस क्रान्ति" र कतै रङ्गक्रान्ति भए । यी सबै पुँजीवादी क्रान्ति वा सुधारका लहरहरू हुन । यसरी विश्वमा पुँजीवादी लोकतन्त्रमा एउटा लहर नै आयो । त्यस प्रक्रियामा प्रतिगामी तानाशाही शासन व्यवस्थाहरू करिबकरिब संसारबाट बढारिए । समाजवादी देशहरूबाहेक धेरै जसो देशहरूमा बहुदलीय जनवाद स्थापना भयो । विभिन्न देशहरूमा बहुदलीय जनवादका रुपमा पुँजीवादी जनवादी व्यवस्था स्थापना भए । पुँजीवादी जनवादी व्यवस्थाको मुख्य विशेषता भनेको नै बहुदलीय प्रतिस्पर्धा हो । पुँजीवादी जनवादको सार तत्व भनेको नै बहुदलीयप्रतिस्पर्धा हो । यो बहुदलीय प्रतिस्पर्धा औपनिवेशिक साम्राज्यहरूको अन्त्य भएपछि अहिले एसिया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका, ओसेनीया आदिमा समेत बिस्तार भएर गएको छ । ति सबै पुँजीवादी बहुदलीय जनवादका विभिन्न रुपहरू हुन । ती सबै जसो देशहरूमा अब शान्तिपूर्ण ढङ्गले परिवर्तनका ढोकाहरू खुलेका छन् । ति देशका कम्युनिष्ट पार्टीहरूले पनि हामीले जसरी नै पार्टीलाई व्यापक रुपमा बिस्तार गर्ने, पार्टीका वरिपरि वर्गीय सङ्गठनहरू निर्माण र बिस्तार गर्ने, प्रतिकृयावादी सत्ताका विरुद्ध मोर्चाबन्दी गर्ने, मुलुकमा क्रान्तिकारी जनमत निर्माण गर्ने र समाजवादको दिशातर्फ अगाडि बढ्ने प्रयत्न गरिरहेका छन् । अब सशस्त्र सङ्घर्षको रुप सीमित र कमजोर हुँदै गएको छ । विश्वव्यापी रुपमा हेर्दा पनि शान्तिपूर्ण ढङ्गले, शान्तिपूर्ण आन्दोलनहरूमार्फत तथा जनताको शान्तिपूर्ण विद्रोहहरूमार्फत परिवर्तनका सम्भावनाहरू बढेका छन् । २१ औ शताब्दिको विशिष्ट स्थितिमा क्रान्ति सम्पन्न गर्न बाँकी रहेका देशका कम्युनिष्ट पार्टीहरूले यी सम्भावनालाई गम्भीरतापूर्वक लिन जरुरी छ । ०६२-६३ को हाम्रो परिवर्तन भनेको पनि शान्तिपूर्ण जनविद्रोहद्वारा भएको क्रान्तिकारी परिवर्तन हो । यस्ता सम्भावनाहरू अहिले वस्तुगत रुपले नै संसारमा बढ्दैछन् । त्यो कुराहरूलाई समेत ध्यानमा राखेर हामीले हाम्रो देशमा पनि शान्तिपूर्ण परिर्बतनको तयारीलाई अगाडि बढाउनुपर्छ । यस्तै गरेर विकास निर्माणका कामहरूलाई पनि हामीले अगाडि लानुपर्छ । विकास निर्माण भनेको क्रान्तिकारी प्रवाहका सहयोगी अङ्गहरू हुन । यसरी नेपाली समाजवादी क्रान्तिलाई अगाडि बढाउने बाटो भनेको संसदभित्र र बाहिरका सङ्घर्षमार्फत माथि भनिएका तिनओटा हतियार प्रयोग गरेर दलाल पुँजीवाद माथि मुख्य प्रहार केन्द्रित गर्ने कार्यदिशा अनुरुप

शान्तिपूर्ण ढङ्गले अगाडि बढ्ने बाटो हो । त्यसरी मात्रै हामी नेपालको ठोस स्थितिमा समाजवादी क्रान्तिलाई अगाडि बढाउन सक्छौं ।

**समाजवादी समाजको वर्गीय संरचना**

हामी अहिलेको नेपालको जुन पुँजीवादी समाजको वर्गीय संरचनालाई देखिरहेका छौँ । समाजवादी क्रान्ति पछि यो समाजको वर्गीय संरचनामा ऐतिहासिक परिवर्तन हुन्छ । त्यसो भए समाजवादी क्रान्तिपछि हाम्रो समाजवादी समाज कस्तो हुन्छ त ? त्यसबारेमा पनि हामीले गहिरो विश्लेषण गर्नुपर्छ । सबैभन्दा पहिलो कुरा वर्गीय रुपमा पुँजीपति वर्गहरूको सत्ता त्यतिबेला पल्टिन्छ ।अहिले पुँजीपति वर्गको हातमा सत्ता छ त्यो समाजवादी क्रान्ति भएपछि सत्ताबाट पल्टिन्छ र पुँजीपति वर्ग सत्ताच्युत हुन्छ । त्यतिबेला समाजमा रहेका शत्रुतापूर्ण वर्गीय अन्तरविरोधहरूको अन्त्य हुन्छ । अहिले दलाल पुँजीपति वर्ग र व्यापक जनताबिचको अर्न्तरविरोध शत्रुतापूर्ण छ । अनि साम्राज्यवाद र हाम्रो राष्ट्रका बिचको अन्तरविरोध पनि शत्रुतापूर्ण छ । दलाल पुँजीवादी वर्ग र व्यापक जनताको बिचको अन्तरविरोध सबभन्दा तिब्र छ । अहिले तिब्र भएको यो अर्न्तरविरोध क्रान्ति भइसकेपछि समाप्त हुन्छ । समाजवादी क्रान्ति भएपछि नेपाली समाजमा मूलत : तीनवटा वर्गहरू रहनेछन् : श्रमिक वर्ग, किसान र निम्न पुँजीपति वर्ग । राष्ट्रिय पुँजीपति वर्ग पनि रहने छ । यस्ता आधारभूत वर्गहरू समाजवादी समाजमा रहनेछन् । यो समाजवादी समाजको प्रारम्भिक अवस्था हो । अब यो तीनवटा आधारभूत वर्ग बिचको अन्तरसम्बन्ध के हुन्छ त भन्दा तीनवटै वर्गहरू श्रमिक वर्गहरू हुन । निम्न पुँजीपति वर्ग पनि काम गरेरै खाने वर्ग हो, किसान पनि काम गरेर खाने वर्ग हो र मजदुर वर्ग पनि काम गरेर खाने वर्ग हो । यी तीनवटै वर्गहरू आम रुपमा श्रमिक वर्गहरू हुन । यिनीहरू बिचमा पनि भिन्नताहरू छन् । ती भिन्नताका कारणले उनीहरू अलग वर्गहरूका रुपमा रहेका छन् । तर यी तीन वर्गका बिचको सम्बन्ध भनेकोप्रतिद्वन्द्विताको वा प्रतिस्पर्धाको वा शत्रुताको सम्बन्ध हुँदैन । उनीहरूबिच एकआपसमा सहयोगको सम्बन्ध हुन्छ । समाजवादी समाजमा पनि यी तीनवटा वर्गहरू निकै लामो समय सम्म रहन्छन् । समाजवाद निर्माणको क्रममा भने यो

वर्गीय स्थितिमा परिवर्तन पनि हुन्छ । तर शुरुदेखि नै उनीहरूमा एकआपसमा सहयोगको सम्बन्ध हुन्छ । पुँजीवादी समाजमा चाहिँ पुँजीपति वर्ग र श्रमिकको बिचको अन्तर्रविरोध शत्रुतापूर्ण हुन्छ र पुँजीपति वर्गकै विभिन्न गुटहरूबिचको सम्बन्ध पनि शत्रुतापूर्ण हुन्छ । त्यसैले यी दुईवटा शत्रुतापूर्ण अन्तर्रविरोधको सम्बन्धले गर्दा बहुदलीय प्रतिस्पर्धाको प्रणाली अनिवार्य हुन्छ । अहिले पुँजीवादी विश्वमा यस्तो प्रणाली अनिवार्य छ । तर समाजवादी समाजको स्थापना भएपछि शोषक वर्ग उन्मूलन हुन्छ र जनता पंक्तिका अन्य वर्गहरूको बिचको सम्बन्ध मैत्रीपूर्ण सम्बन्धका रुपमा रहन्छ । समाजवादी समाजमा उनीहरू एक आपसमा सहयोगी वर्ग हुन्छन् । त्यहीअनुरुपको राजनीतिक संरचना पनि विकसित हुन्छ । त्यतिबेला बहुदलीय प्रतिस्पर्धाको आवश्यकता नै पर्दैन । जस्तो चीनमा छैन, भियतनाममा छैन, क्युवामा छैन र लाओसमा छैन । किन छैन भने ती देशका समाजमा एक आपसमा प्रतिस्पर्धा गर्ने वर्गहरू नै छैनन् । ती देशहरूमा शोषण गर्ने वर्गलाई अर्थात पुँजीपति वर्गलाई उन्मूलन गरिसकिएको छ । समाजवादी समाजमा मानिसद्धारा मानिस माथि गरिने शोषणलाई अन्त्य गरिएको हुन्छ । त्यसैले समाजवादी समाज भनेको नै क्रमशः वर्गहरूको उन्मूलन गर्ने व्यवस्था हो । प्राचीन आदिम साम्यवादी समाज वर्गविहीन समाज थियो । त्यसपछिका दासप्रथाको समाज, सामन्तवादी समाज र पुँजीवादी समाज पूर्णरुपले दुई शत्रुतापूर्ण वर्गहरूमा विभाजित वर्गीय समाज हुन् । समाजवादी समाज चाहिँ शत्रुतापूर्ण वर्गसम्बन्धबाट मुक्त भएको समाज हो । शुरु अवस्थामा समाजवादी समाजमा पनि वर्गहरू हुन्छन् । तर उत्पादक शक्तिहरूको विकास र उत्पादन सम्बन्धको रूपान्तरण हुँदै जाने क्रममा वर्गहरूको उन्मूलन हुँदै जान्छन् । हामी वर्गविहीन श्रमिकहरूको समाजमा रूपान्तरित हुँदै जान्छौं र अन्ततः वर्गविहीन वैज्ञानिक साम्यवादी समाजतिर अघि बढ्छौ । त्यसैले समाजवादी समाज भनेको वर्गीय शोषण अन्त्य गर्ने र वर्गहरूको अस्तित्व नै अन्त्य गर्ने संक्रमणकालीन समाज हो । समाजवादी समाजको स्थापना, त्यसको विकास र साम्यवादमा रुपान्तरणको ऐतिहासिक– सामाजिक प्रक्रियालाई हामीले गहिरो गरी बुझ्नु पर्छ ।

## समाजवादी लोकतन्त्रको विकास

समाजवादी समाजमा श्रमिक, किसान, निम्नपुँजीपति वर्गहरूको बिचको अन्तरविरोध शत्रुतापूर्ण हुँदैन। उनीहरूबिच सँधै मित्रतापूर्ण र आपसी सहयोगको सम्बन्ध हुन्छ। यो वर्ग सम्बन्धको अनिवार्य प्रतिविम्वको रुपमा त्यसबेलाको राजनीतिक संरचना बन्छ। बल्ल समाजमा श्रमिकहरूको लोकतन्त्रको स्थापना हुन्छ र समाजवादी लोकतन्त्रको प्रार्दुभाब हुन्छ। समाजवादी लोकतन्त्र मात्रै बहुसंख्यक जनताको लोकतन्त्र हो। अहिलेको लोकतन्त्र अल्पसंख्यकको लोकतन्त्र नै हो। किनभने अहिलेको लोकतन्त्र पुँजीवादी लोकतन्त्र हो। हामी सबैले यसमा भाग लिन पाईरहेका छौ भने पनि अन्तिम विश्लेषणमा यो पुँजीपति वर्गको हितमा छ। तर समाजवादी लोकतन्त्र जति बेला स्थापना हुन्छ त्यति बेला चाँहि आम जनताको लोकतन्त्र हुन्छ। सबै श्रमिक जनताको लोकतन्त्र हुन्छ। त्यसकारण त्यो समाजवादी लोकतन्त्र हुन्छ। समाजवादी लोकतन्त्रका संरचनाहरू भिन्नै खालका हुन्छन्। यो पुँजीवादी लोकतन्त्र भन्दा भिन्नै हुन्छन्। ती कुराहरूलाई हामीले गहिरो गरि बुझ्नुपर्ने हुन्छ। समाजवादी लोकतन्त्र पुँजीवादी लोकतन्त्र भन्दा गुणात्मक रुपले नै उन्नत र आम श्रमजीबी जनताको लोकतन्त्र हुन्छ। त्यसले आमजनतालाई सबै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पेशागत सबै प्रकारका हक र अधिकारले सुसज्जित गर्दछ। अहिले हामीलाई आर्थिक अधिकार छ त ? आर्थिक समानताको हक अहिले पनि प्राप्त छैन। यत्रो ठुलो परिवर्तन त ल्यायौँ हामीले तर पनि गरिब गरिब नै छन्, भूमिहीन भूमिहीन नै छन्, सुकुम्बासी सुकुम्बासी नै छन्, मजदुर मजदुर नै छन्। उनीहरूको आर्थिक जीबनमा खास केही परिवर्तन आएको छैन। पुँजीवादी लोकतन्त्रले त्यो परिवर्तन ल्याउन सक्तैन। त्यसले केही राजनीतिक सुधारहरू मात्र गर्छ। वर्तमान संविधान आम रुपमा पुँजीवादी जनवादी क्रान्तिले बनाएको संविधान हो। यो मूलतः पुँजीवादी संविधान नै हो। अहिलेको संविधानमा पुँजीवादी तत्वहरू र समाजवादी तत्वहरू दुवै छन्। हामी वामपन्थीहरूले समेत संविधान बनाएको हुनाले अहिलेको संविधानमा समाजवादी तत्वहरू पनि छन्। तिनीहरूको गहिरो विश्लेषण गरेर समाजवादी तत्वहरूलाई हामीले उपयोग गर्दै

जानुपर्छ र पुँजीवादी तत्वहरूलाई भने क्रमशः निषेध गर्दै जानुपर्छ । तब मात्र हामी समाजवादमा पुग्छौँ । समाजवादी लोकतन्त्रले आम जनतालाई राजनीतिक अधिकार, मौलिक अधिकार, बालिग मताधिकार, शक्ति पृथकीकरण, व्यक्तिगत स्वतन्त्रता, शासनमा स्वयत्तता आदिजस्ता सबै कुराहरू दिन्छ । त्यहाँ पूँजीतन्त्र, धनतन्त्र, नोकरशाहीतन्त्र, निरकुंशतन्त्र, पूँजीको एकाधिकारवाद, मठ्ठीभरका हातमा सम्पतिको केन्द्रीकरण जस्ता कुराहरूले इजाजत पाउँदैनन । माथिदेखि तलसम्म जनप्रतिनिधि सभाको निर्वाचन गर्ने व्यवस्था हुन्छ । जनताले हरेक तहमा बालिग मताधिकारका आधारमा आफ्नाप्रतिनिधिहरू चुन्न पाउने छन् । केन्द्र र स्थानीय सबै तहमा जनप्रतिनिधि संस्था हुनेछन् । समाजवादी कानुनी व्यवस्था सुदृढ गरिनेछ । सबै कुरा कानुन संम्मत ढङ्गले गरिने छ । त्यस्तै मुलुकको राष्ट्र्ध्यक्ष देखि लिएर एउटा तल्लो एकाईको प्रतिनिधिलाई समेत निर्वाचन पद्धतिद्वारा निर्वाचित गरिने व्यवस्था हुन्छ । जनप्रतिनिधिहरू उनीहरूको योग्यता, क्षमता, अनुभव र लोकप्रियताका आधारमा निर्वाचित हुनेछन् । पैसा, डण्डा र शक्तिका आधारमा निर्वाचन लड्ने पुँजीवादी निर्वाचन पद्धति सम्पूर्ण रुपले अन्त्य गरिनेछ । एउटा स्वच्छ, स्वास्थ्य, जनहितकारी र वैज्ञानिक निर्वाचन प्रणालीको विकास गरिनेछ ।

यसरी समाजवादी राजनीतिक संरचना निर्माण हुनेछ । समाजवादी लोकतन्त्रमा पनि एक भन्दा बढी दलहरू रहन सक्छन् । तर तिनीहरूबिच पुँजीवादी समाजमा जस्तो बहुदलीय प्रतिस्पर्धा हुँदैन । उनीहरू सबै कम्युनिष्ट पार्टीको नेतृत्वलाई मान्छन् । समाजवादी समाजले पुँजीवादी बहुदलीय प्रतिस्पर्धाको वस्तुगत आधारलाई नै अन्त्य गरिदिन्छ । समाजवादी समाजले सबैलाई श्रमको आदर र सम्मान गर्ने तथा कुनै न कुनै प्रकारको श्रम गर्ने बनाउँछ । समाजवादी समाज भनेको मजदुर र खेतालाहरूको समाज होइन तर सबै जनता श्रमिकका रुपमा रुपान्तरित भएको गौरवपूर्ण समाज हो । त्यो मानब जातिको अग्रगति, प्रगति र समृद्धिको अनन्त यात्रातिर अग्रसर समाज हो । त्यसैले समाजवादी लोकतन्त्र भनेको मानवजातिको इतिहासमा विकसित भएको लोकतन्त्रको उच्चतम र अन्तिम रुप हो ।

## समाजवादी समाजलाई हेर्ने मापदण्ड

विश्वमा आदिम साम्यवादी समाज, दासप्रथा भएको समाज, सामन्ती समाज, पुँजीवादी समाज र समाजवादी समाज विकसित भएका छन् । ती कुनै पनि समाजलाई पहिचान गर्ने ठोस मापदण्डहरू हुन्छन् । त्यसरी नै समाजवादी समाजलाई पहिचान गर्ने पनि मापदण्ड हुन्छन् । आखिर कुनै देशको समाज समाजवादी समाज हो कि होइन भनेर कसरी जान्ने त ? कुनै पनि समाजवादी समाजमा वा मुलुकमा चारवटा आधारभूत कुराहरू हुनुपर्छ । :

पहिलो कुरा, यो समाजवादी समाजले मार्क्सवाद-लेनिनवाद जस्तो विज्ञानलाई मार्गदर्शक सिद्धान्त मान्नैपर्छ । यो विज्ञानको मार्गदर्शनबिना कुनै पनि समाज, समाजवादी मार्गमा अघि बढ्न सकिँदैन ।

दोस्रो कुरा, त्यसले कम्युनिष्ट पार्टीको नेतृत्व मान्नैपर्ने हुन्छ । समाजवादी क्रान्ति पछि सुरुसुरुमा त्यहाँ कम्युनिष्ट पार्टीबाहेक अरु पार्टीहरू पनि रहन सक्छन् । जस्तो कि चीनमा पनि आठवटा अरु पार्टीहरू छन् । भियतनाममा पनि कम्युनिष्ट पार्टीबाहेकका ५/६ वटा अरु पार्टीहरू छन् । तर ती जम्मै पार्टीहरूले कम्युनिष्ट पार्टीको नेतृत्व मान्छन् । यसरी कम्युनिष्ट पार्टीको नेतृत्व मान्ने पार्टीहरूलाई त्यतिबेला पनि स्वागत गरिनेछ । तर पुँजीपतिवर्गको हित गर्ने पार्टीलाई त्यतिबेलाप्रतिबन्ध हुन्छ । त्यसैले कम्युनिष्ट पार्टीको नेतृत्व मान्ने कुनैपनि मुलुक समाजवादी हो । यो एउटा महत्वपूर्ण मापदण्ड हो ।

तेस्रो कुरा, समाजवादी बाटोको अनुसरण गर्नैपर्ने हुन्छ । समाजवादी बाटो भनेको समानताको बाटो हो । वर्गहरू, वर्गअन्तरविरोधहरू, वर्ग सङ्घर्षहरू र वर्गीय शोषणहरू उन्मूलन गर्ने बाटो हो । समाजवादी उत्पादन पद्धति र समाजवादी उत्पादन सम्बन्ध स्थापना गर्दै सामूहिक अग्रगतितिर जाने बाटो हो । यो बाटोलाई दृढतापूर्वक अनुसरण गर्ने समाज मात्र समाजवादी हुन सक्छ ।

चौथो, साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद र शक्ति राजनीतिको विरोध गर्नैपर्ने हुन्छ । यति चारवटा कुरा गऱ्यो भने त्यो समाज समाजवादी समाज हो भन्ने कुरा प्रष्ट हुन्छ । हामीले पनि भोलि समाजवादी क्रान्ति सम्पन्न गरिसकेपछि

यी चारवटा कुरालाई आधारभूत सिद्धान्तको रूपमा अथवा आधारभूत नीतिको रुपमा लिएर अगाडि बढ्नुपर्ने हुन्छ र क्रमशः हामीले समाजलाई एउटा समुन्नत समाजको रुपमा विकास गर्दै जानुपर्ने हुन्छ ।

**नेपाली नमुनाको समाजवादको सामान्य झलक**

१. **कृषि** : सबभन्दा पहिले कृषिको कुरा गरौँ । यसको सन्दर्भमा कृषि क्रान्तिलाई योजनाबद्ध ढङ्गले अघि बढाइनेछ । कृषि क्रान्ति यही बेला गर्नुपर्ने हो तर पार्टी नेतृत्वमा दक्षिणपन्थी औसरवाद हाबी भएकाले अहिले सम्भव हुन सकेन । समाजवादी क्रान्ति अन्तर्गत हामीले कृषि कान्तिलाई अगाडि बढाउनुपर्ने भएको छ । कृषि क्रान्ति भनेको कृषिमा आधुनिकीकरण गर्ने,यान्त्रीकरण गर्ने र सहकारीकरण वा सामूहिककरण गर्ने र औद्योगिकरण गर्ने हो । यी कुरालाई हामीले योजनाबद्ध रुपले अगाडि बढाउनुपर्ने हुन्छ । तब मात्र समाजवादी कृषिको विकास गर्न सकिनेछ ।

भूमि व्यवस्थाका बारेमा भूमिहीन, गरिब, किसानलाई सामूहिक खेती, उद्यम तथा व्यवसाय खोलेर दिगो रोजगारीमा लगाउने व्यवस्था गर्नुपर्ने हुन्छ । कृषि उपजहरूको निम्ति सरकारले समर्थन मूल्य तोकिदिनुपर्छ । अहिले हरेक पालिकामा हामीले कृषि उत्पादन गर्छौं । हामीले हरेक पालिकाभित्र उत्पादन हुने कृषि उपजको समर्थन मूल्य तोकिदिने, हरेक पालिकामा बजारको व्यवस्थापन गर्ने र राष्ट्रिय बजार सम्म ती उपजहरूलाई सङ्कलन गरेर ल्याउन प्रबन्धहरू मिलाउने काम गर्नुपर्छ । यी काम गरेर मात्र किसानलाई आम्दानी दिन सकिन्छ र किसानको जीबनस्तर बिस्तारै माथि उठेर जान्छ । हरेक पालिका वा वार्डहरूमा कृषि बजारहरूको प्रबन्ध गरिनेछ । किसानहरूलाई मल, बिउ, प्राविधिक सेवा, वित्तीय सेवा, अनुसन्धान सेवा उपलब्ध गराइनेछ । यो सरकारले उपलब्ध गराउने सेवा हो । कृषिमा आधारित उद्यमहरू सामूहिक रुपले किसानहरूलाई सेयरहोल्डर बनाएर विकास गर्न प्रोत्साहित गरिनेछ । पशुपालन, माछापालन र पंक्षीपालन उद्योगहरू स्थापना गरिने छन् । ती उद्योगहरूका लागि बिमा गराउने कुरालाई पनि हामीले योजनाबद्ध रुपमा अघि बढाउनु पर्ने हुन्छ । तब मात्र समाजवादी कृषिको विकास गर्न सकिनेछ ।

२. **सिँचाइ** : हाम्रो कृषियोग्य जमिनमा सिचाईको प्रबन्ध बिस्तार गरिनेछ । ती जमिनहरूमा विभिन्न ढङ्गले कुलो,पैनी बनाउन सकिन्छ कि, षितष्लन सिचाँई गर्न सकिन्छ कि, अथवा आकासबाट पर्ने पानीलाई संरक्षित गर्न सकिन्छ । यी विभिन्न ढङ्गले हामीले सिँचाइको प्रबनध व्यापक बनाउनुपर्छ । हाम्रोमा यतिधेरै पानी पर्छ । हरेक वर्ष पर्ने पानीले झन्डै ७०प्रतिशत जति गंगाको पानी लाई हाम्रो पानीले योगदान गर्दो रहेछ । त्यो पानीलाई हामीले सङ्कलन गऱ्यौं भने धेरै कुरा गर्न सक्छौं । तर यस्तो सङ्कलन प्रविधि हामीले भित्राउन सकेका छैनौं र यसलाई भित्राउनु पर्छ । आकाशबाट पर्ने पानी हाम्रो सबै भन्दा ठुलो श्रोत हो ।

३. **उद्योगको क्षेत्र** : हामीले कृषिजन्य र बनजन्य उद्योगहरूलाई विस्तार गर्नुपर्छ । त्यसपछि जलजन्य उद्योगहरू र पर्यटन जन्य उद्योगहरूलाई विस्तार गर्नुपर्ने हुन्छ । ठूला उद्योग र व्यापारलाई राजकीय क्षेत्रबाट सञ्चालन र बिस्तार गर्नुपर्छ । अहिलेको राजकीय क्षेत्रमा पनि दर्जनौं कर्पोरेसनहरू छन् । तर तिनीहरू भ्रष्टाचारका अड्डा बनाईएका छन् । अनि जुन सरकार बन्छ उसका मान्छेहरूको भर्ती केन्द्र जस्तो बनाइएको छ । तर त्यसो नगरेर हामीले ती संस्थाहरूलाई राम्रो ढङ्गले सञ्चालन गर्न सक्ने गरी अर्थात नबप्रर्बतन गर्ने ढङ्गले अगाडि बढाएर जानुपर्ने हुन्छ । चीनमा हेर्नुस् त अहिले कति ठुला ग्लोबल कर्पोरेसनहरू छन् । ती राजकीय कर्पोरेसनहरू नै हुन । तिनीहरू सफलतापूर्वक सञ्चालन भैरहेका छन् ।

अहिले संसारमा ५०० वटा सबभन्दा ठुला भुमण्डलीय कम्पनीहरूलाई ायचतगचभ ५०० भन्ने गरिन्छ । अहिले भन्दा २० वर्षअगाडि ति ५०० उद्योगहरूमध्ये अधिकांश उद्योगहरू अमेरिकाले कन्ट्रोल गरेको थियो । अहिले यो घडीमा आईपुग्दा भने धेरैजसो अर्थात ५०० मध्ये बहुमत उद्योगहरू चिनियाँ उद्योगहरू अघि आएका छन् । ती सबैजसो राजकीय कम्पनीहरू नै हुन् । ती राजकीय कम्पनीहरू त्यसरी सञ्चालन हुन सक्छन् । गतिशील ढङ्गले सञ्चालन गर्न सकिन्छ । चीनको विशाल अर्थतन्त्रको मुख्य आधार नै ती कम्पनीहरू बन्न सक्छन् भने हाम्रो देशमा सरकारले उद्योगहरू किन सञ्चालन गर्न सक्दैन ? हाम्रो देशमा राजकीय उद्योगहरू राम्ररी सञ्चालित नहुनुका पछाडि भ्रष्टाचारको कारणले

मात्र हो । पुँजीवादी व्यवस्थापनको लापरबाहीको कारणले मात्र हो । हामीले उन्नत समाजवादी व्यवस्थापन विधि र प्रविधि प्रयोग गरेर चलाउन सक्नु पर्छ । त्यसरी मात्रै हाम्रो देशको उद्योगधन्दाहरू विकसित हुन्छन् । त्यसैगरी सामूहिक र सहकारी उद्योग व्यवसायलाई हामीले व्यापक बनाउँदै लानुपर्ने हुन्छ । तीन खम्बे नीति भनेर त हामीले ०६२-६३ को जनक्रान्तिको बेला समेत उठाएको कुरा हो नी । राजकीय क्षेत्र, सामूहिक क्षेत्र, निजी क्षेत्र भनेर । हामीले निजी क्षेत्रलाई पनि कानुनसम्मत ढङ्गले उद्योगहरूलाई विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । त्यसरी नै हामीले पूँजी, प्रविधि र व्यवस्थापन विधि भित्राउनको लागि तथा हाम्रा उद्योगहरूलाई आधुनिकीकरण गर्नको लागि विदेशी पूँजीलाई पनि भित्राउनु पर्ने हुन्छ । विदेशी लगानीकर्ताहरूलाई विभिन्न सहुलियत दिएर पनि ल्याउनुपर्ने हुन्छ । त्यसले गर्दा हाम्रो अर्थतन्त्रलाई हामीले विकास गर्न सक्छौं । तर ती कामहरूलाई कानुनको आधारमा सञ्चालन गर्नुपर्ने हुन्छ । यसरी मुलुकलाई राष्ट्रिय औद्योगिकरणको दिशामा अघि बढाइनेछ र राष्ट्रिय पुँजीको व्यापक विकास गर्दै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाइनेछ । अर्थतन्त्र बलियो भयो भने मात्रै शिक्षामा, स्वास्थ्यमा, सञ्चारमा र विभिन्न क्षेत्रहरूमा हामीले ठुलठुला काम गर्न सक्छौं । त्यसैले अर्थतन्त्र बलियो बनाउने कुरा हाम्रो त्यतिबेलाको केन्द्रीय कार्यभार हुनेछ । यसरी अर्थतन्त्रमा केन्द्रित हुनुका साथ-साथै हामीले प्रगतिशील करप्रणाली लागु गर्छौं । मानिसहरूलाई वर्ग हेरिकन उनीहरूको आम्दानी हेरिकन कर लगाउनुपर्छ । सानो आय हुनेलाई थोरै कर र ठुलो आय हुनेलाई अलि धेरै कर । त्यो ढङ्गको प्रगतिशील प्रणालीको कर लागु गर्नुपर्छ । यसरी समाजवादी औद्योगिक प्रणालीको विकास गरिनेछ ।

४. **शिक्षा** : समाजवादमा अन्तिम रुपमा सम्पूर्ण शिक्षालाई निःशुल्क नै बनाउनु पर्छ । शिक्षालाई आम जनताको मौलिक हकका रूपमा अगाडि बनाउनुपर्छ । शिक्षालाई सम्पूर्ण जनताको पहुँचमा पुऱ्याउनुपर्छ । सबैलाई अनिवार्य शिक्षाको प्रबन्ध गरिनुपर्छ । निरक्षरता तुरुन्त उन्मूलन गर्ने अभियान चलाउनु पर्छ । आधुनिक समाजवादी नयाँ शिक्षा प्रणाली लागु गर्नुपर्छ र सार्वजनिक शिक्षालाई माथिदेखि तलसम्म सुदृढ गर्ने कामहरू थालीहाल्नुपर्ने हुन्छ । शिक्षाको

गुणस्तरलाई उन्नत बनाउने, रोजगारमूलक शिक्षालाई अगाडि बढाउने जस्ता कामहरू हामीले गर्नुपर्ने हुन्छ । अहिलेको निजी शिक्षालाई क्रमैसँग वहाँहरूलाई चित्त बुझाएर हामीले सार्वजनिक शिक्षातर्फ रुपान्तरित गर्दै लानुपर्ने हुन्छ । अनि उच्च शिक्षा, माध्यमिक शिक्षा, प्राथमिक शिक्षालाई समाजवादी समाजको निर्माणका निम्ति आवश्यक पर्ने नयाँ जनशक्ति निर्माण गर्ने कुरालाई केन्द्रित गर्दै अगाडि बढाउनुपर्ने हुन्छ । सामान्य शिक्षाका साथसाथै त्यतिबेला प्राविधिक शिक्षालाई बढी जोड दिइनेछ । डाक्टरहरू, इन्जिनियर, नर्सहरू, कृषि, बन र भूमि सम्बन्धि वैज्ञानिक र प्राविधिकहरू बनाउने, ओभरसियरहरू बनाउने र प्राविधिक जनशक्ति विकास गर्ने कुरालाई बढी प्राथमिकता दिएर जानुपर्छ । शिक्षा क्षेत्रमा उच्च प्रविधिको प्रयोगलाई व्यापक बनाउनुपर्छ । दूरसञ्चार शिक्षालाई प्रयोगमा ल्याउनुपर्छ । त्यसले गर्दा एउटा विद्यालयमा, कलेज वा विश्वविद्यालयमा पढाइने कुरा विश्वव्यापी रुपमा हामीले लान सक्छौ । त्यसैले शिक्षालाई आधुनिक प्रविधिसँग जोडेर अघि लानुपर्छ । त्यस्तो गरियो भने मुस्ताङमा वा दार्चुलामा वा ओलाङचुङगोलामा रहेका विद्यार्थीहरूले पनि दूर शिक्षाको माध्यमबाट एक समानको शिक्षा सजिलै प्राप्त गर्न सक्छन् । त्यो खालको व्यवस्था हामीले मिलाउनुपर्ने हुन्छ । देशका जुन भागमा बसेर पनि विश्वविद्यालयसम्म पढ्न सक्ने व्यवस्था गर्नुपर्छ । यसरी समाजवादी शिक्षाको विकास गरिने छ ।

५. **स्वास्थ्य** : समाजवादमा अन्तिम रुपमा स्वास्थ्य सेवालाई पनि निःशुल्क बनाउनुपर्छ । स्वास्थ्य सेवालाई सम्पूर्ण जनताको पहुँचमा पुऱ्याउनुपर्छ । समाजवादी स्वास्थ्य सेवा लागु गरिनुपर्छ । सार्वजनिक स्वास्थ्य सेवालाई व्यापक बनाइनुपर्छ । केन्द्रदेखि स्थानीय पालिका र वडा तहसम्म अस्पताल,स्वास्थ्य केन्द्रहरूलाई विस्तार गरिनेछ र सबै प्रदेशहरूमा शिक्षण अस्पतालहरू समेत स्थापना गरिनेछ । नेपाललाई स्वास्थ्य सेवा केन्द्रको रुपमा विकास गर्ने प्रयत्न गरिनेछ ।.अत्याधुनिक स्वास्थ्य प्रयोगशालाहरू नेपालमा स्थापना गरिनेछ र बिमा व्यवस्थालाई आधारभूत तहसम्म लगिनेछ । यसरी स्वास्थ्य सेवा क्षेत्रमा पनि हामी नयाँ ढङ्गले अगाडि बढ्नेछौं । निजी क्षेत्रको भूमिकालाई अध्ययन गरिन्छ । आम रुपमा मुलुकका स्वास्थ्य सेवालाई सार्वजनिक स्वास्थ्य सेवातिरउन्मुख र

रुपान्तरण गर्दै लगिनेछ । नेपालकै विशेषताअनुरुप समाजवादी स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।

६.**सञ्चार** : आधुनिक सञ्चार प्रणालीले सिङ्गो देशलाई वेष्ठित गरिनेछ । प्रत्येक घरसम्म दूरसञ्चार सेवा पुऱ्याइनेछ। सबै पालिका र वडाहरूलाई इन्टरनेट सेवासँग आवद्ध गरिने छ। सबै पालिकाहरूलाई डिजिटलाइज गरिनेछ। अब यो डिजिटल युग आयो । यो डिजिटल युगअनुरुप हामीले सम्पूर्ण देशलाई आवद्ध गराउनुपर्ने हुन्छ। आज तपाई-हामी गोजीमा पैसा बोकेर सामानहरू किन्न बजार जान्छौं तर अब त्यो प्रक्रिया केही वर्ष पछाडि सकिन्छ । कागजका नोटहरू हराउदै जान्छन् । यी सबै कुरा मोबाइलबाट, डिजिटलबाट गर्नेगरी परिवर्तन हुन्छ। हामी आफैंले यी कुराहरू देख्दै जानेछौं । त्यो कारणले हामीले बनाउने समाजवाद धेरै आधुनिक समाजवाद हुनेछ । विज्ञान र प्रविधिलाई अधिकतम रुपले उपभोग गर्ने समाजवाद निर्माण गर्ने हिसाबले अहिले देखि नै हामी तयार हुनुपर्छ ।

अहिले चीनका कतिपय शहरहरूमा जानुभयो भने त्यहाँको पसलहरू देख्दा अचम्म लाग्छ । त्यहाँ कतै पैसा प्रयोग हुँदैन । सबै डिजिटल हुन्छ । अहिले डिजिटल करेन्सी भन्ने पनि आउँदैछ। अब डिजिटल प्रविधिले सबै कुराहरूलाई विस्थापित गर्छ। यसरी विज्ञान र प्रविधिमा आइरहेको विकासलाई ध्यानमा राखेर हामीले हाम्रो देशको नमुनाको समाजवाद निर्माण गर्दा यी हरेक कुराहरूलाई समेत ध्यानमा राखेर अगाडि बढ्नुपर्ने हुन्छ । राज्यले सम्पूर्ण जनताहरूको पहुँचमा रेडियो, टेलिभिजन, अनलाइन सेवा, दूरसञ्चार सेवा जस्ता कुराहरूलाई स्थापित गर्नुपर्छ । दूरसञ्चारबाट नै पठन-पाठन आदिका प्रबन्ध मिलाउँदै लानुपर्छ । हामीले आफ्नै स्याटलाइटको पनि प्रबनध गर्नुपर्छ र समाजवादी सञ्चार प्रणालीको विकास गर्नुपर्छ। हामीले क्रमश : अन्तरिक्षतिरको विकासलाई पनि ध्यान दिनुपर्छ ।

७. **विद्युतीय सेवा** : हाम्रो देशको जलविद्युत् उत्पादनलाई व्यापक पारिने छ । राष्ट्रिय ग्रीडलाई व्यापक रूपमा विस्तार गरिने छ । पहिले राष्ट्रिय ग्रीडलाई देशव्यापी रुपमा बिस्तार गर्न प्राथमिकता दिनुपर्नेछ । तर यतिबेला राष्ट्रिय

ग्रीडलाई बिस्तार गर्ने नाममा बिदेशमा बिजुली बेच्ने कुरालाई प्राथमिकता दिन खोजिदैछ । त्यसो हुनाले हामी बडो सतर्क भएर अघि बढ्नुपर्ने हुन्छ । राष्ट्रिय ग्रीडलाई हामीले देशव्यापी बिस्तार गर्ने हाम्रो प्राथामिकता हुनुपर्छ । हामीले प्रत्येक पालिका र वार्डहरूलाई राष्ट्रिय ग्रीडसँग जोड्न सक्नुपर्छ । सम्पूर्ण देशलाई र प्रत्येक परिवारलाई उज्यालो बनाउने हाम्रो लक्ष्य हुनुपर्छ । विद्युतमा आधारित यातायात सेवा, उद्योगधन्दा परिचालन र घरघरको दैनिक इन्धन सेवा विकास गरिनेछ । हामीले अब दाउराबाट खाना पकाउने कुरालाई अन्त्य गर्नुपर्छ । सबै कुरा विद्युतीकरण गरेर लाने प्रबन्ध गर्नुपर्छ । त्यसो भयो भने हामी प्रदूषणबाट पनि व्यापक रुपले जोगिन सक्छौं । हामीले बिजुलीको आन्तरिक खपतलाई व्यापक रुपले बढाउने कुराहरूलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । पेट्रोलियम पदार्थको उपयोगलाई विस्तार-विस्तार बिस्थापित गर्दै लानुपर्छ । हामीसँग अतिरिक्त विद्युत उत्पादन भए छिमेकी देशहरूलाई बेच्न सकिन्छ । हामीले त्यसअनुरुपका ट्रान्समिसन लाइनहरू पनि विकास गर्नुपर्छ । साथसाथै विद्युत करमा पनि प्रगतिशील नीति अपनाउनुपर्छ । तल्लो वर्गलाई अलि कम र माथिल्लो वर्गलाई अलि बढी शुल्क लगाउने नीति लिनुपर्छ । त्यसो गऱ्यो भने जनताको जीबनस्तर क्रमशः उठेर आउँछ । सबैले ढुक्कसँग बिजुली प्रयोग गर्न पनि पाउँछन् ।

८. **पर्यटन** :हाम्रो देशलाई विश्वकै विशिष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नुपर्ने आवश्यकता छ । हाम्रा प्राकृतिक सौन्दर्यहरूको संरक्षण गर्ने,साँस्कृतिक केन्द्रहरूलाई अत्याधुनिक प्रबन्ध गर्ने र मुलुकको विशिष्ट संस्कृतिलाई संरक्षण र विकास गर्ने काम गर्नुपर्छ । देशका विभिन्न स्थानमा साना, मझौला र ठूला पर्यटन गन्तव्यहरू व्यापक रुपले विकास हुने सम्भावना छन् र ती कुराहरूलाई विकास गर्नुपर्छ । त्यस्ता गन्तव्यहरूमा पुग्ने बाटा-घाटाहरू र पर्यटन पूर्वाधारहरू निर्माण गर्नुपर्छ । हामीले पूर्वाधारहरूको विकास गर्न सकिरहेका छैनौं । होटेलहरू भएतापनि हामीले पर्यटकहरूलाई होटलमा उन्नत र व्यवस्थित स्तरको सुविधाहरू दिने प्रबन्धहरू गर्न सकेका छैनौं । पर्यटन विकासका प्रयत्नहरू हुदैछन् तर त्यो आवश्यकताको धरातलमा पुग्न अझै धेरै बाँकी छ । विश्वका आम पर्यटकका

साथसाथै विश्वका बौद्ध र हीनदुहरूलाई आकर्षित गर्न सम्बन्धित सांस्कृतिक केन्द्रहरूलाई आधुनिक ढङ्गले विकास गर्नुपर्छ। करिब-करिब दुई अरब हिन्दुहरू छन् । चीनमा मात्रै झण्डै ३० करोड भन्दा बढी बौद्धमार्गीहरू रहेछन् । हामीले त्यो विशाल संख्याको एकप्रतिशत मात्र यहाँ भित्राउन सक्यौँ भने पनि हाम्रो पर्यटन उद्योगलाई विकास गर्न ठुलो सहयोग पुग्छ । पशुपति मन्दिर अहिले भ्रष्टाचारको अड्डा भएको छ। लुम्बिनी पनि त्यस्तै छ। यिनीहरूको विकासको लागि अझै धेरै कुराहरू गर्न बाँकी छ। हामीले यी सबै कुरालाई ध्यानमा राखेर अघि जानुपर्छ र योजनाबद्ध रूपले राजकीय क्षेत्रमा राष्ट्रिय पर्यटन उद्योगलाई विकास गर्नुपर्छ । त्यसरी नै यो क्षेत्रमा निजी क्षेत्रलाई पनि संलग्न गर्दै अघि बढ्नुपर्छ ।

९. **गरिबी उन्मूलन** र **रोजगारी प्रबन्ध** : हामीले अहिले पनि करिब ५० लाख युवाहरू विदेशिन बाध्य छन् भन्ने कुरालाई हेक्का राख्नुपर्छ। उनीहरूलाई विदेश जानबाट कसरी रोक्ने ? मुलुक भित्रै रोजगारी उपलब्ध कसरी गराउने ? देश निर्माणमा ती श्रमिकहरूसँग भएको योग्यता र प्रतिभालाई कसरी लगाउने भन्ने कुरा अहिलेको ठुलो चुनौति हो । त्यो चुनौतिलाई सामना गर्ने गरी हामीले रोजगारीको प्रबन्ध यही गर्न उद्योगधन्दा, व्यवसाय, निर्माणकार्य, सेवा कार्यलगायत कुराहरूलाई योजनाबद्ध ढङ्गले विकास गर्नुपर्ने हुन्छ । गरिबी उन्मूलन गर्नको लागि राज्यले देशव्यापी रुपमा विशेष राष्ट्रिय अभियान नै संचालन गर्नुपर्छ ।

१०. **यातायात** : राजकीय क्षेत्रमा सडक सञ्जालको विकासलाई हरेक वडा वडासम्म पुऱ्याउने गरी लानुपर्छ र गाउँगाउँसम्मका सडकलाई पिच सडकको रुपमा रुपान्तरण गर्ने योजनाका साथ अघि बढ्नुपर्छ । तब मात्रै किसानहरूले आफ्नो अतिरिक्त कृषि उपजलाई बजारसम्म पुऱ्याउन सक्छन् । त्यसैले बाटो भनेको अत्यन्त महत्वपूर्ण पूर्वाधार हो । हामीले पूर्ब-पश्चिम राजमार्गहरूको र उत्तर दक्षिण राजमार्गहरूको अत्याधुनिक सञ्जाल निर्माण गर्ने कामलाई दिगो ढङ्गले अघि बढाउनुपर्ने हुन्छ । त्यसका साथसाथै प्रत्येक जिल्ला, पालिका, वार्डहरू र गाउँ टोलसम्म पुग्ने पिच सडकको सञ्जाल विकास गर्नुपर्छ । त्यसो गरिरहँदा हाम्रो देशको भुगोल, त्यहाँको चट्टानहरूको संरचना र त्यसका निम्ति

सुहाउने दिगो प्रविधिको छनौटमा विशेष ध्यान दिनुपर्ने हुन्छ । हाम्रा देशका इन्जिनियरहरूले र निर्माणकर्मीहरूले यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्नेछ । नेपालको पहाडी भागमा चट्टानहरू निकै नै कमजोर छन् । तिनीहरूका सतहबाट भन्दा सुरुङ मार्गहरू बनाउँदा हाम्रा बाटाहरू दिगो र सुरक्षित हुन सक्छन् । वाटाघाटाहरू निर्माण गर्दा हामीले यो कुरालाई पनि ध्यानमा राख्नु पर्छ । हामीले रेल्वे सेवा पनि विस्तार गर्नुपर्छ । चीनसँग पनि हामीले रेल जोडनु पर्छ । त्यसको ठुलो रणनीतिक महत्व छ । चीन र भारत दुवै देशसँग हामीले रेल लाइन जोड्नुपर्छ । काठमाण्डौबाट पोखरा र पोखराबाट लुम्बिनीसम्म र रेल लाइन पुऱ्याउने बारेमा सम्भाव्यता अध्ययन भैरहेको छ र त्यसलाई हामीले चाँडोभन्दा चाँडो बनाउने काम गर्नुपर्छ । भारतसँग पनि रेलवे लाइन जोडिदै गइरहेको छ । समाजवादमा जाँदाखेरी हामीले रेल सेवालाई अझ राम्रो ढङ्गले व्यवस्थित गर्न सक्नुपर्छ । यी सबै राजकीय क्षेत्रमा हुनेछन् । त्यसरी नै राजकीय क्षेत्रमा हवाई सञ्जालको विकास गरिनुपर्छ र यसलाई सरकारको रेखदेखमा अघि बढाउनुपर्ने हुन्छ । अहिले नेपाल एयरलाइन्सलाई समेत निजीकरण गर्ने प्रयत्न भै रहेको छ । हाम्रो राष्ट्रिय झण्डा विश्वमा फहराउने राष्ट्रको गौरव हो नेपाल बायु सेवा । नेपाल बायुसेवालाई दृढतापूर्वक सुरक्षा गरेर अगाडि बढाउनुपर्छ । हामीले अन्तर्राष्ट्रिय विमानस्थलहरूलाई योजनाबद्ध रुपले विकास गर्नुपर्छ र तिनीहरूको व्यवस्थापनलाई अत्याधुनिक बनाउनुपर्ने हुन्छ । त्यसरी मात्र हामी हवाई सञ्जाललाई पनि विकास गर्न सक्छौं । रोपवेको पनि हामीले विकास गर्नुपर्छ । विशेष ठाँउ हेरिकन केवलकार पनि विकास गर्नुपर्छ । नेपाल र चीनसँगको कन्नेक्टीभिटी व्यापक बनाउँदै लानुपर्छ । नेपाल भारतबिच पहिले दखि नै व्यापक अन्तरसम्बन्ध रहेको छ । त्यसलाई पनि व्यवस्थित र नियन्त्रित गर्नुपर्ने आवश्यकता रहेको छ ।

११.**पारवहन सुविधा** : हामीले दुवै देशबाट पारवहन सुविधाको सुनिश्चित गर्नुपर्छ । अहिले नेपाललाई भारतले पारवहन सुविधा दिएको छ तर त्यो सुनिश्चित छैन । कुनैपनि बेला रोकिदिन सक्छ र अप्ठ्यारो पारिदिन सक्छ । पटकपटक नाकाबन्दी लगाएको कुराहरूबाट हामीले शिक्षा लिनुपर्छ । विगतका

अनुभवले यही बताईरहेका छन् । हामीले निर्बाध पारवहन सुविधा पाउनुपर्छ । यो हाम्रो अन्तर्राष्ट्रिय अधिकार हो । पारवहन सुविधा चीनबाट पनि खोल्ने कुरा लामै समयदेखि चर्चा थियो । विगतमा नेपाल र चीनबिच पारवहन प्रोटोकलमा हस्ताक्षर भएको छ । चीनले नेपालका लागि तीनओटा चीनियाँ बन्दरगाहबाट पारवहन सुविधा दिने सहमति गरेको छ । यो नेपालको भविष्यका लागि अत्यन्त महत्वपूर्ण कुरा हो । तर यसलाई उपयोग गर्न अझ पूर्वाधारको विकास गरिएको छैन । तर समाजवादी नेपालले चीन र भारतबाट पारवहन सुविधाको सुनिश्चितता गर्नेछ । त्यसलाई प्राप्त गर्ने अहिलेदेखि नै भगीरथ प्रयत्नलाई अघि बढाइनेछ । यो हाम्रो निम्ति रणनीतिक महत्वको कुरा हो । त्यसरी नै चीनसँग BRI सम्झौता भयो तर कार्यान्वयन गर्ने काम भएन । त्यसले गर्दा चीनसँगको सम्बन्धबाट नेपालले लिनुपर्ने फाइदा लिन सकेको छैन ।

१२. **वातावरण संरक्षण** : यतिबेला विश्वव्यापीरुपमा हाम्रो प्राकृतिक वातावरण बिग्रिरहेको छ र मौसम परिवर्तन भै रहेको छ । हाम्रो देशको हिमाल भनेको करोडौं, अरबौ टन हिउँको भण्डार हो । यसलाई एसियाको जलधुरी (वाटरटावर) नै मानिन्छ । सगरमाथालाई संसारको तेस्रो ध्रुव पनि भनिन्छ । तर यस्तो महत्वपूर्ण संरचना अहिले वातावरण विग्रहका कारणले गर्दा ठुलो सङ्कटमा छ । हाम्रो हिमालमा भएको करोडौँ टन हिउ पग्लदैँ गएर समाप्त हुने अवस्थातिर उन्मुख छ । त्यसकारणले हाम्रो हिमालहरू जोगाउन मात्र पनि एउटा अन्तर्राष्ट्रिय आन्दोलन गर्नुपर्ने जरुरत भैसकेको छ । हामी एक्लै हिमाल जोगाउन सक्दैनौं । विश्वले सहयोग गर्नुपर्छ । तब मात्रै त्यो जोगिन्छ । त्यसकारण संयुक्त राष्ट्रसंघभित्र र बाहिर समेत हामीले आवाज उठाउनुपर्ने आवश्यकता छ । त्यो सङ्घर्षलाई पनि अगाडि बढाउँदै नेपाललाई 'ग्रीन नेपाल' बनाउने उद्देश्यका साथमा हामी अगाडि बढ्नुपर्ने हुन्छ ।

राष्ट्रिय बन, सामुदायिक बन, कबुलियत बन भन्ने जुन अवधारणाहरू छन् त्यसलाई हामीले राम्रोसँग अगाडि बढाउनुपर्छ । यो सामुदायिक बन भनेको त मैले नै सुरुवात गरेको हो । त्योभन्दा अगाडि बनहरू करिबकरिब समाप्त हुने अवस्थामा थिए । राष्ट्रिय बनको हैसियत धेरै तल गिर्दै गएको थियो । तर सामुदायिक बनको

संरचना विकास भए पछि अहिले नेपालको बन निकै ठुलो मात्रामा संरक्षित पनि भएको छ र विकास पनि भएको छ । त्यस्तै राष्ट्रिय निकुञ्जलाई पनि हामीले सुदृढ गर्नुपर्छ । बन क्षेत्रलाई अझ विस्तार गरेर लग्नुपर्छ । सबै बाटोका दायाँ-बायाँ हामीले राम्रा-राम्रा रूखहरू छानेररोप्न सक्नुपर्छ । त्यस्तै हरेक पालिकामा बन संरक्षण गर्नैपर्छ । बन क्षेत्र छुट्याउन सक्नुपर्छ । त्यसो गऱ्यो भने देशव्यापी रुपमा बनहरू विस्तार हुँदै जानेछ । हरेक बस्तीको वरिपरी हरियालीकरण गर्ने कुरालाई पनि हामीले निर्देशित गर्न सक्नुपर्छ । कार्बन व्यापारका सम्भावनाहरू बढिरहेका छन् र हामीले बन संरक्षण गऱ्यौं भने कार्बन व्यापार गरेर पनि अरबौं रुपैयाँ बर्षैनी कमाउन सक्छौं । यसरी नेपालव्यापी रुपमा हरियालीकरण गर्ने र प्रदूषणलाई हटाउने कामहरू गनुपर्छ । सहरहरूमा फोहोरमैला व्यवस्थापन पनि हुन सकेको छैन । हाम्रा महानगरहरूमा प्रदूषण व्यापक छन् । हामीले आधुनिक फोहोरमैला प्रशोधन केन्द्रहरू स्थापना गर्ने कुराहरूमा ठोस रुपले लाग्नुपर्छ । जति फोहोर-मैला छ, त्यो पनि वास्तवमा सबै आफ्नै सम्पत्ति हो । प्रशोधन उद्योगहरू स्थापना गरेर त्यसलाई नगदमा बदल्न सक्नुपर्छ । यसो गर्नाले हामीले धेरै फाइदा कमाउन सक्छौं । त्यसैले मुलुकलाई हरियालीकरण गर्ने र हिमाललाई प्राकृतिक अवस्थामा सुरक्षित राख्ने काम समाजवादी क्रान्ति र निर्माणको कालमा हाम्रो एउटा दिर्घकालीन कार्यभारका रुपमा लिनुपर्छ ।

१३. **जलश्रोत र इन्धनको विकास** : कुनैपनि देश वा समाज इन्धनबिना विकास गर्न सक्दैन । हाम्रो देशमा प्राचीनकालदेखि नै इन्धनका रुपमा दाउरा कोइला बाल्दै आएका छौं । त्यसले हाम्रो स्वास्थ्य र प्रकृतिको स्वास्थ्य दुवैलाई ठुलो नोक्सानी गर्दै आएको छ । अब हामीले यो उर्जाको विकल्प व्यापक रुपले खोज्ने बेला आएको छ । समाजवादमा त वैज्ञानिक विकल्पमा जानै पर्छ ।

हाम्रो देशमा करिब ६००० नदी नालाहरू छन् । हामीसँग विशाल जलस्रोत छ । त्यसबाट करिब १ लाख मेगावाट जलविद्युत निकाल्न सकिने अनुमान छ । हामीले यो अपार सम्पदाको मालिक नेपाली जनता हुने कुराको सुनिश्चित गर्दै साना मझौला र ठूला जलविद्युत परियोजनाहरू योजनाबद्ध रूपले विकास गर्नुपर्छ । हामीले २० हजार मेगावाट जलविद्युत विकास गर्नुपर्छ । त्यसका लागि

हामीले देशी विदेशी लगानीलाई पनि कानुनसम्मत ढङ्गले राष्ट्रिय हितलाई सर्वोपरि राखेर उपयोग गर्नुपर्छ ।

त्यसरी नै नेपालमा वायु ऊर्जाको पनि सम्भावना छ । त्यसको बिस्तृत अध्ययन गरेर वायु ऊर्जाका परियोजनाहरूलाई पनि विभिन्न स्थानमा विकास गर्नुपर्छ ।

सौर्य उर्जा हाम्रा निम्ति उर्जाको अर्को महत्वपूर्ण श्रोत हो । अनन्त रुपमा प्राप्त हुने यो ऊर्जालाई विकास गर्नका निम्ति पनि हामी विभिन्न परियोजनाहरूको विकास गर्न सक्छौं ।

त्यसरी नै आजभोलि हाइड्रोजन उर्जाको बारेमा पनि धेरै चर्चा चलिरहेको छ । यो उर्जाको अर्को नवीन स्रोतका रूपमा प्रकट भइरहेको छ । हामीले हाइड्रोजन उर्जाको विकासका लागि पनि योजनाबद्ध रुपले अघि बढ्नुपर्छ । त्यस्तै वैज्ञानिकहरूले आणविक उर्जाबाट असीमित ऊर्जा प्राप्त हुने कुरालाई पनि सार्वजनिक गरिरहेका छन् ।

विज्ञान र प्रविधिको विकास पछिल्लो अवधिमा झन्झन् तीव्र बन्दै गएको छ । त्यसले मानव जातिका सामु नयाँ नयाँ सम्भावनाहरू पनि ल्याइरहेको छ ।

ती कुराहरूलाई समेत ध्यानमा राखेर हामीले उर्जाको विकासलाई तीव्र पार्नु पर्छ । त्यो उर्जालाई देशका पूर्व पश्चिम र उत्तर दक्षिणका कुना कुनामा पुग्ने गरी तथा सबै प्रदेश, जिल्ला, पालिका, वडाहरू, गाउँ बस्तीहरू र हर परिवारसम्म पुग्ने गरी राष्ट्रिय ग्रीडलाई विस्तृत बनाउनुपर्छ । तब मात्र सिङ्गो देश उज्यालो बन्छ ।

१४.**अन्तरिक्ष अनुसन्धान विकास** : अन्तरिक्षको विकास गर्ने कुराहरूलाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ । हाम्रो orbital slot को विकासको निम्ति ठोस योजना अघि सार्नुपर्छ । प्रत्येक देशहरूको आफ्नै आकाश पनि हुन्छ । त्यो आकाश पनि हाम्रो ठुलो सम्पति हो । त्यो आकासको टुक्रा १९६२ मा अर्न्तराष्ट्रिय दुरसञ्चार युनीयनले विश्वव्यापी सम्मेलन गरेर प्रत्येक देशहरूलाई आकाशको टुक्रा छुट्याइएको थियो । त्यो आकाशको टुक्रा छुट्याएपछि त्यसलाई २० वर्ष भित्रमा तिमीहरू कसरी प्रयोग गर्छौ, त्यो सबै योजना पेश गर भनेर सबै

देशहरूलाई भनिएको थियो । यसमा नेपालले पनि भाग लिएको थियो । १९८२ मा ठ्याक्कै २० वर्ष भयो तर त्यति बेलासम्म पुग्दा पनि नेपालले कुनै योजना प्रस्तुत गर्न सकेन । त्यसपछि १९८२ को अर्को विश्व सम्मेलनले नेपाललाई १० वर्ष म्याद थप्यो । त्यस अवधिमा पनि नेपालले केही गर्न सकेन । १९९२ मा क्यूटोमा अर्को विश्व सम्मेलन भयो । त्यसले ४ वर्षको अन्तिम म्याद दिएको थियो । त्यस अवधिमा पनि नेपालले केही गर्न सकेन । त्यसले गर्दा हाम्रो orbital slot गुम्ने स्थितिमा पुगिसकेको थियो । १९९६ मा जतिखेर म सञ्चारमन्त्री भएँ । त्यतिबेला हाम्रो अर्बिटल स्लटको म्याद नै सकिन लागेको रहेछ । म सञ्चारमन्त्री हुनु अघिदेखि नै यो orbital slot लाई कसरी प्रयोग गर्न सकिन्छ भनेर मैले सोचिरहेको थिए । म मन्त्री भएको बेला शुशीलकान्त झा सचिव हुनुहुन्थ्यो । म मन्त्रालयमा बहाल भएकै दिन मैलै मन्त्री कार्यलयमा भएको अफिसरहरूको भेलामा उनीहरूलाई सोधेँ- 'हाम्रो orbital slot कहाँ छ ?' तर कसैसँग यसको जवाफ थिएन । सबैले एकअर्काको मुख मात्र हेरिरहे । सञ्चार मन्त्रालय जसले orbital slot को बारेमा थाहा पाउनुपर्ने, संरक्षण गर्नुपर्ने र विकास गर्नुपर्ने उसैलाई त्यसको बारेमा केही थाहा थिएन । योभन्दा अगाडि कति मन्त्री भए । उनीहरू कसैले खोजी गरेनन् । मलाई आश्चर्य लाग्यो । त्यो orbital slot कहाँ छ भनेर त्यसको खोजी कसैले गरेन । त्यसपछि मैले अर्बिटल स्लटको बारेमा बताएँ । त्यो हाम्रो आकाशको टुक्रा हो । १९९२ सम्मको कुरा त मलाई थाहा छ । अहिले सम्म के भएको छ त्यो तपाईहरूले खोज्नुपर्‍यो । त्यस पछि हाम्रो orbital slot कहाँ छ भनेर उनीहरू खोज्न लागे । तर कसैले पत्ता लाउन सकेका थिएनन् । त्यसको करिब एक हप्ता पछि दिल्लीबाट सञ्चारमन्त्रीसँग कुरा गर्ने भनेर एउटा विदेशीले फोन गर्‍यो । एउटा अमेरिकन कम्पनी रहेछ । मैले उसँग कुरा गरे । उसले भन्यो की नेपालसँग orbital slot छ र त्यसलाई नेपालले प्रयोग गरिरहेको छैन, त्यसैले "we want to use it could you provide us the slot mr. minister" भनेर उसले मसँग प्रश्न सहीतको प्रस्ताव राख्यो । त्यसपछि मैले उसलाई सबै कागजपत्र लिएर नेपाल आउनको लागि भनेँ र उसले ल्याएको कागजपत्र हेरेपछि हाम्रो orbital slot कहाँ छ

?के छ ? सबै थाहा भयो । उनीहरूले त्यसलाई आफ्नो बनाएर प्रयोग गर्न खोजिरहेका रहेछन् । त्यो हडप्न खोजिरहेका रहेछन् । नेपालले दियो भने भाडामै लिने भनेर उनीहरूले पहिले नै प्रस्ताव गर्न पनि खोजेका रहेछन् । तर म मन्त्री भएको बेलासम्म पनि अर्विटल स्लट बारे केही जानकारी छैन, त्यसलाई कसरी उपयोग गर्ने भन्ने नेपालमा ऐन पनि छैन, भाडामा दिनुपर्छ कि पर्दैन ? सरकारसँग कुनै नीति पनि छैन । त्यसपछि मैले उनलाई सबै कुरा सम्झाएर अहिले हाम्रो कुनै नीति बनिसकेको छैन र सम्बन्धित ऐन पनि बनेको छैन । तपाई केही समय पर्खनुहोस भनेर मैले उनलाई सकारात्मक कुरा गरेर पठाइदिएँ । त्यस पछि मन्त्रालयका सबै अफिसरहरू चकित परे । एउटा विदेशी कम्पनीले सबै कुरा थाहा पाउने तर हामीले थाहा नपाउने भनेर ।

त्यसपछि मैले तुरुन्त जेनेभा जाने योजना बनाएँ र तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग जेनेभा जानुपर्ने सल्लाह गरेँ । मैले जेनेभामा गएर ITU को सेक्रेटरी Pekka Taryane सँग भेटे । उनी हाम्रो जस्तो तेस्रो विश्वका प्रेमी पनि रहेछन् । उनी साँच्चिनै राम्रा मान्छे रहेछन् । उनले मलाई त्यहाँ रातो कार्पेट ओछ्याएर स्वागत गरे । आजसम्म त्यसरी कुनै मन्त्रीलाई स्वागत गरिएको रहेनछ । मलाई पहिलो पटक त्यसरी स्वागत गरिएको रहेछ । उनले मलाई तिमी मात्र नेपालको एउटा यस्तो सञ्चारमन्त्री रहेछौ जसलाई देशको माया रहेछ, आफ्नु देशको सम्पत्तिको माया रहेछ भने । यसरी हाम्रो अर्बिटल स्लट गुम्दै थियो । त्यस्तो अवस्थामा ITU का महासचिव Pekka Taryane ले भने "हामी अब ITU को अफ्रिकामा अर्को बैठक गर्दैछौ । त्यो बैठक पछि तपाईहरूको स्लट गुम्छ । तपाई सञ्चारमन्त्री हुनुहुदोरहेछ । यहाँ आएर राम्रो काम गर्नुभयो । यो त देशको सम्पति बचाउने कुरा हो । हामीसँग दुइटा डकुमेण्ट छन् । ती दस्तावेजहरूलाई तपाईंहरूको राष्ट्रिय संसदले अनुमोदन गरेर तपाई सञ्चारमन्त्रीको अनुरोध पत्र समेत तुरुन्तै पठाइदियो भने हामी यसलाई बचाउन सक्छौं ।" उनले त्यति भनेपछि म त्यँहाबाट मेरो टोली लिएर तुरुन्तै नेपाल फर्के । तर यहाँ आइपुग्दा त प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारविरुद्ध अविश्वासको प्रस्ताव राखिसकेको रहेछ । त्यो थाहा पाएपछि म त्रिभुवन

विमानस्थलमा उत्रिने वितिकै सोझै रामचन्द्र पौडेलकोमा गएँ । त्यतिबेला उहाँ सभामुख हुनुहुन्थ्यो । मैले उहाँलाई सबै कुरा ब्याख्या गरेर भोलि यो दुईवटा डकुमेण्ट अनुमोदन गर्ने वातावरण मिलाइदिनु पर्यो भनेर अनुरोध गरें । त्यसपछि रामचन्द्र पौडेलले गिरिजाबाबुसँग एकचोटी कुरा गर्नुपर्छ भन्नुभयो ।

त्यतिबेला रातिको १० बज्न लागिसकेको थियो । त्यसो भए म जान्छु है त भनेर उहाँको निवासमा गए । गिरिजाबाबु त्यति बेलासम्म सुत्नुभएको रहेनछ । अनि उहाँसँग कुराकानी गरें । कुरा गरिसकेपछि "झलनाथ जी यो तपाईंले भनेको कुरा राम्रो हो । भोलि हाम्रो संसदीय दललाइ सहयोग गर्न भन्छु । तर म यो कुरा बुझ्दिन हेर्नुस् । यो कुरा म जान्दिनँ । मैले यो आकाशको कुरा सुनेको पनि थिइनँ अहिलेसम्म । तपाईले बताउँदा मात्र थाहा भयो । बरु महेश आचार्यले यो कुरा बुझ्छन् । ल उनीसँग कुराकानी गर्नुस् हाम्रो सहयोग रहन्छ" भन्नुभयो । त्यसपछि अलिक ढुक्क भएर म घरमा आएर सुतें । अनि भोलिपल्ट बिहानै मैले सूर्यबहादुर थापालाई पनि फोन गरें । उहाँसँग पनि त्यही कुरा भनें । उहाँले पनि तपाईले भन्नुभएको कुरा ठिक हो हाम्रो सहयोग हुन्छ भन्नुभयो ।

त्यसपछि बिहानै क्याबिनेटको वैठकवाट प्रस्ताव तयार पारेर संसद्मा अनुमोदन सम्बन्धि प्रस्ताव लगियो । त्यसै दिन संसद्मा पेश गरियो, सबै दलको सहयोगमा पास गरियो र एकमतले अनुमोदन गरियो । म त्यस दिन असाध्यै खुशी भए । अब हाम्रो अर्बिटल स्लट बच्ने भयो । त्यो मेरो जीवनकै असाध्यै ठुलो खुसीको दिन थियो । अनि त्यो २ वटै डकुमेण्ट यसरी पास भयो भनेर सम्पूर्ण डकुमेण्ट प्रमाणसहित मैले अन्तराष्ट्रिय टेलिकम्युनिकेसन युनियनको हेडक्वाटरमा मेरो पत्रसहित पठाएँ । त्यसपछि Pekka Taryane यति खुसी भए कि उनले मलाई एउटा दस्तावेज जस्तो लामो चिठी पठाए । त्यसपछि लगतै अफ्रिकामा भएको ITU को बैठकले नेपालको पक्षमा निर्णय गर्‍यो । हाम्रो अर्बिटल स्लट औपचारिक रुपले बच्यो । मलाई खुसी पनि लाग्छ । गर्व पनि लाग्छ । यो भन्दा अगाडि कुनै सञ्चारमन्त्रीले देशको यति ठुलो संम्पतिका बारेमा वास्ता सम्म पनि गरेनन् । यस्तो चिजहरूको हामीले अधिकतम उपयोग गर्नुपर्छ । भोलि हामी समाजवादमा जाँदाखेरी हामीले यी कुराहरलाई पनि ध्यानमा राखेर आफ्नो

अर्विटल स्लटको अधिकतम रुपमा उपयोग गर्दै देश निर्माण गर्ने काममा लाग्नुपर्ने हुन्छ । त्यसरी मात्र हामी देशलाई अग्रगति र प्रगतितर्फ लान सक्छौ ।

**१५ अन्य केही कुराहरू** : .यसरी हामी समाजवादमा पुग्दा नेपाली समाजको सामाजिक-आर्थिक संरचनाका विभिन्न पक्षको विकास गर्दै मान्छेले मान्छेमाथि गर्ने शोषणलाई अन्त्य गर्छौं । समाजवाद भनेको मान्छेले मानिसमाथि गर्ने शोषण अन्त्य गर्ने समाज हो । समाजवादमा सबै मान्छेहरू काम गरेर खाने श्रमिक हुनाले त्यो श्रमिकको समाज हुन्छ । त्यहाँ श्रमिकको लोकतन्त्र हुन्छ । मान्छेमाथि मान्छेको शोषण अन्त्य हुँदै गएपछि क्रमश :वर्गहरू विलीन हुँदै जाने दिशातर्फ त्यो समाज अगाडि बढ्छ । त्यही हिसाबले हामीले व्यापार र वितरणलाई अगाडि बढाउनुपर्छ । उन्नत, दिगो र पक्का आवासको व्यवस्था गर्नुपर्छ । अहिले पनि कैंयौ जनताको आवास छैन । सुकुम्बासी जनताका समस्या पनि राज्यले नै हल गर्नुपर्छ । त्यस्तै जोखिमपूर्ण बस्तीहरूमा अहिले पनि ठुलो बसोबास छ । त्यसलाई पुरै पुर्नगठन गर्नुपर्छ । नेपालमा पहिरो जाने जोखिमका बस्तिहरू धेरै छन् । यी कुराहरूलाई ध्यानमा राखेर हाम्रो बसोबासको प्रबन्धलाई पुनव्यवस्थित गर्नुपर्छ ।

१६.**समाजवादी कला, साहित्य** र **संस्कृति** : कुनैपनि समाजका निम्ति कला, साहित्य र संस्कृति अत्यन्त महत्वपूर्ण कुरा हुन् । समाजवादी कला, साहित्य र संस्कृतिको हामीले योजनाबद्ध ढङ्गले विकास गर्नुपर्छ । विविध क्षेत्रका लेखक, कलाकार, साँस्कृतिक योद्धाहरूलाई राज्यले नै संरक्षण र सम्बर्धन गर्नुपर्छ । उनीहरू पनि समाज सेवक नै हुन् । उनीहरूलाई राज्यले मरमद्दत गर्नुपर्छ र सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउनुपर्छ । सांस्कृतिक आन्दोलन एउटा बृहत र दिर्घकालीन आन्दोलन हो । त्यसले सिङ्गो समाजलाईप्रतिनिधित्व गर्छ । त्यो निरन्तर विकास गरिरहनु पर्छ । समृद्ध कला,साहित्य र संस्कृतिको विकास नभई,कुनै पनि समाज समृद्ध बन्न सक्तैन । समाजवादी क्रान्ति र निर्माणको काममा लागि रँहदा हामीले यी कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ । समाजवाद स्थापना भएपछि समाजवादी कला, साहित्य र संस्कृतिको विकासका निम्ति विशेष प्राथमिकताका साथ अघि बढ्नुपर्छ ।

**१७ अन्तराष्ट्रिय सम्बन्ध** : त्यस्तै विदेश नीतिको सन्दर्भमा हामीले राष्ट्रिय हितलाई सर्वोपरि राखेर अर्न्तराष्ट्रिय सम्बन्ध विकास गर्नुपर्छ । हामीले समाजवादमा पुग्दा पनि शान्ति र असंलग्न नीति छोड्नु हुँदैन ।यो जारी राख्नुपर्छ ।यो धेरै महत्वपूर्ण नीति हो । आपसी सहयोग र समृद्धिको विदेश नीति हामीले अपनाउनुपर्छ । साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद, शक्ति राजनीति,ब्लक राजनीति आदिको विरुद्धमा हामी उभिनुपर्छ । स्वतन्त्र विदेश नीति अख्तियार गर्दै छिमेकीहरूसँग सुमधुर सम्बन्धको नीति हामीले अपनाउनुपर्छ । चीनसँग मिलेर भारतको विरोध गर्ने या भारतसँग मिलेर चीनको विरोध गर्ने जस्ता कुनै पनि प्रबृतिमा हामी लाग्नु हुँदैन । किनभने छिमेकी कहिले बदल्न सकिदैन । छिमेकीसँग जहिले पनि राम्रो सम्बन्ध राख्ने कोशिस गर्नुपर्छ । तर अन्याय हुन्छ, थिचोमिचो हुन्छ, हैकमगिरी देखाइन्छ भने त्यसका विरुद्ध दृढतापूर्वक लड्नुपर्छ । हामीले लिम्पियाधुरा, कालापानी र लिपुलेक लिनैपर्छ । यी तिनवटै क्षेत्रहरू हाम्रा इतिहास देखिका अभिन्न अङ्ग हुन । समय लाग्न सक्छ, तर हामीले हाम्रो स्वतन्त्रता र सार्वभौमिकताको लडाईलाई अबिरल ढङ्गले अघि लानुपर्छ । हामीले सिमानामा भएको विभिन्न डुबान कार्य जसरी दक्षिणबाट भएको छ । ती समस्याहरू समाधान गर्नुपर्छ । साथै भारतसँग राम्रो सम्बन्ध पनि बनाउनुपर्छ । यी दुवै कुरा हामीले एकसाथ गर्नुपर्छ । अहिले आर्थिक कुटनीतिका कुरा आईरहेका छन् । हाम्रो देशको प्रगति, अग्रगति र समृद्धिलाई सर्वोपरि राखेर हाम्रा अर्न्तराष्ट्रिय सम्बन्ध र सहयोगलाई बिस्तार गर्नुपर्छ । हाम्रो विदेश नीतिका ७ वटा आधारहरू छन् । हामीले समाजवादमा पनि तिनीहरूलाई दृढतापूर्वक अनुसरण गर्नु पर्छ । पहिलो-असंलग्नता, दोस्रो-पञ्चशीलका पाँच सिद्धान्त, तेस्रो-संयुक्त राष्ट्रसंघको बडापत्र, चौथो- शान्तिका अन्तराष्ट्रिय रुपले मान्यता प्राप्त सिद्धान्तहरू, पाँचौ-अन्तर्राष्ट्रिय कानुन, छैटौ- हाम्रो देशको भूभाग कुनै पनि मित्रराष्ट्रहरूका विरुद्ध प्रयोग गर्न नदिनेप्रतिबद्धता र सातौ- एक चीन नीति । यी सातवटा पक्षहरू नै समाजवादको चरणमा पुग्दा पनि हाम्रा अन्तराष्ट्रिय नीतिका आधार बन्नेछन् । उपरोक्त कुराहरू नेपाली विशेषताको समाजवादका केही झलकहरू मात्र हुन । हामीले नेपाली विशेषताको समाजवादको सामाजिक-

आर्थिक संरचनाका सबै पक्षहरूका बारेमा सबिस्तार विश्लेषण गर्नुपर्छ, संस्लेषण गर्नुपर्छ र समाजवादी कार्यक्रमको विस्तृत रूपरेखा अघि सार्नुपर्छ । तब मात्र वर्तमान क्रान्तिको रणनीतिक लक्ष्य निश्चित हुन्छ र जनताको क्रान्तिकारी आन्दोलनले ठोस मार्गदर्शन प्राप्त गर्नसक्छ ।

**वर्तमानमा हामीले गनुपर्ने केही महत्वपूर्ण कामहरू :**

- अब तपाईं हामीले सम्पूर्ण अध्ययनको केन्द्रबिनदु ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा नेपाली समाजको उद्भव, विकास, वर्तमान अवस्था र त्यसको भविष्यलाई बनाउनुपर्छ । यसलाई हामीले पहिलो प्राथमिकतामा राख्नुपर्छ । नेपाली समाजलाई क्रान्तिकारी रुपान्तरण गर्ने काममा लाग्नु भनेको नै विश्व क्रान्तिमा योगदान दिनु हो । हामीले यो कुरालाई गहिरो गरी बुझ्नुपर्छ ।
- हामीले समाजको कोरा अध्ययन गर्ने मात्र होइन । द्वन्दात्मक भौतिकवाद र विशेष गरेर ऐतिहासिक भौतिकवादका आधारमा नेपाली समाजको गहन अध्ययन विश्लेषण र संश्लेषण गर्नुपर्छ । यसको विकासक्रमको ऐतिहासिक चरणहरूलाई छुट्याउन सक्नुपर्छ । त्यसरी हामीले नेपाली समाजको बारेमा सही धारणा बनाउनुपर्ने हुन्छ ।
- नेपालको पुँजीवादी -जनवादी क्रान्तिको ५८ वर्षको इतिहासलाई क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशाका आधारमा अध्ययन गर्नुपर्छ र ७२ वर्षको कम्युनिष्ट आन्दोलनको राम्रो समीक्षा गर्नुपर्छ । हामीले यी ७२ वर्षमा अत्यन्त अमूल्य अनुभवहरू प्राप्त गरेका छौं । हामीले के के राम्रो काम गर्‍यौं ? हामीले कहाँ गल्ती गर्‍यौँ र कहाँ सही गर्‍यौँ त्यसको पनि समीक्षा गर्नुपर्छ । विगतका अनुभवहरूको समग्र समीक्षा गरेर मात्र भबिष्यको बाटो परिपक्क ढङ्गले तय गर्न सकिन्छ ।
- हामीले वर्तमान नेपाली समाजको वर्गीय स्थितिको गहिरो अध्ययन गर्नुपर्छ । वर्ग अन्तर्रविरोधहरूको अवस्थालाई बुझ्नु पर्छ र दलाल पुँजीवादको शोषण र शासनका पञ्जाहरू कसरी देशभरी फैलिँदै छ

भन्ने कुराको प्रमाण र तथ्य समेत अध्ययन गर्नुपर्छ र तिनीहरूको भण्डाफोर अभियान सञ्चालन गर्नुपर्छ ।

- नेपाली समाज किन समाजवादी क्रान्तिको चरणमा आयो भन्ने कुराको पनि ऐतिहासिक भौतिकवादका आधारमा गहन अध्ययन गर्नुपर्छ । समाजवादी क्रान्तिको कार्यदिशा, क्रान्तिका रणनीतिक लक्ष्य र कार्यनीतिक लक्ष्यहरूका बारेमा पनि गहिरो अध्ययन गर्नुपर्छ र नेपाली विशेषताअनुरुपको वैज्ञानिक समाजवादको विशिष्ट रुप विकास गर्नुपर्छ ।

- हामीले वर्तमान संविधान अर्न्तगत हुने तीनै वटै तहका निर्वाचन प्रक्रियामा भाग लिनैपर्छ । त्यसरी निर्वाचनमा सहभागी भएपछि जुन सुकै तहमा हामीले हाम्रो रणनीतिक लक्ष्य वैज्ञानिक समाजवादको बारेमा पनि गहन अध्ययन गर्नुपर्छ । के हो समाजवाद भनेको ? हामी सबैले राम्रोसँग व्याख्या गर्न सक्ने हुनुपर्छ । समाजवाद भनेको यो हो, नेपालमा आउने समाजवाद यस्तो हुन्छ । यसको वर्ग चरित्र यस्तो हुन्छ । समाजवादी समाजमा वर्ग अन्तर यस्तो हुन्छ र ती अन्तरहरू यसरी उन्मुलन हुँदै जान्छन् । समाजवादको आर्थिक स्थिति यस्तो हुन्छ । राजनीतिक स्थिति यस्तो हुन्छ । सांस्कृतिक स्थिति यस्तो हुन्छ । त्यहाँको सामाजिक स्थिति यस्तो हुन्छ भन्न सक्ने अवस्थामा हामी सबै पुग्नुपर्छ । यसरी वैज्ञानिक समाजवादको बारेमा गहिरो अध्ययन गर्नुपर्छ ।

- हामीले जनसरोकार र राष्ट्रिय सरोकारका विभिन्न मुद्धाहरूमा संसदभित्र र बाहिरबाट संसदीय र गैह्रसंसदीय, कानुनी र राजनीतिक सङ्घर्षहरूलाई अघि बढाउनुपर्छ । सङ्घर्ष नगरि प्रगति सम्भव हुँदैन । पार्टी सङ्गठनलाई क्रान्तिकारी कार्यदिशाका आधारमा राष्ट्रव्यापी र जनव्यापी बनाउँदै जानुपर्छ । सबै जिल्लामा पार्टी सङ्गठनलाई सुदृढ बनाउँदै लानुपर्छ । संयुक्त मोर्चालाई व्यापक बनाउनुपर्छ । प्रत्येक पालिकाहरूमा पनि हामीले मोर्चा बनाउनुपर्छ । पहिलो वर्गीय संयुक्त मोर्चा र दोश्रो

राजनीतिक मोर्चा बनाउनुपर्छ । कार्यनीतिक राजनीतिक मोर्चा अस्थायी हुन्छ । वर्गीय मोर्चा अपेक्षाकृत स्थायी हुन्छ । वर्गीय मोर्चा रणनीतिक हो । राजनीतिक मोर्चा कार्यनीतिक हो । ति कुराहरूलाई हामीले राम्ररी बुझ्नुपर्छ ।

- हामीले वर्तमान संविधान अर्न्तगत हुने तीनै वटै तहका निर्वाचन प्रक्रियामा भाग लिनैपर्छ । त्यसरी निर्वाचनमा सहभागी भएपछि जुनसुकै तहमा हामीले सरकार बनाउने अवस्था हुँदा समाजवादका आधारलाई फराकिलो बनाउने ढङ्गले नीति, कार्यक्रम र बजेट अगाडि सार्न सक्नुपर्छ । हामीले सङ्घीय सरकार बनाएका थियौं, त्यो बेलामा दक्षिणपन्थी नेतृत्वले गर्दा हामीले ती काम गर्न सकेनौं । त्यस्ता काम गरेको भए कम्तिमा ५० वर्ष हाम्रो देशमा कम्युनिष्ट पार्टीले मुलुकलाई नेतृत्व गर्ने र देशको सामाजिक–आर्थिक संरचनामा ठुलो परिवर्तन ल्याउने सम्भावना थियो ।
- हामीले हाम्रो पार्टीलाई नेपाली कम्युनिष्ट आन्दोलनको गुणात्मक रुपमा उन्नत एकाईको रुपमा स्थापित गर्नुपर्छ । हामीले के. पी ओली गुटको दक्षिणपन्थी औसरवाद, विर्सजनवाद र राष्ट्रिय आत्मसमर्पणवादको व्यापक रुपमा भण्डाफोर गर्नुपर्छ । यो जति भण्डाफोर गर्न सकिन्छ, कमरेडहरू । त्यति नै हाम्रो पार्टीको क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तहरू प्रष्ट भएर जान्छन् । हाम्रो पार्टीको पनि जनतामा आकर्षण बढ्दै जान्छ । अहिले पनि हामीप्रति जनताको आर्कषण बढ्दो छ । अहिले एमाले भित्रका धेरै कार्यकर्तासँग हाम्रो सम्पर्क र सम्बन्ध बढी रहेकाछन् । उनीहरू हाम्रो पार्टीतिर आकर्षित भैरहेका छन् । एमालेभित्र बिस्तारै पहिरो जानु अनिवार्य छ । उनीहरू भित्र असन्तोष र विरोध हुर्किरहेको छ र हाम्रो पार्टीमा आउनेक्रम निरन्तर बढ्दो छ। हामीले आफनो छाती फाराकिलो पार्नुपर्छ र सबै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध बनाउन जबरजस्त भूमिका खेल्नुपर्छ । मुलुकमा रहेका अन्य कम्युनिष्ट पार्टीहरूलाई वैचारिक-राजनीतिक कार्यदिशाका आधारमा

एकताबद्ध बनाउने प्रयत्न हामीले नै गर्नुपर्छ। विश्वका सबै कम्युनिष्ट पार्टीहरूसँगको सम्बन्ध पनि व्यापक बनाउँदै लैजानुपर्छ । हामीले अहिलेसम्म १५० भन्दा बढी कम्युनिष्ट पार्टीहरूसँग सम्पर्क बढाउँदै लगेका छौं । हामी सबैसँग भाइचारा सम्बन्ध बढाउदैछौ । त्यसमा चिनियाँ कम्युनिष्ट पार्टीसँग पनि हाम्रो सम्बन्ध विकसित भइरहेको छ। विश्व जनता, प्रगतिशील शक्ति र समाजवादी शक्तिहरूको व्यापक सर्मथन जुटाउँदै समाजवादी क्रान्तिलाई शान्तिपूर्ण ढङ्गले अघि बढाउने तर छिटोछिटो अघि बढाउने काममा हामी लाग्नुपर्छ।

- हामीले हाम्रो पार्टी कार्यकर्ताबिच मार्क्सवादको सैद्धान्तिक-वैचारिक अध्ययनप्रति जबरजस्त रुचि जगाउनुपर्ने आवश्यकता छ। हाम्रा कतिपय साथीहरूलाई सैद्धान्तिक कुरा सुन्न अल्छी लाग्छ। यो प्रबृति निकै ठुलो मात्रामा छ। यो पनि दक्षिणपन्थी प्रबृति हो। त्यसको धङ्धडीबाट हामी मुक्त भएर मार्क्सवादको गहन अध्ययन गर्ने, नेपाली समाजको गहन अध्ययन गर्ने, हाम्रो पार्टीको कार्यदिशा, नीति र सिद्धान्तहरूको गहन अध्ययन गर्ने र तिनीहरूलाई क्रान्तिको ब्यवहारमा सिर्जनात्मक रुपले लागु गर्ने काम गर्दै हामीले एउटा अनुशासित, जागरुक र सचेत पार्टी बनाउनुपर्छ। हामीले ७२ वर्ष भयो यो यात्रा गरेको। अब ७२ वर्षमा यो देश कस्तो बन्ला यो हामीले सोच्नुपर्छ। त्यसबेला हाम्रो देश धेरै नै समुन्नत बन्छ, बन्नुपर्छ र बनाउनुपर्छ।
- हामीले नेपाली कम्युनिष्ट आन्दोलनमा युवा बेलादेखि नै लागेर एउटा ऐतिहासिक क्रान्ति सम्पन्न गऱ्यौं। हाम्रो पुस्ताले नेपालमा पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न गऱ्यो। अबको नयाँ पिँढीले समाजवादी क्रान्ति सम्पन्न गर्नुपर्छ र देशलाई "सुखी नेपाली, समृद्ध नेपाल" बनाउनुपर्छ। यो नारा मैले नवौं महाधिवेशनमा अघि सारेको नारा हो । यो सचेत ढङ्गले अगाडि सारिएको नारा हो।"सुखी नेपाली, समृद्ध नेपाल" बनाउने कुरा भनेको समाजवादबाहेक कहिँ कतैबाट सम्भव छैन । २००६ सालमा कमरेड पुष्पलालले पार्टी स्थापना गर्दा सबै जनता

सुखी भएको र समृद्ध नेपाल बनाउने सपना देख्नुभएको थियो । त्यो सपना अझै पुरा भएको छैन । त्यसैले नवौं महाधिवेशनमा यसलाई हामीले सपनाको रुपमा अगाडि सारेका हौं । त्यतीबेला पार्टी ६५ वर्ष पुगेको थियो । अब ३५ वर्ष पछि हामी १०० वर्षमा पुग्छौं ।अब १०० वर्ष पुग्दा नेपाल कहाँ पुग्ने त ?हाम्रो सपना के हो त ?भन्दा "सुखी नेपाली,समृद्ध नेपाल"को नारालाई अगाडि सारौँ र त्यो ढङ्गले अगाडि बढौँ भनेर हामीले अघि सारेको नारा हो । पार्टीको नवौं महाधिवेशनले समेत यसलाई अनुमोदन गऱ्यो । पछि सरकारले पनि मान्यो र त्यसप्रति ओठेभक्ति देखायो । तर त्यसले उक्त लक्ष्य प्राप्त गर्ने व्यवहारमा ठोस काम भने केही पनि गर्न सकेन । त्यो लक्ष्य राखिसकेपछि त्यही खालको नीति चाहिन्थ्यो, कार्यक्रम चाहिन्थ्यो र त्यो प्राप्त गर्न सही कार्यदिशा चाहिन्थ्यो । तर ती कुनै पनि काम भएनन् ।

- यतिबेला हामी देखिरहेका छौँ । अहिले अन्य सबै ठूला भनिने पार्टीहरूमा सङ्कट बढ्दैछन् । एमालेमा पनि सङ्कट गहिरिदै छ । सबै पार्टीमा सङ्कट छ । ती सङ्कटहरूले विभिन्न पार्टीहरूमा विभाजन र पुनर्गठनका अन्र्तरप्रक्रियाहरू विकसित भइरहेका छन् । कुनै पनि पार्टीमा सही वैचारिक-राजनीतिक कार्यदिशाबाट हुने बिचलनले ठुलठुला विग्रहहरू पैदा हुन्छन् र हुने गरेका छन् । नेपाली कम्युनिष्ट आन्दोलनमा फैलिएको रोग नै त्यही हो । हाम्रो एकताको मुख्य आधार भनेको नै सही वैचारिक –राजनीतिक कार्यदिशा हो । हामी सही वैचारिक-राजनीतिक कार्यदिशामा दृढ रहन सक्यौ भने हामीमा न गुटबन्दी सिर्जना हुन्छ न पार्टी विभाजन नै हुन्छ । त्यसैले गुटबन्दी भनेको कम्युनिष्ट आन्दोलनमा सिर्जना हुने महारोग नै हो । कम्युनिष्ट पार्टीभित्र बुर्जुवा विचारहरू प्रवेश गर्न पायो भने यो रोग सिर्जना हुन्छ र फैलिन थाल्छ । हामीले पार्टीलाई सधै गुटबन्दीको रोगबाट बचाउन सक्नुपर्छ । कुनै पनि पार्टीमा जहिले पनि गुटबन्दी माथिबाट हुने गर्छ । नेतृत्व पंक्तिलाई यस्ता गलत क्रियाकलापबाट मुक्त राखियो भने मात्र पार्टी र जनसङ्गठनको विकास

स्वास्थ्य र गतिशील ढङ्गले अघि बढ्छ । अन्यथा पार्टीमा पलायन, विसर्जन र विभाजनका दुखद प्रबृतिहरू देखा पर्न थाल्छन् । तर हामी सही वैचारिक-राजनैतिक र सङ्गठनात्मक कार्यदिशाका आाधारमा निरन्तर अघि बढ्यौं भने हाम्रो पार्टी कहिल्यै विभाजन हुँदैन । हामी दीर्घकालसम्म एकताबद्ध भएर बढ्न सक्छौँ । एउटा शक्तिशाली, सही र क्रान्तिकारी पार्टीको निर्माण हुन्छ । त्यसले नेपाली समाजवादी क्रान्ति र निर्माणको प्रक्रियालाई दृढतापूर्वक नेतृत्व प्रदान गर्न सक्छ ।

- अब नेतृत्व निर्माणको पद्धति र मापदण्डका बारेमा पनि हामीले सोच्नुपर्छ । कुनै पनि स्तरको पार्टी कमिटिमा जोसुकै लाई नेतृत्वमा लगेर हुँदैन । पदको आकांक्षी व्यक्तिलाई पार्टीको नेतृत्व दिने हो भने त्यसले कुनै पनि दिन पार्टी डुबाउँछ । जसरी के.पी ले डुबाए । त्यसकारण कुन व्यक्ति सही वैचारिक-राजनीतिक अडान राख्छ, को योग्य र क्षमतावान छ, कुन व्यक्ति निस्वार्थ छ । कस्को विगत उज्यालो र प्रष्ट छ, को क्रान्तिकारी आर्दशको पछाडि लागिरहेको छ र को पदका पछाडि लाग्दैछ ? यी कुराहरूलाई हामीले बुझ्नुपर्छ र नेतृत्व निर्माण गर्ने कुरामा पनि विचार, नीति, योग्यता र क्षमतालाई ध्यान दिनुपर्छ । त्यसो गऱ्यो भने मात्र पार्टी कहिल्यै दुर्घटनामा पर्दैन । यो कुरा पार्टीका सबै तहमा लागु हन्छ । केन्द्रमा सबैभन्दा बढी लागु हुन्छ । सही वैचारिक, राजनीतिक कार्यदिशा, नीति, सिद्धान्त र लक्ष्यको प्रस्तावक, व्याख्याता र कार्यान्वयनकर्ता नै मुख्य नेता बन्ने आधार हो । चाहे माथि होस् चाहे तल होस, जुनसुकै तहका कमिटिमा पनि हामीले यो कुरालाई ध्यान दिनुपर्छ । तब मात्र पार्टी बलियो बनाउँदै लैजान सक्छौ । अन्तिम विश्लेषणमा कम्युनिष्ट पार्टी भनेको नेता प्रमुख हुदैन, नीति प्रमुख हुन्छ । नीति सही छ भने नेताहरू धेरै जन्माउन सकिन्छ । नीति सही जन्माउन मात्र कठीन हुन्छ । जब नीति सही हुन्छ नेताहरूको पंक्ति नै जन्मिन्छ । त्यसका लागि हामीले ठुलो त्याग, तपस्या, साधना र प्रयत्न गर्नुपर्छ । त्यो काम सबैभन्दा महत्वपूर्ण हुन्छ र निर्णायक हुन्छ । त्यसैले

सही नीति, विचार र कार्यदिशा जन्माउने कुरामा हामीले सबभन्दा बढी ध्यान दिनुपर्छ । त्यसैकारण क्रान्तिकारी सिद्धान्त बिना क्रान्ति हुन सक्दैन भनिएको हो ।

- यतिबेला हाम्रो देशका सामु एउटा ठुलो क्रान्तिकारी उभारको सम्भावना छ । आम जनता दलाल पुँजीवादी शोषण र उत्पीडनबाट दिक्क हुँदै गएका छन् । विभिन्न पार्टी त्यागेर हाम्रो पार्टीमा आउने व्यापक चाहना छ । तर यो पार्टी कसरी अगाडि बढ्छ मानिसहरू अझै पनि जाँचपरख । गर्दैछन् । उनीहरूले यो प्रश्नको उत्तर अझै पाईसकेका छैनन । त्यसकारण हामीले त्यो प्रश्नको उत्तर दिने ढङ्गले काम गर्नसक्नुपर्छ । अहिले एमाले पंक्तिभित्र पनि क्रान्तिकारी नेता र कार्यकर्ताहरूको ठुलो पंक्ति छ । उनीहरू अझै अलमलमा छन् । ति सबै साथीहरू सही, विचार र नीतिका खोजिमा छन् । समाजवादमा पुग्ने बाटो के हो त्यसको खोजिमा छन् । हामीले उनीहरूलाई बाटो देखाउन र रुपान्तरण गर्न सक्नुपर्छ । हामीले उनीहरूलाई सही कार्यदिशाा, नीति र विचारबाट रुपान्तरण गर्नुपर्छ र सबभन्दा सही बाटो यो हो भनेर देखाउन सक्नुपर्छ । यसो भयो भने पार्टी वैचारिक रुपले रुपान्तरण हुन्छ । हाम्रो आन्दोलन पनि रुपान्तरित हुदै जान्छ । अबको शक्तिशाली पार्टीको आधार हाम्रो पार्टी हो । यो पार्टीलाई राम्रो मलजल गरेर यसलाई हुर्काउन हामीले सक्नुपर्छ । त्यसो गर्न सक्यौ भने मात्र हामी समाजवादी क्रान्ति र रुपान्तरणको भबिष्यतर्फ अगाडि जान सक्छौ । कमरेडहरू ! हामीले गर्नुपर्ने कामहरू धेरै छन् । हामीले समाजवादको बाटोमा हिँड्नको लागि १७ वर्ष ढिलो गरिसक्यौँ । २०६२ /६३ मा जनवादी क्रान्ति सम्पन्न भएको हो । अहिले हामी २०७९ सालमा छौं । त्यो हिसाबले हामीले १७ वर्ष ढिला गरेनौ त ? यो १७ वर्षको अवधिमा त सानो छोरा वा छोरी पनि एउटा बालिग भइसकेको हुन्छ । बालिग हुने बेलासम्म हामीले ढिला गरिसक्यौं । समय छोटो छ । अब हामी एकदमै चाँडो चाँडो अगाडि बढ्नुपर्छ । त्यसरी मात्रै हामी एउटा शक्तिशाली

पार्टी बनाउन सक्छौं र समाजवादी क्रान्तिको प्रक्रियालाई अघि बढाउन सक्छौ ।

- कमरेडहरू ! हाम्रा सामु बाटो अलि बाङ्गोटिङ्गो छ । अप्ठ्याराहरू पनि छन् । भीर पहराहरू पनि छन् । तर नाघ्न र चढ्न नसकिने कुनै पहरा र चुलीहरू पनि छैनन् । हामी सबै कठिनाईहरूलाई जित्न सक्छौ । जुन ढङ्गले हामीले विगतको बाटो हिँड्दै आएका छौँ । आगामी बाटो पनि हामी सहज ढङ्गले हिँड्न सक्छौ । दुख, कष्ट र कठिनाई भनेको त मानिसको जीवनका अनिवार्य पक्षहरू नै हुन । यी स्वभाविक कुराहरू हुन । तिनीहरू आईरहन्छन् र गइरहन्छन् । तर हामी एउटा सुखी र समृद्ध समाज निर्माण गर्न दृढ भएर अघि बढीरहनुपर्छ । यो हाम्रो सङ्कल्प हो । यो सङ्कल्पलाई लिएर हामी अघि बढ्नुपर्छ । कमरेडहरू! ०६२/६३ को जनक्रान्ति पछि मुलुकमा एउटा नयाँ ऐतिहासिक परि स्थितिको विकास भयो । हामी समाजवादी क्रान्तिको युगमा सगौरव प्रवेश गर्‍यौँ । नयाँ संविधान पनि बनयौँ तर के.पी गुटको दक्षिणपन्थी औसरवाद र विर्सजनवादमा पतनले गर्दा नयाँ युगलाई नेतृत्व गर्ने राष्ट्रिय केन्द्रको अभाव हुन गयो । मुलुक संसदवादको दलदलतिर फस्ने खतरा पैदा भएको थियो तर अब हाम्रो पार्टी नयाँ वैचारिक, राजनीतिक र सङ्गठनात्मक केन्द्रका रुपमा विकसित भईरहेको छ । यति बेला २ करोड ९२ लाख नेपाली जनता अगाडि जाने बाटो खोजिरहेका छन् । ति जनताहरूलाई मार्गदर्शन गर्ने अत्यन्त ठुलो दायित्व हाम्रो काँधमा छ । अब हामीले सिङ्गो पार्टीलाइ सक्रिय, गतिशील र एकताबद्ध बनाउँदै आ-आफ्नो जिल्लाका पार्टी कमिटीहरूलाइ अत्यन्त सक्रिय बनाउनुपर्छ । वर्गीय सङ्गठनहरूलाई र पार्टीलाई जनताको तल्लो तहसम्म व्यापक रुपले पुर्‍याउनुपर्छ । चाँहे वडा तह होस् या पालिका तह सबै तहका पार्टी कमिटिहरूलाई रुपान्तरण र विस्तार गर्नुपर्छ । पार्टी सदस्यहरूको पंक्ति व्यापक विस्तार गर्नुपर्छ । हामीले ५ लाख कार्यकर्ता र सदस्यहरू त १ वर्षभित्र बनाउनु पर्छ । अहिले नै पनि हामी एउटा

राष्ट्रव्यापी पार्टीको रुपमा विकास गरिरहेका छौ । पार्टी स्थापनाको केही महीनामा नै हामीले यो पार्टीलाई आशातित रुपले विकास गरिसकेका छौं । यसकारण यो पार्टीको विकासका सम्भावना व्यापक छन् भन्ने कुरा यी गएका महिनाहरूले प्रमाणित गर्छन । हामीले वैचारिक रुपमा के.पी गुटको दक्षिणपन्थी औसरवाद र बिर्सजनवादका विरुद्ध जति व्यापक खण्डन गर्नसक्छौ, कम्युनिष्ट आन्दोलनमा धेरैतिर छरिएर रहेका कमरेडहरू त्यति नै धेरै पूनर्गठित हुने सम्भावना हुन्छ । अन्य पार्टीका साथीहरूले पनि हाम्रो भूमिकाको बारेमा हेरिरहेका छन् । हाम्रो पार्टी धेरैको आशाको केन्द्रको रुपमा विकसित हुँदै छ । हामीले हाम्रो पार्टीलाई यो देशको कम्युनिष्ट आन्दोलनको सबभन्दा उन्नत इकाइको रुपमा, सबभन्दा अग्रगामी इकाइको रुपमा र सबभन्दा शक्तिशाली इकाइको रुपमा निर्माण गर्न सक्नुपर्छ । कम्युनिष्ट आन्दोलनलाइ वैचारिक र सङ्गठनात्मक एकरुपताका आधारमा एकताबद्ध बनाउँदै जानुपर्छ ।

- हामीले के कुरामा प्रष्ट हुनुपर्छ भने वैचारिक, राजनीतिक र सैद्धान्तिक रुपमा स्पष्ट नभइकन कुनै पनि आन्दोलनमा लहर उभार आउँदैन । अहिले पनि नेपाली कम्युनिष्ट अन्दोलनमा दक्षिणपन्थी, औसरवाद र विसर्जनवादको निकै ठुलो प्रभाव छ । त्यसको यथोचित खण्डन, आलोचना, चिरफार र भण्डाफोर हुन सकेको छैन । व्यक्ति केन्द्रित आलोचनाले खास फल प्राप्त हुन सक्दैन । दृष्टिकोण, विचार, राजनीति र सिद्धान्त केन्द्रित आलोचना र खण्डनले मात्र उर्जा पैदा गर्छ । गति पैदा गर्छ र रुपान्तरण ल्याउँछ । विचारमा स्पष्टता नभई वर्गसङ्घर्षलाई उन्नत स्तरमा विकास गर्न सकिँदैन । त्यसैले आजको मुख्य कार्यभार भनेकै नेपाली कम्युनिष्ट आन्दोलनको आकाशमा लागेको दक्षिणपन्थी औसरवाद र विसर्जनवादको तुवाँलो हटाउनु हो । त्यसो गर्नका निम्ति हामीले समकालीन नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी औसरवाद र विसर्जनवाद भनेको के हो ? त्यसको उत्पत्ति कसरी भयो ? त्यसको विकास कसरी भयो ? त्यसका मुख्य अभिव्यक्तिहरू के हुन् ? त्यसले

वैचारिक, राजनीतिक, सैद्धान्तिक, दार्शनिक, सांस्कृतिक र सांगठनिक क्षेत्रमा गरेका दक्षिणपन्थी गल्तीहरू के के हुन् ? ति गल्तीहरूले नेपाली कम्युनिस्ट आन्दोलनलाई के-कस्ता हानी नोक्सानी गरेको छ ? यो दक्षिणपन्थी औसरवादबाट नेपाली कम्युनिस्ट आन्दोलनले के शिक्षा प्राप्त गर्न सक्छ ? जस्ता आधारभूत महत्वका सवालहरूको हामीले ठोस जवाफ अघि सार्नुपर्छ । यी प्रश्नहरूको सही र सिद्धान्तनिष्ठ जवाफले दक्षिणपन्थी औसरवाद तथा विसर्जनवादको चौतर्फी भण्डाफोर हुनेछ । नेपाली कम्युनिष्ट आन्दोलनको आकाशमा लागेको तुवाँलो छ्यालब्याल हुनेछ । दक्षिणपन्थी औसरवादको भ्रममा परेका आमजनता र कम्युनिष्ट क्रान्तिकारीहरू त्यो भ्रमबाट मुक्त हुनेछन् । हाम्रो पार्टीका कार्यदिशा, नीति र सिद्धान्तहरूको सहीपना अझ बढी प्रष्ट हुनेछ र नेपाली कम्युनिष्ट आन्दोलनमा पुनर्गठन, एकता र एकीकरणको नयाँ लहर सिर्जना हुनेछ ।

*२०७९ भदौ*

# नेपाली समाजवादी क्रान्ति र केही ज्वलन्त सवालहरू

हामी अहिले जुन अवस्थावाट अगाडि वढ्दैछौ यो एउटा चुनौतिपूर्ण अवस्था हो । नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्ति एकातिर अत्यन्त महत्वपूर्ण सफलताका साथ अगाडि बढाउन सम्भव भएको छ र हामीले महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छौँ । अर्कातर्फ आगामी दिनको यात्रालाइ हेर्ने हो भने हामी एउटा नयाँ मोडबाट अगाडि वढ्दैछौ र नयाँ चुनौति र नयाँ सम्भावनाहरू हाम्रा सामु उपस्थित भएका छन् । आजको यो विशेष अवस्थामा हाम्रो पार्टीको स्थापना, पार्टीको विकास, पार्टीको विस्तार र अहिलेको हाम्रो अवस्था, नेपाली क्रान्तिको विकासक्रम, क्रान्तिको वर्तमान चरित्र, समाजवादी क्रान्तिको कार्यदिशा, हाम्रो मार्गदर्शक सिद्धान्त र हाम्रा सामु रहेका कार्यभारहरू जस्ता विभिन्न बिषयहरूमा गहन छलफल गर्नुपर्ने आवश्यकता छ । हाम्रो पार्टी छोटो समयमा नै आशातित ढङ्गले विस्तार हुदै छ । यो विस्तारको साथसाथै हाम्रो पार्टीलाई नेपालको कम्युनिष्ट आन्दोलनको गुणात्मक रुपले नै अगुवा पार्टीको रुपमा, गुणात्मक रुपले नै नयाँ इकाईको रुपमा तथा एउटा अग्रगन्य समूहको रुपमा हामीले स्थापित गर्न सक्नुपर्छ र त्यसको लागी हाम्रो मात्रात्मक विकासको मात्र होइन हाम्रो गुणात्मक विकासलाई अर्थात पार्टीको वैचारिक सैद्धान्तिक विकासलाई अझ बढी हामीले ध्यान दिनुपर्छ । खास गरीकन यतिवेला हाम्रो सामु रहेका जुन सैद्धान्तिक चुनौतिहरू छन् ती सैद्धान्तिक चुनौतिहरू या सैद्धान्तिक प्रश्नहरूको बारेमा हामीले हाम्रा धारणालाई गहिरो बनाएर अघि बढ्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसै कारणले मैले केही सैद्धान्तिक विषयहरू तपाईहरू समक्ष राख्न खोजेको छु ।

**नेपाली क्रान्तिका दुई चरण**

सवैभन्दा पहिलो कुरा भनेको नेपाली क्रान्तिकै बारेमा चर्चा गर्न चाहान्छु । नेपाली क्रान्ति दुइओटा चरण वाट अगाडि बढ्छ । पहिलो हो पुँजीवादी जनवादी क्रान्तिको चरण र दोस्रो समाजवादी क्रान्तिको चरण । यो दुईटै चरण

पुरा भएपछि मात्र नेपाली क्रान्ति पुरा हुन्छ र हामी समाजवाद निर्माणको दिशातर्फ अगाडि वढ्छौ । यसकारणले अहिले हामीले नेपालमा पहिलो चरण, पुँजीवादी जनवादी क्रान्तिको चरण सम्पन्न गरिसक्यौँ र समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ चरणमा प्रवेश गरेका छौँ । यो नेपाली क्रान्तिको नितान्त नयाँ चरण हो । यो नयाँ चरणमा हामीले नेपाली समाजको ठोस वास्तविकता पत्ता लगाउनु पर्छ । ती बास्तविकताहरूको गहिरो गरि अध्ययन, विश्लेषण र संश्लेषण गरेर मार्क्सवाद लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई या विश्वव्यापी सच्चाइहरूलाई नेपाली क्रान्तिको दोस्रो चरणको वास्तविकतासँग मिलान गर्दै हामीले समाजवादी क्रान्तिका नयाँ कार्यदिशा, नीति, सिद्धान्त र लक्ष्य निर्धारित गर्दै अगाडि वढ्नुपर्ने अवस्था छ । क्रान्तिको यो दोस्रो चरणलाई सफलतार्पूवक अगाडि बढाउने पार्टी अब नेकपा (एकीकृत समाजवादी) पार्टी नै हो भन्ने कुरा हामीले गहिरो गरि बुझ्नुपर्छ । यस्तो पार्टीले मात्रै नेपाली क्रान्तिलाई विजयसम्म पुऱ्याउन र नेपाली जनतालाई समृद्धिको उचाईमा पनि पुऱ्याउन सक्छ ।

**नेपाली क्रान्तिको नयाँ धरातल**

दोश्रो कुरा, यतिबेला नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्ति एउटा नयाँ मोडबाट अगाडि बढ्दैछ । हामीले क्रान्तिको पहिलो चरण पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेका छौ । नेपालको आफनै मौलिक ढङ्गले, विशिष्ट ढङ्गले हामीले नेपाली जनवादी क्रान्ति अर्थात पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेका छौ । त्यसैले अब नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ धरातलबाट अगाडि बढाउनुपर्ने आवश्यकता छ । यो नयाँ धरातललाई हामीले गहिरिएर बुझ्न जरुरी छ । मार्क्सवाद लेनिनवादलाई आजको वास्तविकतामा लागु गर्दै समाजवादी क्रान्ति र रुपान्तरणका कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास गरेर मात्र नेपाली क्रान्तिलाई अगाडि बढाउन सकिन्छ । पुरानो क्रान्तिको धरातलमा उभिएर समाजवादी क्रान्तिलाई अघि बढाउन सकिन्नँ । त्यसैले अब दोस्रो चरणको क्रान्तिलाई समग्र रुपले अघि बढाउन नयाँ मानसिकताका साथ हामी सबैले आफुलाई तम्तयार पार्नुपर्छ ।

**कम्युनिष्ट समूहको मापदण्ड**

नेपाली समाजको यो नयाँ युगमा कस्ता समूहहरू वास्तवमा कम्युनिष्ट समूह हुन सक्छन् । हामीले यो कुराको बारेमा पनि गम्भिरतापूर्वक सोच्नुपर्दछ । हामी हिजो के भन्थ्यौ भने जुन समूह मार्क्सवाद लेलिनवादलाई मार्गदर्शक सिद्धान्तको रुपमा मान्छ, जुन समूह सामन्तवाद दलाल नोकरशाह पुँजीवाद र साम्राज्यवादको विरोध गर्छ र जुन समूह जनवादी क्रान्तिलाई अगाडि बढाउनको लागिप्रतिवद्ध छ त्यस्ता समूहहरूलाई हामीले कम्युनिष्ट समूह मान्ने गरेका थियौ । अव हामी एउटा नयाँ चरणमा आयौ । यो चरणमा आउँदा एउटा नयाँ ऐतिहासिक परिस्थिति छ । कम्युनिष्ट आन्दोलनमा अहिले पनि अनेकौ समूहहरू छन् । उनीहरू सबैले आफुलाई सच्चा कम्युनिष्ट समूह ठान्छन् । तर अहिलेको ठोस बस्तुस्थितिमा कस्ता समूहलाई कम्युनिष्ट समूह भन्न सकिन्छ । अथवा कम्युनिष्ट समूह मान्ने मापदण्ड के हुनुपर्छ ? हामीले यस कुरामा पनि स्पष्ट भएर अघि बढ्नुपर्छ । यस बारेमा विचार गर्दा सबभन्दा पहिलो, मार्क्सवाद लेनिनवादलाई मार्गदर्शन सिद्धान्त मान्ने, दोश्रो दलाल पुँजीवाद, सामाज्यवाद र प्रभुत्ववादको विरोध गर्ने । तेस्रो, वैज्ञानिक समाजवाद स्थापना गर्नको निम्ति समाजवादी क्रान्ति र रुपान्तरणको बाटोमा दृढतापूर्वक लाग्ने । यी तिनवटा कुराहरू दृढतापूर्वक पालन गर्ने समूहहरूलाई अहिलेको वस्तुगत परिस्थितिमा कम्युनिष्ट समूह मान्नुपर्ने हुन्छ । यद्यपि यति मानिसकेपछि पनि कतिपय कार्यनीतिका कुराहरूमा वा नीतिका कुराहरूमा मतभिन्नताहरू हुन सक्छन् । तर यी आधारभूत तीनवटा कुराहरू मानेको खण्डमा कम्युनिष्ट समूह मानेर हामीले अघि बढ्नुपर्ने हुन्छ । यस्ता कम्युनिष्ट समूहहरूसँग शुरुदेखि नै कार्यगत एकता कायम गरेर अघि बढ्न सकिन्छ । यस्ता समूहहरूसँग वैचारिक राजनीतिक एकता प्राप्त गदै क्रमशःपार्टी एकता गर्ने दिशामा पनि अघि बढ्न सकिन्छ ।

**हाम्रो विद्रोहका कारणहरू**

अव यही सिलसिलामा नेकपा (एमाले) के थियो ? र हामीले किन विद्रोह गर्नुपऱ्यो ? भन्ने कुरालाई विश्लेषण गरौ । वास्तवमा पछिल्लो कालसम्म आइपुग्दा एमाले नेतृत्व गुट दक्षिणपन्थी समूहमा परिणत भयो । त्यो दक्षिणपन्थी भड्काउमा यति तलसम्म गिर्दै गयो कि एउटै पार्टी भित्र रहेर काम गर्न प्रायः

असम्भव जस्तो भयो । त्यसले गर्दा हामीले विद्रोहको बाटो लिन बाध्य हुनुपऱ्यो । अब म हामीले विद्रोह गर्नुका केही ठोस कारणका बारेमा विश्लेषण गर्न चाहन्छु ।

१. पार्टीको नेतृत्वमा के.पी ओलीको दक्षिणपन्थी गुटले कब्जा गरेको हुनाले ।
२. त्यो गुटले पार्टीव्यापी रुपमा गुटबन्दीपूर्ण क्रियाकलाप गर्ने र असल कार्यकर्तालाई पाखा लगाउने काम गरेको हुनाले ।
३. पार्टीको क्रान्तिकारी वैचारिक- राजनीतिक कार्यदिशा परित्याग गरेकाले ।
४. पार्टीको क्रान्तिकारी विकास र रुपान्तरण ठप्प पारिएकाले ।
५. मुलुकमा पुँजीवादी -जनवादी क्रान्ति सम्पन्न भएको कुरालाई स्वीकार गर्न नसकेको हुनाले ।
६. मुलुक समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ युगमा आएको कुरालाई अस्वीकार गरेको हुनाले ।
७. नेपाली जनताले विगत चुनावमा दुई तिहाई बहुमत दिई मुलुकको समृद्धितिर अघि बढ्न दिएको जनादेशप्रति कुठाराघात गरेकाले ।
८. एकीकृत भइसकेको नेकपालाई "उत्प्रेषणको आदेश" गराएर पुनः विभाजन गरी एमाले नेतृत्वमा एकाधिकार चलाउन खोजेकाले ।
९. पार्टीव्यापी रुपमा व्यक्तिवादलाई,व्यक्ति स्वार्थलाई पदलोलुपतालाई, गुटवादितालाई लगातार प्रोत्साहित गरी कार्यकर्तालाई समेत अधपतनतिरउन्मुख पार्न थालेकाले ।
१०. चुनावी घोषणापत्रलाई निर्ममतापूर्वक अस्वीकार गर्ने र लत्याउने काम गरेकाले ।
११. पार्टीले आन्तरिक सुधारका निम्ति गरेका सर्वसम्मत निर्णयहरूलाई समेत कार्यान्वयनमा गर्न अस्वीकार गरेको हुनाले ।
१२. नेपाली क्रान्तिको विकास, वर्तमान अवस्था, नेपाली समाजको चरित्र, पार्टीको लक्ष्य, पार्टीको मार्गदर्शक सिद्धान्त जस्ता आधारभूत महत्वका सवालमा दक्षिणपन्थी औसरवादी अडान लिएर पार्टीलाई दिशाविहीन बनाएको हुनाले ।

१३. सरकारलाई पार्टीबाट कथित स्वायत्तताको नाउँमा अलगथलग पार्दै मुलुकलाई उदार पुँजीवादी दिशातिर नै लगेको हुनाले ।
१४. केन्द्रीय प्रशासनलाई झन्झन् केन्द्रीकरण गर्दै निरङ्कुश शासन चलाउन सुरु गरेकाले ।
१५. मुलुकको संविधान, ऐन कानुन र विधि विधानलाई समेत कुल्चिने काम गरेकाले ।
१६. दुईदुई पटक संसद विघटन गरेर राजनीतिक समस्या समाधान गर्ने राष्ट्रिय जनप्रतिनिधि सभालाई नै ध्वस्त पार्न थालेकाले ।
१७. मुलुकमा रहेका वामपन्थी शक्तिहरूसँगको एकतालाई तोड्दै र उनीहरूले गरेको योगदानलाई समेत अस्वीकार गर्दै आफ्नो सरकार टिकाउन देशका चरम दक्षिणपन्थी शक्तिहरूसँग साँठगाँठ बढाउँदै त्यस्ता शक्तिलाई ठुलाठुला सहुलियत दिँदै कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनले प्राप्त गरेका उपलब्धिहरूलाई ध्वस्त पार्न थालेकाले ।
१८. मुलुकको स्वाभिमान र कुटनीतिक मर्यादालाई तोडी विदेशी गुप्तचर संस्थाका प्रमुखहरूसँग अस्वाभाविक रूपमा गुप्त भेटघाट गर्ने, त्यस सम्बन्धमा पार्टी नेताहरू वा नेतृत्वदायी कमिटीलाई पनि जानकारी नदीई गुप्त सम्झौता र समझदारी गर्ने आपत्तिजनक काम गर्न थालेकाले ।
१९. यी सबै घटनाक्रमहरू अघि बढ्न थालेपछि भित्र बसेर पार्टीलाई सुधार गर्ने र पुनर्गठन गर्ने सम्भावनाहरू समाप्त पारिएको हुनाले ।

हामीले यो ऐतिहासिक विद्रोह गर्नु परेको हो । यो विद्रोह पछि देशको समग्र राजनीतिक स्थितिमा नै ठुलो परिवर्तन आएको छ ।

**विद्रोह के लाई भनिन्छ ?**

अव विद्रोह भनेको के हो त ? विद्रोह हामीले किन गऱ्यौ ? यसलाई कतिपयले पार्टी विभाजन गरेको भने । कतिपयले पार्टी फुटाएको भने । कतिपयले पार्टी चोइटाएको भने । अनेकौले अनेक ढङ्गले भने । तर यो एउटा विद्रोह हो र यो एउटा वैचारिक क्रान्ति हो ।

- विद्रोह जहिलेपनि यथास्थितिवाद र पश्चगमनका विरुद्ध हुन्छ ।
- विद्रोह जहिले पनि नबिनताका निम्ति हुन्छ । नवीन कुराहरूको खोज र त्यसको लागि विद्रोह हुन्छ ।
- विद्रोह जहिले पनि नयाँ सिर्जनाको निम्ति हुन्छ, हामी नयाँ सिर्जनाको लागि विद्रोह गरिरहेका छौ ।
- विद्रोह जहिले पनि अग्रगतिको बाटोमा वाधा विध्न पुऱ्याउने शक्ति र प्रवृतिका विरुद्ध हुन्छ
- विद्रोह जहिले पनि क्रान्तिकारी परिवर्तनका निम्ति हुन्छ । हामीले क्रान्तिकारी परिबतर्नका निम्ति विद्रोह गरेका हौ ।
- विद्रोह जहिले पनि पुरानो प्रणाली र पद्धतिलाई तोडेर नयाँ प्रणाली र पद्धति विकास गर्नका लागि हुन्छ ।
- त्यसैले हाम्रो विद्रोह एउटा न्यायपूर्ण विद्रोह हो, प्रगतिशील विद्रोह हो, क्रान्तिकारी विद्रोह हो र यो औचित्यपूर्ण विद्रोह हो ।

  यो विद्रोहमार्फत हामीले दक्षिणपन्थी अवसरवाद, गुटवाद, व्यक्तिवाद, अहंकारवाद, विर्सजनवाद र राष्ट्रिय आत्मसर्मपणवाद आदिलाई अस्वीकार गरेर एउटा क्रान्तिकारी मार्क्सवादी कार्यदिशा, नीति, सिद्धान्त र लक्ष्य लिएर हामी समाजवादतर्फ अगाडि बढ्ने संकल्प गरेका छौ । त्यसैले यो एकदमै न्यायपूर्ण विद्रोह हो । प्रगतिशील विद्रोह हो । नेपाली क्रान्तिको आवश्यकताअनुरुपको विद्रोह हो । यसरी मात्रै नेपालमा नयाँ ढङ्गले हामी समाजवादी क्रान्ति र रुपान्तरणको बाटोमा अगाडि बढाउन सकिने भएकोले हामीले विद्रोह गर्नुपऱ्यो ।

**आफैले बनाएको सङ्गठनका विरुद्ध विद्रोह**

कमरेडहरू कहिलेकाहीँ आफैले बनाएको सङ्गठनका विरुद्ध विद्रोह गर्नुपर्ने आवश्यकता पर्दछ । यो अहिले हामीलाई आवश्यकता परेको मात्रै होइन । कम्युनिष्ट आन्दोलनमा धेरै पटक यस्तो आवश्यकता आईपरेको छ । म एक दुईवटा उदाहरणहरू तपाईहरूलाई दिन चाहन्छु । मार्क्स र एंगेल्सले सम्पूर्ण मजदुरहरूलाई एक बनाउनको लागि पहिलो अन्तराष्ट्रिय(१८६४-१८७२) गठन

गर्नुभयो । त्यसको घोषणापत्रको रुपमा कम्युनिष्ट पार्टीको घोषणापत्र पनि प्रकाशित गर्नुभयो । तर त्यो अगाडि बढ्दै जाँदा उक्त अन्तर्राष्ट्रियमा यस्ता दक्षिणपन्थी र सुधारवादीहरू त्यो सङ्गठनमा आए जसले नेतृत्व पुरै कब्जा गरे र मार्क्स एंगेल्सले तयार गरेको कम्युनिष्ट पार्टीको घोषणापत्रको प्रचारप्रसार गर्न समेत रोक लगाउन थाले । मार्क्स एंगेल्सले अगाडि सारेको क्रान्तिकारी विचारहरू प्रचारप्रसार गर्न नसकिने भयो । त्यस्तो हुन थालेपछि मार्क्स आफैले यो अन्तराष्ट्रिय अव काम लाग्दैन, यो अवसरवादीहरूको सङ्गठन भयो । यसलाई विघटन गर्नुको विकल्प छैन भनेर सन् १८७२ मा विघटन गर्नुभयो । आफैँले बनाएको अन्तराष्ट्रियको मार्क्सलाई माया थिएन र ? माया थियो नि । तर त्यो गलत दिशामा गएपछि र त्यसले केही काम गर्न नसक्ने अवस्था देखापरेपछि त्यसको विघटन गरियो ।

ठिक त्यसरी नै एंगेल्सले १८९५तिर दोश्रो अन्तराष्ट्रिय बनाउनुभयो । पहिलेका औसरवादीहरूलाई हटाएर एंगेल्सले दोश्रो अन्तराष्ट्रिय बनाउनुभयो । त्यो दोश्रो अन्तराष्ट्रियमा पहिलो अन्तराष्ट्रियभन्दा तुलनात्मक रुपले क्रान्तिकारी पार्टीहरू जम्मा भए र युरोपमा कम्युनिष्ट आन्दोलन निकै राम्ररी फैलियो पनि । त्यसले विभिन्न देशमा सामाजिक जनवादी आन्दोलनहरू अघि बढाउँदै थियो । तर त्यो बेलासम्म कम्युनिष्टहरूमा कस्तो धारणा थियो भने त्यति बेलाको पुरै युरोपमा एकैचोटी क्रान्ति हुन्छ । वास्तवमा पुरै युरोपले त्यतिबेला सिङ्गो विश्व कब्जा गरेको थियो । एसिया, अफ्रिका, ल्याटिन अमेरिकाका अधिकांश देशहरू युरोपका उपनिवेशहरू थिए । त्यसकारण युरोपमा क्रान्ति भयो भने सिङ्गो संसारमा क्रान्ति हुन्छ भन्ने खालको अवधारणा त्यतिबेला बिद्यमान थियो । त्यो अवधारणाअन्तर्गत नै दोश्रो अन्तराष्ट्रिय अगाडि बढिरहेको थियो । तर जव लेनिनले रुसमा सामाजिक जनवादी पार्टी बनाउनुभयो र मार्क्सवादलाई रुसको वास्तविकतामा लागु गर्ने ठोस प्रयत्न स्वरुप वहाँले त्यतिबेलाको अन्तराष्ट्रिय परिस्थितिको र तत्कालीन रुसको ठोस विश्लेषण गर्दै अगाडि बढ्न थाल्नु भयो तब वहाँले के देख्नु भयो भने पुरै युरोपमा होइन जहाँ अन्तरविरोधहरू सवैभन्दा बढि केन्द्रित छन् र साम्राज्यवादको कडी जुन ठाउँमा कमजोर छ, त्यस्तो देशमा

पहिला क्रान्ति हुन्छ। एउटै देशमा पनि क्रान्ति हुन सक्छ। रुसमा नै त्यो पहिलो क्रान्ति हुन सक्छ। यस्तो नयाँ अवधारणा लेनिनले अगाडि सार्नुभयो। लेनिनले अगाडि सारेको यो अवधारणालाई दोस्रो अन्तराष्ट्रियका नेताहरूले अवसरवादी र मार्क्सवादविरोधी भनेर अस्वीकार गरे। त्यसले गर्दा दोश्रो अन्तराष्ट्रियको नेतृत्वले रुसी क्रान्तिलाई सहयोग गर्न सक्ने र सर्मथन गर्नसक्ने पनि अवस्था भएन। त्यस्तो अवस्थामा लेनिनले फेरि दोश्रो अन्तराष्ट्रियका विरुद्ध अर्को विद्रोह गर्नुभयो। उहाँले रुसको क्रान्तिलाई अलग ढङ्गले स्वतन्त्रतापूर्वक अगाडि बढाउनुभयो। लेनिनको सही वैचारिक– राजनीतिक नेतृत्व पाएर रुसमा क्रान्ति तीब्रताका साथ अघि बढ्दै गयो। आखिर १९१७ मा पुगेपछि महान अक्टोबर समाजवादी क्रान्ति नै सम्पन्न भयो। जसले विश्वलाई नै समाजवादी विश्व क्रान्तिमा उठाउने काम गऱ्यो। त्यो क्रान्ति सम्पन्न भैसकेपछि १९१८ मा आएर लेनिनले तेस्रो अन्तराष्ट्रिय गठन गर्नुभयो।दोश्रो अन्तराष्ट्रिय र त्यसमा संलग्न पार्टीहरू त्यतिकै छेउ किनारा लागेर बिलीन हुन वा रुपान्तरित हुन बाध्य भए। आन्दोलनको विकासमा यस्तो हुने गर्छ। कहिलेकाही आफैले बनाएको सङ्गठनका विरुद्ध विद्रोह गर्नुपर्ने स्थिति आउँछ। यो विश्व कम्युनिष्ट आन्दोलनको विकासको नियम नै हो। यो नियम सबै देशमा पनि लागु हुन्छ।

**हाम्रै आन्दोलनमा विद्रोह**

हाम्रै देशमा हेर्नु भयो भने नेपाल कम्युनिष्ट पार्टी कमरेड पुष्पलालको अगुवाईमा हाम्रा त्यतिबेलाका अग्रज नेताहरूले निर्माण गर्नुभयो। दोश्रो महाधिवेशनसँग पार्टी एकीकृत ढङ्गले नै अघि बढ्दै आयो। दोश्रो राष्ट्रिय महाधिवेशन २०१४ सालमा भयो। कमरेड पुष्पलाल, कमरेड मनमोहन अधिकारी, कमरेड मोहनविक्रम सिंह जस्ता नेताहरूले अगाडि सारेका विचारहरू महाधिवेशनले पारित गऱ्यो। तर केन्द्रिय कमिटिको निर्वाचन गर्दा डा.केशरजंग रायमाझीको नेतृत्वमा बहुमत प्राप्त भयो। डा. केशरजंग रायमाझी पार्टीको केन्द्रिय कमिटिको महासचिव बने। उनले महासचिव बनेपछि विस्तारै विस्तारै पार्टीलाई दक्षिणपन्थी दिशातर्फ लान थाले। २०१५ सालको चुनावमा कतिपय ठाउँमा किसानहरूले सामन्ती जमिन्दारका विरुद्ध लगाएका नाराहरूलाई समेत उग्रवादी भनेर रायमाझी गुटले

आलोचना गर्न थाल्यो । त्यसले गर्दा उक्त नेतृत्वसँग पार्टी नेता र कार्यकर्ताहरूको अन्तरविरोध बढ्दै गयो । २०१७ सालको घटनापछि त रायमाझी गुट पुरै शाही कम्युनिष्टमा रुपान्तरित भए । अब कसरी कम्युनिष्ट पार्टी निर्माण गर्ने भन्ने गम्भीर प्रश्न उठ्यो । हाम्रा नेताहरूका सामु विद्रोहको बाटोबाहेक अर्को विकल्प थिएन । उहाँहरूले विद्रोह गर्ने निर्णय गर्नुभयो र तत्कालीन नेतृत्वको विरुद्ध विद्रोह गरेर वहाँहरू दरभङ्गामा भेला हुनुभयो र दरभङ्गा प्लेनम गर्नुभयो । दरभङ्गा प्लेनम त्यही विद्रोहको प्लेनम हो । त्यो विद्रोहमार्फत नेपाल कम्युनिष्ट पार्टी पुर्नगठित भयो र २०१९ सालमा तेस्रो राष्ट्रिय कङ्ग्रेस गरियो । तर तेस्रो राष्ट्रिय महाधिवेसनले पनि नेपाली क्रान्तिका निम्ति सही कार्यदिशा, नीति र सिद्धान्त विकसित गर्न सकेन । त्यसले गर्दा पार्टीमा विखराव आयो ।

२०२० को दशक नेपाली कम्युनिष्ट आन्दोलनमा असमझदारी, अर्न्तविरोध, फुट विभाजन र विचलनको दशकका रुपमा पार भएर गयो । यद्यपि राष्ट्रियता, लोकतन्त्र, जनजिविकाका सवालहरूमा युवाहरू, विद्यार्थीहरू र किसानका आन्दोलनहरू भने स्वतः स्फुर्त रुपले पनि अघि बढ्दै गए । त्यसले गर्दा २०२० को दशकको अन्त्यतिर आउँदा नेपाली क्रान्तिकारी कम्युनिष्ट युवाहरूको एउटा पंक्ति तयार हुँदै गयो । त्यसबेला पार्टीका विभिन्न नेतृत्वदायी समुहमा दक्षिणपन्थी औसरवाद हाबी भै रहेको थियो । समाजमा विकसित हुदै गएको वर्ग सङ्घर्षको प्रभावले उक्त दक्षिणपन्थी औसरवादका विरुद्ध कार्यकर्ता पंक्तिभित्र विद्रोहको मानसिकता तयार हुँदै गयो । त्यसको सिधा परिणामस्वरुप झापा विद्रोह भयो । त्यो एउटा चर्चित विद्रोह थियो । त्यो दक्षिणपन्थी नेतृत्व र निरकुंश राजतन्त्र दुवैका विरुद्धको विद्रोह थियो । त्यसपछि हामीले २०३२ सालमा “कोअर्डिनेसन केन्द्र” बनयौँ । त्यो पनि विद्रोहबाट नै बनेको नयाँ क्रान्तिकारी केन्द्र थियो । त्यसपछि नै हामीले नेपाली क्रान्तिका सही वैचारिक राजनीतिक कार्यदिशा विकास गर्न सक्यौं र नेपाली कम्युनिष्ट आन्दोलनलाई एकीकृत गदै नेपाली जनवादी क्रान्तिलाई सफलतापूर्वक अघि बढाउन सक्यौं । त्यसरी नै अहिले आएर हामीले आफैले बनाएको पार्टीमा दक्षिणपन्थी औसरवादी के.पी गुटले कब्जा गरेर पार्टी र क्रान्तिलाई प्रतिगमनतर्फ लान थालेकोले त्यसका विरुद्ध

विद्रोह गर्नुपरेको छ । यो आफैमा क्रान्तिकारी विद्रोह हो । यो एउटा वैचारिक क्रान्ति पनि हो ।

**हाम्रो मार्गदर्शक सिद्धान्त :– मार्क्सवाद लेनिनवाद**

- यो नै विश्वव्यापी सच्याइ हो ।
- यो नै मानव समाजको विचार र व्यवहारलाई मार्गदर्शक गर्ने विज्ञान हो ।
- यो नै सिङ्गो विश्व प्रकृति,समाज र विचारलाई हेर्ने, विश्लेषण र संश्लेषण गर्ने विश्व दृष्टिकोण हो ।
- नेपालको जनवादी क्रान्तिलाई मार्गदर्शन गरेको पनि मार्क्र्ससवाद-लेनिनवादले नै हो ।
- नेपालको समाजवादी क्रान्ति र समाजवादी रुपान्तरण गर्ने ऐतिहासिक प्रक्रियालाई निर्देशित गर्ने मार्गदर्शक सिद्धान्त पनि मार्क्सवाद-लेनिनवाद हो ।
- यसमा कुनै बुँदा वा फुदा जोड्न जरुरी छैन
- अरु सबै विशिष्ट. सच्चाईहरू हुन । तिनीहरू विश्वव्यापी सच्चाई होइनन् ।
- मार्क्सवाद –लेनिनवाद.मात्र सामान्य सच्चाई हो । विश्वव्यापी सच्चाई हो । त्यसैले हाम्रो मार्गदर्शक सिद्धान्त हो ।

**नेपाली क्रान्ति** र **जबज को भुमिका**

- ००६ -२०४९ =४३ वर्ष हाम्रो कार्यक्रम नयाँ जनवाद नै थियो ।
- २०४९-२०६३ =१४ वर्ष जनताको बहुदलीय जनवाद कार्यक्रम बन्यो
- नेकपा कार्यकाल २०७५-७८ –जनताको जनवादलाई कार्यक्रम बनाइयो ।
- नेपाली जनवादी क्रान्तिका कार्यक्रमहरू विभिन्न रुपमा आए । नयाँ जनवाद, राष्ट्रिय जनवाद, जनताको जनवाद, लोक जनवाद, एक्काइसौँ शताव्दीको जनवाद वा जनताको बहुदलीय जनवाद ।

- जे नाम दिएपनि यी सबै पुँजीवादी जनवादी कार्यक्रम नै हुन । जबज भनेको यसको सम्पूर्ण सामाजिक आर्थिक संरचनाको दृष्टिले एउटा पुँजीवादी जनवादी कार्यक्रम नै हो ।
- हामीले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्‍यौँ ।
- नयाँ संविधान बनायौँ,त्यसमा जबजका सारतत्व समाहित भएको छ ।
- यो संविधानमा पुँजीवादी र समाजवादी तत्व पनि छन् । तिनीहरूको राम्ररी विश्लेषण गर्नुपर्छ ।
- जबज हाम्रो मार्गदर्शक सिद्धान्त होइन,यो कहिल्यै पनि हाम्रो मार्गदर्शक सिद्धान्त होइन र बनाउन जरुरी पनि थिएन ।
- जबज पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रमको एउटा रुप मात्र हो ।
- अबको हाम्रो कार्यक्रम भनेको वैज्ञानिक समाजवादको कार्यक्रम हो ।

**अब हाम्रो रणनीतिक लक्ष्य – वैज्ञानिक समाजवाद** हो ।

- जनवादी क्रान्तिको रणनीतिक लक्ष्य –नयाँ जनवाद वा जबज थियो ।
- समाजवादी क्रान्तिको रणनीतिक लक्ष्य – वैज्ञानिक समाजवाद हो ।
- यो क्रान्तिको सिङ्गो कालखण्डमा क्रान्तिकारी प्रचार, सङ्गठन र सङ्घर्षका सम्पूर्ण कामहरूलाई वैज्ञानिक समाजवाद प्राप्तिमा केन्द्रित गर्नुपर्छ ।

**समाजवादी क्रान्तिका तीनओटा हतियारहरू** :–

१. **एउटा शक्तिशाली, राष्ट्रव्यापी, जनव्यापी** र **लोकप्रीय क्रान्तिकारी कम्युनिष्ट पार्टी** ।

२. **व्यापक संयुक्त मोर्चा** :
   - मजदुर, किसान, निम्न पुँजीपतिवर्ग, राष्ट्रिय पुँजीपति वर्ग,

देशभक्त र समाजवादी तत्वहरू

– आवश्यकता अनुसार कार्यगत एकता वा राजनीतिक मोर्चा पनि बनाउन सकिन्छ ।

३. **वर्गसङ्घर्ष**

१. दलाल पुँजीवाद र प्रभुत्ववादका विरुद्ध संसदभित्र र बाहिरबाट राजनीतिक, वैचारिक, सैद्धान्तिक सामाजिक, सांस्कृतिक र राष्ट्रियता सम्बन्धि सङ्घर्ष, जनजीविका सम्बन्धि सङ्घर्ष

२. क्रान्तिकारी संसदवादको कार्यनीति अन्तर्गत संसदीय सङ्घर्षलाई अघि बढाउने ।

३. विकास– निर्माणलाई जनता र राष्ट्रका हितमा अघि बढाउने ।

४. एस.पी.पी खारेज गर्न आन्दोलन गर्ने ।

५. शान्तिपूर्ण वर्ग सङ्घर्षलाई विकास गर्दै समाजवादको पक्षमा व्यापक जनमत निर्माण गर्ने ।

**समाजवादी क्रान्ति** र **समाजवादी समाज** ।

– वर्गीय रूपमा पुँजीपति वर्गको सत्ता पल्टिन्छ ।

– समाजमा रहेका शत्रुतापूर्ण वर्गीय अन्तर्रविरोधहरूको अन्त्य हुन्छ ।

– त्यो समाजमा श्रमिक वर्ग, किसान र निम्न पुँजीपति वर्ग रहन्छ, तीनवटा आधारभूत वर्ग रहनेछन् ।

– ठूला उद्यमहरू राजकीय क्षेत्रमा रूपान्तरित हुन्छन् ।

– श्रमिक, किसान र निम्न पुँजीपति वर्गका बिचको सम्बन्ध कहिल्यै शत्रुतापूर्ण हुँदैन, उनीहरू बिच सधैं मित्रतापूर्ण र आपसी सहयोगको सम्बन्ध हुन्छ ।

– यी तिनै वर्गहरू श्रम गरेर खाने वर्ग हरू हुन, उनीहरूका बिच शत्रुता पूर्णप्रतिद्वन्दिता वाप्रातिस्पर्धा हुँदैन ।

– यो वर्ग सम्बन्धको अनिवार्यप्रतिविम्वका रूपमा त्यसबेलाको

राजनीतिक संरचना बन्छ, श्रमिकहरूको लोकतन्त्रको स्थापना हुन्छ र समाजवादी लोकतन्त्रको प्रादुर्भाव हुन्छ । जहाँ बहुदलीय प्रतिस्पर्धाको पनि अन्त्य हुन्छ ।

– समाजवादी लोकतन्त्र, पुँजीवादी लोकतन्त्र भन्दा गुणात्मक रूपले नै उन्नत हुन्छ, त्यो आम श्रमजीवी जनताको लोकतन्त्र हुन्छ ।
– त्यसले आम जनतालाई सबै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पेशागत हक र अधिकारले सुसज्जित गर्छ ।
– समाजवादी लोकतन्त्रले आम जनतालाई राजनीतिक अधिकार, मौलिक अधिकार, बालिग मताधिकारको अधिकार, शक्ति पृथकीकरण, व्यक्तिगत स्वतन्त्रता, शासनमा स्वायत्तता जस्ता सबै कुरा दिन्छ ।
– त्यहाँ पुँजीतन्त्र, धनतन्त्र, नोकरशाही तन्त्र, निंरकुशतन्त्र, पुँजीको एकाधिकार, मुट्ठीभरका हातमा सम्पत्तिको केन्द्रीकरण जस्ता कुराहरू उन्मूलन गरिन्छ ।
– माथिदेखि तलसम्म जनप्रतिनिधि सभाको निर्वाचन गर्ने व्यवस्था हुन्छ । जनताले. हरेक तहमा बालिग मताधिकारका आधारमा आफ्नाप्रतिनिधि चुन्न पाउँछन् ।
– अहिलेको पुँजीवादी लोकतन्त्रमा जस्तो पुँजीतन्त्र, मनि र मसलको तन्त्र तथा अल्पसंख्यकको शासन अन्त्य हुन्छ, वास्तविक बहुसंख्यक जनताबाट अनुमोदित लोकतान्त्रिक शासनको सुरूवात हुन्छ ।
– मुलुकको राष्ट्राध्यक्ष देखि तल्लो एकाईको प्रतिनिधिसभा सबै नै निर्वाचित जनप्रतिनिधिहरू हुन्छन् ।
– समाजवादी कानुनी व्यवस्थालाई सुदृढ गरिन्छ ।

**समाजवादी समाजका चार आधारभूत नीतिहरू :**

१. मार्क्सवाद– लेनिनवादको मार्गदर्शन
२. कम्युनिष्ट पार्टीको नेतृत्व
३. समाजवादी बाटोको अनुशरण

४. साम्राज्यवाद, प्रभुत्ववाद र शक्ति राजनीतिको विरोध

**पार्टी र सरकार बिचको सम्बन्ध**

कम्युनिष्ट पार्टीले आफ्नो चुनावी घोषणापत्रका आधारमा जनताबिच गएर बहुमत प्राप्त गरेपछि जुन सरकार बन्छ त्यो समाजवादी क्रान्ति र रुपान्तरणलाई अघि बढाउने महत्वपूर्ण उपकरण हुन्छ । त्यो उपकरण पार्टीको नीति र निर्देशनअनुरुप चलेन भने त्यो दक्षिणपन्थी भड्काउ मात्र हुँदैन,त्यसले पार्टीमा दुर्भाग्य समेत निम्त्याउँछ । सरकारलाई पार्टीको नीति र निर्देशनअनुरुप सञ्चालन गर्नु हाम्रो कार्यनीतिको एउटा महत्वपूर्ण अंग हो । तर के.पी ओली के भन्छन् भने आम निर्वाचन बाट पार्टीले विजय प्राप्त गरेर सरकार बनाएपछि पार्टीले सरकारलाई "स्वायत्तता" दिनुपर्छ । सरकारले पार्टीका नीति, निर्णय केही पनि पालना गर्नु पर्दैन । त्यो 'स्वायत्तता'का नाउँमा सरकारले मनपरि गर्नसक्छ । त्यसले संसद विघटन गर्न सक्छ ,संविधान कुल्चिन सक्छ र पार्टीका नीति निर्देशन अस्वीकार गर्नसक्छ । यो के.पी ओलीमा प्रकट भएको खतरनाक दक्षिणपन्थी भड्काउ हो । वास्तवमा पार्टीको निर्देशन मान्दैनन् भने कुनै पनि तहका सरकार पार्टीका सरकार हुँदैनन । के.पी गुटले. ४१ महिनासम्म सरकार चलायो । तर त्यो सरकार तत्कालीन एमालेको सरकार रहेन । त्यो के.पी गुटको सरकार मात्र रह्यो । हामीले पार्टीको मार्गदर्शनअनुरुप चल्नुपर्छ भन्यौं । तर उनले ती कुरालाई ठाडै अस्वीकार गरे । पार्टीबाट निर्वाचित भएको कुनै पनि सरकारले पार्टीको नीतिगत मार्गदर्शनहरू मान्नुपर्ने, पार्टीसँग परामर्श, सरसल्लाह गर्नुपर्ने र पार्टीले गरेका निर्णयहरूलाई लागु गर्नुपर्ने हुन्छ । पार्टीको नेतृत्वमा र मार्गदर्शनमा सरकार सञ्चालन गर्ने कार्यविधिमा हामी दृढ हुनुपर्दछ । यो जुनसुकै देशमा पनि लागु हुन्छ । यो नै सही मार्क्सवादी कार्यनीति हो । हामीले मात्र होइन अधिकांश बुर्जुवा पार्टीहरूले पनि विश्वमा त्यसै गर्छन् । हामीले आगामी दिनमा तीनवटै तहका सरकारहरू पार्टीको नीतिगत निर्देशनका आधारमा परिचालन गर्नुपर्छ ।

**क्रान्तिकारी संसदवादको कार्यनीति**

नेपाली समाजमा यतिबेला पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएपछि नयाँ

संविधान बनेको छ। त्यो संविधानले मूलतः पुँजीवादी लोकतन्त्रलाई संस्थागत गरेको छ। यो पुँजीवादी लोकतन्त्र जनताको बहुदलीय जनवादले समेत भनेजस्तै मूलतः संसदीय लोकतन्त्रका रूपमा स्थापित छ। जनताका निर्वाचितप्रतिनिधिहरूले आफ्ना विचारहरू व्यक्त गर्ने अब तीन तहका सभाहरू छन् । सङ्घीय स्तरमा, प्रतिनिधि सभा र राष्ट्रिय सभा, प्रादेशिक स्तरमा प्रदेश सभा र स्थानीय तहमा पालिका सभाहरू हाम्रा जनप्रतिनिधि सभाका रूपमा रहेका छन् । यी सभाहरू तीन तहकै संसद हुन । तिनीहरू आम जनताबाट आवधिक रुपले निर्वाचित हुने गर्छन ।

हामीले समाजवादको रणनीतिक लक्ष्य हासिल गर्नका निम्ति यी तीनै तहका लोकतान्त्रिक निर्वाचनहरूमा अधिकतम रुपले भाग लिनुपर्छ । ती सभाहरूमा बहुमत प्राप्त गर्नुपर्छ र ती सभाहरूबाट जनमुखी र समाजवादमुखी नीति, कार्यक्रम, बजेट र योजनाहरू लागु गर्दै मुलुकलाई क्रमशः समाजवादतिर अघि बढाउनुपर्छ । आफूले बहुमत प्राप्त नगरेर अल्पमतमा भएपनि हामीले ती मञ्चहरूमार्फत समाजवादी नीति, कार्यक्रम, बजेट र योजनाहरूका पक्षमा व्यापक रुपले प्रचार अभियान चलाउनुपर्छ । वैज्ञानिक समाजवादको दिशामा अघि बढ्नबाट रोक्ने शक्ति र प्रवृत्तिका विरुद्ध दरो भण्डाफोर अभियान चलाउनु पर्छ । यी सभाहरूका निर्वाचनमा भाग लिने, सकभर बहुमत प्राप्त गर्ने, जनता, राष्ट्र र समाजवादका पक्षमा नीति र कार्यक्रमहरू अघि सार्ने तिनीहरूलाई लागु गर्ने, जनता र राष्ट्रलाई क्रमश समाजवादतिर अघि बढाउने कार्यनीति लिएर मात्र संसदीय मञ्च वा जनप्रतिनिधि मञ्चहरूलाई सही ढङ्गले उपयोग गर्न सकिन्छ।

उपरोक्त कार्यनीतिलाई प्रयोग गरिरहँदा हामीले संसददेखि संसदसम्म वा चुनावदेखि चुनावसम्मको पुँजीवादी संसदवादको कार्यनीतिसँग होसियार रहनु पर्छ। हाम्रो देशमा र विश्वमा पनि बुर्जुवा पार्टीहरूको कार्यनीति त्यही नै हुन्छ। यो बुर्जुवा संसदवादको कार्यनीति हो । हामीले प्रत्येक चुनावलाई र त्यसमार्फत जनप्रतिनिधि सभामा जीत हासिल गर्ने र सरकार बनाउने कुरालाई कार्यनीतिक लक्ष्यका रुपमा लिनु पर्दछ । यस्ता कार्यनीतिक लक्ष्यहरू अनेक पटक दोहोरिन सक्छन् । तर ती सबै कार्यनीतिक लक्ष्यहरू वा कार्यनीतिक अभियानहरू हाम्रो

पार्टी र क्रान्तिको राजनीतिक लक्ष्य समाजवाद स्थापना गर्ने कुराका अभिन्न अंगहरू हुन । समाजवाद स्थापना गर्ने रणनीतिक लक्ष्यसँग जोडेर अथवा त्यसको अभिन्न अङ्ग बनाएर संसदीय सङ्घर्षलाई अघि बढाउने कुरा नै हाम्रो क्रान्तिकारी संसदवादको कार्यनीति हो । यो लेनिनवाद कार्यनीति पनि हो । हामीले क्रान्तिकारी संसदवादको कार्यनीतिलाई क्रान्तिको सिङ्गो कालभरी कहिल्यै पनि भुल्नु हुँदैन ।

यो कार्यनीतिका मातहत हामीले पार्टी सङ्गठनलाई हर जिल्ला, हर पालिका, हर वार्ड, हर टोल, गाँउ, बस्ती, कारखाना र संस्थाहरूमा व्यापक रुपले विस्तार गर्नुपर्छ । पार्टीका वरिपरि विभिन्न वर्गीय सङ्गठनहरूको सञ्जाल राष्ट्रव्यापी रूपमा विस्तार गर्नुपर्छ । पार्टीका नीति कार्यक्रमहरू र मुलुकका सामु उपस्थित विभिन्न सामाजिक आर्थिक तथा अन्य सवालहरूमा जनस्तरमा व्यापक बहस गराउनुपर्छ । विभिन्न वर्ग वा समुदायका आन्दोलनहरूलाई पनि अघि बढाउनुपर्छ । यसरी संसदभित्र र बाहिरका सङ्घर्षहरूलाई समन्वय गर्दै मुलुकमा समाजवादका पक्षमा एउटा विराट जनमत निर्माण गर्नुपर्छ र निर्वाचनमार्फत श्रमिक वर्गको समाजवादी सरकार बनाएर मुलुकलाई समाजवादतिर संक्रमण गराउन ठोस प्रदान गर्नु पर्छ ।

**गुटबन्दी मुक्त पार्टीको आवश्यकता**

हामीले हाम्रो पार्टीलाई सुरुदेखि नै सबै प्रकारका गुटबन्दीपूर्ण क्रियाकलापहरूबाट मुक्त राख्न सक्नुपर्दछ । हामीले बुझ्नु पर्छ, एमालेबाट सरेर आएका धङधडी अझै पनि हाम्रो पार्टीमा बिद्यमान छन् । ती धङधङगीहरू माथिदेखि तलसम्म छन् । ति धङ्धङीहरूबाट पार्टीलाई पूर्ण रुपले मुक्त पार्दै एकीकृत, नीतिनिष्ट, सिद्धान्तनिष्ट र विधिनिष्ट पार्टी निर्माण गर्ने कुरामा हामी दृढतापूर्वक लाग्नुपर्दछ । सुरुदेखी नै तपाई हामीले कुनै पनि रुपमा गुटबन्दी हिजो कसरी भए भन्ने बारेमा राम्ररी शिक्षा लिएर अघि बढ्न सक्नुपर्छ । हामीले गुट बनाउने होइन्,पार्टीलाई चाँही एउटा साच्चिकै स्वास्थ्य, सभ्य, एकीकृत, अनुशासित र गतिशील कम्युनिष्ट पार्टीको रुपमा विकास गर्नुपर्छ । एकमना एकता भएको कम्युनिष्ट पार्टीको रुपमा विकास गर्ने कुराहरूमा हामी दृढतापूर्वक लाग्नुपर्दछ । तब मात्रै एउटा नयाँ किसिमको

क्रान्तिकारी मार्क्सवादी पार्टी निर्माण गर्न सक्छौ ।

**जनवर्गीय सङ्गठनहरूको नयाँ स्वरुप**

त्यसैगरी कमरेडहरू अर्को एउटा महत्वपूर्ण कुरा के छ भने हामीले जतिपनि वर्गीय सङ्गठनहरू बनाएका छौ । ती वर्गीय सङ्गठनहरू हिजो जनवादी क्रान्तिको कालखण्डमा हामीले निर्माण गरेका छौ । त्यतिबेला सवै वर्गीय सङ्गठनहरूलाई हामीले के भन्यौं भने यी सबै वर्गीय सङ्गठनहरू कम्युनिष्ट सङ्गठन त होइनन, विभिन्न वर्ग वा समुदायका सङ्गठनहरू हुन । यस्ता प्रत्येक सङ्गठनले देशभक्त हुनुपर्दछ, लोकतान्त्रिक हुनुपर्दछ र प्रगतिशील हुनुपर्दछ भनेर हामीले भन्यौ । अव युग बदलियो । हामी समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ युगमा आयौ । त्यसकारण ती सबै वर्गीय सङ्गठनहरूलाई हिजोका कुराले मात्र पुग्दैन । ती सङ्गठनहरू अहिले पनि लोकतान्त्रिक त हुनै पर्‍यो । देशभक्त पनि हुनैपर्‍यो । प्रगतिशील पनि हुनै पर्‍यो । तर अव समाजवादी पनि हुनुपर्छ । समाजवादतर्फ अगाडि बढ्ने नयाँ जनशक्तिको रुपमा हामीले ती वर्गीय र सामुदायिक सङ्गठनहरूलाई रुपान्तरण गरेर अगाडि बढाउनुपर्दछ ।

**स्थानीय तहमा पार्टी बिस्तार**

त्यस्तै पार्टीले यतिबेला पालिका कमिटिहरूको विस्तार गर्ने, वडा कमिटिहरूको विस्तार गर्ने र पार्टी सदस्यताको निम्ति देशव्यापी रुपमा एउटा अभियान सञ्चालन गर्ने कुरामा विशेष जोड दिनु जरुरी छ । अहिले देशव्यापी रुपमा पालिका कमिटिहरू बनेका छन् । वडा कमिटिहरू बिस्तार गर्ने प्रक्रिया पनि अघि बढिरहेको छ । त्यसरी नै पार्टी सदस्यता ड्राइभ गर्ने कुराहरूमा हामीले एकदमै चाँडोचाँडो अघि बढ्नुपर्छ । एउटा शक्तिशाली र व्यापक जनआधारित क्रान्तिकारी पार्टी निर्माण आजको आवश्यकता हो ।

**पार्टीको कार्यशैलीमा सुधार**

हामीले पार्टीको कार्यशैलीमा व्यापक सुधार गर्नुपर्दछ । जनता र राष्ट्रको सेवा गर्नु नै हाम्रो पार्टीको मुख्य काम हो । हामी सवैको मुख्य काम पनि त्यही नै हो । त्यसकारण जनसेवाको भाबनाले हामीले सिङ्गो पार्टी पद्धतिलाई

उठाउनुपर्दछ ।आफुले आफुलाई उठाउनुपर्दछ । सिद्धान्त र ब्यवहारविचको एकरुपता नै हाम्रो कार्यशैलीको सबैभन्दा महत्वपूर्ण कुरा हो । यो कुरालाई हामीले कहिल्यै भुल्नु हुँदैन । सिद्धान्तमा हामी जे गर्छौ, ब्यवहारमा त्यही गर्नुपर्ने हुन्छ । अथवा जे बोल्छौ त्यो गर्छौं । यस्तो कार्यशैलीलाई हामीले दृढतापूर्वक स्थापित गरेर जानुपर्दछ र सबैले आम जनता र कार्यकतासँग घनिष्ट सम्बन्धलाई कायम राख्न सक्नुपर्छ । पार्टी र जनता बिचको सम्बन्ध भनेको माछा र पानीको जस्तो सम्बन्ध हुनुपर्दछ । त्यसो भयो भने मात्रै जनतालाई हामीले निरन्तर मार्गदर्शन गरिहने अवस्था हुन्छ । आलोचना र आत्मालोचनालाई पार्टीभित्र देखापर्ने गलत चिन्तन र प्रवृतिलाई बढारकुढार गर्ने वैज्ञानिक अस्त्रका रुपमा हामीले प्रयोग गर्नुपर्दछ । निकै लामो कालदेखि हाम्रो आन्दोलनमा यो कुरा गायव बनाइएको छ । नेकपा एमालेमा गायबै भयो । अलि पहिलासम्म त्यो पार्टीमा यो कार्यशैली थियो । नेकपा माले हुञ्जेल यो कार्यशैली थियो । नेकपा एमाले भए पछि पनि केही अवधिसम्म यो कार्यशैली थियो । तर नवौं राष्ट्रिय महाधिवेशन पछि त्यो गायब भयो । यो हाम्रो पार्टीको कार्यशैलीको अत्यन्त महत्वपूर्ण अंग हो । पार्टीभित्र ऐँजेरु जम्न नसकोस् भनेर, फोहोरमैला जम्न नसकोस भनेर, विकार विकृति थुप्रो नलागोस भनेर हामीले वैचारिक शुद्धीकरण गर्ने काममा लागिरहनु पर्दछ । जसरी हामी घर हरेक दिन उठेर बढार्छौ त्यसैगरी पार्टीभित्र पनि बढारकुडार गरिरहनु पर्ने हुन्छ । पार्टी भित्रको बढारकुडार भनेको आलोचना र आत्मआलोचना हो । त्यसकारण हामीले यो कुरालाई हाम्रो कार्यशैलीको अभिन्न अंग बनाएर लानुपर्दछ । अहिले हामी तीब्र वर्ग संर्घषको वस्तुगत परिवेशमा काम गरिरहेका छौ । समाजमा वर्ग संर्घष जति तीब्र हुन्छ, पार्टीभित्र त्यसको प्रतिविम्व स्वरुप सही र गलत विचार चिन्तन र प्रवृतिका बिचको सङ्घर्ष पनि तीब्र हुन्छ । यो सामान्य नियम हो । तर हामीले पार्टीभित्र उत्पन्न हुने गलत विचार, चिन्तन र प्रवृतिका विरुद्ध अबिराम सङ्घर्ष सञ्चालन गरि नै रहनुपर्ने हुन्छ । नत्र पार्टीको विकास र वैचारिक रुपान्तरण रोकिन पुग्छ । त्यो रोकियो भने केशरजङ्ग रायमाभी र के.पी ओली जन्मिन पुग्छन् र पार्टीलाई ठुलो नोक्सानी गर्न पुग्छन् । वैचारिक रुपान्तरण रोकियो भने खेत बारीमा पानीको

बाढी पसे झैं पार्टी भित्र बुर्जुवा विचारहरूको बाढी पस्न थाल्छ । त्यो बुर्जुवा विचारका बाढीले पार्टीभित्रका कैयौं नेता कार्यकर्तालाई समेत नकारात्मक दिशामा रुपान्तरण गर्छ र दक्षिणपन्थी के.पी गुटहरू तयार गर्छ । त्यस्ता गुटले पार्टी नेतृत्व कब्जा गरे भने पार्टी र मुलुक प्रतिगमनतिर धसिन पुग्छ । त्यसैले पार्टीभित्र शुद्धीकरण गर्ने कुरालाई संधैं ध्यान दिनुपर्छ ।

**हाम्रो पार्टीको अध्ययन शैली**

पार्टीको अध्ययन शैलीमा सुधार पार्टीको कार्यशैली सुधारको अर्को महत्वपूर्ण पक्ष हो । त्यसको निम्ति हामीले हाम्रो अध्ययन गर्ने बानीलाई सुधार गनुपर्ने हुन्छ । हामी खाली यसो पत्रपत्रिका हेर्‍यो अनि त्यसमा के-के छ त्यसको आधारमा चल्यो त्यस्तो कार्यशैलीमा हुर्केका छौं । तर हामीले ठोस रुपमा पार्टीका दस्तावेजदेखि लिएर गहन सैद्धान्तिक अध्ययनलाई अगाडि बढाउनु पर्छ । के हो द्धन्दात्मक भौतिकवाद भनेको? ऐतिहासिक भौतिकवाद भनेको के हो ?यो दुईवटा कुरा हामीले गहन रुपले अध्ययन गर्‍यौं भने मात्रै हामीले आफूलाई एउटा सक्षम क्रान्तिकारीको रुपमा रुपान्तरित गर्न सक्छौ । यसकारण हाम्रो अध्ययनलाई सुधार गर्नुपर्दछ । अध्ययन के को गर्ने त? हामीले तिनवटा कुराको अध्ययन निरन्तर गर्नुपर्दछ । पहिलो कुरा, मार्क्सवादी सिद्धान्तको गहिरो अध्ययन गर्ने । यसमा अथाह चिजहरू छन् । तर मार्क्सवाद भनेको के हो? यो कसरी जन्मियो ? यो कसरी विकसित हुदै आयो ? मार्क्सवादका आधारभूत सिद्धान्तहरू के हुन ? मानव समाजको विकासक्रमबारे मार्क्सवादले कसरी हेर्छ ? आदी इत्यादि कुराहरूको बारेमा हामीले हाम्रो सैद्धान्तिक अध्ययनलाई गहिरो बनाउनुपर्छ । दोस्रो, विद्यमान परिस्थितिको अध्ययन गर्ने । हामीले अन्तराष्ट्रिय परिस्थिति कसरी विकसित भईरहेको छ ? त्यसको अध्ययन गर्नुपर्छ । राष्ट्रिय परिस्थितिको विकासक्रमबारे अध्ययन गर्नुपर्छ, तपाईको प्रदेशको स्थिति के भइरहेको छ त्यसको अध्ययन गर्नुपर्छ । तपाईको जिल्लामा तपाई जिल्ला इन्चार्ज हुनुहुन्छ । जिल्लाको परिस्थिति कसरी विकास भइरहेको छ त्यसको अध्ययन गर्नुपर्छ । एउटा विद्यार्थी इन्चार्ज हुनुहुन्छ विद्यार्थी भित्र के भइरहेको छ अनेरास्ववियुमा ?, त्यसको अध्ययन गर्नुपर्छ । यसरी परिस्थितिको अध्ययन गर्ने कुरामा हामी

एकदमै काविल भएर लाग्नुपर्ने हुन्छ । तब मात्र हाम्रो दिमागमा वास्तविकता छर्लङ्ग हुन्छ । अनि मात्र हामी बस्तुवादी नीति र निष्कर्षका आधारमा अघि बढ्न सक्छौं । तेस्रो कुरा, इतिहासको अध्ययन । हामीले इतिहासको गहन अध्ययन गर्नुपर्छ । हाम्रो आफ्नै ब्यक्तिगत इतिहासको अध्ययन, हाम्रो पार्टीको इतिहासको अध्ययन, हाम्रा कमिटिको इतिहासको अध्ययन, आफ्नो कमिटि कहिले बन्यो र कसरी विकसित भएर आयो भन्ने कुराको अध्ययन,नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासको अध्ययन, कम्युनिष्ट आन्दोलन कसरी विकसित हुदै आयो र कस्ता मोडहरू पार गरेर आयो ? त्यसको अध्ययन गर्नुपर्छ । किन हामी यो आजको नेकपा (एकीकृत समाजवादी) पार्टीलाई कमरेड पुष्पलालको पनि उत्तराधिकार मान्छौ ? किन हामी झापा सङ्घर्षको झापा विद्रोहको पनि उत्तराधिकार मान्छौ? किन हामी कोअडिनेसन केन्द्रको पनि उत्तराधिकार मान्छौ । किन हामी नेकपा मालेको पनि उत्तराधिकार मान्छौ र हामी किन आफुलाई एमालेको पनि उत्तराधिकार मान्छौ । हामीले कम्युनिष्ट आन्दोलनको उत्थानकालदेखि नै क्रान्तिकारी धारालाई प्रतिनिधित्व गर्दै आएका छौ । त्यो क्रान्तिकारी धारको आजको विकसित रुप नै हाम्रो पार्टी हो भन्ने कुरालाई हामीले अगाडि सार्न सक्नुपर्छ । त्यसरी मात्र हामी सबैको चिन्तन एक ठाँउमा उभिन्छ । त्यसकारण यो इतिहासको अध्ययन महत्वपूर्ण छ । त्यस्तै विश्वको लोकतन्त्रको आन्दोलनको अध्ययन पनि उत्तिकै महत्वपूर्ण छ । अध्ययनका यी तीन वटा विधाहरू सैद्धान्तिक अध्ययन, परिस्थितिको अध्ययन र इतिहासको अध्ययन हामी सबैले गर्नुपर्छ तबमात्र हामी क्रान्ति अघि बढाउने एउटा सक्षम पंक्ति निर्माण गर्न सक्छौ ।

**पार्टी निर्माण र विकास निर्माण**

पार्टीको वैचारिक र सङ्गठनात्मक कामहरूलाई प्राथामिकताका साथ अघि बढाउँदै सम्भव हुने विकास निर्माणका कामहरूलाई कुशलतापूर्वक जोड्ने काम छ । अहिले हाम्रो पार्टीको सहभागिता सङ्घीय सरकारमा पनि छ । प्रदेश सरकारमा पनि छ । हामी स्थानीय तहमा पनि छौं । त्यसकारण त्यहाँबाट गर्न सकिने विकास निर्माण र स्थानीय तहबाट पनि गर्न सकिने विकास निर्माणका

कामलाई अधिकतम रुपले अघि बढाउनु पर्छ । त्यसलाई हामीले समायोजन गर्दै अघि बढ्नुपर्छ । तर यतिबेला हाम्रो मुख्य काम चाँही हाम्रो पार्टीको वैचारिक सङ्गठनात्मक कामलाई तीब्र रुपले अघि बढाउने हो भन्ने कुरालाई एक मिनेट पनि भुल्नु हुँदैन । यो मुख्य कामलाई फाईदा पुऱ्याउनको लागि विकास निर्माणका कामलाई पनि जोडेर जानुपर्दछ । त्यसमा हामी सचेत भएर लाग्नुपर्छ ।

**दक्षिणपन्थी भड्काउ विरोधी सङ्घर्ष**

तपाई हामीलाई थाँहा छ यत्ति बेला नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी भड्काउ हाबी छ । त्यसको मुख्य केन्द्र एमाले नेतृत्व गुट हो । त्यसले वर्तमान नेपाली कम्युनिष्ट आन्दोलन र समाजवादी क्रान्ति र रुपान्तरणको बाटोमा सबभन्दा ठुलो अबरोध र भ्रम सिर्जना गरिरहेको छ । त्यसका विरुद्ध वैचारिक राजनीतिक सङ्घर्षलाई हामीले गहिरो बनाउनुपर्छ । त्यो गुटको दक्षिणपन्थी औसरवाद, गुटबाद, लोकतन्त्र विरोधी चरित्र, राष्ट्रिय आत्मसर्मपणवाद र विर्सजनवादको व्यापक रुपले भण्डाफोर र खण्डन गर्नुपर्छ । उनीहरूले सिर्जना गरेको भ्रमबाट सम्पूर्ण नेपाली कम्युनिष्टहरूलाई मुक्त पार्नुपर्छ । सही क्रान्तिकारी वैचारिक राजनीतिक कार्यदिशाका आधारमा पार्टी निर्माणको कामलाई तीब्र गतिले अघि बढाउनु पर्छ । हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी)लाई अब एउटा राष्ट्रव्यापी पार्टीको रुपमा, देशव्यापी पार्टीको रुपमा, जनव्यापी पार्टीको रुपमा, एउटा सुदृढ क्रान्तिकारी पार्टीको रुपमा र अग्रगमनकारी पार्टीको रुपमा स्थापित गर्ने काममा सिङ्गो पार्टी एकतावद्ध भएर अघि बढ्नुपर्छ । त्यही हिसाबले पार्टीको विकासमा, विस्तारमा र यसको सुदृढिकरणमा हामी सबै एकजुट भएर लाग्नु जरुरी छ ।

**हामीले गर्नेपर्ने केही तत्कालीन कार्यहरू**

१. हामीले सम्पूर्ण अध्ययनको केन्द्रबिन्दु नेपाली समाजको उद्भव, विकास, वर्तमान अवस्था र त्यसको भविष्यलाई बनाउनुपर्छ ।

२. हामी समाजको कोरा अध्ययन होइन, द्धन्दात्मक भौतिकवाद र विशेष गरेर ऐतिहासिक भौतिकवादका आधारमा नेपाली समाजका अध्ययनलाई

बढाउनुपर्छ ।

३. नेपालको पुँजिवादी जनवादी क्रान्तिको ५८ वर्षको इतिहासलाई क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशाका आधारमा अध्ययन गर्नुपर्छ र ७२ वर्षको कम्युनिष्ट आन्दोलनको समीक्षा गर्नुपर्छ ।

४. त्यसका उपलब्धिहरू माथि टेकेर वर्तमान नेपाली समाजको वर्गीय स्थितिको गहिरो अध्ययन गर्नुपर्छ र दलाल पुँजीवादको शोषण र शासनका पञ्जाहरू कसरी फैलिँदै छन् भन्ने कुराको अध्ययन गर्दै त्यसको भण्डाफोर गर्नुपर्छ ।

५. नेपाली समाज किन समाजवादी क्रान्तिको चरणमा आयो भन्ने कुराको पनि ऐतिहासिक भौतिकवादका आधारमा गहन अध्ययन गर्नुपर्छ ।

६. समाजवादी क्रान्तिको कार्यदिशा, क्रान्तिका रणनीतिक. लक्ष्य र . कार्यनीतिक .लक्ष्यहरूका बारेमा गहन अध्ययन गर्नुपर्छ ।

७. हामीले हाम्रो रणनीतिक लक्ष्य वैज्ञानिक समाजवादका बारेमा गहन अध्ययन गर्नुपर्छ । समाजवादी समाजको वर्गीय संरचना,त्यो समाजका वर्ग अन्तरविरोधहरू, वर्गसम्बन्धहरू तिनीहरूको भविष्यको बारेमा गहन अध्ययन गर्नुपर्छ । त्यसबेलाको सामाजिक आर्थिक ढाँचा आर्थिक आधार र उपरिढाँचाका बिचको अर्न्तर सम्बन्धका बारेमा गहन अध्ययन गर्नुपर्छ ।

८. हामीले जनसरोकार र राष्ट्रिय सरोकारका विभिन्न मुद्दाहरूमा संसदभित्र र बाहिरबाट संसदीय र गैरसंसदीय, कानुनी र राजनीतिक सङ्घर्षहरूलाई अघि बढाउनुपर्छ ।

९. पार्टी सङ्गठनलाई क्रान्तिकारी कार्यदिशाका आधारमा राष्ट्रव्यापी र जनव्यापी बनाउँदै लानुपर्छ ।

१०. संयुक्त मोर्चालाई व्यापक बनाउनुपर्छ । पार्टीका वरिपरि वर्गीय सङ्गठनहरूलाई व्यापक बनाउँदै लानुपर्छ । यो वर्गीय मोर्चा.हो ।

११. तीन वटै तहमा सरकार बनाउने स्थितिमा हामीले समाजवादका आधारलाई फराकिलो बनाउने ढङ्गले नीति, कार्यक्रम र बजेट लागु गर्नुपर्छ ।

१२. हामीले हाम्रो पार्टीलाई नेपाली कम्युनिष्ट आन्दोलनको गुणात्मक रुपले

उन्नत एकाइका रूपमा स्थापित गर्नुपर्छ । हामीले केपी ओली गुटको दक्षिणपन्थी औसरवाद, गुटबाद विसर्जनवाद र राष्ट्रिय आत्मसमर्पणवादको व्यापक भण्डाफोर गर्नुपर्छ ।

१३. मुलुकमा रहेका अन्य कम्युनिष्ट समूहहरूलाई पनि वैचारिक राजनीतिक कार्यदिशाका आधारमा एकताबद्ध बनाउन प्रयत्न गर्नुपर्छ ।

१४. विश्वका सबै कम्युनिष्ट पार्टीहरूसंगको सम्बन्धलाई व्यापक बनाउँदै लानुपर्छ ।

१५. विश्व जनता, प्रगतिशील शक्ति र समाजवादी शक्तिहरूको व्यापक समर्थन जुटाउँदै समाजवादी क्रान्तिलाई शान्तिपूर्ण ढङ्गले अघि बढाउने तर छिटोछिटो अघि बढाउने प्रयत्न गर्नुपर्छ ।

१६. हामीले हाम्रो पार्टी कार्यकर्ताहरूबिच मार्क्सवादको सैद्धान्तिक- वैचारिक अध्ययनप्रति जबरजस्त रुचि जगाउनुपर्छ । पार्टी प्रशिक्षणलाई नियमित रूपले सञ्चालन गर्नुपर्छ र पार्टीभित्र एउटा समुन्नत तीखो र धारिलो ढङ्गको वैचारिक–सैद्धान्तिक फौज तयार गर्नुपर्छ ।

१७. अन्य सबै पार्टीहरूमा सङ्कटहरू गहिरिँदै गएका छन्, उनीहरू विवादग्रस्त, अन्तरविरोध ग्रस्त र गुटबन्दीले ग्रस्त देखिँदैछन् । तर हाम्रो पार्टी भने उदयमान र एकताबद्ध शक्तिका रूपमा उठ्दैछ ।

**पार्टीको अग्रगति र क्रान्तिको भविष्य**

पार्टीलाई वैचारिक र सङ्गठनात्मक रुपले एउटा नयाँ उचाइमा पुऱ्याउनको लागि पार्टीको केन्द्रिय कमिटिको काँधमा अत्यन्त ठुलो जिम्मेवारी आएको छ । नेपालमा पार्टीको नाममा समेत समाजवादी राखेर अब समाजवादी क्रान्ति र रुपान्तरणको बाटो नै हाम्रो बाटो हो भनेर खुलस्त रुपले अघि आउने पार्टी हामी नै हो । अरु कुनै पनि बामपन्थी समूहहरू यस्तो प्रस्टताका साथ आएको देखिँदैन । उनीहरूसँग कुनै न कुनै प्रकारका भ्रमहरू अझै बिद्यमान छन् । अब एमाले नेतृत्व गुट त विभिन्न कारणले गर्दा भ्रममा मात्र होइन धेरै कारणले दक्षिणपन्थी र पुँजीवादपन्थी अधपतनको बाटोमा छ । के.पी ओलीको नेतृत्व रहुञ्जेल एमालेमा कुनै अग्रगति हुने वाला छैन । उनीहरूभित्र वैचारिक,

राजनीतिक रुपमा रुपान्तरण नभएसम्म कुनै आशा गर्ने ठाउँ पनि छैन । तर एमाले पार्टीभित्र एउटा ठुलो पंक्ति अहिले एकदमै अलमलमा र नयाँ कुरा खोजिरहेको अवस्थामा छ। हामीले गर्ने दृढ वैचारिक, राजनीतिक र सैद्धान्तिक सङ्घर्षले भने एमाले भित्रको ठुलो पंक्ति रुपान्तरित भएर सही क्रान्तिकारी बाटोतिर आउने सम्भावना एकदमै टट्कारो छ। त्यो कुरालाई ध्यानमा राखेर हामीले वैचारिक-राजनीतिक सङ्घर्षलाई गहिरो, व्यापक र तीब्र बनाउनु पर्छ। अहिले छोटो अवधिमा नै हाम्रो पार्टीको विकासक्रम जुन आसातित ढङ्गले अगाडि बढेको छ, त्यो धेरै महत्वपूर्ण छ। हामीले करिब सबै जिल्लामा जिल्ला कमिटि बनाईसकेका छौ। सबै प्रादेशिक कमिटि बनिसकेका छन्। अहिले हामी पालिका र वार्डहरूमा सङ्गठन बिस्तार गरिरहेका छौ । पार्टीका वरिपरि करिब दुई दर्जन वर्गीय सङ्गठनहरू सङ्गठित भै सकेका छन् । पार्टी स्थापनाको यति छोटो समयमा पार्टीमा जुन खालको प्रगति भएको छ त्यो आसातित प्रगति नै हो। अब हामीले पार्टीलाई मात्रात्मक विकास गर्दै गुणात्मक विकास गर्ने कुरामा तथा पार्टीको वैचारिक,राजनीतिक र सैद्धान्तिक स्तर माथि उठाउने कुराहरूमा राम्रोसँग लाग्यौ भने यो पार्टी साँच्ची नै देशको अग्रगन्य पार्टीको रुपमा, अगुवा पार्टीको रुपमा, नेतृत्वदायी पार्टीको रुपमा र नेपाली कम्युनिष्ट आन्दोलनको सबभन्दा अगुवा इकाईको रुपमा स्थापित हुन्छ। त्यति मात्र होइन यही पार्टीले नै भोलि नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्ने र समाजवादी क्रान्ति र रुपान्तरणको ऐतिहासिक कार्यलाई सफलतापूर्वक अघि बढाउन सक्छ । कमरेडहरू ! बाटो बाङ्गोटिङ्गो छ, हाम्रो वरिपरि चुनौतिहरू पनि छन् । तर अग्रगतिका बिराट सम्भावनाहरू हाम्रा अगाडि छन् । हामी आँट, साहस र दृढतापूर्वक अघि बढौँ,पार्टी र क्रान्तिको विजय अवश्यम्भावी छ।

*२०७९ असार*

# समाजवादी जनप्रतिनिधि र हाम्रो कार्यदिशा

## १. नेपाली क्रान्तिका दुई चरण

- हामीले नेपालमा २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएपछि जनवादी क्रान्तिको ऐतिहासिक प्रक्रिया शुरु गरेका थियौं ।
- कम्युनिष्ट पार्टीको सही क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तका आधारमा त्यो क्रान्ति अनेकौं उपचरणहरू, घुम्तीहरू र मोडहरू पार गर्दै अघि बढ्यो ।
- आखिर ०६२–६३ (सन् २००६)मा आइपुगेपछि नेपाली जनताको क्रान्तिकारी सङ्घर्षले राष्ट्रव्यापी जनविद्रोहको रुप लियो । त्यसले सामन्तवाद र राजतन्त्रलाई अन्त्य गरिदियो र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भयो ।
- यसरी करिब ५८ वर्षको दीर्घकालीन सङ्घर्षपछि नेपालमा पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न भयो ।
- यो नेपाली जनताको लोकतान्त्रिक आन्दोलनमा र नेपाली कम्युनिष्ट आन्दोलनमा एउटा ऐतिहासिक विजय र सफलता हो ।
- यसरी जुन बिनदुमा नेपालमा पुँजीवादी -जनवादी क्रान्ति सम्पन्न भयो । ठिक त्यही बिन्दुदेखि हाम्रो मुलुक समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ युगमा प्रवेश गरेको छ ।

२. नेपाली क्रान्ति यसरी नयाँ युगमा प्रवेश गरेपनि पुँजीवादी- जनवादी क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्नका निम्ति नयाँ संविधान बनाउनु जरुरी थियो ।

- त्यसले क्रान्तिका सबै सहभागी पार्टीहरूको सहमतिमा हामीले दुई दुई पटक संविधान सभाको निर्वाचन गऱ्यौँ र नेपालको संविधान निर्माण गऱ्यौ ।

- यो संविधान आम रुपमा पुँजीवादी -जनवादी संविधान नै हो । यो संविधानले जनताका सबै पुँजीवादी हक अधिकारहरूलाई संस्थागत गरेको छ र यो संविधानमा महत्वपूर्ण समाजवादी तत्वहरू पनि रहेका छन् ।
- यो संविधानले स्थापना गरेको लोकतन्त्र पनि आम रुपमा र वर्गीय रुपमा पुँजीवादी लोकतन्त्र नै हो ।
- यो लोकतन्त्रलाई र वर्तमान संविधानलाई अधिकतम रुपमा प्रयोग गरेर नै हामी समाजवादको अग्रगामी यात्रातिर अघि बढ्न सक्छौ ।

३. अब हाम्रो समाजवादी क्रान्तिको लक्ष्य भनेको वैज्ञानिक समाजवाद हो । त्यो लक्ष्य प्राप्त गर्नका निम्ति हाम्रो बाटो शान्तिपूर्ण सङ्घर्षको बाटो हुनेछ । यो हाम्रो क्रान्तिको रणनीतिक लक्ष्य हो ।

४. त्यो रणनीतिक लक्ष्य प्राप्त गर्नका निम्ति हामीले अनेकौं कार्यनीतिक चरणहरू र लक्ष्यहरू पार गर्दै अघि बढ्नुपर्ने हुन्छ । त्यसो गरिरहँदा हरेक कार्यनीतिक लक्ष्यहरू हाम्रो रणनीतिक लक्ष्य अर्थात वैज्ञानिक समाजवाद प्राप्तिसँग अभिन्न रूपले र अविरल रुपले जोडिएको हुनुपर्छ ।

५. समाजवादको उपरोक्त लक्ष्य प्राप्त गर्नका निम्ति हामीले क्रान्तिको शुरुदेखि अन्त्यसम्म नै तीनवटा हतियारहरू निर्माण गर्ने कुरामा अत्यन्त दृढ हुनुपर्छ । ती हतियारहरू हुन्

(क) एउटा मार्क्सवादी -लेनिनवादी क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्त भएको देशव्यापी, जनव्यापी र शक्तिशाली कम्युनिस्ट पार्टी ।

(ख) व्यापक संयुक्त मोर्चा ।

(ग) बहुआयामिक वर्गसङ्घर्ष ।

उपरोक्त तीन हतियार मध्ये बहुआयामिक वर्ग सङ्घर्ष सञ्चालन गर्ने हाम्रा मञ्चहरू भनेका संसद र सडक दुवै हुन । दुवै क्षेत्रबाट हामीले जनतालाई सचेत गर्ने, सङ्गठित र गोलबन्द गर्ने र विबिध रुपका आन्दोलित गर्ने काम गरेर मात्र हामीहरू देशमा समाजवादका निम्ति व्यापक जनमत

तयार पार्ने र मुलुकलाई समाजवादतिर संक्रमण गर्ने आधार तयार पार्न सक्छौ ।

६. हाम्रो देशमा जनवादी क्रान्तिको सुरुवात कालदेखि नै सडकबाट सञ्चालित हुने विविधतापूर्ण सङ्घर्षका साथसाथै संसदबाट वा जनप्रतिनिधि संस्थाबाट सञ्चालित हुने सङ्घर्षको महत्वपूर्ण भूमिका रहिआएको छ ।

७. नेपालमा २०१० सालमा तत्कालीन काठमाडौ नगरपालिकामा भएको निर्वाचनमा कमरेड सहाना प्रधानलगायत प्रगतिशील कमरेडहरूले निर्वाचन जितेपछि जनताका परिवर्तन र रुपान्तरणका सङ्घर्षहरूलाई जनप्रतिनिधि संस्थाहरूबाट समेत अघि बढाउने प्रक्रियाको थालनी भएको छ ।

८. नेपालमा २०१५ सालमा स्वयम् तत्कालीन राजाले गराएको निर्वाचनअनुरुप निर्वाचित संसदमा नेपाल कम्युनिष्ट पार्टीले ४ जना सांसदहरू विजयी बनाएको थियो । ती चार जना सांसदहरूको संख्या सानो भएपनि उनीहरू एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीका प्रतिनिधि थिए । उनीहरूले संसदबाट राष्ट्रियताका निम्ति, जनजीविकाका निम्ति, लोकतन्त्रका निम्ति, जनताको हातमा सार्वभौमिकता हस्तान्तरण हुनुपर्छ भन्ने कुराका निम्ति, महंगी नियन्त्रणका निम्ति र बाह्य हस्तक्षेपलाई रोक्नका निम्ति लगातार आवाज उठाउने काम गरे । साथसाथै देशको सामाजिक- आर्थिक संरचनामा सुधार तथा विकास निर्माणका निम्ति पनि आवाज उठाउने काम गरे । यसरी नेपालमा पहिलो पटक कम्युनिष्ट पार्टीको नेतृत्वमा क्रान्तिकारी संसदीय सङ्घर्षको थालनी भयो ।

९. त्यसपछि मुलुकमा निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाको थालनी भयो । त्यो व्यवस्थालाई बाहिर र भित्रबाट प्रहार गरेर समाप्त पार्नु जरुरी थियो । तर कम्युनिष्ट पार्टी कमजोर भएकाले २० वर्षभन्दा लामो समयसम्म संसदीय सङ्घर्षलाई अघि बढाउन सकिएको थिएन । ३० र ४० को दशकमा कम्युनिष्ट पार्टी एकीकृत र सुदृढ हुँदै गएपछि भने राष्ट्रिय पञ्चायत र तत्कालीन नगर गाउँ पञ्चायतमा पनि जनपक्षीय शक्ति बनाएर हामीले क्रान्तिकारी हस्तक्षेप गर्ने नीति लियौ । त्यो संसदीय

सङ्घर्षलाई अघि बढाउने सिलसिलामा हाम्रो पार्टी र आन्दोलनले प्राप्त गरेको मूल्यवान अनुभव हो । यो सङ्घर्षले नै कथित निर्दलीय पञ्चायती व्यवस्थालाई भित्रैबाट च्यात्न र विघटन गर्न महत्वपूर्ण भूमिका खेलेको इतिहासमा हामीले सम्झनु पर्दछ ।

१०. उक्त सङ्घर्षको समेत कारणले २०४६ सालमा हामीले निर्दलीय पञ्चायती व्यवस्थालाई अन्त्य गऱ्यौ र संवैधानिक राजतन्त्र र बहुदलीय जनवादी व्यवस्था स्थापना गऱ्यौ । त्यो व्यवस्था स्थापना भएपछि हाम्रो पार्टी र कम्युनिष्ट आन्दोलनले संसदीय सङ्घर्षलाई अझ उचाइबाट अघि बढाउन थाल्यो । हामीले महाकाली नदीको उद्गमका बारेमा, टनकपुर सम्झौताका बारेमा, देशको जलश्रोतको उपयोग र विकासको बारेमा २०४८ मा निर्वाचित संसदमा उठाएका राष्ट्रियताका निम्तिका सङ्घर्षहरू क्रान्तिकारी संसदवादका ज्वलन्त उदाहरणहरू हुन् ।

११. त्यसरी नै हामीले आखिर संसदीय र गैरसंसदीय तथा सदन र सडकका सङ्घर्षहरूलाई अघि बढाउँदै जाने क्रममा नै २०६२-६३ मा आइपुग्दा नेपाली जनताको बहुआयामिक सङ्घर्षले शान्तिपूर्ण जनक्रान्तिको रुप लियो । नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो र देशमा ऐतिहासिक क्रान्तिकारी परिवर्तनका साथ सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो ।

१२. यस बेलासम्म आउँदा हाम्रो संसदीय सङ्घर्षको पनि उद्देश्य मुलुकमा पुँजिवादी जनवादी क्रान्ति वा नयाँ जनवादी क्रान्ति पूरा गर्ने नै थियो । त्यो सङ्घर्ष सफलतापूर्वक सम्पन्न भयो । तर ०६२-०६३ को जनक्रान्ति पछि हाम्रो देशमा राजाको नेतृत्वमा रहेको सामन्ती वा अर्धसामन्ती सत्ता समाप्त भयो र सबै पार्टीहरू संलग्न भएको संक्रमणकालीन सत्ता स्थापित भयो ।

१३. त्यो सत्ताले संविधान सभाको निर्वाचन गरायो । हामीले दुई दुई पटक निर्वाचित भएका संविधानसभाका माध्यमबाट जनपक्षीय संविधान बनाउन र जनता तथा राष्ट्रका माग र आवाजहरूलाई उठाउन संविधानसभालाई

पनि क्रान्तिकारी ढङ्गले नै उपयोग गर्दै आयौ । हामीले समेत सञ्चालन गरेका क्रान्तिकारी संसदीय सङ्घर्षको कारणले आखिर हामीले २०७२ मा नेपालको संविधान जारी गर्न सफल भयौं । यो अर्को ऐतिहासिक सफलता हो । यो संविधानले पुँजिवादी -जनवादी क्रान्तिका उपलब्धिहरूलाई आम रुपमा संस्थागत गरेको छ ।

१४. वर्तमान संविधान २०७२ असोज ०३ गते जारी भएपछि हामीले देशमा पहिलो निर्वाचन २०७४ मा संविधान बमोजिम तीनओटै तहमा सम्पन्न गऱ्यौ । त्यस निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले ऐतिहासिक र असाधारण विजय हासिल गरे । त्यसपछिको संसदीय सङ्घर्षले एउटा ऐतिहासिक उचाई प्राप्त गरेको थियो । जनवादी क्रान्तिकालमा संसदीय सङ्घर्षको उद्देश्य जनवादी व्यवस्था प्राप्त गर्ने थियो । संविधानसभाको कालमा संसदीय सङ्घर्षको उद्देश्य एउटा लोकतान्त्रिक र समाजवादउन्मुख संविधान निर्माण गर्ने थियो । संविधान जारी भएपछि हाम्रो संसदीय सङ्घर्षको उद्देश्य समाजवाद प्राप्त गर्ने बनेको छ । संसदीय सङ्घर्षको उद्देश्यमा आइरहेका यी परिवर्तनहरूलाई हामीले नेपाली जनताको क्रान्तिकारी उद्देश्यमा आइरहेका ऐतिहासिक परिवर्तनहरूको परिपेक्ष्यमा हेर्नुपर्छ ।

१५. आज हाम्रा सामु जुन संविधान छ। त्यसले परिलक्षित गरेको संरचनाअनुरुप हामीले तीन तहको संसदीय संरचनामा आइपुगेका छौं । केन्द्रीय तहमा दुई सदनात्मक सङ्घीय संसद् छ । त्यसमाप्रतिनिधिसभा र राष्ट्रियसभा जस्ता दुईवटा सदन छन् । ती सदनहरूमार्फत हाम्रो सङ्घर्षलाई हामीले वैज्ञानिक समाजवादको लक्ष्यतिर जोडेर अघि बढाउनुपर्छ। हामीले ती सदनहरूमार्फत जनजिविका, वर्गीय विभेद, जातीय र सामाजिक विभेद,लैङ्गिक विभेद, महंगी, गरिबी, मूल्यवृद्धि, वातावरणको रक्षा,राष्ट्रियतासंग सम्बन्धित सबै सवालहरू उठाएर सङ्घर्षलाई अघि बढाउनुपर्छ। साथै सम्भव हुने विकास र निर्माणका कामलाई पनि प्रभावकारी ढङ्गले अघि बढाउनुपर्छ ।

१६. ठिक त्यसरी नै आजको सङ्घीय संरचनाअनुरुप हाम्रा सामु सातवटा

प्रदेशहरू र सातवटै प्रादेशिक ससदहरू पनि छन् । ती संसदहरूबाट पनि हामीले सङ्घीय संसदमा जस्तै जनजीविका, वर्गीय विभेद, जातीय र सामाजिक विभेद, लैङ्गिक विभेद, महंगी,गरिबी, मूल्यवृद्धि,वातावरण, क्षेत्रीय सवालहरू र राष्ट्रियतासँग सम्बन्धित सबै सवालहरू उठाएर सङ्घर्षलाई अघि बढाउनुपर्छ । साथै आफ्नो शक्ति र सहभागिताअनुरुप विकास र निर्माणका कामलाई तिब्रताका साथ र व्यापक रुपले अघि बढाउँदै समाजवादका आधारलाई फराकिलो पार्दै अघि बढ्नुपर्छ ।

१७. विगत वैशाख ३०,२०७९ मा स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएको छ । त्यो निर्वाचन हाम्रो जस्तो नयाँ पार्टी नेकपा (एकीकृत समाजवादी)का निम्ति परिणामको दृष्टिले त्यति सुखद रहेन। हामीले निर्वाचनको तयारीका प्रक्रियामा गरेका केही गम्भीर कमजोरीले गर्दा हामीले हाम्रो हैसियतअनुरुप सिट संख्या जित्न सकेनौँ र जनमत पनि यथार्थ सम्मत ढङ्गलेप्रतिबिम्बित हुन सकेन । तथापि हामीले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूमा एउटा महत्वपूर्ण संख्यामा जित हासिल गरेका छौं । त्यो जित पछि हामी जनताका क्रान्तिकारी समाजवादीप्रतिनिधिका रुपमा स्थानीय तहका विभिन्न इकाईहरूमा विभिन्न पदहरूमा रहेर आ-आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छौं ।

१८. अब हामीले जनप्रतिनिधि संस्थाहरूलाई कसरी हेर्नुपर्छ र आफ्ना कार्यभार र दायित्वहरूलाई कसरी अघि बढाउनुपर्छ ।

१. सबैभन्दा पहिले हामीले यो देशको अग्रगामी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेकपा (एकीकृत समाजवादी)का क्रान्तिकारी समाजवादी प्रतिनिधि हौँ भन्ने कुरालाई बुझ्नुपर्छ र त्यसलाई कहिल्यै पनि बिर्सिनु हुँदैन ।

२. हामीले हाम्रो देशमा पुँजिवादी -जनवादी क्रान्ति सम्पन्न गर्‍यौ र अब समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ युगमा प्रवेश गरेका छौं । त्यो क्रान्तिको प्रवाहलाई समाजवादी क्रान्तिकारी जनप्रतिनिधिको हैसियतले अघि बढाउने जिम्मेवारी हाम्रो काँधमा छ भन्ने कुरालाई पनि कहिल्यै

बिर्सिनु हुँदैन ।

३. कम्युनिष्ट पार्टीको प्रभावकारी नेतृत्व र मार्गदर्शनबिना कहिँ पनि समाजवादी क्रान्ति हुन सक्दैन । हाम्रो देशमा पनि हुन सक्दैन । त्यसैले हामीले जनप्रतिनिधिहरूको हैसियतले आज जुन जिम्मेवारी पूरा गर्नुपर्दैछ, त्यो काम पनि पार्टीको प्रभावकारी मार्गदर्शनमा मात्र सम्भव छ । त्यसैले हामीले सधैं पार्टीको मार्गदर्शनमा अघि बढ्नुपर्छ भन्ने कुरालाई सधै परिपालन गर्नुपर्दछ ।

४. हामी सबै जनप्रतिनिधिहरूले पार्टीका कार्यदिशा, नीति, सिद्धान्त र कार्यक्रमप्रति, पार्टीको विधानप्रति, पार्टीका निर्णयप्रति र पार्टीले दिने निर्देशनप्रति सधै बफादार रहनुपर्छ र आफ्नै क्षेत्रबाट पार्टीको विकास, विस्तार र प्रतिष्ठामा उनन्नयन हुने गरी कामको सम्पादन गर्नुपर्छ ।

५. जनप्रतिनिधिका हैसियतले गर्नुपर्ने सम्पूर्ण कामहरू कानुन सम्मत ढङ्गले सम्पादन गरिन्छन् । ती कामहरूलाई सामान्यतः “स्थानीय सरकार सञ्चालन ऐन २०७४” अनुसार सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसैले सबै जनप्रतिनिधिहरूले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ चाहिँ सधै भरि साथमा राख्ने र गहन ढङ्गले अध्ययन गर्ने गर्नुपर्छ ।

६. त्यतिमात्र होइन गाउँपालिका, नगरपालिका र उप वा महानगरपालिकाले संविधानले तोके बमोजिम धेरै पक्षमा ऐन कानुनहरू बनाउने प्रावधान रहेका छन् । हामी आफै बहुमत रहेका ठाउँमा आफैंले र बहुमत नभएका ठाउँमा त्यस्ता तर विल्कुल जनमुखी कानुनहरू बनाउन जोडदार रुपले प्रयत्न गर्नुपर्छ ।

७. हामीले आफ्नो तहबाट अघि सारिने नीति, कार्यक्रम जनमुखी र आमूल परिवर्तनकारी होस् भनेर पहल गर्ने वा दबाब दिने काम गर्नुपर्छ र हर पालिकालाई जनमुखी दिशामा अघि बढाउँदै समाजवादका आधार तयार पार्ने दिशातिरउन्मुख बनाउन हरदम कोशिश गर्नुपर्छ ।

८. हामीले आफ्नो तहबाट बजेट बनाउँदा आमजनताको हित खासगरी

गरिब र भूमिहीन किसान निम्न मध्य र मध्यमवर्गीय किसानहरूका हितमा, दलित र त्यसभित्रका पनि तल्लो वर्गका परिवारहरूको हित, अल्पसंख्यक जातिहरूको र सीमान्तकृत परिवारहरूको हितलाई विशेष प्राथामिकतामा राखेर बजेट बनाउने कुरामा हाम्रो तर्फबाट अधिकतम पहल गर्नुपर्दछ र जनमुखी तथा प्रगतिशील बजेट बनाउँदै समाजलाई वा आफ्नो पालिकालाई समाजवादको दिशातिर अघि बढाउन अधिकतम कोशिस गर्नुपर्दछ ।

९. विकास निर्माणलाई तीव्र र व्यापक पार्न हामी सबैलाई बढी बजेट चाहिएको हुन्छ । त्यसका लागि सङ्घीय सरकारले दिने वार्षिक अनुदानबाहेक हामीले आफ्नै पालिकाको तहबाट कर वा अन्य विभिन्न तरिकाबाट राजस्व सङ्कलन गर्ने प्रयत्न गर्छौं । ती कुरा गर्नुपर्छ र राजस्व उठाउनुपर्छ । तर त्यसो गरिरहँदा प्रगतिशील कर प्रणाली अपनाउनुपर्छ । त्यसो गर्दा मात्र आधारभूत तहका जनताको हित गर्न सकिन्छ र सम्पूर्ण जनतालाई आफ्नो विकास र निर्माणको काममा हिस्सेदारी गराउन पनि सकिन्छ ।

१०. हामीले पालिकाका सबै वडाहरूमा कार्यालयहरू स्थापना भइसकेका छैनन भने स्थापना गर्नुपर्छ र भइसकेका छन् भने तिनीहरू मातहत जनसेवा र जनप्रशासन दुवै कुरालाई प्रभावकारी बनाउन पहल गर्नुपर्छ ।

११. स्थानीय पालिका भनेका स्थानीय विकासका पनि केन्द्र हुन् र स्थानीय प्रशासनका पनि केन्द्र हुन् । हामी जनप्रतिनिधिहरूले आफ्नो पालिकाहरूको विकासलाई व्यवस्थित, समन्वयात्मक, तीव्र र व्यापक बनाउनका साथै स्थानीय जनतालाई परेका पीरमर्का, विभिन्न आर्थिक र सामाजिक समस्याहरू, न्यायिक समस्याहरू र शान्ति सुरक्षासँग सम्बन्धित समस्याहरूलाई बिलकुल लोकतान्त्रिक ढङ्गले समाधान गर्ने कुरामा नमुना बन्नुपर्छ ।

१२. हामी जनप्रतिनिधिहरू जनताका अनन्य सेवक हौं । हाम्रो काम नै जनताको सेवा गर्नु हो । हामी शासक होइनौं, भन्ने भावनाले हामीले

आफूलाई सधैँ प्रेरित गरिरहनुपर्छ र हाम्रो पार्टीका क्रान्तिकारी समाजवादी जनप्रतिनिधिहरू वास्तविक जन सेबकप्रतिनिधि हुन भन्ने कुरा व्यवहारबाट नै सिद्ध गर्नुपर्छ। हामीले अरु पार्टीका जनप्रतिनिधि भन्दा नेकपा (एकीकृत समाजवादी)का जनप्रतिनिधिहरू आधारभूत रुपले भिन्न छौ भन्ने कुरा हाम्रा नीति,कार्यशैली र व्यवहारबाट प्रष्ट देखिनुपर्छ।

१३. हामीले एकदमै सच्चरित्रवान हुनुपर्छ। महिलाहरूप्रति अत्यन्त सम्मानको भाबना राख्नुपर्छ। महिलाहरूलाई सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्छ र यौन विभेद र यौन हिंसाविरुद्ध सिङ्गो पालिका,वडा वा गाउँलाई समेत गोलबन्द गर्नुपर्छ। यतिबेला नेपाली समाजमा यौन विभेद र यौन हिंसाको समस्या निकै चुनौतिका रुपमा देखा परेको छ।

१४. हामीले जेष्ठ नागरिकहरूप्रति सधै उच्च सम्मानको भाबना राख्नुपर्छ। सिङ्गो समाजलाई वहाँहरूप्रति सम्मानपूर्ण हुन सिकाउनुपर्छ र हामी कमरेड मनमोहन अधिकारीका सच्चा चेला हौ भन्ने कुरालाई प्रत्येक पालिका, वार्ड र गाउँ टोलहरूमा समेत स्थापित गर्नुपर्छ।

१५. त्यसरी नै हामीले हाम्रा बालबालिकाहरूको सुरक्षा, स्वास्थ्य, लालनपालन, विकास र शिक्षादीक्षामा गहिरो ध्यान दिनुपर्छ। उनीहरू हाम्रा र सिङ्गो समाजका भविष्य हुन् भन्ने कुरा कहिल्यै भुल्नु हुँदैन। हामी जनप्रतिनिधिहरूले सबै बालबालिकाहरूको अभिभावकत्वको भूमिका निर्वाह गर्न सक्नुपर्छ।

१६. हामीले आफ्ना र सबै पालिका वा वडामा बाटाघाटा पुलपुलेसा पुऱ्याउनका निम्ति सधैं प्रयत्नशील हुनुपर्छ। अब प्रत्येक वडासम्म कालोपत्रे सडक बन्नुपर्छ भन्ने माग देशव्यापी रुपमा उठिरहेको छ। त्यसको निम्ति समस्याको अध्ययन गर्ने, प्रस्ताव ल्याउन सघाउने, बजेट परिचालन गर्ने कुरामा जनतालाई सघाउनुपर्छ र हर पालिकामा संतुलित र समानुपातिक विकासलाई अघि बढाउन ठोस प्रयत्न गर्नुपर्छ।

१७. हामीले पालिकाको बजेट सबै ठाउँमा सही ढङ्गले उपयोग होस्, कहिँपनि विचलन वा अपचलन नहोस् भन्ने कुरामा सधैं ध्यान दिनुपर्छ। हामीले

भ्रष्टाचारलाई सधैं शून्य सहनशीलतामा राख्नुपर्छ । भष्ट्राचार भनेको जनविरोधी काम हो । त्यस्ता गतिविधि गर्ने व्यक्तिहरू हाम्रो गौरवमय पार्टीको सदस्य पनि रहन सक्तैनन । कसैबाट त्यस्ता गतिविधि भएको थाहा भएमा पार्टीले कडा कार्यवाही गर्छ भन्ने कुरालाई सधै हेक्का राख्नुपर्छ ।

१८. हामी आम जनतासँग पेश हुँदा सधै बिनम्र हुनुपर्छ । कहिँपनि दम्भ, घमण्ड देखाउने वा जनतालाई हप्की दप्की कसैले पनि गर्नु हुन्न । तर अपराधीहरूप्रति भने कडिकडाउ गर्नुपर्छ । त्यस्ता तत्वहरूप्रति हाम्रो जनप्रशासन एकदम कडा हुनुपर्छ ।

१९. हामीले कृषकहरूले वा आफ्नो ठाउँका व्यवसायहीरुले गरेका उत्पादनहरूले उचित मूल्य पाउन् भन्ने कुरामा सधै ध्यान दिनुपर्छ । कृषि उपजहरूलाई न्यूनतम समर्थन मूल्य तोकिदिनुपर्छ । हर वार्ड र पालिकाहरूमा त्यस्ता उपजहरूको निम्ति स्थानीय सरकारले बजारको व्यवस्था गर्नुपर्छ । हामीले कतिपय कृषि उपजहरूका निम्ति राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजार उपलब्ध गराउन प्रदेश र सङ्घीय सरकारसँग पनि समन्वय गर्नुपर्छ ।

२०. स्थानीय तहमा रहेका सबै सार्वजनिक स्कुलहरूलाई प्राथमिक, माध्यमिक र कलेजहरूलाई पनि गुणस्तरयुक्त पठनपाठनका निम्ति सुनिश्चितता गर्न सिर्जनशील भएर काम गर्नुपर्छ । पठनपाठन गुणस्तरयुक्त भएन, नियमितता भएन भने वालबालिका र समाजको भविष्य अन्धकार हुन्छ भन्ने कुरा हामीले गहिरो गरि बुझ्नुपर्छ ।

२१. हामीले प्रत्येक पालिकादेखि नै देशलाई औद्योगिकरणको दिशातिर अघि बढाउने सम्भावना खोज्नुपर्छ । स्थानीय तहमा कस्ता उद्योगहरू बनाउने सम्भावना छन्, त्यसको ठोस अध्ययन गर्नुपर्छ । त्यस्ता उद्योगहरूलाई स्थानीय सरकार, उद्यमीहरू र स्थानीय जनताको स्वामित्वमा सङ्गठित गरेर तलैदेखि मुलुकलाई समाजवादउन्मुख औद्योगिकरणको दिशातिर अघि बढाउन प्रयत्न गर्नुपर्छ ।

२२. हामीले प्रत्येक पालिका र वडासम्म जनताको स्वास्थ्य सेवालाई

सुनिश्चित गर्ने प्रबन्ध गर्नुपर्छ । हर पालिकामा अस्पताल र हर वडाहरूमा साधनसम्पन्न स्वास्थ्यचौकीहरूको व्यवस्था गर्नुपर्छ । आमजनतालाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने प्रबन्धका निम्ति हाम्रो तर्फबाट जोडदार प्रयत्न गर्नुपर्छ ।

२३. हाम्रा जनप्रतिनिधिहरूले हर पालिका वा वडामा युवा उमेरका जनताको ठुलो पंक्ति छ भन्ने कुरा बुझ्नुपर्छ । आजका युवाहरूका बढ्दो आकांक्षा र आवश्यकताहरूलाई हामीले गहिरो गरी बुझ्नुपर्छ । उनीहरूको हितका निम्ति बहुआयामिक कार्यक्रमहरू विकास गर्नुपर्छ । उनीहरूलाई शिक्षा दिने, विभिन्न व्यवसायिक तालिम दिने, उनीहरूलाई रोजगारीको ग्यारेन्टी गर्ने र उनीहरूलाई विभिन्न योजनाहरू दिएर काममा लगाउने काम गर्नुपर्छ । यसरी हुर्कदो नयाँ जनशक्तिलाई आ-आफ्नो पालिकाहरूमा कसरी रोजगारी उपलब्ध गराउने भन्ने कुरामा हामीले दूरदर्शिताका साथ काम गर्नुपर्छ ।

२४. यतिबेला हाम्रो देशका हिमाल, पहाड र तराइका हर पालिकाहरूबाट युवाहरूको एउटा महत्वपूर्ण हिस्सा प्रवासिएको छ । उनीहरू विश्वका विभिन्न देशहरूमा प्रवासी नेपालीका रुपमा वा गैर आवासीय नेपालीका रुपमा क्रियाशील छन् । उनीहरू विभिन्न देशमा रहेर आ-आफ्नै खाले शिक्षा, सीप, कला प्रविधि र पुँजी आर्जन गरिरहेका छन् । हामीले हर पालिकाबाट गएका त्यस्ता प्रवासीहरूको पालिकाव्यापी रुपमा तथ्याङ्क सङ्कलन गर्नुपर्छ । ती प्रवासीहरूसँग हर पालिकाहरूले सम्पर्क बढाउनुपर्छ । साथै उनीहरूको शिक्षा, सीप, कला, प्रविधि र पुँजीलाई आ-आफ्नो पालिकामा भित्र्याउने र एक वा अर्को प्रकारको इलम वा उद्यम खोल्ने सम्भावनाका बारेमा र उनीहरूलाई नेपालतिर फर्काउने सम्भावनाका बारेमा पनि हामी पालिकाका जनप्रतिनिधिहरूले गम्भीरतापूर्वक पहलकदमी लिनुपर्छ ।

२५. हामीले देशको बिग्रँदो वातावरणलाई सुधार गर्नका निम्ति हर पालिकाका, वडाहरू र गाउँ वा टोलसम्म पनि छानिएका विरुवाहरू

रोप्ने र हरियालीकरणलाई व्यापक बनाउँदै लाने कुरामा तलैदेखि तीव्रता दिनुपर्छ । राम्रा जातका बोटबिरुवाहरू छानेर हरियालीकरणको अभियान चलाउने हो भने १० देखि १५ वर्षमा सिङ्गो देशकै मुहार बदलिने छ । सिङ्गो देशलाई अक्सिजन.उद्यानका रुपमा रुपान्तरित गर्न सकिन्छ र कार्बन उत्सर्जनलाई क्रमशः शुन्यमा झार्न सकिन्छ ।

२६. त्यति मात्र होइन पहाड र हिमाली क्षेत्रमा आजभन्दा ५०/६० वर्षअघिसम्म अग्लाअग्ला र विशाल वृक्षहरू थिए । निकै घना जंगल थियो । तर अहिले पहाड र हिमालका ती बन र बृक्षहरू सखाप पारिएका छन् । हामीले ती प्रत्येक पालिकाहरूमा परम्परागत रुपमा रहेका रैथाने जातका बृक्षहरूको रोपण गऱ्यौँ भने हामीले नयाँ बन हुर्काउने वातावरण निर्माण गर्ने सम्भावना छन् । यस कुरालाई पनि हामीले ध्यान दिनुपर्छ । हर पालिकामा संरक्षित बनको विकासमा हामीले ध्यान दिनुपर्छ ।

२७. यतिबेला मुलुकभरि पूर्वाधार निर्माण गर्ने अभियान चलाउँदै आएका छौ । खासगरी बाटाघाटाहरू बनाउने क्रम व्यापक बन्दै गएको छ । त्यसले गर्दा हरेक वर्षको वर्षायाममा ठुलो मात्रामा पहिरो जाने र जमिन धसिने प्रक्रिया बढ्दै गएको छ । त्यसलाई रोक्नका निम्ति हामीले हर बाटा घाटाका दुवैतिर जमिन थाम्ने खालका बनस्पति छानेर वृक्षारोपण गर्न सकिन्छ । त्यसरी नै हर कुला पैनीहरूका दुवै साइडमा राम्रा जातका रुखहरू लगाउन सकिन्छ । हर गाँउ बस्तीहरूमा हामीले निश्चित संख्यामा वृक्षारोपण गर्नुपर्ने विशेष व्यवस्था गर्नुपर्छ । त्यसरी नै शहरलाई योजनाबद्ध रूपले हरियालीकरण गर्ने र गाउँबस्तीमा पनि प्रत्येक घरको वरिपरि वृक्षारोपण गर्ने आवश्यकताका बारेमा जन जनलाई शिक्षा दिनुपर्छ । यो अभियान सफलतापूर्वक सञ्चालन गर्ने हो भने हाम्रा पालिकाहरू सुन्दर, हरियालीपूर्ण, स्वस्थकर र पर्यटनमैत्री बन्न सक्छन् ।

२८. हामी जनप्रतिनिधिहरूले हर पालिका र वडाहरूमा युवा र बालबालिकाहरूका निम्ति खेलकुदको राम्रो प्रबन्ध गर्नुपर्छ । त्यसका निम्ति खेलमैदानहरू विकास गर्नुपर्छ । हर पालिकाभित्र कमसेकम एउटा सार्वजनिक खेलमैदान

हुनुपर्छ । ती मैदानहरूलाई आधुनिक कभर्डहल सहीतको बनाउन ठोस योजनाका साथ अघि बढ्नुपर्छ । त्यसले गर्दा जनताको व्यायाम, मनोरञ्जन र मैत्रीको एउटा महत्वपूर्ण साधनका रूपमा खेलको विकास व्यवस्थित र नियमित रुपले विकसित हुन सक्छ ।

२९. प्रत्येक पालिका वा वार्डहरूले आफ्नो क्षेत्रबाट कला, साहित्य र संस्कृतिको विकास गर्न विशेष प्रयत्न गर्नुपर्छ । हर पालिकाहरूमा त्यहाँकै विशेष स्थितिअनुरुपका कला, साहित्य, संस्कृति नृत्यहरू, गायनहरू र वाद्यवादनहरू पनि हुन्छन् । तिनीहरूको हामीले दृढतापूर्वक रक्षा गर्नुपर्छ र तिनीहरूभित्र नयाँ प्रगतिशील र समाजवादी अन्तर्वस्तु भर्नुपर्छ र तिनीहरूलाई आम जनताका बिचमा फैलाउनुपर्छ । त्यसरी नै साहित्यका विभिन्न विधामा कार्यक्रमहरू आयोजना गर्ने, प्रतियोगिताहरू आयोजना गर्ने, उत्कृष्ट रचनाहरूलाई पुरस्कृत गर्ने र राम्रा रचनाहरूलाई प्रकाशनमा ल्याउने समेत काम गर्नुपर्छ । अझ यस्ता प्रकाशनहरू विभिन्न जिल्लाले सम्बन्धित जिल्ला भित्रका सबै वा खास पालिकाहरू मिलेर साझा वा एउटै प्रकाशन पनि गर्न सकिन्छ ।

३०. हामीले प्रत्येक पालिका वा वडामा रहेका सबै जनताका परिवारमा स्वास्थ्य खानेपानीको व्यवस्था गर्नुपर्छ । खानेपानी स्वस्थ नहुनुले मानिसहरूमा विभिन्न प्रकारका रोगहरू फैलिँदै आएका छन् । पानीबाट उत्पन्न हुने रोगहरूबाट आम जनतालाई जोगाउन र उनीहरूको स्वास्थ्य सुरक्षित गर्न हर परिवारका लागि स्वस्थ खानेपानीको व्यवस्था अपरिहार्य रूपमा गर्नुपर्छ । यो आम जनताको आधारभूत आवश्यकताको विषय हो ।

३१. मानव जीवन उपयुक्त प्रकारको मनोरञ्जनबिना बाँच्न सक्दैन । हामीले प्रत्येक पालिकाहरूमा आम जनताका निम्ति विभिन्न प्रकारका मनोरञ्जनको व्यवस्था गर्नुपर्छ । साहित्य गोष्ठीहरू गर्ने, साँस्कृतिक कार्यक्रमहरू गर्ने, प्रगतिशील परिवर्तनकामी नाटकहरू प्रदर्शन गर्ने, बालबालिका र विद्यार्थीहरूलाई विभिन्न खाले पिकनिक वा शैक्षिक यात्राहरूमा लाने, विभिन्न असल र शिक्षाप्रद फिल्महरूको प्रदर्शन गर्ने र आवश्यकता

तथा व्यवसायिक औचित्यका आधारमा फिल्महलहरूको व्यवस्था गर्ने, कतिपय विषयमा राम्रा, शिक्षाप्रद डकुमेण्ट्रीहरू बनाउने र तिनीहरूको योजनाबद्ध प्रदर्शनबाट जनतालाई एकैचोटी शिक्षा र मनोरञ्जन दिने व्यवस्था हुन सक्छ । यसबारे पनि जनप्रतिनिधिहरूले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ ।

३२. हामीले के कुरामा पनि ध्यान दिनुपर्छ भने आजको विश्वमा विज्ञान र प्रविधिको विकास वडो तीव्र रूपले भइरहेको छ । विश्व नै डिजिटलाइज्ड हुँदै गइरहेको छ । यस्तो अवस्थामा हामीले एकातिर प्रत्येक पालिका वा वार्डमा इन्टरनेट पुऱ्याउनुपर्ने आवश्यकता छ भने अर्कोतिर हाम्रा प्रशासनिक, शैक्षिक र विभिन्न गतिविधिहरूलाई व्यापक रुपले डिजिटललाइज गर्दै अघि बढ्नु पर्छ । तब मात्र हाम्रो हर पालिकाहरू आधुनिक बन्दै जान्छन् र भूमण्डलीय गाउँ(Global village)का अंग बन्दै जान्छन् ।

३३. हामीले प्रत्येक पालिकाका हर परिवारसम्म विद्युतीकरण गर्ने प्रक्रियालाई तीव्र पार्नुपर्छ । अहिलेसम्म पनि दाउरा बाल्ने र दाउराबाट खाना पकाउने चलन व्यापक छ । हामीले यो दाउराको प्रयोगलाई व्यापक रुपले घटाउँदै बिजुलीबाट खाना पकाउने प्रक्रियालाई लोकप्रीय र व्यापक बनाउँदै लानुपर्छ । हर परिवारलाई पहिलो पटक विद्युतीय चुल्होमा अनुदान दिने व्यवस्था गर्नुपर्छ र विद्युत चुल्हो उपयोग गर्ने विषयमा परिवार परिवारमा तालिम दिने र हर परिवारलाई विद्युतीकरण गर्ने कुरामा जोड दिएर अघि बढ्नुपर्छ । त्यसले धुँवारहित स्वच्छ पालिकाहरूको निर्माणमा ठुलो भूमिका खेल्ने छ ।

३४. हाम्रा जनप्रतिनिधिहरूले आफ्नो पालिका भित्रका विभिन्न वाडका कामहरू वा विभिन्न गाँउ टोलका कामहरू वा विभिन्न क्षेत्रका विकास निर्माणका योजनाहरूको कार्यान्वयन जस्ता कुराहरूको निरन्तर अनुगमन गर्ने प्रणालिको पनि विकास गर्नुपर्छ । हर पालिका वा वडामा एउटा जनपक्षीय, प्रगतिशील र समाजवादउन्मुख विकास भइरहेको छ कि छैन यसबारेमा स्वयम् पार्टीले नियमित रूपले अनुगमन गर्नुपर्छ । जारी प्रक्रियामा कुनै समस्या वा चुनौति छन् कि, कुनै कमजोरी भएका छन् कि वा कुनै नयाँ

काम गर्नुपर्नेछ कि भनेर अनुगमन गर्ने कुराले पत्ता लगाउन सक्छ र कुनै थप कुरा गर्नुपर्ने भएमा त्यो पनि गर्न सक्छ ।

३५. हामी जनप्रतिनिधिहरूले विकास निर्माण वा अन्य जुनसुकै गतिविधिहरू गर्दा पनि आफु पार्टीको एउटा कार्यकर्ता हो भन्ने कुरालाई कहिल्यै भुल्नु हुँदैन । आफूले खास ओहोदामा रहेर काम गर्दा सधैभरी जनताको सेवा गर्नुका साथै आफ्नो पार्टीको जन आधारलाई विस्तार गर्ने कुरालाई ध्यान दिनुपर्छ । आफूले पालिका वा क्षेत्रमा जुन काम गरिन्छ, त्यसको क्रेडिट व्यक्तिगत रुपले लिने प्रयास गर्नुहुँदैन । त्यसको क्रेडिट जहिले पनि आफ्नो महान पार्टीलाई दिनुपर्छ र पार्टीलाई स्थापित गर्ने हिसाबले काम गर्नुपर्छ । यसरी पार्टी स्थापना भयो भने व्यक्ति स्वतः स्थापित हुन्छ । तर तपाईले आफुलाई वा व्यक्तिलाई स्थापित गर्न खोज्नु भयो भने तपाईं पनि स्थापित हुन सक्नुहुन्न र पार्टीलाई पनि स्थापित हुन दिनु हुन्न । त्यसैले हामी सबै पार्टीका नेता र कार्यकर्ता हौ, हामीले व्यक्तिलाई होइन, पाटीलाई स्थापित गर्न जोडदार प्रयत्न गर्नुपर्छ ।

३६. हामीले पालिकाहरूमा र वडाहरूमा जुन कामहरू गरिरहेका हुन्छौँ । ती कुराहरूका बारेमा नियमित रूपले समीक्षा गर्ने गरौं । त्यतिमात्र होइन एउटा पालिकाभित्र पनि विभिन्न वडाहरूमा विभिन्न प्रकारका अनुभवहरू प्राप्त भइरहेका हुन्छन् । ती वडाहरूका बिचमा पनि अनुभवहरूको साटासाट गर्ने व्यवस्था गर्नुपर्छ । त्यसले स्थानीय तहमा विकासको प्रक्रियालाई गुणस्तरयुक्त बनाउन, विकास प्रक्रियालाई अझ बढी जनमुखी बनाउन र विकासलाई तीव्रता प्रदान गर्नका निम्ति ठुलो मद्दत गर्नसक्छ । त्यसरी नै विभिन्न पालिकाहरूका बिचमा पनि अनुभवहरूको आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्छ । कतिपय पालिकाले निकै प्रशंसनीय काम गरेका छन् । ती कुरालाई सबै पालिकाहरूमा पुऱ्याउन सकियो भने सिङ्गो देश वा प्रदेशकै समेत विकासले तीव्रता प्राप्त गर्छ ।

३७. सबै पालिका वा वार्डहरूले आफ्नो निर्वाचन भएको दिन देखि ५ वर्ष आफ्नो कार्यकाल रहेको हुन्छ । हर वर्ष निश्चित बजेट प्राप्त हुने गर्छ । त्यो बजेटलाई अधिकतम रुपमा परिचालन गदै आगामी ५ वर्ष भित्रमा

आफ्नो पालिका वा वार्डको विकास प्रक्रियालाई कसरी अघि बढाउने भन्ने बारेमा ५ बर्षे योजना समेत बनाउनुपर्छ । त्यस्तो योजना बनाउँदा राम्रो गृहकार्य गरेर विज्ञहरूको समेत सहायता लिएर बनाउनुपर्छ । त्यसरी सिङ्गो कार्यकाललाई समेत ध्यानमा राखेर दीर्घकालीन र तत्कालीन योजनाहरू बनाएर अघि बढ्न सक्यौँ भने मात्र आफ्नै पालिका वा वार्डको विकासलाई सामग्रिक, सन्तुलन र जनआकांक्षाअनुरुप अघि बढाउन सकिन्छ ।

३८. यस वर्षको वार्षिक बजेटको स्थिति मात्र हेर्दा पनि स्थानीय तहका निम्ति मात्र ४ खरब २९ अरब ८३ करोड २२ लाखको बजेट वितरण भएको छ । यो निकै विशाल राशी हो । जसले स्थानीय तहमा बढी जितेको छ। अब पाच वर्ष सम्म त्यही पार्टीले उपरोक्त बजेटको राशीलाई उपयोग गर्ने सम्भावना रहन्छ । जनतामा र कार्यकर्ताहरूमा पनि वैचारिक कुराको प्रभाव भन्दा आजभोलि साधन श्रोतको प्रभाव बढी पर्न थालेको छ । त्यसको कारण जनता र कार्यकर्ताबिच वैचारिक -सैद्धान्तिक कामलाई कमजोर बनाउनु नै हो । त्यसैले जनप्रतिनिधिहरू र कार्यकर्ताहरूले हाम्रो पंक्तिभित्र विचारधारात्मक रूपान्तरणको कामलाई सधै ध्यान दिनुपर्छ ।

३९. हामीलाई स्थानीय तहको निर्वाचनबाट तितो अनुभव प्राप्त भएको छ । त्यसबाट हामीले गहिरो शिक्षा लिनुपर्छ । अब हामीले आफूलाई हर प्रकारले आत्मनिर्भर बनाएर अघि बढ्नुपर्छ । हामीले खाली गठबन्धन माथि मात्र भरोसा गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ । सबैभन्दा पहिले हाम्रो पार्टीको विकास, विस्तार र सुदृढीकरणलाई प्राथमिकता दिनुपर्छ । पार्टीका कार्यदिशा, नीति र सिद्धान्तहरूलाइ आम जनताका बिचमा व्यापक रुपले फैलाउनुपर्छ । समाजवादका पक्षमा क्रान्तिकारी जनमत निर्माण गर्ने काममा दृढ भएर लाग्नुपर्छ । देशव्यापी रुपमा अर्थात हर पालिका, वार्ड र गाउँ तथा टोलहरूमा पार्टी र जनवर्गीय सङ्गठनहरूका इकाईहरूलाई फैलाउनुपर्छ । अब आउने सङ्घीय र प्रादेशिक चुनावहरू एउटा तीव्र राजनीतिक अभियानका रुपमा आइरहेका छन् । ती सङ्घीय

र प्रादेशिक निर्वाचन अभियानहरूलाई हामीले र हाम्रा जनप्रतिनिधिहरू सबैले पार्टी र जनसङ्गठनलाई देशभरि विस्तार गर्ने, समाजवादका निम्ति क्रान्तिकारी जनमत निर्माण गर्ने र संसदका निर्वाचनमा महत्वपूर्ण जीत हासिल गर्ने काममा अधिकतम रूपमा प्रयोग गर्न सक्नुपर्छ ।

४०. त्यसैले जनप्रतिनिधि कमरेडहरू ! यतिवेला आमनिर्वाचन नजिक नजिक आउँदैछ, देशको राजनीतिक परिस्थितिमा समाजवादी शक्ति र पुँजीवादी शक्तिका बिचमा तीव्र रूपले वीकरण भइरहेको छ । नयाँनयाँ प्रवृत्ति र सम्भावनाहरू देखा परिरहेका छन् । विभिन्न पार्टीहरूले आ-आफ्नो चुनावी रणनीतिहरू बनाइरहेका छन् र आगामी निर्वाचन पछिको सपना देख्न थालेका छन् ।

यस्तो अवस्थामा हामीले पनि पार्टीका कार्यदिशा नीति र सिद्धान्तहरूलाई व्यापक जनतासम्म पुऱ्याउनुपर्छ । पार्टीका झण्डा र चिन्हलाई त्यसरी नै जनताको बिचमा लोकप्रीय बनाउनुपर्छ । पार्टी सङ्गठन र जनवर्गीय सङ्गठनलाई देशका सबै पालिका, वडा र गाउँ तथा टोलहरूसम्म छिटोछिटो फैलाउनुपर्छ । सङ्घीय र प्रादेशिक निर्वाचनका निम्ति १६५ सङ्घीय र ३३० वटै निर्वाचन क्षेत्रमा पार्टीका प्रचार, सङ्गठन र सङ्घर्षलाई केन्द्रित गर्नुपर्छ । ती क्षेत्रमा छिटोछिटो पार्टी सङ्गठन र हाम्रो जनआधारलाई विस्तृत बनाउनुपर्छ । निर्वाचनको तयारीमा हर प्रकारले जुट्नुपर्छ र सङ्घीय संसद तथा प्रादेशिक संसद दुवै खाले संसदहरूमा हाम्रो पार्टीका समाजवादी क्रान्तिकारी सांसदहरूको शक्तिशाली समूहलाई चिताउने गरी चौतर्फी रुपले चुनावी तयारीलाई अघि बढाउनुपर्छ । हाम्रो सिङ्गो पार्टीले र सबै जनप्रतिनिधिहरूले पार्टी निर्माण गर्ने र चुनावी तयारीलाई व्यापक पार्ने काममा दृढतापूर्वक अघि बढ्नुपर्छ ।

*(पार्टी स्कुल विभागले २०७९ साउन ४ र ५ गते आयोजना गरेको जनप्रतिनिधिहरूको अभिमुखीकरण कार्यक्रममा प्रशिक्षकका रुपमा सहभागी भई सम्मानित नेता क.झलनाथ खनालले राख्नुभएको प्रशिक्षणमूलक सामग्री)*

# विद्रोहपछिको समीक्षा र वैज्ञानिक समाजवादमा पुग्ने लक्ष्य

कमरेडहरु ! आज हामीले नेकपा (एमाले)को नेतृत्वमा रहेको ओली गुटका दक्षिणपन्थी औसरवादी कार्यदिशा, विचार, नीति र व्यवहारका विरुद्ध विद्रोह गरेको ठिक एक वर्ष पुगेको छ । यो एक वर्ष नेपालको कम्युनिष्ट आन्दोलनको विकास र बिस्तारको बाटोमा एउटा विशिष्ट वर्षका रुपमा रहेको छ ।

जतिवेला हामीले ओली गुटका विरुद्ध विद्रोह गऱ्यौं, त्योभन्दा अघि नेपालको कम्युनिष्ट आन्दोलन आफ्नो विकासको सर्वोच्च उचाइमा पुगेको थियो । ०६२-०६३ को जनक्रान्ति पछि हामीले १० वर्ष लगाएर नयाँ संविधान बनाएका थियौं । त्यो संविधान निर्माण गर्न कम्युनिष्ट आन्दोलनकै निर्णायक भूमिका रहेको थियो । उक्त संविधान घोषणा भएपछि सम्पन्न तिनै तहको पहिलो निर्वाचनमा नेपाली कम्युनिष्ट आन्दोलनले आशातित सफलता हासिल गरेको थियो । सङ्घीय संसदमा नेकपाको दुईतिहाइ बहुमत, छ वटा प्रदेश सभामा नेकपाकै वहुमतको सरकार र स्थानीय तहमा ६० प्रतिशतभन्दा बढी नेकपाको प्रतिनिधिहरूको बिजय वास्तवमा यो नेपाली कम्युनिष्ट आन्दोलनको अभूतपूर्व विजय थियो । यो  विजय एउटा असाधारण विजय थियो । नेपाली जनताले कम्युनिष्ट पार्टीप्रति गरेको अगाध विश्वासको अनुपम उदाहरण पनि थियो ।

त्यस्तो विजयपछि बनेको सरकारको नेतृत्व गर्ने औसर श्री खड्ग प्रसाद शर्मा ओलीलाई प्राप्त भएको थियो । त्यो असाधारण अभूतपूर्व औसर थियो । त्यो सरकारले नेपाली कम्युनिष्ट आन्दोलनले सन १९५० देखि नै उठाउँदै आएका जनता र राष्ट्रका आधारभूत महत्वका सवालहरुलाई केन्द्रबिन्दुमा राखेर मुलुकको सामाजिक-आर्थिक रुपान्तरणको प्रक्रियालाई अघि बढाउन जरुरी थियो । तब मात्र मुलुकलाई पार्टीको लक्ष्यअनुरुप समाजवादको दिशामा अघि बढाउन सकिन्थ्यो । तर पहिलेदेखि नै दक्षिणपन्थी औसरवादतिर उन्मुख खड्गप्रसाद शर्मा ओलीको सरकार एकलौटी सत्ता प्राप्त भएपछि दक्षिणपन्थी औसरवादको

दलदल तिर भासिँदै गयो । त्यसको परिणामस्वरूप हामीले ऐतिहासिक विद्रोह गर्नुपऱ्यो ।

हामीले उक्त विद्रोह गरेर एक वर्ष अघि ०९ भदौ २०७८ मा पार्टी पुनर्गठन गरेका थियौँ । यस बिचमा हाम्रो पार्टीको विकास, बिस्तार र अग्रगति कसरी अघि बढ्दै आएको छ र हाम्रा सामु आज के कस्ता कार्यभारहरु रहेका छन् भन्ने कुराका बारेमा सामान्य समीक्षा गर्न जरुरी छ । यसरी हेर्दा हाम्रो एक वर्षको अनुभव निम्न बमोजिम देखिन्छ ।

- हामीले दक्षिणपन्थी औसरवाद र दक्षिणपन्थी नेतृत्व विरुद्ध विद्रोह गर्ने आँट गऱ्यौँ । त्यो एउटा महत्वपूर्ण पहलकदमी थियो ।
- हामीले स्वतन्त्र रुपले पार्टी निर्माण गर्ने पहलकदमी लियौं र एउटा नयाँ क्रान्तिकारी कम्युनिष्ट पार्टी स्थापना गर्ने ऐतिहासिक प्रक्रियालाई अघि बढायौँ ।
- हामीले जनवादी क्रान्ति सम्पन्न भएर देश समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ युगमा प्रवेश गरेको कुरालाई सिङ्गो राष्ट्रले थाहा पाउने गरी घोषित गऱ्यौँ ।
- हामीले समाजवादी क्रान्ति र रुपान्तरणको कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य, बाटो र विधि विधानहरुलाई क्रमशः व्यवस्थित गर्दै ल्याएका छौ र त्यस बारेमा क्रान्तिकारीहरुको बढ्दो पङ्क्ति स्पष्ट हुँदै गएको छ ।
- .हामीले उक्त कार्यदिशा, नीति र सिद्धान्तका आधारमा नयाँ क्रान्तिकारी पार्टी सङ्गठनलाई देशव्यापी र प्रवासमा समेत फैलाउँदै लगेका छौ र एउटा नयाँ क्रान्तिकारी शक्तिको विकास भईरहेको छ ।
- यो पार्टीलाई एउटा वर्गआधारित, जनआधारित र सच्चा क्रान्तिकारी पार्टीका रुपमा विकास गर्ने, वैचारिक, सैद्धान्तिक र राजनीतिक आधारहरू निर्माण गर्दै लगेका छौं ।

- पार्टीका वरिपरि २१ भन्दा बढी जनवर्गीय र सामुदायिक सङ्गठनहरूको राष्ट्र्व्यापी सञ्जालको विकास भइरहेको छ । पार्टीसम्बद्ध जनवर्गीय सङ्गठनहरुमार्फत पार्टी वरिपरि लाखौं जनताको पङ्क्ति मोर्चाबद्ध बन्दै गइरहेको छ ।
- हामीले नेपाली समाजमा ०६२–०६३को पुँजीवादी जनवादी क्रान्तिले वर्गीय संरचनामा ठूलो परिवर्तन ल्याएको कुरालाई विश्लेषण गरेका छौं । साथै आज नेपाली समाज एउटा पारम्भिक रुपको पुँजीवादी समाजमा रुपान्तरित भएको कुरालाई प्रष्ट रुपले अघि सारेका छौं ।
- हामीले आजको पुँजीवादी समाजमा दलाल पुँजीपति वर्ग, राष्ट्रिय पुँजीपति वर्ग, निम्न पुँजीपति वर्ग, किसान जनसमुदाय र आधुनिक श्रमिक वर्ग जस्ता पाँच वटा प्रमुख सामाजिक-आर्थिक वर्गहरू रहेका छन् भन्ने विश्लेषणलाई प्रष्ट रुपले अघि सारेका छौं र हामीले वर्तमान नेपाली समाजको वर्गीय संरचनाको प्रष्ट चित्र अघि सार्न सकेका छौँ ।
- हामीले ती वर्गहरु मध्ये यतिबेला दलाल पुँजीवादसँग अन्य सबै वर्गहरु तथा व्यापक जनसमुदायको वर्गीय अन्तरविरोध नेपाली समाजको प्रधान अन्तर्विरोध हो भन्ने कुरालाई पनि किटानीसाथ अघि सारेका छौं ।
- हामीले यसरी निश्कर्ष निकाल्यौं- नेपाली समाजमा पुँजिवादी जनवादी क्रान्तिको युग सिद्धियो, पुँजीवादी जनवादी कार्यक्रमहरुको युग पनि सिद्धियो । तदनुरुप ऐतिहासिक कार्यक्रमहरु नयाँ जनवाद, जनताको जनवाद, राष्ट्रिय जनवाद, नौलो जनवाद र जनताको बहुदलीय जनवादको युग पनि सिद्धियो । अब हामी समाजवादी क्रान्तिको युगमा प्रवेश गरेको हुनाले हाम्रो अबको कार्यक्रम एकमात्र समाजवादी कार्यक्रम हो भन्ने कुरालाई पनि प्रष्ट रूपमा अघि सारेका छौं ।
- यसरी नेपालमा स्थापना हुने समाजवादको आफ्नै विशिष्टता हुनेछ । हामीले स्थापना गर्ने समाजवाद नेपाली विशेषता अनुरुपको समाजवाद हुनेछ र त्यसले नेपाली जनता र राष्ट्रलाई सुख र समृद्धितिर लानेछ भन्ने

कुरालाई पनि सिद्धान्ततः हामीले प्रष्ट रुपले अघि सारेका छौं ।

- नेपाली समाजमा स्थापना हुने समाजवादले आजको पुँजीवादी जनवादलाई ऐतिहासिक रुपले विस्तापित गर्नेछ र मुलुकमा लोकतन्त्रको सर्बोच्च रुप समाजवादी लोकतन्त्रको स्थापना गर्नेछ भन्ने कुरालाई पनि हामीले प्रष्ट रुपले अघि सारेका छौं । त्यो समाजवादी लोकतन्त्र आजको पुँजीवादी लोकतन्त्र भन्दा हर मानेमा समुन्नत र श्रेष्ठ हुनेछ । त्यसले आम श्रमिक जनतालाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मौलिक र बालिग मताधिकारसहीत सबै प्रकारका हक र अधिकारले सुसज्जित गर्नेछ । त्यो समस्त श्रमिक जनताको लोकतन्त्र तथा समाजवादी लोकतन्त्रका रुपमा नेपाली समाजमा स्थापित हुनेछ ।
- यसरी हामीले पार्टीका कार्यदिशा, नीति र सिद्धान्तहरुलाई व्यवस्थित गर्ने पहल गर्नुका साथै सङ्घीय र प्रादेशिक संसदमा रहेका संसदीय दलहरुका तर्फबाट सङ्घीय र प्रादेशिक सरकारहरुमा सहभागी हुने काम पनि गरेका छौं । ती सहभागिताहरुबाट पार्टी र क्रान्तिको अग्रगतिका निम्ति कति फाइदा भएको छ, जनता र राष्ट्रले कति उपलब्धि प्राप्त गरेका छन् भन्ने कुरा भने मूल्याङ्कन र समीक्षाको विषय रहेका छन् । यथा समयमा उपरोक्त कुराहरूको समीक्षा गर्दै हामीले सरकारमा गर्ने सहभागीतालाई पार्टी, क्रान्ति, देश र जनताको हित र अग्रगतिसँग जोडेर अघि बढाउनुपर्ने कुरालाई गम्भीरतापूर्वक ध्यान दिनुपर्नेछ ।
- यो एक वर्षको अवधिमा हामीले देश र प्रवासमा रहेका जनताका बिचमा पार्टी र जनसङ्गठनहरु बिस्तार गर्नुका साथसाथै हाम्रो पार्टीका अन्तर्राष्ट्रिय सम्बन्धहरुलाई विकास र बिस्तार पनि गर्दै आएका छौं । हाम्रो पार्टीका सम्बन्धहरु चिनियाँ कम्युनिष्ट पार्टी, दक्षिण एसियाका कम्युनिष्ट पार्टीहरु लगायत विश्वका विभिन्न कम्युनिष्ट पार्टीहरूसँगका सम्बन्धहरु विकास र बिस्तार गरिरहेका छन् ।
- हामीले एक वर्षको अवधिमा पार्टी निर्माण, विकास र बिस्तारको प्रक्रियामा आम जनताका बिचमा पार्टीलाई लाने कुरामा क्रमशः प्रगति गर्दै

आएका छौँ । जनताको तल्लो वर्गको पङ्क्तिमा पार्टी बिस्तार गर्दैछ । नव युवाहरूको पङ्क्ति पार्टीमा प्रवेश गरिरहेको छ । विभिन्न अन्य राजनीतिक दलहरु परित्याग गरेर हाम्रो पार्टीमा एकताबद्ध हुने क्रम जारी छ । कैयौँ साना मझौला कम्युनिष्ट समूहहरु हाम्रो पार्टीमा एकिकृत भएका छन् र पार्टी सङ्गठनलाई बिस्तार गर्न महत्वपूर्ण योगदान गरेका छन् ।

- हामीले एक वर्षअघि नेकपा (एमाले)को नेतृत्वमा रहेको ओली गुटसँग विद्रोहको सुरुवात गरेका थियौँ । त्यो विद्रोह अहिले पनि जारी छ । भर्खरै पाल्पामा कमरेड अशोक शाहीको नेतृत्वमा भएको विद्रोह त्यसैको पछिल्लो कडी हो । देशभरि यस्ता विद्रोहहरू भइरहेका छन् । अझै विद्रोहहरू हुँदै जानेछन् । नेपालका हामी कम्युनिष्टहरुले पुँजिवादी जनवादी क्रान्ति सफलतापूर्वक सम्पन्न गरेका छौं । तर अब समाजवादी क्रान्तिलाई अघि बढाउने बाटो के हो ? त्यसका लागि हामीले अवलम्बन गर्नुपर्ने सही कार्यदिशा, नीति र सिद्धान्त के हुन ? यतिबेला व्यापक खोजी भइरहेको छ । एमाले नेतृत्वमा रहेको ओली गुटमा दक्षिणपन्थी औसरवाद झन् झन् घनीभूत भइरहेको छ । त्यसले समाजवादी क्रान्तिको बाटोमा ठूला भ्रम सिर्जना गरिरहेको छ । त्यो भ्रमलाई वैचारिक, राजनीतिक र सैद्धान्तिक रुपले जति गहिरो र धारिलो ढङ्गले चिर्न सकिन्छ । एमालेभित्र विद्रोह त्यति नै विस्तृत र व्यापक बन्दै जान्छ । यो वैचारिक पुनर्गठन र रूपान्तरणको प्रक्रिया हो । यसलाइ कसैले पनि रोक्न सक्दैन ।
- हामीले के कुरा बुझ्नुपर्छ भने कम्युनिष्ट आन्दोलन भित्रको वैचारिक सङ्घर्ष भनेको समाजमा चलिरहेको वर्गसङ्घर्षको सोझो प्रतिबिम्ब हो । यतिबेला ओली गुटका विरुद्ध चलिरहेको दक्षिणपन्थी औसरवाद विरोधी सङ्घर्ष भनेको समाजमा दलाल पुँजीवादका विरुद्ध चलिरहेको जनताको सङ्घर्षको प्रतिबिम्ब हो । त्यसैले आजको दक्षिणपन्थी औसरवाद विरोधी सर्घष सोझै दलाल पुँजीवाद विरोधी, सम्राज्यवाद, प्रभुत्ववाद विरोधी सघर्षसँग जोडिएको छ । त्यो सङ्घर्षलाई हामीले बडो जिम्मेवारीपूर्वक सञ्चालन गर्न सक्नुपर्छ । त्यसका निम्ति हामीले गाली-गलौजमा उत्रेर

होइन, नीतिहिन आलोचना गरेर पनि होइन, व्यक्तिगत वा समूहगत आरोप-प्रत्यारोप गरेर पनि होइन, पानी बाराबारको नीति लिएर पनि होइन, बदलाको भावना लिएर त झनै होइन । कम्युनिष्ट आन्दोलनभित्र चल्ने बहस, विवाद, वैचारिक, सैद्धान्तिक, सङ्घर्षहरु जहिलेपनि नीति निष्ट, सिद्धान्तनिष्ठ र विधिनिष्ट ढङ्गले सञ्चालन गर्नुपर्छ । तर त्यो सङ्घर्षलाई अत्यन्त दृढतापूर्वक र धारिलो ढङ्गले सञ्चालन गर्नुपर्छ । हामीले दक्षिणपन्थी औसरवादलाई वैचारिक रुपले, राजनीतिक रुपले, सैद्धान्तिक रुपले, दार्शनिक रुपले, सांस्कृतिक रुपले, ऐतिहासिक रुपले र हर दृष्टिले खण्डन गर्न सक्नुपर्छ । त्यो खण्डन शत्रुतापूर्ण वा व्यक्तिलाई वा समूहलाई निषेध गर्ने ढङ्गले होइन दक्षिणपन्थी औसरवादलाई निषेध गर्ने तर व्यक्ति वा समूहलाई रुपान्तरण गर्ने उद्देश्यबाट सञ्चालन गर्न सक्नुपर्छ । तब मात्र वैचारिक सङ्घर्ष, विद्रोह आदिले अपेक्षित नतिजा प्राप्त गर्न वा वैचारिक रुपान्तरण सिर्जना गर्न सक्छ ।

- हामीले यो एकवर्षको यात्रालाई पछि फर्केर हेर्दा पार्टी र क्रान्तिलाई अग्रगति तिर अघि बढाउने प्रक्रियामा केही गम्भीर कमजोरीहरु पनि भएका छन् । हामीले पार्टीभित्र प्रकट भएका दक्षिणपन्थी औसरवादका विरुद्ध सङ्घर्ष गर्ने क्रममा वैशाख ४ र ५ गते जुन राष्ट्रिय कार्यकर्ता भेला गर्‍यौं । त्यो ऐतिहासिक भेला थियो । त्यसले समानान्तर कमिटीहरु बनाउने, वर्गीय सङ्गठनहरु अलग बनाउने र दक्षिणपन्थी औसरवादका विरुद्ध वैचारिक-सैद्धान्तिक सङ्घर्षलाई पार्टीभित्र गहिरो पार्ने जुन निर्णय गरेको थियो, त्यो दूरगामी महत्वको थियो । तर ती निर्णयहरू राम्ररी कार्यन्वयन हुन नपाउँदै वार्ता प्रक्रिया सुरु भयो । वार्ताका निम्ति जस्तो कार्यादेश अघि सारियो, त्यो बढी प्राविधिक बन्न पुग्यो । राजनीतिक रुपले जुन सवालहरुमा मतभिन्नता प्रकट भएका थिए, ती विषयमा वार्ता हुन सकेन । त्यसले गर्दा विद्रोहको प्रवाहमा अघि बढेको शक्ति नै एकताबद्ध बन्न सकेन । ओली सरकारले भित्रभित्रै अमेरिकासँग बढाउँदै लगेको साठगाँठको परिणामस्वरूप हाम्रो देशप्रति थोपर्न लागिरहेको असमान

सम्झौता एमसीसीबारे पार्टीलाई स्थिर अडानमा राख्न सकिएन । एक हप्ताअघि अस्वीकार गर्ने र एक हप्तापछि अनुमोदन गर्न पुग्दा हाम्रो पार्टीका वरिपरि लहरका रूपमा आकर्षित भइरहेको जनताको पङ्क्ति पार्टीमा आउनबाट रोकियो । स्थानीय तहको निर्वाचनमा पार्टीले आफ्नो स्वतन्त्र नीति लिएर अघि बढ्न नसक्दा र गठबन्धनमाथि मात्र भरोसा गरेर अघि बढ्न खोज्दा पार्टीको विकास, बिस्तार र बिजयमा नकारात्मक असर पुग्न गयो । जसले गर्दा हामीले हाम्रो यथार्थ जनमत मात्र पनि प्रकट गर्न सकेनौं । पछिल्लो अवधिमा नागरिकता ऐनमा पनि विवादमुक्त बन्न सकिएन । यस्ता कुराहरुबाट हाम्रोजस्तो उदियमान र क्रान्तिकारी पार्टीले अन्त्यन्त होसियार हुन सक्नुपर्छ । हामीले आम जनताको इच्छा, आकाङ्क्षा, भावना, चाहना र ठोस आवश्यकताहरूलाई हाम्रा नीति र पहलकदमीमा प्रतिबिम्बित गर्न सकेनौँ भने पार्टीको विकास अग्रगति तिर जाँदैन । त्यो स्थिर हुन्छ र अधोगतितिर लाग्छ । त्यसैले हामीले विगतमा पार गर्दै आएको यात्रालाई पटकपटक सिंहावलोकन गर्नुपर्छ । सिंहले जस्तै पछि फर्केर हेर्न सक्नुपर्छ । त्यसबाट शिक्षा लिनुपर्छ र अग्रयात्रातर्फ नयाँ योजना र सङ्कल्पका साथ अघि बढ्नुपर्छ ।

- हामीले विद्रोहमार्फत नयाँ पार्टी निर्माण गरेको यो एक वर्षमा अरु पनि धेरै अनुभवहरु प्राप्त भएका छन् । हामीले बुझ्नुपर्छ कम्युनिष्ट आन्दोलन भनेको वैचारिक आन्दोलन पनि हो । हामीले वैचारिक-सैद्धान्तिक सङ्घर्ष, बहस र गलत कुराहरुको खण्डन एवम् आलोचनालाई सशक्त र व्यापक बनाउन सकिएन भने आन्दोलनमा अग्रगति प्राप्त हुन सक्दैन । हामीले यो अवधिमा खासगरी दक्षिणपन्थी औसरवाद विरोधी वैचारिक सङ्घर्षलाई जुन सशक्त ढङ्गले अघि बढाउनु पर्ने थियो, त्यो हुन सकेको छैन । पार्टीको केन्द्रीय मुखपत्रको एक अङ्कसम्म पनि निकाल्न सकिएको छैन । पार्टीले वैचारिक, राजनीतिक र सैद्धान्तिक विचारहरुको प्रवाहलाई अघि बढाउन सकेन भने वैचारिक आन्दोलन र रुपान्तरणमा गति पैदा हुन सक्दैन ।

- त्यसैले हामीले आजको तनावपूर्ण र बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिको गहिरो विश्लेषण गर्नुपर्छ । बदलिँदो राष्ट्रिय परिस्थितिको विश्लेषणलाई त्यतिकै गहिरो गरी विश्लेषण गर्नुपर्छ । साथै पार्टी पुनर्गठनको यो दोश्रो वर्षमा निम्न कामहरु गर्दै सशक्त रुपले अघि बढ्नुपर्छ ।

१. हामीले विगत एक वर्षमा पार्टी निर्माण, विकास, बिस्तार र समुन्नतिका क्षेत्रमा प्राप्त भएका अनुभवहरूको समग्र रूपमा समीक्षा गर्नुपर्छ । त्यस भित्रका नकारात्मक पक्षहरूबाट शिक्षा लिनुपर्छ र सकारात्मक अनुभवहरुलाई अझ सशक्त रुपले अघि बढाउनुपर्छ ।

२. हामीले पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न भएपछि मुलुकमा विकसित भएको ठोस सामाजिक-आर्थिक परिस्थिति, बदलिएको समाजको वर्गीय स्थिति, अन्तरविरोधहरूको स्थिति र समाजवादी क्रान्तिको प्रक्रियाका बारेमा हाम्रो अध्ययनलाई अझ गहन र गहिरो बनाउनुपर्छ ।

३. उपरोक्त परिस्थितिको गहन अध्ययनसँग मार्क्सवाद-लेलिनवादका आधारभूत सिद्धान्तहरुलाई जोड्दै हामीले नेपाली समाजवादी क्रान्ति र रूपान्तरणका क्रान्तिकारी कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य, बाटो र विधि विधानहरु सिर्जनात्मक रुपले अझ विकास, व्यवस्थित र समृद्ध बनाउनुपर्छ ।

४. उपरोक्त कार्यदिशा, नीति र सिद्धान्तका आधारमा हाम्रो गौरवमय पार्टीको सङ्गठनात्मक सञ्जाललाई देशव्यापी रुपमा र प्रवासमा अझ ठोस योजनाका साथ बिस्तार गर्नुपर्छ । त्यसलाई देशका सबै प्रदेश र जिल्लामा मात्र होइन प्रत्येक पालिका, वडा, गाउँ, टोल र बस्तीहरुमा समेत बिस्तार गर्नुपर्छ ।

५. पार्टीलाई बिस्तार गर्ने काममा पार्टी केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरु, प्रदेश कमिटी र जिल्ला कमिटीका सम्पूर्ण सदस्यहरु सबैले पूर्ण सक्रियताका साथ अघि बढ्नुपर्छ । प्रत्येक कमरेडहरुले

पहलकदमी लिनुपर्दछ, जनताका बिचमा योजनाबद्ध रूपले जानुपर्छ, जनतासँगका सम्बन्धहरूलाई घनिष्ठ बनाउनुपर्छ । जनआधारलाई फराकिलो बनाउनु पर्छ र जन आधारित क्रान्तिकारी पार्टीलाई तिब्रताका साथ बिस्तार गर्नुपर्छ । तब मात्रै एउटा देशव्यापी क्रान्तिकारी पार्टीले आकार लिँदै जान्छ ।

६. हामीले पार्टी सङ्गठनको विकासलाई हरेक प्रकारले वर्गआधारित बनाउँदै लानुपर्छ । हामीले सहरी क्षेत्रमा श्रमजीवी वर्ग, निम्न पुँजीपति वर्गका व्यापक जनसमुदाय भित्र केन्द्रित गर्नुपर्छ भने ग्रामीण किसान जनताका बिचमा विशेष गरेर भूमिहीन र गरिब किसान, मध्यम किसानका विचमा पार्टी निर्माण प्रक्रियालाई केन्द्रित गर्नुपर्छ । शहरी क्षेत्र र ग्रामीण क्षेत्र बीचको काममा पनि हामीले ग्रामीण जनताबीचको कामलाई प्राथमिकताका साथ अघि बढाउनुपर्छ । तब मात्र एउटा वर्गआधारित क्रान्तिकारी कम्युनिष्ट पार्टीको विकास हुन्छ ।

७. हामीले पार्टी निर्माणको यो प्रक्रियालाई अघि बढाइरहँदा दक्षिणपन्थी औसरवादविरोधी सङ्घर्षलाई अझ गहिरो र सशक्त बनाउनुपर्छ । ओली गुटको दक्षिणपन्थी औसरवाद भनेको के हो ? त्यसको उत्पत्तिका कारण के हुन ? त्यसका ठोस अभिव्यक्तिहरु कस्ता छन् ? त्यसले ल्याउने परिणाम के हुनेछन् ? भन्ने कुराका बारेमा गहन विश्लेषण गर्नुपर्छ । दक्षिणपन्थी औसरवादलाई वैचारिक, राजनीतिक, सैद्धान्तिक, सङ्गठनात्मक, दार्शनिक, सांस्कृतिक र ऐतिहासिक एवम् हर हिसाबले गहिरो खण्डन र आलोचना गर्नुपर्छ । कम्युनिष्ट आन्दोलनलाई दक्षिणपन्थी औसरवादका सम्पूर्ण तुषहरुबाट समेत मुक्त पार्नुपर्छ । तब मात्र हाम्रो पार्टीको सही क्रान्तिकारी, कार्यदिशा, नीति र सिद्धान्तहरुलाई दह्रो गरि स्थापित गर्न सकिन्छ ।

८. हामीले पार्टी निर्माणको प्रक्रियालाई हर स्तरका कमिटिहरुबाट प्रचार, सङ्गठन र सङ्घर्षका ठोस योजनाका आधारमा अघि बढाउनुपर्दछ। योजनाबिना अघि बढ्दा हामी कुहिराको काग जस्तै बन्ने खतरा हुन्छ। त्यसैले छोटा छोटा अवधिका कार्ययोजनाका आधारमा पार्टी निर्माणका अभियानहरुलाई अघि लानुपर्छ। तब मात्र पार्टी वैचारिक रुपले खँदिलो बन्दै जान्छ।

९. पार्टी निर्माणको प्रक्रियालाई अघि बढाइ रहँदा हामीले कमिटी प्रणालीलाई हर मूल्यमा बलियो बनाउने कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ । पार्टीका कमिटीहरु निर्माण भएपछि त्यसलाई कमिटी प्रणालीका आधारमा चल्न दिनुपर्छ। माथिबाट हस्तक्षेप वा छिनछिनमा कमिटीका सञ्चालनहरुमा हस्तक्षेप गर्ने काम गर्नुहुँदैन । पार्टीको जनवादी केन्द्रीयताका आधारमा प्रत्येक स्तरका पार्टी कमिटीहरुलाई सुसञ्चालित हुने वातावरण निर्माण गर्नुपर्छ । पार्टीभित्र गुटबन्दी, अराजकता र हस्तक्षेपका कुनैपनि प्रवृत्तिका विरुद्ध कमिटी प्रणालीका आधारमा अन्तरसङ्घर्ष गर्नुपर्छ र पार्टीभित्र कमिटी प्रणालीलाई सुदृढ गर्दै अघि बढ्नुपर्छ। तब मात्र पार्टी प्रणाली बलियो हुन्छ।

१०. त्यसैगरी पार्टीका वरिपरि जनसङ्गठनहरुको सञ्जाल फैलिरहेको छ । सवै वर्गीय वा सामुदायिक जनसङ्गठनहरुलाई सापेक्षिक स्वतन्त्रताका साथ उनीहरुलाई तेर्सो र ठाडो नेतृत्वका आधारमा अघि बढाउनुपर्छ । उनीहरुलाई ठाडो नेतृत्व सबल बनाउन हर बखत प्रेरित गर्नुपर्छ, उनीहरुलाई आफ्नो खुट्टामा उभिएर अघि बढ्न सबै प्रकारले प्रेरित गर्नुपर्छ र पार्टीको आम नेतृत्व र मार्गदर्शनका आधारमा अघि बढ्ने कुराको सुनिश्चितता पनि गर्नुपर्छ। तर पार्टीले स-साना कुराहरुमा पनि हस्तक्षेप गर्ने, उनीहरूलाई स्वाभाविक रूपले चल्न नदिने र उनीहरूको स्वाभाविक विकासको गतिमा अवरोध खडा गरिदिने जस्ता काम गर्नुहुँदैन। पार्टीले सबै जनसङ्गठनहरुलाई सामान्य नीतिगत मार्गदर्शनका आधारमा अघि

बढाउनुपर्छ । उनीहरुलाई पार्टी कार्यदिशाका आधारमा अघि बढ्ने कुराको सुनिश्चितता गर्नुपर्छ । उनीहरूलाई आफ्नो वर्गीय वा सामुदायिक स्थिति अनुरुप स्वायत्त ढङ्गले र तीव्र गतिले अघि बढ्न सबै जनसङ्गठनहरुलाई प्रेरित गर्नुपर्छ । त्यसरी मात्र पार्टीका वरिपरि जनसङ्गठनहरुको व्यापक सञ्जाललाई गतिशील ढङ्गले सञ्चालन गर्न सकिन्छ ।

११. हामीले पार्टी सङ्गठनलाई देशव्यापी बनाउँदै लगेका छौं । तर सबै पार्टी कमिटीहरुलाई अधिकतम रुपले सक्रिय बनाउँदै लानुपर्छ । प्रत्येक कमिटीहरुलाई योजनाबद्ध रुपले काम गर्ने शैलीमा दीक्षित गर्दै लानुपर्छ । केन्द्रीय कमिटीदेखि प्रारम्भिक कमिटी सम्मका सबै कमिटीहरुलाई वैचारिक र सङ्गठनात्मक दुबै हिसाबले सक्रिय र गतिशील बनाउँदै अघि बढ्नुपर्छ । कुनै कमिटीहरु सक्रिय बन्न सकिरहेका छैनन् भने तिनीहरूको सही कारण खोज्नुपर्छ । ती कारणहरूलाई पत्ता लगाउनुपर्छ । ती कारणहरूलाई निराकरण गर्दै कमिटीहरुलाई हर प्रकारले सक्रिय बनाउँदै अघि बढ्नुपर्छ । तब मात्र पार्टीलाई वैचारिक तथा नीतिगत हिसाबले निर्माण र सञ्चालन गर्न सकिन्छ ।

१२. हामीले पार्टीका वरिपरि रहेका सबै जनवर्गीय सङ्गठनहरुलाई सक्रिय बनाएर अघि बढाउनुपर्छ । हामीले श्रमिक, किसान र महिलाका जनसङ्गठनहरुलाई हर मूल्यमा व्यापक र विस्तृत बनाउँदै अघि लानुपर्छ । त्यसरी नै विद्यार्थी र युवाका सङ्गठनहरु बढी संवेदनशील र दीर्घकालीन महत्वका हुन्छन् भन्ने कुरा कहिल्यै भुल्नु हुँदैन । विद्यार्थी र युवाका सङ्गठनहरुलाई नीतिनिष्ठ, विधिनिष्ठ ढङ्गले परिचालन गर्नुपर्छ । उनीहरुका आफ्नै विधि विधान हुन्छन् । उनीहरुका आफ्नै कार्यक्रम र लक्ष्य हुन्छन् । तिनीहरुका आधारमा उनीहरुलाई विधिसम्मत ढङ्गले परिचालन गर्नुपर्छ । उनीहरुलाई पार्टीका सामान्य नीतिगत मार्गनिर्देशनका आधारमा परिचालन गर्नुपर्छ । उनीहरूका

ससाना कार्यशैलीगत वा विधिगत सवालहरुमा पनि पार्टीले हस्तक्षेप गर्नु हुँदैन । हस्तक्षेप गर्न थाल्यो भने जनवर्गीय सङ्गठनहरु भित्र गुटबन्दी सिर्जना हुनपुग्छ । त्यसले सम्बन्धित जनसङ्गठन वा जनसङ्ठनहरुलाई विवादग्रस्त बनाइदिन्छ र उनीहरु भित्रको आपसी सम्बन्धलाई तनावग्रस्त बनाइदिन्छ । हामीले सबै सङ्गठनभित्र प्रकट हुने वैचारिक र कार्यशैलीगत समस्याहरुलाई मैत्रीपूर्ण छलफलद्वारा अस्पष्टता वा भ्रमहरुलाई दूर गर्ने, आपसी मैत्रीपूर्ण सम्बन्धलाई गहिरो बनाउने, आत्मीयता बढाउने, असमझदारीहरुलाई दूर गर्ने र वैचारिक एकतालाई गहिरो बनाउने ढङ्गले सञ्चालन र समाधान गर्नुपर्छ । तब मात्र पार्टीका वरिपरि रहेका जनसङ्गठनहरु सक्रिय, क्रियाशील र एकताबद्ध रुपले गतिशील बन्न सक्छन् ।.

१३. हामीले अब पार्टी र जनसङ्गठनहरु तथा सिङ्गो राष्ट्रको समेत एक मात्र भविष्य वैज्ञानिक समाजवाद हो भन्ने कुरालाई एकदमै प्रष्ट रुपले बुझ्नु र बुझाउनु पर्छ । समाजवादले मात्र आजको सम्पूर्ण वर्गीय सामुदायिक वा अन्य सबै समस्याहरूको समाधान गर्न सक्छ भन्ने कुरालाई आम जनतालाई नै बुझाउन सक्नुपर्छ । त्यसको प्राप्तिको निम्ति शान्तिपूर्ण सङ्घर्ष र सङ्गठनका सबै रुपहरुलाई अधिकतम रुपमा प्रयोग गर्दै समाजवादका पक्षमा व्यापक जनमत निर्माण गर्नुपर्छ । हाम्रो देशको स्वाधिनतालाइ रक्षा गर्ने, सबै जातिका जनताको एकतालाई घनिष्ट बनाउने र राष्ट्रिय एकतालाई सुदृढ बनाउने काम पनि समाजवादले मात्र गर्न सक्छ । त्यसैले समाजवाद सम्पूर्ण नेपाली जनताको उज्यालो भविष्य हो । त्यसको प्राप्तिका निम्ति दलाल पुँजीवादका विरुद्ध श्रमिक वर्गको नेतृत्वमा अन्य सबै वर्गहरूको व्यापक एकता निर्माण गर्नुपर्छ ।

१४. समाजवाद प्राप्तिको आन्दोलन हाम्रो देशको वर्तमान विशिष्ट स्थितिमा शान्तिपूर्ण ढङ्गले अघि बढ्न अनिवार्य छ । किनभने हाम्रो समाजवाद प्राप्तिको आन्दोलन संविधानसम्मत आन्दोलन पनि

हो । त्यसलाई समग्र रुपले र सफलतापूर्वक अघि बढाउनका निम्ति हामीले तीनवटा अमोघ अस्त्रहरु निर्माण गर्नैपर्छ । पहिलो, एउटा शक्तिशाली मार्क्सवादी लेनिनवादी सिद्धान्तले युक्त क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तले सुसज्जित भएको, जनआधारित, लोकप्रिय र सक्रिय कम्युनिष्ट पार्टी । यो पहिलो अमोघ अस्त्र हो । दोस्रो, दलाल पुँजीवादका विरुद्ध व्यापक जनसमुदायको संयुक्त मोर्चा । यो दोस्रो अमोघ अस्त्र हो । तेस्रो बहुआयमिक वर्ग सङ्घर्ष । त्यो संसदभित्र र बाहिरबाट सञ्चालित हुनेछ । यी तीनवटै समाजवादी क्रान्ति र रूपान्तरणका अमोघ अस्त्रहरु हुन् । यी तीनवटै हतियारहरु योजनाबद्ध रूपले निर्माण गरेर मात्र समाजवादी क्रान्तिलाई क्रमशः विजयमा पुऱ्याउन सकिन्छ ।

१५. यसरी हामीहरु र हाम्रो पार्टी समाजवादी क्रान्तिको बाटोमा अघि बढिरहेको अवस्थामा अहिले फेरी नेपाल र नेपालीका सामु सङ्घीय संसद र प्रदेश संसदको निर्वाचन आएको छ । यो आम निर्वाचन एउटा राष्ट्रव्यापी राजनीतिक अभियान पनि हो । यो अभियान आम जनता सक्रिय र जागरुक हुने औसर पनि हो । यतिबेला आमजनताको सक्रियता पनि उच्च हुने गर्छ । यस्तो बेलामा हाम्रो जस्तो पार्टीका नेता र कार्यकर्ताले पनि अत्यन्त सक्रिय हुनुपर्छ र हाम्रो राष्ट्रव्यापी चुनावी अभियानलाई निम्न उद्देश्य प्राप्तिका निम्ति परिचालन गर्नुपर्छ ।

प्रथमतः हाम्रो पार्टीले गरेको विद्रोहको आवश्यकता र औचित्यलाइ अझ उचाइ र व्यापक परिधिबाट पुष्टि गर्ने ।

दोस्रो, हाम्रो पार्टीका क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तहरुको व्यापक रुपले प्रचारप्रसार गर्ने ।

तेस्रो, हाम्रो पार्टीका झण्डा र चुनाव चिन्ह कलमलाई देशव्यापी रुपमा लोकप्रिय बनाउने ।

चौथो, यही अभियानका दौरानमा पार्टीका सङ्गठनात्मक इकाईहरुलाई प्रत्येक पालिका, वडा, टोल, गाउँ र बस्तीसम्म व्यापक बनाउने ।

पाँचौं, पार्टीका वरिपरि रहेका जनवर्गीय सङ्गठनका इकाईहरुलाई यसरी नै देशव्यापी रुपमा बिस्तार गर्ने ।

छैटौं, पार्टीका वरिपरि समाजवादका पक्षमा लाखौंलाख जनताको क्रान्तिकारी जनमत निर्माण गर्ने ।

सातौं, हाम्रो पार्टीका पक्षमा सबै सङ्घीय र प्रादेशिक निर्वाचन क्षेत्रहरुमा बलियो जनआधार निर्माण गर्ने र पार्टी पक्षधर उम्मेदवार हरूको पङ्क्ति निर्माण गर्ने ।

आठौं, आउने चुनावमा पार्टी र क्रान्तिको हित अनुरुप सङ्घीय र प्रादेशिक संसदमा हाम्रो पार्टीका क्रान्तिकारी समाजवादी सांसदहरूको बलियो समूह विकास गर्ने ।

नवौं, त्यो समूहमार्फत संसदीय सङ्घर्षलाई समाजवादको निम्ति वैचारिक-राजनीतिक आधार तयार पार्ने र विकास निर्माणलाई जनता र राष्ट्रको हित अनुकूल अघि बढाउने ।

१६. उपरोक्त नौ वटा उद्देश्य प्राप्तिको निम्ति हामीले आगामी चुनावी अभियानमा पार्टी शक्तिलाई राष्ट्रव्यापी रुपमा परिचालन गर्नुपर्छ । ती उद्देश्य प्राप्तिका निम्ति पार्टीको हितलाई सर्वोपरि राखेर अन्य राजनीतिक पार्टीहरूसँग तालमेलका कामहरुलाई अघि बढाउनुपर्छ । यतिबेला सबै पार्टीहरु तालमेलका पक्षमा छन् । उनीहरु सबै एक वा अर्को रूपमा तालमेल गर्न प्रयत्नशील छन् । हाम्रो पार्टीले देश, जनता र राष्ट्रको हित तथा समाजवादी क्रान्ति र रुपान्तरणको हितलाई ध्यानमा राखेर तालमेलका कार्यलाई अघि बढाउनुपर्छ । सङ्घीय तथा प्रादेशिक संसदमा पार्टीको सशक्त विजयलाई सुनिश्चित गर्नुपर्छ ।

१७. हामीले के कुरामा स्पष्ट हुनुपर्छ भने चुनावी अभियान मुलुकमा आवधिक रुपले आइरहने अस्थायी परिघटनाहरु हुन् । ती प्रक्रियाहरुलाई क्रान्तिकारी

ढङ्गले उपयोग गर्दै आफ्ना कार्यनीतिक लक्ष्यहरु प्राप्त गर्नुपर्छ र आम रूपले ती कार्यनीतिक लक्ष्यहरुलाई पनि पार्टी र क्रान्तिको रणनीतिक लक्ष्य-समाजवाद प्राप्त गर्ने दिशातिर अग्रसर बनाउनुपर्छ । त्यसरी मात्र हामीहरु क्रान्तिकारी संसदवादको कार्यनीति प्रयोग गर्दै समाजवाद प्राप्तीको दिशातिर र आम जनता र राष्ट्रलाई अगुवाई गर्न सक्छौं ।

१८. यतिबेला हाम्रो पार्टीले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गरेको छ। नेपाली क्रान्तिको विकासका बारेमा जुन निष्कर्ष अघि सारेको छ र समाजवादी क्रान्ति र रुपान्तरणको निम्ति जुन कार्यदिशा, नीति र सिद्धान्तहरू अघि सारेको छ, ती कुराहरु मार्क्सवादी-लेनिनवादी विज्ञानको प्रकाशमा वर्तमान नेपाली समाजको ठोस विश्लेषणमा आधारित छन् । त्यसैले तिनीहरू सही छन् । तिनीहरूको प्रकाशमा हामीले पार्टी निर्माण, संयुक्त मोर्चा निर्माण र जनताका बहुआयामिक वर्गसङ्घर्षको निर्माण गर्ने काममा अत्यन्त दृढतापूर्वक अघि बढ्नुपर्छ । हामीले विभिन्न वर्ग, तह र समुदायका जनताका विविधतापूर्ण सङ्घर्षका लहरहरु सिर्जना नगरी समाजवादका निम्ति राष्ट्रिय जनमत निर्माण गर्न सकिन्न । त्यस्ता सङ्घर्षहरुलाई हामीले सदन र सडक दुवै तहबाट विकास गर्ने र अघि वढाउन दृढ प्रयत्न गर्नुपर्छ । क्रान्तिको विकासका निम्ति वर्गसङ्घर्ष नै मुख्य कडी हो भन्ने कुरा हामीले गहिरो गरी बुझ्नुपर्छ ।

१९. ठीक त्यसरी नै हामी हाम्रो पार्टीलाई एउटा क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी पार्टीका रुपमा विकास, बिस्तार, एकीकरण र सुदृढीकरण गर्न प्रयत्नशील छौं । पार्टी निर्माणको मुख्य कडी भनेको विचारधारात्मक रुपान्तरण हो । मुलुकमा वैचारिक रुपान्तरणको लहर सिर्जना नगरी पार्टी निर्माणमा गति पैदा हुँदैन । त्यसका निम्ति हाम्रो पार्टीले नेपाली कम्युनिष्ट आन्दोलनमा अझै पनि जमेर बसेको दक्षिणपन्थी औसरवादका विरुद्ध देशव्यापी रुपमा वैचारिक-सैद्धान्तिक सङ्घर्षको एउटा आँधीबेहेरी सिर्जना गर्नुपर्छ । दक्षिणपन्थी औसरवादले सिर्जना गरेको वैचारिक तुवाँलो छ्यालब्याल पार्नुपर्छ र क्रान्तिकारी अग्रगतिको क्षितिजलाई उदाङ्गो र छ्

याङ्ग बनाउनुपर्छ । तब मात्र दक्षिणपन्थी औसरवादले ग्रस्त गरेका अन्य समूहभित्र उथलपुथल मच्चिन्छ । वैचारिक रुपान्तरणको प्रक्रियाले गति लिन्छ। त्यहाँभित्र रहेका असल क्रान्तिकारीहरुका आँखा खुल्छन् र उनीहरु एक पछि अर्को विद्रोहका श्रृङ्खलाहरु सृष्टि गदै पार्टी एकीकरणको दिशातिर अघि  बढ्छन् ।

२०. हामीले छर्लङ्ग देख्नुपर्छ, यतिबेला नेपाली कम्युनिष्ट आन्दोलन करिब एक दर्जन समूहमा विभाजित छ। ती प्रत्येक समूहका नेतृत्वमा एक वा अर्को वैचारिक समस्याहरु छन् । तर ती सबैजसो समूहका आम कार्यकर्ताहरु सही क्रान्तिकारी कार्यदिशाका आधारमा एउटा एकतावद्ध सशक्त र एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्न चाहन्छन् । यो आम कम्युनिष्ट कार्यकर्ताहरूको चाहना हो। यो आम नेपाली जनताको पनि चाहना हो। आज जनता र आम कम्युनिष्ट कार्यकर्ताहरूको यो चाहनालाई अगुवाई गर्ने ऐतिहासिक जिम्मेवारी काँधमा लिन हाम्रो पार्टी तयार हुनुपर्छ । ठुलो सङ्ख्यामा कम्युनिष्ट क्रान्तिकारीहरु हाम्रो गतिविधी नियालिरहेका छन् । त्यसैले हामीले समाजवादी क्रान्ति र रूपान्तरणका सही कार्यदिशा, नीति र सिद्धान्तका आधारमा वैचारिक-सैद्धान्तिक सङ्घर्षको आँधीबेहेरी सिर्जना गर्दै अघि बढ्नुपर्छ । त्यसले सिङ्गो कम्युनिष्ट आन्दोलनमा वैचारिक उथलपुथल, पुनर्गठन, पुनर्विचार, पुनःएकता, पुनःएकीकरण र एउटा एकीकृत सशक्त कम्युनिष्ट पार्टी निर्माणको दिशातिर हामी सबैलाई अग्रसर पार्नेछ ।

२१. त्यसैले कमरेडहरु ! हामीले पार्टी पुनर्गठनको उथलपुथलपूर्ण र प्रगतिको प्रथम वर्ष पार गरेका छौँ । हाम्रा सामु ठुलठुला चुनौतीहरु पनि छन् र बिराट सम्भावनाहरु पनि अगाडि छन् । हामीले चुनौतीहरुका तालुमा टेक्दै अग्रगतिका विराट सम्भावनाहरुलाई साकार पार्न दृढ कदमका साथ अघि बढ्नुपर्छ। त्यसका निम्ति हामीहरु सबै मार्क्सवाद -लेनिनवादको वैज्ञानिक प्रकाशमा नेपाली क्रान्तिको ठोस वास्तविकतालाई अझ गहिरो अध्ययन गरौँ । नेपाली समाजवादी क्रान्तिका कार्यदिशा, नीति र सिद्धान्तहरुलाई

अझ विकसित, व्यवस्थित र धारिलो वनाऔँ । तिनीहरूको मार्गदर्शनमा पार्टी र जनसङ्गठनहरुलाई देशव्यापी रुपमा बिस्तार गरौं । देशीविदेशी प्रतिक्रियावाद र औसरवादका षडन्त्रहरूको व्यापक रुपले भण्डाफोर गरौँ । दलाल पुँजीवादका विरुद्ध सम्पूर्ण जनतालाई गोलबन्द गरौँ । राष्ट्रियताका सवाल र उत्पीडित वर्गका बहुआयामिक सङ्घर्ष र अभियानहरुलाई योजनाबद्ध रुपले अघि बढाऔँ । विचार मिल्ने कम्युनिष्ट समूहहरुसँग एकताका प्रक्रियालाई पनि अघि बढाऔँ । आगामी निर्वाचनलाई पार्टी र क्रान्तिको अग्रगतिको हितमा अधिकतम रुपले उपयोग गरौँ । हाम्रो गौरवमय पार्टी नेकपा (एकीकृत समाजवादी)लाई पार्टी पुनर्गठनको यो दोस्रो वर्षमा एउटा देशव्यापी, जनव्यापी र सशक्त क्रान्तिकारी पार्टीको रुपमा, समाजवादी क्रान्तिको एउटा अग्रगण्य पार्टीका रूपमा, सही क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तको प्रतिनिधिका रुपमा र नेपाली कम्युनिष्टहरुको नीतिनिष्ठ र सिद्धान्तनिष्ठ एकता केन्द्रका रुपमा स्थापित गर्न हामी सम्पूर्ण नेता, कार्यकर्ता, समर्थक, शुभेच्छुक, मतदाता सबै नै पार्टीको झण्डामुनि एकताबद्ध भएर अघि बढौँ । हाम्रा सामु चुनौतीहरु जतिसुकै भएपनि, हाम्रो बाटो जतिसुकै बाङ्गोटिङ्गो भएपनि हाम्रो पार्टीको विजय सुनिश्चित छ, समाजवादको विजय सुनिश्चित छ ।

*पार्टी पुनर्गठन दिवस ०९ भदौ २०७९*

| | | |
|---|---|---|
| नामथर | : | **झलनाथ खनाल** |
| जन्मस्थान | : | साखेजुङ्ग-४, इलाम (इलाम न.पा.-१) |
| जन्म मिति | : | ६ चैत २००६ (२० मार्च १९५०) |
| माता/पिता | : | मधुमाता/पुङ्गनाथ खनाल |
| श्रीमती/छोरा | : | रबिलक्ष्मी चित्रकार/निर्भिक चित्रकार खनाल |
| औपचारिक शिक्षा | : | स्नातक (राजनीतिशास्त्र र इतिहास शास्त्र) त्रिविवि |
| हालको जिम्मेवारी | : | सम्मानित नेता, नेकपा (एकीकृत समाजवादी)<br>पूर्व प्रधानमन्त्री एवम् प्रतिनिधि सभा सांसद, इलाम-१ |

**राजनीतिक जिम्मेवारी :**

- सम्मानित नेता, सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)२०७८
- बरिष्ठ नेता तथा सचिवालय सदस्य, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) २०७५ जेष्ठ ३, **अध्यक्ष,** निति अध्ययन तथा प्रतिष्ठान
- संघीय संसद, प्रतिनिधि सभा सदस्य इलाम क्षेत्र न १, २०७४
- बरिष्ठ नेता, नेपाल कम्युनिष्ट पार्टी (एमाले)२०७१-२०७५
- स्थायी कमिटि सदस्य, **एशियाली राजनीतिक पार्टीहरूको अर्न्तराष्ट्रिय सम्मेलन** (**आईक्याप**)
- संविधान सभा सदस्य, ईलाम जिल्ला क्षेत्र न १ (२०७०)
- प्रधानमन्त्री, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल (संविधान सभा संसद द्धारा २० माघ २०६७ देखि २०६८ भदौसम्म)
- अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एमाले) १३, फागुन २०६५-२०७०
- संसदीय दलको नेता, २०६५-२०७०
- महासचिव ने.क.पा (एमाले), २०६५
- संविधान सभा सदस्य ईलाम क्षेत्र नं १ (२०६४)
- कार्यवाहक महासचिव ने.क.पा (एमाले), २०६१-२०६२
- मन्त्री, सूचना तथा सञ्चार मन्त्रालय, २०५३-२०५४
- स्थायी समिति सदस्य, विदेश विभाग प्रमुख, ने.क.पा (एमाले)२०५०-२०६५
- सदस्य, प्रतिनिधि सभा ईलाम २०४८-२०५१, २०५१-२०५६
- मन्त्री, कृषि,बन तथा भूमिसुधार मन्त्रालय (अन्तरिम मन्त्रिपरिषद्), २०४७
- महासचिव, ने.क.पा (माले)२०३९-२०४६
- संस्थापक केन्द्रिय सदस्य, नेकपा (माले)२०३५

- कार्यवाहक सचिव, अखिल नेपाल क्रान्तिकारी को-अर्डिनेशन केन्द्र, २०३३
- इलाम जिल्ला को-अर्डिनेशन कमिटिको सचिव २०३२-०३३
- संस्थापक सदस्य, अखिल नेपाल क्रान्तिकारी को-अर्डिनेशन केन्द्र, २०३२
- इलाम जिल्ला कमिटि (ने.क.पा)को सदस्य २०२६-२०३२
- नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त, २०२६
- प्रगतिशील विचार र चिन्तन प्रक्रियामा आवद्ध, २०२०

**सङ्घर्ष जेल जीवन र राजनीतिक यात्रा :**

- प्रजातान्त्रिक आन्दोलनमा २०२१ देखी संलग्न
- २०२३/२०२४ मा मेची विद्यार्थी युनियनको अध्यक्ष रही विद्यार्थी आन्दोलनको नेतृत्व
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको २०२५ मा तेश्रो राष्ट्रिय सम्मेलनको प्रतिनिधि विधार्थी नेताको रुपमा परिचित
- २०२७-२०२८ मा धौलागिरी अञ्चल बाग्लुङ्ग जिल्लाको गल्कोट माध्यामिक विद्यालयमा विज्ञान शिक्षक भई ग्रामीण जनता विद्यार्थी र शिक्षकहरूलाई संगठीत गर्ने काममा लागेको । त्यही क्रममा तत्कालीन धौलागीरी अञ्चलाधीशले जेलमा हालेको र शिक्षक पेशाबाट निष्कासन गरी मेची अञ्चल पठाएको ।
- २०२९-२०३० मा भानुभक्त माध्यमिक विद्यालय मंगलबारे ईलाम जिल्लामा विज्ञान शिक्षकको रुपमा शिक्षण कार्य गरेको तत्कालीन सरकारलाई सहन भएन र सार्बजनिक सुरक्षा ऐन अर्न्तगत १४ महिना ईलाम जेलमा थुनामा राखिएको ।
- २०३१/२०३२ मा राजा बिरेन्द्रको राज्यभिषेकको बेला सार्वजनिक सुरक्षा ऐन अर्न्तगत ६ महिना जेल हालिएको ।
- २०३१ साल देखि पूर्णकालीन भुमिगत रहेको ।
- कार्तिक २०३३ देखि बैशाख २०३६ सम्म फेरी राजद्रोह ऐन अर्न्तगत झापा जेलमा राखिएको ।
- प्रजातन्त्रको लागि शुरु भएको जनआन्दोलनले गर्दा राजा विरेन्द्रले २०३६ मा जनमत सङ्ग्रह घोषणा गरे र राजवन्दीहरूलाई आममाफी दिने घोषणा पनि गरे त्यसै अर्न्तगत विनाशर्त २०३७ बैशाख १ गते रिहाई गरिएको ।
- २०३६ बैशाख देखि २०४६- २०४७ सम्म लामो भुमिगत राजनीतिक जिबन निर्वाह गरी देशको बाम आन्दोलनको नेतृत्व गरेको ।
- नेपालमा प्रजातन्त्रको लागि भएको जनआन्दोलन २०४६ /४७ को केन्द्रिय हाई कमाण्डको सदस्य भई काम गरेको ।

- माघ १९, २०६१ मा राजा ज्ञानेन्द्रले कु गरि शासन सत्ता हातमा लिदा सबै पार्टीहरू प्रतिबन्धित भए र नेताहरू गिरफ्तार भए। त्यस जटिल परिस्थितिमा पुनः भुमिगत भई देशको लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरेको ।
- २१ माघ २०६१ देखी नेकपा एमालेको केन्द्रिय कमिटीको कार्यवाहक महासचिबको कार्यभार समाल्दै ज्ञानेन्द्रको नेतृत्वमा रहेको निरंकुश राजतन्त्रको विरुद्ध ऐतिहासिक लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरेको ।
- पुष्पलाल प्रतिष्ठानको अध्यक्ष भई २०५६ देखी २०६३ सम्म काम गरेको ।
- नेकपा एमालेको कार्यवाहक महासचिब को रुपमा निरंकुश राजतन्त्रको बिरोधको लागि सात पार्टीको् गठबन्धन बनाउने कार्यमा मुख्य योजनाकार भइ काम गरेको जसले एउटा साझा लोकतान्त्रिक कार्यक्रम समेत सफलताका साथ अघि बढाएको ।
- सात पार्टीको गठबन्धनको अर्न्तराष्ट्रिय प्रतिनिधिको रुपमा निरंकुश राजतन्त्रको बिरुद्धमा अर्न्तराष्ट्रिय समर्थन जुटाउने काममा सक्रिय ।
- २०६२/ ६३ को लोकतान्त्रिक आन्दोलनपछी पहिलो संविधान सभा चुनावमा इलाम क्षेत्र न १ बाट सभासदको रुपमा चुनिई नेकपा एमालेको संसदिय दलको नेता भएको र २०६४ मा पार्टीको केन्द्रीय कमिटीले पुनः महासचिवको जिम्मेवारी दिएको ।
- प्रधानमन्त्रीको रुपमा देशको शाँन्तिप्रकृया सम्पन्न गर्ने काममा नेतृत्वदायी भूमिका खेलेको र नेकपा एमालेको अध्यक्षको हैसियतले सक्रिय भूमिकाले गर्दा २०७० मा सम्पुर्ण शान्तिप्रक्रिया सम्पन्न भएको ।
- २०७० मंसिर ४ मा भएको दोश्रो संविधान सभाको चुनावमा पार्टीलाई नेतृत्व गरी सो चुनाव हुँदा नेतृत्वको अथक प्रयासले ०६४मा गुमेको स्थितिलाई पूर्णत उठाई पार्टीलाई दोश्रो ठूलो पार्टीको रुपमा संविधान सभामा निर्वाचित गराई पार्टीको प्रतिष्ठा उच्च बनाएको ।
- साउन २०७१ मा नेतृत्वमा पार्टीले नवौं महाधिवेशन सम्पन्न गर्‍यो । जसमा लोकतान्त्रिक ढङ्गले नँया नेतृत्वसफलतापूर्वक चयन गराई कार्यभार हस्तान्तरण गरी पार्टीको बरिष्ठ नेता ।
- तत्कालीन नेकपा (एमाले) र माओवादी (केन्द्र)को एकतापछि स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रिय सचिवालय सदस्य तथा बरिष्ठ नेता। नीति अध्ययन तथा प्रतिष्ठानको अध्यक्ष ।
- एसियाली राजनीतिक पार्टीहरुको अर्न्तराष्ट्रिय सम्मेलन (आईक्याप)को नेपालको तर्फबाट हालसम्म स्थाई समिति सदस्य ।

- हाल नेकपा (एमाले) सँगको बिद्रोह भएपछि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को सम्मानित नेता, सचिवालय सदस्य साथै विदेश विभाग प्रमुख ।

**अर्न्तराष्ट्रिय भ्रमणहरू :**

चीन, संयुक्त राज्य अमेरिका, मेक्सिको, जापान, सिङ्गापुर, अष्ट्रेलिया, थाईल्याण्ड, कोरिया, संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, दक्षिण अफ्रिका, रुस, बुल्गेरिया, अफगानिस्तान, डेनमार्क, स्वीडेन, नर्वे, बेल्जियम, बेलायत, स्वीजरल्याण्ड, श्रीलङ्का, माल्दिभ्स, बङ्गलादेश, पाकिस्तान, ईजरायल, हङ्कङ्ग, ग्वाटेमाला, भारत, ग्रीस, टर्की, ईन्डोर्नेसिया, मलेसिया, ईरान, दुबइ, बर्मा आदि ।

**प्रकाशित कृतिहरू :**

- भिजन अफ द टाईम......२०७५
- जागृतिका गीतहरु.....गीत सङ्ग्रह(२०७१)
- राष्ट्रिय एकता र सहमति : राष्ट्रको अपरिहार्य आबश्यकता, ०६८
- लोकतान्त्रिक गणतन्त्र : राष्ट्रको साभ्का लक्ष्य, २०६३
- लोकतान्त्रिक नेपालको मार्गचित्र, ०६२
- शताव्दीको पहिलो विहानी (कविता सङ्ग्रह),०५९
- राष्ट्रिय सूचना महामार्गः हाम्रो अपरिहार्य दिशा, ०५४
- हामीले संसदमा गएर के गर्‍यौँ, ०५१
- नेपाली समाज र क्रान्तिका मुद्दाहरुमा चलेका केही बहसहरु,०४५
- नेपालको कम्युनिष्ट आन्दोलन बारे दुई महत्वपूर्ण दस्ताबेज ०४५
- चुनावी अभियानबारे रचनाहरु, २०४३
- पञ्चायत प्रतिनिधी संस्थाहरू र जनपक्षीय शक्ति २०४२
- अर्न्तराष्ट्रवाद कि  र नव-ट्राटस्कीपन्थी पुच्छरवाद २०४२
- आप्रवासन तथा भु-राजनीतिक समस्याबारे केही कुराहरू,०४१
- नेकपा मालेको मुखपत्र वर्ग सङ्घर्षमा थुप्रै सैद्धान्तिक रचनाहरू
- छलफल/प्रकाश चित्रण दृष्टि र नवयुग नेपाली अङ्ग्रेजी नेकपा मालेको मुखपत्रमा प्रकाशित राजनैतिक तथा सैद्धान्तिक लेखहरू इत्यादि ।

**गीतिसङ्ग्रहरू : एकल शब्द रचना**

» परिवर्तनका स्वरहरु – १

» परिवर्तनका स्वरहरु – २



| | | |
|---|---|---|
| नामथर | : | झलनाथ खनाल |
| जन्मस्थान | : | साखेजुङ -४ इलाम ( |
| जन्म मिति | : | ६ चैत २००६ (२० मार्च १९५०) |
| माता/पिता | : | मधुमाता/पुङ्गनाथ खनाल |
| श्रीमती/छोरा | : | रबि लक्ष्मी चित्रकार/निर्भिक चित्रकार खनाल |
| औपचारिक शिक्षा | : | स्नातक (राजनीतिशास्त्र र इतिहास शास्त्र) त्रिविवि |
| हालको जिम्मेवारी | : | सम्मानित नेता, नेकपा (एकीकृत समाजवादी)<br>पूर्व प्रधानमन्त्री एवम् प्रतिनिधि सभा सांसद, इलाम-१ |